# बारबर्दिया नगरपालिकाको प्रथम आवधिक योजना

(आ.ब.२०७९/०८०-०८३/०८४)

## (अन्तिम प्रतिबेदन)

बारबर्दिया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जयनगर, बर्दिया, लुम्बिनि प्रदेश, नेपाल ।

बारबर्दिया नगरपालिकाको प्रथम आवधिक योजना(२०७९/०८०-०८३/०८४)

## प्राविधिक सहयोग


इन्स्टिटच्यूट अफ हिमालयन रिसर्च एण्ड इन्टिग्रेट डेभलेभमेन्ट प्रा.लि.

नागार्जुन नगरपालिका ८, काठमाण्डौ

सम्पर्क

ihrid.consult@gmail.com

01-5911821

# विषय सूची


**परिच्छेद एकः परिचय** ........ 1

**१.१ पृष्ठभूमि** ........ 1

**१.२ आवधिक योजनाको उद्देश्य** ........ 1

**१.३ योजनाको आवश्यकता, औचित्य र मार्गदर्शक सिद्धान्तहरू** ........ 2

**१.४ अध्ययनको कार्यक्षेत्र** ........ 3

१.४.१ नगरपालिकाको स्थिति अद्यावधिक गरी आधार वर्ष तथ्यांङ्क तयार गर्ने ........ 3

१.४.२ ऐन, कानून, नीति, नियम, योजना तथा कार्यक्रमको समीक्षा गर्ने ........ 3

१.४.३ बिभिन्न समिति गठन ........ 3

१.४.४ आवधिक विकास योजना तर्जुमा गर्ने ........ 5

१.४.५ योजनाका लक्ष्य निर्धारण गर्दा राष्ट्रिय तथा प्रदेशका लक्ष्यलाई ध्यान दिने ........ 5

१.४.६ योजनाको परिमार्जन र गुणस्तर कायम गर्ने ........ 6

**१.५ सन्दर्भ साहित्यहरुको अध्ययन तथा समिक्षा** ........ 6

१.५.१ राष्ट्रिय स्तरमा शहरी योजनाको अभ्यास ........ 6

१.५.२ हालको योजना प्रवृत्ति ........ 6

१.५.३ आवधिक विकास योजना तर्जुमा प्रक्रिया ........ 8

**परिच्छेद २ः वस्तुस्थिति विश्लेषण** ........ 13

**२.१ गाउँपालिकाको परिचय** ........ 13

२.१.१ प्रशासनिक तथा भौगोलिक अवस्थिति ........ 13

२.१.२ ऐतिहासिक चिनारी तथा नामकरण ........ 15

२.१.३ प्राकृतिक स्रोत तथा सम्पदा ........ 15

**२.२ भू–उपयोग तथा मानव बसोबास** ........ 16

**२.३ आर्थिक अवस्थाः** ........ 18

२.३.१ कृषि, मत्स्य तथा पशुपालन ........ 18

२.३.२ पर्यटन तथा सस्कृति ........ 19

२.३.३ सिंचाई ........ 19

२.३.४ उद्योग, व्यापार, व्यवसाय र रोजगारी ........ 19

२.३.५ सहकारी र वित्तीय सेवा ........ 20

**२.४ सामाजिक अवस्था** ........ 20

२.४.१ जनसांख्यीक तथा सांस्कृतिक अवस्था ........ 20

२.४.२ शैक्षिक अवस्था ........ 23

२.४.३ स्वास्थ्य ........ 25

२.४.४ खानेपानी तथा सरसफाईको अवस्था ........ 26

२.४.५ महिला वालबालिका तथा सामाजिक समावेशीकरण ........ 27

२.४.६ युवा, खेलकुद तथा नवप्रबर्तन ........ 27

**२.५ भौतिक पूर्वाधार (सडक, वस्ती तथा भवन, उर्जा र संचार) को अवस्था** ........ 27

२.५.१ सडक तथा यातायात ........ 27

२.५.२ आवास, वस्ती तथा शहरी विकास ........ 28

२.५.३ सूचना तथा संचारको पहुंच ........ 28

२.५.४. बिधुत तथा बैकल्पिक उर्जा ........ 29

**२.६ वन र वातावरण तथा विपद ब्यबस्थापनको अवस्था** ........ 29

२.६.१ वन, वाताबरण तथा जैविक बिबिधिताको अवस्था ........ 29

२.६.२ फोहरमैला ब्यबस्थापनको अवस्था ........ 30

२.६.३ विपद ब्यबस्थापनको अवस्था ........ 30

**२.७ सुशासन तथा संस्थागत क्षमता विकासको अवस्था** ........ 30

**परिच्क्षेद ३ः सोंच, लक्ष्य, उद्धेश्य, रणनीति** ........ 32

**३.१ पृष्ठभूमि** ........ 32

**३.२ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति** ........ 32

३.२.१ नगर विकासको दीर्घकालीन सोच ........ 32

३.२.२ नगर विकासको लक्ष्य ........ 32

३.२.३ नगर विकासको उद्देश्य ........ 32

३.२.४ नगर विकासको रणनीति ........ 33

**३.४ प्रमुख परिमाणात्मक लक्ष्य** ........ 34

**३.५ नगर स्तरीय प्रमुख कार्यक्रमहरु** ........ 36
आर्थिक विकाश क्षेत्र ........ 36
सामाजिक बिकाश क्षेत्र ........ 36
भौतिक विकास क्षेत्र ........ 38
**परिच्छेद ४: आर्थिक विकास** ........ 39
**४.१ कृषि तथा खाद्य सुरक्षा** ........ 39
४.१.१ पृष्ठभूमी ........ 39
४.१.२ संभावना तथा अवसर ........ 39
४.१.३ समस्या तथा चुनौती ........ 39
४.१.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ 39
४.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 41
४.१.६ विषय उपक्षेत्रगत खर्चको अनुमान ........ 42
४.१.७ आवधिक योजना अबधिमा कार्यान्वियन गरिने कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 42
४.१.८ जोखिम पक्ष तथा अनुमान ........ 45
**४.२ पशुपंक्षी विकास** ........ 46
४.२.१ पृष्ठभूमी ........ 46
४.२.२ संभावना तथा अवसर ........ 46
४.२.३ समस्या तथा चुनौती ........ 46
४.२.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ 46
४.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 48
४.२.६ विषय उपक्षेत्रगत खर्चको अनुमान ........ 49
४.२.७ आवधिक योजना अबधिमा कार्यान्वियन गरिने कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 49
४.२.८ जोखिम पक्ष तथा अनुगमन ........ 51
**४.३ पर्यटन तथा संस्कृति** ........ 52
४.३.१ पृष्ठभूमी ........ 52
४.३.२ संभावना तथा अवसर ........ 52
४.३.३ समस्या तथा चुनौती ........ 52

४.३.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ 52

४.३.५  विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 54

४.३.६ विषय उपक्षेत्रगत खर्चको अनुमान........ 55

४.३.७  आवधिक योजना अबधिमा कार्यान्वियन गरिने कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण........ 55

४.३.८ जोखिम पक्ष तथा अनुगमन ........ 57

**४.४  सिंचाई** ........ 57

४.४.१ पृष्ठभूमी........ 57

४.४.२  संभावना तथा अवसर ........ 57

४.४.३ समस्या तथा चुनौती ........ 57

४.४.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ 57

४.४.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 58

४.४.६ विषय उपक्षेत्रगत खर्चको अनुमान........ 59

४.४.७ आवधिक योजना अबधिमा कार्यान्वियन गरिने कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण........ 59

४.४.८ जोखिम पक्ष तथा अनुमान ........ 60

**४.५  उद्योग, ब्यापार तथा ब्यबसाय र रोजगारी** ........ 61

४.५.१  पृष्ठभूमी........ 61

४.५.२  संभावना तथा अवसर ........ 61

४.५.३ समस्या तथा चुनौती ........ 61

४.५.४ विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ 61

४.५.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 63

४.५.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान ........ 63

४.५.७ आवधिक योजना अबधिमा कार्यान्वियन गरिने कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण........ 64

४.५.८ जोखिम पक्ष तथा अनुगमन ........ 65

**४.६  सहकारी तथा वित्तीय सेवा** ........ 66

४.६.१ पृष्ठभूमी........ 66

४.६.२  संभावना तथा अवसर ........ 66

४.६.३ समस्या तथा चुनौती ........ 66

४.६.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ 66

४.६.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 67

४.६.६ विषय उपक्षेत्रगत खर्चको अनुमान........ 68

४.६.७ आवधिक योजना अबधिमा कार्यान्वियन गरिने कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण........ 68

४.७.८ जोखिम पक्ष तथा अनुमान ........ 69

**परिच्छेद ५: सामाजिक विकास क्षेत्र** ........ 70

**५.१ शिक्षा** ........ 70

५.१.१ पृष्ठभूमि ........ 70

५.१.२ संभावना र अवसर........ 70

५.१.३ समस्या र चुनौती ........ 70

५.१.४ विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ 71

५.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 73

५.१.६ विषय उपक्षेत्रगत खर्चको आवधिक अनुमान ........ 74

५.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 75

५.१.८ जोखिम पक्ष तथा अनुगमन ........ 78

**५.२ जनस्वास्थ्य तथा पोषण**........ 78

५.२.१ पृष्ठभूमि ........ 78

५.२.२ संभावना र अवसर........ 78

५.२.३ समस्या र चुनौती ........ 78

५.२.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति........ 79

५.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 81

५.२.६ विषय उपक्षेत्रगत खर्चको आवधिक अनुमान ........ 82

५.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 82

५.२.८ जोखिम पक्ष तथा अनुमान ........ 84

**५.३ खानेपानी तथा सरसफाई**........ 85

५.३.१ पृष्ठभूमि ........ 85

५.३.२ संभावना र अवसर........ 85

५.३.३ समस्या र चुनौती ........ 85

५.३.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति........ 85

५.३.५  विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 87
५.३.६  विषय उपक्षेत्रगत खर्चको आवधिक  अनुमान ........ 87
५.३.७  कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 87
**५.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण** ........ 89
५.४.१ पृष्ठभूमि ........ 89
५.४.२ संभावना र अवसर ........ 89
५.४.३ समस्या र चुनौती ........ 89
५.४.४  विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ 89
५.४.५  विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 91
५.४.६  विषय उपक्षेत्रगत खर्चको आवधिक अनुमान ........ 92
५.४.७  कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 92
५.४.८  जोखिम पक्ष तथा अनुमान ........ 94
**५.५  युवा तथा खेलकुद र नवप्रवर्तन** ........ 95
५.५.१ पृष्ठभूमि ........ 95
५.५.२ संभावना र अवसर ........ 95
५.५.३ समस्या र चुनौती ........ 95
५.५.४  विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ 96
५.५.५  विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 97
५.५.६  विषय उपक्षेत्रगत खर्चको आवधिक  अनुमान ........ 98
५.५.७  कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 98
**५.६ कला, भाषा, साहित्य र संस्कृति** ........ 100
५.६.१ पृष्ठभूमि ........ 100
५.६.२ संभावना र अवसर ........ 100
५.६.३ समस्या र चुनौती ........ 100
५.६.४  विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ 100
५.६.५  विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 101
५.६.६  विषय उपक्षेत्रगत खर्चको आवधिक अनुमान ........ 101
५.६.७  कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 102

५.६.८  जोखिम पक्ष तथा अनुगमन ........ 103

**परिच्छेद ६: पूर्वाधार विकास** ........ 104

**६.१ सडक, पूल तथा यातायात** ........ 104

६.१.१ पृष्ठभूमि ........ 104

६.१.२ संभावना तथा अवसर ........ 104

६.१.३ समस्या र चुनौति ........ 104

६.१.४  विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ 104

६.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 106

६.१.६  विषय उपक्षेत्रगत खर्चको अनुमान ........ 107

६.१.७  कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 108

६.१.८ जोखिम पक्ष तथा अनुमान ........ 109

**६.२ आवास, वस्ती, भवन तथा शहरी विकास** ........ 110

६.२.१ पृष्ठभूमि ........ 110

६.२.२ संभावना तथा अवसर ........ 110

५.२.३ समस्या र चुनौति ........ 110

६.२.४  विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ 110

६.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 112

६.२.६  विषय उपक्षेत्रगत खर्चको अनुमान ........ 113

६.२.७  कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 113

६.२.८ जोखिम पक्ष तथा अनुमान ........ 115

**६.३ विद्युत तथा वैकल्पिक उर्जा** ........ 115

६.३.१ पृष्ठभूमि ........ 115

६.३.२ संभावना तथा अवसर ........ 115

६.३.३ समस्या र चुनौति ........ 116

६.३.४  विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ 116

६.३.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 117

६.३.६  विषय उपक्षेत्रगत खर्चको अनुमान ........ 118

६.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 118

६.३.८ जोखिम पक्ष तथा अनुमान ........ 120

**६.४ सूचना, संचार र प्रविधि** ........ 120

६.४.१ पृष्ठभूमि ........ 120

६.४.२ संभावना तथा अवसर ........ 120

६.४.३ समस्या र चुनौति ........ 121

६.४.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ 121

६.४.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 122

६.४.६ विषय उपक्षेत्रगत खर्चको अनुमान ........ 123

६.४.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 123

**परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन योजना** ........ 125

**७.१ वन तथा जैविक बिबिधिता** ........ 125

७.१.१ पृष्ठभूमि ........ 125

७.१.२ संभावना र अवसर ........ 125

७.१.३ समस्या तथा चुनौती ........ 125

७.१.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति ........ 126

७.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 127

७.१.६ विषय उपक्षेत्रगत खर्चको आवधिक अनुमान ........ 128

७.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 128

७.१.८ जोखिम पक्ष तथा अनुमान ........ 129

**७.२ वाताबरण संरक्षण तथा फोहोरमैला ब्यबस्थापन** ........ 130

७.२.१ पृष्ठभूमि ........ 130

७.२.२ संभावना र अवसर ........ 130

७.२.३ समस्या तथा चुनौती ........ 130

७.२.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति ........ 130

७.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 132

७.२.६ विषय उपक्षेत्रगत खर्चको आवधिक अनुमान ........ 133

७.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 133

७.३  भूसंरक्षण तथा जलाधार ब्यबस्थापन ........ 136
७.३.१ पृष्ठभूमि ........ 136
७.३.२ संभावना र अवसर........ 136
७.३.३ समस्या तथा चुनौती ........ 136
७.३.४  सोच, लक्ष्य, उद्देश्य तथा रणनीति ........ 136
७.३.६  विषय उपक्षेत्रगत खर्चको आवधिक  अनुमान ........ 137
७.३.७  कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 138
७.३.८ जोखिम पक्ष तथा अनुमान ........ 138
७.४ विपद ब्यबस्थापन तथा जलवायू परिबर्तन अनुकुलन ........ 139
७.४.१ पृष्ठभूमि ........ 139
७.४.२ संभावना र अवसर........ 139
७.४.३ समस्या तथा चुनौती ........ 139
७.४.४  सोच, लक्ष्य, उद्देश्य तथा रणनीति ........ 139
७.४.५  विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 141
७.४.६  विषय उपक्षेत्रगत खर्चको आवधिक  अनुमान ........ 142
७.४.७  कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 143
७.४.८ जोखिम पक्ष तथा अनुमान ........ 144
परिच्छेद ८ः सुशासन तथा संस्थागत क्षमता विकास र सेवा प्रबाह........ 145
८.१ नीति, ऐन तथा सुशासन........ 145
८.१.१ पृष्ठभूमि ........ 145
८.१.२ विद्यमान स्थिति तथा संभावना........ 145
८.१.३ समस्या तथा चुनौति ........ 145
८.१.४  सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम ........ 145
८.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य........ 147
८.१.६  विषय उपक्षेत्रगत खर्चको अनुमान........ 147
८.१.७  कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 148
८.१.८  जोखिम पक्ष तथा अनुमान ........ 149
८.२ संगठन तथा क्षमता विकास ........ 150

८.२.१ पृष्ठभूमि ........ 150
८.२.२ विद्यमान स्थिति तथा संभावना........ 150
८.२.३ समस्या तथा चुनौति ........ 150
८.२.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम ........ 150
८.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 152
८.२.६ विषय उपक्षेत्रगत खर्चको अनुमान........ 153
८.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 153
८.२.८ जोखिम पक्ष तथा अनुमान ........ 155
८.३ राजश्व तथा स्रोत परिचालन........ 155
८.३.१ पृष्ठभूमि ........ 155
८.३.२ विद्यमान स्थिति तथा संभावना........ 155
८.३.३ समस्या तथा चुनौति ........ 155
८.३.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम ........ 155
८.३.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 157
८.३.६ विषय उपक्षेत्रगत खर्चको अनुमान........ 157
८.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 158
८.३.८ जोखिम पक्ष तथा अनुमान ........ 160
८.४ योजना र विकास ब्यबस्थापन........ 160
८.४.१ पृष्ठभूमि ........ 160
८.४.२ विद्यमान स्थिति तथा संभावना........ 160
८.४.३ समस्या तथा चुनौति ........ 161
८.४.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम ........ 161
८.४.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 162
८.४.६ विषय उपक्षेत्रगत खर्चको अनुमान........ 163
८.४.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ 163
८.४.८ जोखिम पक्ष तथा अनुमान ........ 165
परिच्छेद ९ः कार्यान्वयन एबम् अनुगमन तथा मूल्यांकन........ 166
९.१ स्रोत ब्यबस्थापन तथा योजना कार्यान्वयन........ 166

९ .१.१ पृष्ठभूमि ........ 166
९.१.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना ........ 166
९.१.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट ........ 167
९.१.४ स्रोत अनुमान तथा प्रक्षेपण ........ 167
९.१.४ समग्र स्रोत व्यवस्थापन प्रक्षेपण ........ 168
९.१.५ स्रोत परिचालन रणनीति ........ 168
९.१.५ योजना कार्यान्वयन ........ 169
९.१.६ कार्यान्वयन प्रकृया ........ 170
९.२ अनुगमन तथा मूल्यांकन ........ 171
९.२.१ पृष्ठभूमि ........ 171
९.२.२ वर्तमान अवस्था ........ 171
९.२.३ प्रमुख समस्या र चुनौती ........ 171
९.२.४ सम्भावना र अवसर ........ 172
९.२.५ लक्ष्य ........ 172
९.२.६ उद्धेश्य ........ 172
९.२.७ रणनीति र कार्यनीति ........ 172
९.२.८ प्रमुख कार्यक्रम ........ 173
९.२.९ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी ........ 173
९.२.१० अपेक्षित उपलब्धि ........ 175
अनुसूची १ : प्रति एकाई लागत निकाल्ने ढाँचा ........ 176
अनुसूचि २: बिषय क्षेत्रगत खर्चको अनुमान तथा प्रक्षेपण ........ 178
अनुसूचि ३: श्रोत अनुमान तथा प्रक्षेपण ........ 182
अनुसूचि ४: आयोजना/क्रियाकलापको स्थानगत विवरण ........ 184
अनुसूचि ५: आयोजना/क्रियाकलापको स्थानगत विवरण ........ 224

# चित्र सूची

चित्र नं. १ बारबर्दिया नगरपालिकाको अवस्थिति नक्शा........१४
चित्र नं. २  बारबर्दिया नगरपालिकाको वडा विभाजन नक्सा........१४
चित्र नं. ३  बारबर्दिया नगरपालिकामा रहेका नदि तथा खोलाको नक्सा........१६
चित्र नं. ४ बारबर्दिया नगरपालिकाको भू– उपयोग नक्सा........१८
चित्र नं. ५ बारबर्दिया नगरपालिकामा रहेका शिक्षण संस्थाको अवस्थिति नक्सा........२५
चित्र नं. ६ बारबर्दिया नगरपालिकामा रहेका स्वास्थ्य संस्थाको अवस्थिति नक्सा........२६
चित्र नं. ७ बारबर्दिया नगरपालिकाको मुख्य सडक खण्ड........२८

# तालिका सूची

तालिका १ नेपालमा शहरी योजनाका विकासक्रमहरु........७
तालिका २ आवधिक योजना तर्जुका विधि तथा प्रक्रिया........८
तालिका ३ भू– उपयोग को वर्गीकरण........१७
तालिका ४ नगरपालिकाको वडागत भौगोलिक विभाजन........१७
तालिका ५ वडागत घरधुरी र लिंगको आधारमा जनसंख्याको वर्गीकरण........२०
तालिका ६ उमेर समुहको आधारमा जनसंख्याको वर्गीकरण........२१
तालिका ७ भाषागत रुपमा जनसंख्याको वर्गीकरण........२२
तालिका ८ जातजाती समूहअनुसार जनसंख्याको वर्गीकरण........२२
तालिका ९ वडागत साक्षरता वा पढाईको आधारमा जनसंख्याको बर्गिकरण (उमेर समुह ५ बर्ष माथिको)........२४
तालिका १० प्रमुख विषय क्षेत्रगत सूचक तथा परिमाणात्मक लक्ष्य........३४
तालिका ११ नतिजा सूचक तथा लक्ष्य........४१
तालिका १२ उपक्षेत्रगत खर्च तथा स्रोतको अनुमान........४२
तालिका १३ कृषि विकास उपक्षेत्रका कार्यक्रम-आयोजनाको संक्षिप्त विवरण........४३
तालिका १४ पशुपंक्षी विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य........४८
तालिका १५ पशुपंक्षी तथा मत्स्य विकास उपक्षेत्रको खर्चको अनुमान........४९
तालिका १६ कृषि विकास उपक्षेत्रका कार्यक्रम-आयोजनाको संक्षिप्त विवरण........५०
तालिका १७ पर्यटन तथा संस्कृति उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य........५४
तालिका १८ पर्यटन तथा संस्कृति विकास उपक्षेत्रको खर्चको अनुमान........५५
तालिका १९ पर्यटन तथा संस्कृति विकास उपक्षेत्रका कार्यक्रम-आयोजनाको संक्षिप्त विवरण........५६
तालिका २० सिंचाई विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य........५९
तालिका २१ सिंचाई विकास उपक्षेत्रको खर्चको अनुमान........५९
तालिका २२ सिंचाई विकास बिषय उपक्षेत्रका कार्यक्रम-आयोजनाको प्रस्तावित विवरण........६०
तालिका २३ आर्थिक विकास क्षेत्रको नतिजा सूचक तथा लक्ष्य........६३
तालिका २४ उद्योग, ब्यापार तथा ब्यबसाय र रोजगार  उपक्षेत्रको खर्चको अनुमान........६३
तालिका २५ उद्योग, ब्यापार तथा ब्यबसाय र रोजगार उपक्षेत्रको कार्यक्रम-आयोजनाको संक्षिप्त विवरण........६४
तालिका २६ सहकारी तथा वित्तीय सेवा क्षेत्रको नतिजा सूचक तथा लक्ष्य........६७
तालिका २७ सहकारी तथा वित्तीय सेवा क्षेत्रको खर्चको अनुमान........६८
तालिका २८ सहकारी तथा वित्तीय सेवा उपक्षेत्रका कार्यक्रम-आयोजनाको संक्षिप्त विवरण........६९
तालिका २९ शिक्षा विकास उपक्षेत्रगत नतिजा सूचक तथा आवधिक लक्ष्य........७४

तालिका ३० शिक्षा उपक्षेत्रको खर्चको आवधिक अनुमान....................................................................................७५
तालिका ३१ शिक्षा विकास तर्फका कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण.........................................................................७६
तालिका ३२ जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको नतिजा सूचक तथा आवधिक लक्ष्य.............................................................८१
तालिका ३३ जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको खर्चको आवधिक अनुमान.......................................................................८२
तालिका ३४ जनस्वास्थ्य तथा पोषण तर्फका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण.............................................................८३
तालिका ३५ खानेपानी तथा सरसफाई उपक्षेत्रको नतिजा सूचक तथा आवधिक लक्ष्य...........................................................८७
तालिका ३६ खानेपानी तथा सरसफाई उपक्षेत्रको खर्चको आवधिक अनुमान ....................................................................८७
तालिका ३७ खानेपानी तथा सरसफाई उपक्षेत्रका कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण .................................................८८
तालिका ३८ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्रको नतिजा सूचक तथा आवधिक लक्ष्य ..........................९१
तालिका ३९ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्रको खर्चको आवधिक अनुमान ......................................९२
तालिका ४० महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्र तर्फका कार्यक्रम संक्षिप्त विवरण ................................९३
तालिका ४१ युवा तथा खेलकुद विकास उपक्षेत्रको नतिजा सूचक तथा आवधिक लक्ष्य.........................................................९७
तालिका ४२ युवा तथा खेलकुद विकास उपक्षेत्रको खर्चको आवधिक अनुमान.....................................................................९८
तालिका ४३ युवा तथा खेलकुद विकास उपक्षेत्र तर्फका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण...............................................९९
तालिका ४४ भाषा,कला, साहित्य तथा संस्कृति विकास उपक्षेत्रको नतिजा सूचक तथा आवधिक लक्ष्य..................................१०१
तालिका ४५ कला, भाषा, साहित्य र संस्कृति उपक्षेत्रको खर्चको आवधिक अनुमान..........................................................१०१
तालिका ४६ भाषा, कला, साहित्य तथा संस्कृति विकास उपक्षेत्र तर्फका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण.......................१०३
तालिका ४७ सडक,पूल तथा यातायात विकास उपक्षेत्रको नतिजा सूचक तथा आवधिक लक्ष्य..............................................१०६
तालिका ४८ सडक,पूल तथा यातायात विकास उपक्षेत्रको खर्च तथा स्रोतको अनुमान ........................................................१०७
तालिका ४९: सडक, पुल तथा यातायात उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ...........................................१०८
तालिका ५०: आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको नतिजा सूचक तथा आवधिक लक्ष्य .....................................११२
तालिका ५१: आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको खर्चको अनुमान.............................................................११३
तालिका ५२: आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण.................................११४
तालिका ५३: विद्युत तथा वैकल्पिक उर्जा क्षेत्रको नतिजा सूचक तथा आवधिक लक्ष्य........................................................११७
तालिका ५४: विद्युत तथा वैकल्पिक उर्जा क्षेत्रको खर्चको अनुमान ..............................................................................११८
तालिका ५५: विद्युत तथा वैकल्पिक उर्जा उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण..........................................११९
तालिका ५६: सूचना, संचार र प्रविधि क्षेत्रको नतिजा सूचक तथा आवधिक लक्ष्य..............................................................१२३
तालिका ५७: सूचना, संचार र प्रविधि उपक्षेत्रको खर्चको अनुमान ................................................................................१२३
तालिका ५८: सूचना, संचार र प्रविधि ...........................................................................................................१२४
तालिका ५९: वन तथा जैविक विविधता उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य ...................................................................१२७
तालिका ६०: वन तथा जैविक विविधता उपक्षेत्रको खर्च (रकम रु. हजारमा).................................................................१२८
तालिका ६१: वन तथा जैविक विविधता उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण..........................................१२९
तालिका ६२: नतिजा सूचक तथा लक्ष्य..........................................................................................................१३२
तालिका ६३: वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको खर्च (रकम रु. हजारमा).......................................१३३
तालिका ६४: वातावरण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको कार्यक्रम संक्षिप्त विवरण.....................................................१३४
तालिका ६५: भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको खर्च (रकम रु. हजारमा).....................................................१३७
तालिका ६६: भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ..............................१३८
तालिका ६७: विपद व्यवस्थापन तथा जलबायु परिवर्तन अनुकूलन उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य....................................१४२
तालिका ६८: विपद व्यवस्थापन उपक्षेत्रको खर्च (रकम रु. हजारमा).........................................................................१४२
तालिका ६९: विपद व्यवस्थापन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण......................................................१४३
तालिका ७०: नीति, कानून तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा आवधिक लक्ष्य ........................................................१४७

तालिका ७१: नीति, कानून तथा सुशासन उपक्षेत्रको खर्च अनुमान ..... १४७
तालिका ७२: नीति, कानून तथा सुशासन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ..... १४८
तालिका ७३: संगठन तथा क्षमता विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य..... १५२
तालिका ७४: संगठन तथा क्षमता विकास उपक्षेत्रको खर्चको अनुमान..... १५३
तालिका ७५: संगठन तथा क्षमता विकास उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण..... १५४
तालिका ७६: राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य ..... १५७
तालिका ७७: राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको खर्च अनुमान..... १५८
तालिका ७८: राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ..... १५९
तालिका ७९: योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य..... १६२
तालिका ८०: योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको खर्च अनुमान ..... १६३
तालिका ८१: योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण..... १६४
तालिका ८२: अपुग स्रोत व्यवस्थापन ..... १६८
तालिका ८३: आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया..... १७४

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

नेपालको शहरीकरण प्रक्रिया तीव्ररुपमा भएको छ तर भौगोलिक असमानता र आधारभुत आवश्यताको असमान वितरणका कारण शहरीकरण प्रक्रिया मुख्यतया काठमाडौं उपत्यका र तराईको उर्वर भूमी र नदी घाँटि र उपत्यकाहरूमा केन्द्रित छ। स्वास्थ्य, शिक्षा जस्ता आधारभुत आवश्यता, रोजगारिका अवसरहरुका र विकास कारण शहरीकरण प्रक्रिया तीव्ररुपमा भएको छन्। फलस्वरूप यस्ता शहरहरू पूर्वाधार विकास, आधारभुत आवश्यता तथा सेवाहरु र रोजगारीका अवसरहरूको माग पूरा गर्न असफल भइरहेका छन् साथै अव्यवस्थित शहरीकरण, वातावरणीय ह्रास, भीडभाड, शहरी गरिबी, सुकुम्बासी बस्ती, बेरोजगारी र पूर्वाधार र सेवाको सुस्त विकासका कारण सामाजिक, आर्थिक र वातावरणिय समस्याहरू बढ्दो रूपमा देखिएका छन्। कूल गार्हस्थ्य उत्पादन (जीडीपी) मा गैर(कृषि क्षेत्रको प्रमुख योगदान भएता पनि धेरैजसो शहरहरु आर्थिक वृद्धिको केन्द्रमा रूपमा देखा पर्न सकेका छैनन्।

योजनावद्ध विकास नेपालको संविधानले आत्मसात गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने राष्ट्रिय संकल्पलाई सहज तुल्याउने महत्वपूर्ण माध्यम हो। दीर्घकालीन सोच उन्मुख हुने गरी तयार गरिने मध्यम अवधिको स्थानीय तहको आवधिक योजनाले स्थानीय विकासको अपेक्षित गन्तव्य तय गरी विकास प्रक्रियालाई दिशानिर्देश गर्दछ। आवधिक योजना अपेक्षित नतिजा हासिल गर्ने सुसंगत पद्धति पनि हो। यस आवधिक योजनाले विषय क्षेत्रगत रणनीतिक योजना तथा मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमलाई ठोस आधार समेत प्रदान गर्नेछ।

नेपालमा आवधिक योजनाको अवधारणालाई विक्रम सम्बत २०१३ सालबाट अवलम्बन गरेको देखिन्छ। हालसम्म आइपुग्दा संघीय लोकतान्त्रिक शासन व्यवस्था अन्तर्गत तीन वटै तहका सरकारले आवधिक योजना तर्जुमा तथा कार्यान्वयनको अभ्यास गरिरहेका छन्। स्थानीय तहमा योजना अनुशासन कायम गरी स्थानीय आवश्यकताको सम्बोधन तथा विकासको राष्ट्रिय लक्ष्य हासिल गर्न स्थानीय तहका योजनाको अहम् भूमिका रहेको हुन्छ। उपलब्ध सीमित श्रोतको उच्चतम परिचालनमार्फत आशातित उपलब्धी हासिल गर्न आफ्नो अधिकार क्षेत्रभित्र रहेर योजना तर्जुमा गर्ने कार्यलाई आर्थिक अधिकारको रुपमा संविधानले सुनिश्चितता गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक तथा रणनीतिक विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागु गर्नु पर्ने व्यवस्था गरेको छ। स्थानीय तहको योजना तर्जुमा सम्बन्धी कार्यान्वयनमा एकरुपता तथा सहजताका लागि नेपाल सरकार राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात स्थापित यस सियारी नगरपालिकाको प्रथक पटक आवधिक योजना तर्जुमा गरिने छ। कोभिड १९ को महामारीको विशिष्ट परिवेशमा तर्जुमा गरिएको यस आवधिक योजनाले स्थानीय, प्रादेशिक तथा राष्ट्रिय विकासका लक्ष्य प्रासिमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

## १.२ आवधिक योजनाको उद्देश्य

यस आवधिक योजनाको मुख्य उद्देश्य स्थानीय शासन ऐन, २०७४ र अन्य विद्यमान नियमावलीमा उल्लेख भएबमोजिम सियारी गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा गर्नु रहेको छ। यस्तो आवधिक योजना राष्ट्रिय योजना आयोगको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ मा उल्लेखित ढाँचा बमोजिम, र

योजना तर्जुमाक सर्बमान्य आधार तथा मापदण्ड वा नगरपालिकाको सम्बन्धित अधिकारीले मौखिक वा लिखित निर्देशन दिए बमोजिम सियारी नगरपालिकाको दीर्घकालिन सोच उन्मुख रही एकीकृत, योजनाबद्ध र नतिजामूलक विकास प्रक्रियालाई मार्गदर्शन गर्नु यस आवधिक योजना तर्जुमाको मुख्य उद्देश्य रहने छ। यस योजनाको विशिष्ट उद्देश्यहरु देहाय अनुसार हुनेछन् ।

- ❖ नगरपालिका विकासको लागि दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति तथा प्राथमिकताका कार्यक्रमहरू निर्धारण गर्ने।
- ❖ सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यक्रमहरूको आधारमा पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक विकास, वातावरण तथा विपद्व्यवस्थापन र सुशासन तथा संस्थागत विकास योजना तयार गर्ने।
- ❖ उपलब्ध स्रोत साधनलाई समग्र गाउँको समृद्धि र सुखको लागि उच्चतम परिचालन गर्नुका साथै लगानीलाई प्रतिफल सँग जोड्ने
- ❖ एकीकृत, योजनाबद्ध र नतिजामुलक विकासका लागि स्थानीय सरकार र सरोकारवाला साझा उत्तरदायित्व सिर्जना गर्ने।
- ❖ नगरपालिका क्षेत्रको विकासका सम्भावना तथा स्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गर्ने।
- ❖ सहभागितात्मक छलफलका आधारमा नगरपालिकाको विकास योजनाको व्यवस्थित खाका तयार गर्ने।
- ❖ विषयगत गुरु योजना तथा वार्षिक योजना तर्जुमा तथा कार्यान्वयनलाई मार्गदर्शन गर्ने।
- ❖ बहुक्षेत्रीय लगानी कार्यक्रम तयार गर्ने।

## १.३ योजनाको आवश्यकता, औचित्य र मार्गदर्शक सिद्धान्तहरू

विकास योजनाले उपलब्ध श्रोत साधनाई परिचालन गरी निश्चित अवधिभित्र निर्धारित लक्ष्य, उद्देश्य र प्रतिफल हासिल गर्न मार्गचित्र प्रस्तुत गर्दछ। योजनाको आवश्यकतालाई देहायको बुँदाहरुबाट पुष्टि गर्न सकिन्छ

- ❖ सीमित स्रोत साधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा दिगो उपयोग गर्न,
- ❖ सामाजिक तथा आर्थिक विकासमा तिव्रता ल्याउन
- ❖ विगतको उपलब्धि र गति समीक्षा गर्दै आगामी दिनको नतिजा र गति आकलन गर्न,
- ❖ नतिजामुखी विकास पद्धतिको अवलम्वन र प्रवद्र्धन गर्न,
- ❖ विकास प्रक्रियामा सरोकारवाला विशेष गरी जोखिममा रहेका वर्गको संलग्नता र लाभमा सहभागिताको सुन्स्चिताता र सोको लागि जिम्मेवार पदाधिकारीको जवाफदेहिता वृद्धि गर्न,
- ❖ नगरपालिकाको एकिकृत, नातिजामुलक र योजनाबद्ध विकासकालागि निजि, सहकारी, गैरसरकारी क्षेत्र तथा विकास सांझेदारलाई परिचालित गर्नु,
- ❖ समाजलाई विकास र समृद्धितर्फ अग्रसर गराउन,
- ❖ विपद जोखिम संवेदनशीलता तथा उत्थाशीलतालाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्न,
- ❖ नागरिकहरूको विश्वास अभिवृद्धि गर्न।

नगरपालिकाको आवधिक योजना तयार गर्दा निम्न मार्गदर्शक सिद्धान्तहरूको आधारमा आवधिक विकास योजना तयार गर्नेछ

- ❖ विकास योजनाको दिगोपना,
- ❖ समाबेशी विकास योजना
- ❖ विकास योजना लचकता
- ❖ लैगिक, बालबालिका, दिगो बिकास लक्ष्य तथा वातावरण मैत्रि विकास योजना

## १.४ अध्ययनको कार्यक्षेत्र

यस आवधिक विकास योजना तयार गर्दा विभिन्न कार्यहरु समावेश रहेका छन्। आवधिक विकास योजना तयार गर्दा गरिने विस्तृत कार्यक्षेत्रहरु तल व्याख्या गरिएको छ।

### १.४.१ नगरपालिकाको स्थिति अद्यावधिक गरी आधार वर्ष तथ्यांङ्क तयार गर्ने

- बारबर्दिया नगरपालिका तथा यस नगरपालिकासँग सम्बन्धित प्रदेश तथा नेपाल सरकार संग रहेका सूचना संकलन गरी स्थानीय तहको स्थितिपत्र अद्यावधिक गर्ने।
- नगरपालिकाको आवधिक विकास योजना, दिगो विकास योजना र त्रिवर्षीय मध्यमकालिन खर्च संरचना तयार गर्न चाहिने आधार वर्ष तथ्याङ्क अद्यावधिक गर्ने।

### १.४.२ ऐन, कानून, नीति, नियम, योजना तथा कार्यक्रमको समीक्षा गर्ने

- राष्ट्रिय तथा प्रदेश तहका कानून, नीति नियम, योजना र कार्यक्रमको समीक्षा गर्ने।
- सम्बन्धित स्थानीय तहका कानून, नीतिनियम र अभिलेखको समीक्षा गर्ने।
- आवधिक विकास योजना तयार गर्दा प्रयोग हुने ऐन कानून, नीति नियम, योजना र कार्यक्रम बारेका सूचना तयार गर्ने।
- राष्ट्रिय योजना आयोगबाट तर्जुमा गरिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ तथा प्रदेशबाट तर्जुमा गरिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनसँग तादम्यता हुने गरी आवधिक योजना तर्जुमा गर्ने।

### १.४.३ बिभिन्न समिति गठन

क) निर्देशक समितिः गाउँपालिकाको प्रथम आवधिक योजना तर्जुमाको समग्र दिशानिर्देश र समन्वय गर्नको लागि देहाय बमोजिमको एक निर्देशक समिति गठन गरिनेछः

| | |
|---|---|
| अध्यक्ष | संयोजक |
| उपाध्यक्ष | उप– संयोजक |
| विषयगत समितिका संयोजकहरू | सदस्य |
| कार्यपालिकाका सबै सदस्यहरु | सदस्य |
| विषयगत महाशाखा÷शाखा प्रमुखहरू | सदस्य |
| संयोजकले तोकेको नीजि क्षेत्र वा गैसस वा स्थानीय विषय विज्ञ | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**निर्देशक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :**

वडास्तरमा हुने योजना छनौट भेला तथा छलफलमा अर्थपूर्ण सहभागिताको लागि आबश्यक समन्वय तथा सहजीकरण गर्ने,

क० अबधिक योजना तर्जुमा कार्यमा आबश्यकता अनुसार समय-समयमा दिशानिर्देश गर्नुका साथै समग्र प्रक्रियामा आबश्यक सहजीकरण गर्ने |

ख० नेपाल सरकारबाट उपलब्ध गाउँ वस्तुस्थिति विवरण तयारी र योजना तर्जुमा दिग्दर्शन बमोजिमको प्रोफाईल तयारी तथा आवधिक योजना तर्जुमाको ढाँचा र औजार स्वीकृत गर्ने,

ग० वस्तुस्थिति विवरण तयारी र आवधिक योजना तर्जुमा सम्बन्धी आवश्यक निर्णयहरु गर्ने,

घ० आवधिक योजना तर्जुमाका लागि विषयगत समितिलाई पूर्णता दिने, परिमार्जन गर्ने, आवश्यकता अनुसार वैठक आयोजना तथा परामर्श गर्ने,

ङ० प्राविधिक टोली, कर्मचारी र स्थानीय सरोकारवालासँग राय परामर्श गर्ने,

च० कार्यशाला गोष्ठीहरूमा समावेशी सहभागिताको सुनिश्चिता गर्ने,

छ० वस्तुस्थिति विवरण तथा आवधिक योजना तर्जुमा प्रक्रियामा मार्गदर्शन प्रदान गर्ने,

ज० कार्यपालिकाको कार्यालय, विषयगत शाखा/उपशाखा, एकाई, केन्द्र तथा वडा कार्यालयबाट तथ्याङ्क तथा विवरण सङ्कलनको व्यवस्था मिलाउने,

झ० नगरपालिकासँग सम्बन्धित अध्ययन, सर्वेक्षण, योजना तथा बजेट सम्बन्धी दस्तावेज, पुस्तिका अध्ययन र विश्लेषणको व्यवस्था गर्ने ।

ख) विषयगत समितिहरु गठन र समितिका सदस्यलाई योजना तर्जुमा सम्बन्धी अभिमुखिकरणः
आवधिक योजना तर्जुमा कार्यलाई ब्यबस्थित, बस्तुनिस्ठ, आबश्यकता तथा प्राथमिकतामा आधारित र कार्यान्वयनयोग्य तुल्याउनको लागि आवधिक योजना तर्जुमा कार्यमा सहजीकरण, समन्वय तथा मार्गनिर्देशन गर्न राष्ट्रिय योजना आयोगवाट प्रकाशित **स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८** मा भएको ब्यबस्था अनुसार देहाय बमोजिमको बिषयगत समिति संयोजक तथा विषयगत समितिका सदस्य र कर्मचारीलाई आवधिक विकास योजना तर्जुमा सम्बन्धमा अभिमुखिकरण गर्न सहजिकरण गरिनेछ :

❖ आर्थिक विकास समिति (भुमि व्यवस्था, कृषि, पशुपंक्षी, उद्योग तथा वाणिज्य, सिंचाइ, पर्यटन, सहकारी, गरिबी निवारण, वित्तीय क्षेत्र आदी)।

❖ समाजिक विकास समिति (युवा, खेलकुद, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, कला,साहित्य तथा संस्कृति, लैंगिक समानता तथा सामाजिक समावेशीकरण आदी)।

❖ पूर्वाधार विकास समिति (सडक तथा यातायात ब्यबस्था, भवन तथा सहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक ऊर्जा, संचार तथा प्रबिधि आदी)।

❖ वातावरण तथा विपद व्यवस्थापन समिति (वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्तपन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन आदी)।

❖ संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन समितिः मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधीको प्रयोग, लेखाङ्कन, राजस्व परिचालन, वित्तीय अनुशासन, आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखापरीक्षण तथा बेरुजु फछ्र्यौट आदी।

विषयगत समितिको संरचना स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ मा भए बमोजिम हुनेछ |

नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित क्षेत्रका कार्यालय तथा निकाय, स्थानीय स्रोत व्यक्ति, विषय विज्ञ, नीजि क्षेत्र, गैर सरकारी संस्था तथा स्थानीय सङ्घ/संस्था, सञ्जाल र लक्षित वर्गका प्रतिनिधिहरूलाई आमन्त्रित सदस्यको रुपमा विषयगत समितिमा आमन्त्रण गर्न सकिनेछ ।

आवधिक योजना तर्जुमा प्रक्रियामा विषयगत समितिको जिम्मेवारी देहायअनुसार हुनेछः

(क) विषय क्षेत्रगत आधाररेखा सूचना तयार गर्ने,

(ख) विषय क्षेत्र वस्तुस्थिति विश्लेषण गरी विवरण तयार गर्ने,

(ग) वडास्तर, लक्षित समूह तथा स्थानीय विज्ञसँग परामर्श गर्ने,

(घ) कार्यशाला गोष्ठीमा विषय क्षेत्रगत समूह छलफल गर्ने,

(ङ) विषय क्षेत्रगत रुपमा प्रमुख आयोजना तथा कार्यक्रम तर्जुमा गर्ने,

(च) विषय क्षेत्रगत रणनीति तथा कार्यनीतिको मस्यौदा तयार गर्ने,

(छ) विषय क्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा खाका तयार गर्ने,

(ज) भौतिक लक्ष्य निर्धारण गरी आवश्यक स्रोत अनुमान तथा प्रक्षेपण गर्ने,

(झ) योजना दस्तावेज तयारीमा प्राविधिक टोलीलाई सहयोग गर्ने ।

### १.४.४ आवधिक विकास योजना तर्जुमा गर्ने

आवधिक विकास योजना तर्जुमाको लागि विभिन्न तह र चरणमा कार्यशाला र छलफल आयोजना गर्ने। राष्ट्रिय योजना आयोगले तर्जुमा गरेको योजना तर्जुमा सम्बन्धी मार्गदर्शन र प्रदेश नीति तथा योजना आयोगले प्रकाशन गरेको स्थानीय तहमा योजना तर्जुमा दिग्दर्शन अनुसार सम्बन्धित स्थानीय तह, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश नीति तथा योजना आयोग, र  अन्य सरोकार वालासँग समन्वयमा सहभागिगतामुलक पद्धति अनुसार आवधिक विकास योजनाको मस्यौदा तयार गर्ने। बिषय क्षेत्रगत आवधिक विकास योजना तयार गर्दा राष्ट्रिय योजना आयोगवाट उपलब्ध ढाँचा (स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८) बमोजिम तयार गर्ने। जसअनुसार क्षेत्रको/उपक्षेत्रको नाम, (१) पृष्ठभुमि (२) प्रमुख समस्या (३) चुनौती र अवसर (४) लक्ष्य र उद्धेश्य  (५) रणनीति र कार्यनीति (६) कार्यक्रमका प्राथमिकता (७) कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण (८) बिषय उपक्षेत्रगत नतिजा खाका तयार गर्नु पर्नेछ।

### १.४.५ योजनाका लक्ष्य निर्धारण गर्दा राष्ट्रिय तथा प्रदेशका लक्ष्यलाई ध्यान दिने

- सन २०२२ मा नेपाललाई अल्प विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरउन्नति गर्ने विषय।
- दिगो विकासका लक्ष्यहरू हासिल गर्दै वि स २०८७ सम्म नेपाललाई मध्यम आय भएको मुलुकको रूपमा स्तरोन्नति गर्ने विषय।
- वि स २१०० सम्म नेपाललाई उच्च आय भएको मुलुकका रुपान्तरण गरी समृद्ध नेपाल र सुखी नेपालीको दूरदृष्टी (Vision 2100) कार्यान्वयन गर्ने विषय।
- नेपाल सरकारले अंगिकार गरेका राष्ट्रिय नीति कार्यान्वयन गर्ने विषय।
- पन्ध्रौं योजना कार्यान्वयन गर्न स्थानीय तहले संघलाई सघाउनु पर्ने विषय।
- प्रदेशको प्रथम आवधिक विकास योजना कार्यान्वयन गर्न स्थानीय तहले प्रदेशलाई सघाउनु पर्ने विषय।
- तीनै तहको साझा अधिकार क्षेत्रमा प्रदेश र स्थानीयतहले संघलाइ सघाउनु पर्ने विषय।
- स्थानीय तहका लक्ष्य निर्धारण गर्दा अनुसूची २ मा उल्लेख भएका, संघले १५ औ योजनामा र प्रदेशको प्रथम पञ्चवर्षिय योजनामा उल्लेख भएका सूचकसंग तालमेल मिल्नेगरी निर्धारण गर्नु पर्दछ।

- ❖ कार्यक्रम छनौट गर्दा दिगो विकास लक्ष्य प्राप्त गर्न सघाउने अनुसूची ३ वमोजिमका कार्यक्रमलाई प्राथमिकता दिने विषय।

### १.४.६ योजनाको परिमार्जन र गुणस्तर कायम गर्ने

- ❖ मस्यौदालाई विभिन्न सरोकरवालाहरुसँग छलफल गराई परिमार्जन गर्ने।
- ❖ स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ बमोजिम नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रहेको समितिवाट आवधिक विकास योजनाको मस्यौदामा छलफल गरी सुझाब तथा पृष्ठपोषण प्राप्त गरी परिमार्जन गर्ने।
- ❖ समितिको निर्देशन एवम पृष्ठपोषण अनुसार योजनाको मस्यौदालाई अन्तिम रुप दिने।

## १.५ सन्दर्भ साहित्यहरुको अध्ययन तथा समिक्षा

### १.५.१ राष्ट्रिय स्तरमा शहरी योजनाको अभ्यास

नेपालले सन् १९४४ देखि बस्ती विकासको प्रयास गरेको थियो जस अन्तर्गत हनुमान गाउँका बाढी पीडित जनतालाई पुनर्वास गर्न योजनाबद्ध रुपमा राजविराजलाई विकास गरियो। सन् १९५६ मा पहिलो राष्ट्रिय आवधिक योजना (आर्थिक विकास योजना) निर्माण गरि आवधिक रुपमा लागू गरियो भने हाल त्यसको निरन्तरता स्वरुप १४ औं योजना कार्यान्वयनमा छ। १९६० को दशक देखिनै पहाडी तथा हिमाली क्षेत्रका धेरै मानिसहरू (विशेषगरी प्राकृतिक प्रकोपबाट विस्थापित, राष्ट्रिय निकुञ्ज क्षेत्रबाट विस्थापित आदि) तराईका मैदानहरुमा पुनर्स्थापित गरियो। सन् १९६९ मा बनेको काठमाडौं उपत्यकाको भौतिक विकास योजना शहरी योजनाको क्षेत्रमा एक कोषेढुङ्गा थियो। ७० को दशकमा क्षेत्रीय विकास अवधारणा ल्याइयो र नेपाललाई सुरुमा चार विकास क्षेत्रहरुमा विभाजित गरियो जुन पछि गएर पाँच विकास क्षेत्रका रुपमा रहे र यो अवधारणा केहि हदसम्म कार्यान्वयन पनि गरियो। ८० को दशकको अन्त्य तिर आइपुग्दा प्रमुख शहरी क्षेत्रहरुको संरचनात्मक योजनाहरु निर्माण गरियो भने ९० को दशकमा पुग्दा गाउँपालिकाहरुमा एकीकृत कार्ययोजना निकैनै लोकप्रिय भए। यस किसिमको योजना निर्माण क्रम स्थानीय स्वायत्त शासन ऐन लागू नभएसम्म जारी रहे भने १९९९ मा स्थानीय स्वायत्त शासन ऐन लागू भए पश्चात् स्थानीय निकायहरुले आवधिक योजना निर्माण गर्न शुरुवात गरे।

### १.५.२ हालको योजना प्रवृत्ति

नेपालमा विगतमा विभिन्न योजनाका पद्धतिहरुको प्रयोग गरियो। विशेष गरी समस्याहरुको समाधान गर्न विभिन्न परियोजनाहरुको प्याकेज निर्माण गरियो जसलाई मूलभूत रुपमा समस्या सम्बद्ध योजना भनिदै आएको छ। नेपालमा विभिन्न चरणमा विगतका दशकहरुमा निम्न योजनाहरु निर्माण भएका छन्

- ❖ गुरु योजना
- ❖ रणनीतिक योजना
- ❖ एकीकृत कार्ययोजना
- ❖ भौतिक विकास योजना
- ❖ आवधिक योजना
- ❖ भूउपयोग योजना तथा भवन निर्माण मापदण्ड

यस मध्ये आवधिक योजना धेरै नगरपालिका तथा जिल्लाहरुले निर्माण गरी लागू पनि गरे। साथै गाउँ-नगर तथा जिल्ला स्तरमा यातायात गुरुयोजनाहरु बनी रहेका छन्। यी सबै योजनाको एक मात्र उद्देश्य भनेको शहरी विकास तथा क्षेत्रीय विकासमा सन्तुलन कायम गर्नु हो। नेपालमा भएका योजनाक्रमहरुलाई क्रमबद्ध रुपमा तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका १ नेपालमा शहरी योजनाका विकासक्रमहरु

| समयक्रम | नेपालमा शहरी योजनाका विकासक्रमहरु |
|---|---|
| १९३८ | राजविराजमा पहिलो योजनाबद्ध प्रशासनिक शहरको निर्माण |
| १९५६ | राष्ट्रिय स्तरमा आवधिका योजनाको आरम्भ (पञ्चवर्षीय योजना) |
| १९६२ | काठमाण्डौं सौन्दर्यकरण कार्यक्रम ः बेलायती महारानीको काठमाण्डौं भ्रमणको बेला संयुक्त राष्ट्रसंघको प्राविधिक सहयोगमा काठमाण्डौंको सुन्दरता वृद्धि गर्नका लागि तयार पारिएको योजना |
| १९६३ | गाउँ विकास समिति ऐन, १९६३ |
| १९६५ | तेस्रो राष्ट्रिय योेजना (१९६५-७०) जसले नेपाललाई तीन जलाधार क्षेत्र (कोशी, गण्डकी र कर्णाली) मा विभाजन गर्‍यो |
| १९६९ | काठमाण्डौं उपत्यकाको भौतिक विकास योजना (संयुक्त राष्ट्रसंघको प्राविधिक सहयोग र कार्ल पुर्साको नेतृत्वमा) |
| १९७३ | १९६३ मा बनेको काठमाण्डौं उपत्यकाको भौतिक विकास योजनाको राष्ट्रिय विज्ञहरुद्वारा पुनरावलोकन साथै भू-उपयोग योजनाको निर्माण |
| १९७५ | काठमाण्डौं उपत्यकामा चक्रपथको पूर्वअध्ययन तथा योजना बिना नै निर्माण |
| १९७४-१९८४ | जर्मन सरकारको सहयोगमा भक्तपुर विकास योजना सफलतापूर्वक सम्पन्न, भक्तपुर विकास योजनाको मुख्य लक्ष्य सम्पदा संरक्षण तथा आर्थिक उपार्जन थियो |
| १९७६ | रष्ट्रिय प्राविधिकहरुद्वारा काठमाण्डौं उपत्यकाको वृहत योजना (काठमाण्डौं उपत्यकाको भौतिक विकास योजना) को पुनरावलोकन साथै न्यूनतम जोनिङ मापदण्ड प्रस्ताव |
| १९८७ - १९८८ | GIZर MSUD को सहयोगमा काठमाण्डांै उपत्यका सहित मुख्य शहरहरुको २० वर्षे संरचनात्मक योजना ९Structure Plan० को निर्माण थालनी |
| १९९० | एकीकृत कार्ययोजना (IAP) निर्माणको आरम्भ |
| १९९१ | काठमाण्डौं उपत्यका शहरीविकास योजना तथा कार्यक्रमहरु Hal crow Fox/DHUD/ADB |
| १९९३ | JICA को सहयोगमा काठमाण्डौं उपत्यका शहरी सडक निर्माणको अध्ययन |
| १९९९ | काठमाण्डौं उपत्यकाको नक्साङ्कन कार्यक्रम |
| २००२ | नेपाल सरकारको स्वीकृतमा काठमाण्डौं उपत्यका विकासको दीर्घकालीन सोंचको निर्माण, भिजन २०२० |
| २००५ देखि अहिले सम्म | गाउँपालिकाहरुको आवधिक योजनाको अभ्यास |
| २०१२ देखि | जिल्ला तथा गाउँपालिकाहरुको यातायात गुरुयोजना निर्माण आरम्भ |
| २०१५ देखि | प्रस्तावित नयाँ शहरहरुको एकीकृत विकास योजनाको निर्माण आरम्भ |

### १.५.३ आवधिक विकास योजना तर्जुमा प्रक्रिया

#### १.५.३.१ योजना तर्जुमा प्रक्रिया

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ को व्यवस्था तथा स्थानीय अनुकूलता र विगतका अनुभवलाई आत्मसात गर्दै प्राविधिक सहयोग टोलीको सहयोग परिचालन गरी सहभागितामूलक विधि तथा प्रक्रिया बमोजिम प्रथम आवधिक योजना तर्जुमा गरिने छ। नगरपालिकाको आवधिक योजना तर्जुमा निर्देशक समिति, विषय क्षेत्रगत समिति, संयोजन तथा सहजीकरण समिति, निर्वाचित पदाधिकारी, प्रशासनिक तथा विषयगत क्षेत्रका कर्मचारी र सरोकारवाला पक्षसँग छलफल र परामर्श गरीने छ। नगरपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक, वन, वातावरण, संस्थागत एवं वित्तीय विषयगत क्षेत्र विकासका लागि दीर्घकालीन सोचका साथै लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न मध्यकालीन अवधिका लागि सरोकारवाला सबैको प्रतिनिधित्वबाट समावेशी र सहभागितामूलक प्रक्रिया अवलम्बन गरी आवधिक विकास योजना तयार गरिनेछ।
तथ्याङ्क र सूचना संकलनका लागि वडा समिति तथा कार्यालयहरूलाई परिचालन गरी प्रारम्भिक तथ्याङ्क एवं केन्द्रीय तथ्याङ्क विभाग, मानव विकास प्रतिवेदन र अन्य तथ्याङ्क र सूचना संकलन गरी विश्लेषण गरिने छ। आवधिक योजनाको दूरदृष्टि, मध्यकालीन समष्टिगत लक्ष्य र प्रमुख उद्देश्यहरू तथा रणनीति र कार्यक्रम क्षेत्रमा सरोकारवाला संलग्न कार्यशालाबाट निर्धारण भएको छ।

तालिका २ आवधिक योजना तर्जुका विधि तथा प्रक्रिया

| चरण | गर्नुपर्ने कार्यहरू | प्रमुख जिम्मेवारी |
|---|---|---|
| तयारी चरण | अभिमुखीकरण तथा तयारी कार्यशाला | कार्यपालिका, निर्देशक समिति र विषयगत समिति |
| | विकासको विद्यमान स्थिति तथा उपलब्धिको समीक्षा | कार्यपालिका, विषयगत समिति, महाशाखा÷शाखा |
| विश्लेषण चरण | तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण | निर्देशक समिति, विषयगत समिति, महाशाखा÷शाखा |
| | आधार नक्शा (Basemap) तयारी | विषयगत महाशाखा÷शाखा |
| | वस्तुस्थिति विश्लेषण | विषयगत समिति, महाशाखा÷शाखा |
| | वस्तुस्थिति विवरण तयारी तथा अद्यावधीकरण | विषयगत महाशाखा÷शाखा |
| योजना तर्जुमा चरण | सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता निर्धारण | कार्यपालिका, निर्देशक समिति र विषयगत समिति |
| | परिमाणात्मक लक्ष्य निर्धारण | कार्यपालिका, निर्देशक समिति र विषयगत समिति |
| | स्रोत अनुमान, प्रक्षेपण तथाक्षेत्रगत बाँडफाँट | निर्देशक समिति |
| | विषय क्षेत्रगत योजना तर्जुमा | निर्देशक समिति र विषयगत समिति, महाशाखा÷शाखा |
| | आवधिक योजनाकोदस्तावेजको मस्यौदा तयार | महाशाखा÷शाखा तथा परामर्शदाता |
| | मस्यौदा प्रस्तुति, सुझाव सङ्कलन र अन्तिम स्वरूप प्रदान | निर्देशक समिति र विषयगत समिति, महाशाखा÷शाखा |

### १.५.३.२ तयारी चरण:

#### अभिमुखीकरण तथा आवधिक योजना तयारी गोष्ठी

आवधिक योजनाको ढाँचासहित तर्जुमा विधि तथा प्रकृया सम्बन्धमा समान बुझाई कायम गर्न एक दिवसीय आवधिक योजना तयारी कार्यशाला गोष्ठीको आयोजना गरियो । उक्त कार्यशाला गोष्ठीमा नगर कार्यपालिका पदाधिकारी, विषयगत समितिका पदाधिकारी, विषयगत शाखा/उपशाखाका प्रमुख वा प्रतिनिधि, राजनीतिक दलका प्रमुख र प्रतिनिधिहरु, कार्यपालिका तथा वडा कार्यालयका कर्मचारी र स्थानीय संघ/संस्थाका प्रतिनिधिहरु को सहभागितामा थियो । उक्त कार्यशालामा आवधिक योजनाको अवधारणा, तर्जुमा विधि तथा प्रक्रिया, आधाररेखा सूचना, योजना तर्जुमाको कार्ययोजना बारे प्रस्तुती, छलफल गरि कार्ययोजना तयार गरिएको थियो।

#### विकासको विद्यमान स्थिति तथा उपलब्धिको समीक्षा

वर्तमान स्थिति विश्लेषण गर्दा संघीय, प्रादेशिक र स्थानीय तहका आवधिक विकास योजनाबीच राष्ट्रिय सरोकारका विषयहरु सम्बोधन गर्न सकिने सम्भावनाको विश्लेषण गरियो । जस्तै राष्ट्रिय गौरव र महत्वका कार्यक्रमका लागि आवश्यक पर्ने जग्गा व्यवस्थापन बारे स्थानीय तहको भू-उपयोग योजनामा उल्लेख गरिनेछ। प्रादेशिक योजनाका लागि आवश्यक जनशक्ति विश्लेषणबाट आवधिक योजनामा उल्लेख गरिएको छ । प्रादेशिक योजनाका लागि आवश्यक जनशक्ति विश्वलेषणबाट आवधिक योजनामा निर्धारण गरिने लक्ष्यको कार्यान्वयन सुगमताबारे अनुमान गर्न सकिन्छ। राजनैतिक दलहरुको घोषणापत्रको विश्लेषणबाट योजना कार्यान्वयनमा राजनैतिक प्रतिबद्धता र प्राथमिकताका आयोजनाबारे एकीन गर्न सकिन्छ। पुनर्सरचना अघि र पछिको अवस्था विश्लेषणबाट नौला पक्षहरु उजागर भएको अवस्था पत्ता लाग्दछ।

योजना तर्जुमा तथा कार्यान्वयनको मूल आधार भनेको जमिन हो। तसर्थ जमिनमा भू-धरातलीयस्वरूप, भू-उपयोग र भूस्वरूपमा परिवर्तनको अवस्था, जोखिम तथा संवेदनशील भूक्षेत्रहरू, आर्थिक तथा सामाजिक र संरचनाको अवस्थिति, पूर्वाधार संरचनाको अवस्थिति, बस्ती विकास, प्राकृतिक श्रोतसाधनको उपलब्धता र उपयोगको अवस्था, जोखिमयुक्त पूर्वाधार र वस्तीहरू लगायतका विषयहरूको विद्यमान अवस्थालाई नक्शामा चित्रण गरिने छ। यसरी जमिनको अवस्था नक्शामा चित्रण गर्ने कार्यको नतिजा नै आधार नक्शा हो। यही आधार नक्शाको आधारमा नगरको अवस्था पहिचान गरी कुन भौगोलिक तथा विषयगत क्षेत्रमा के कति परिमाणमा आयोजना तथा कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गर्ने भन्ने कुराको यकिन गर्न सम्भव हुन्छ। भौतिक संरचना निर्माण हुने वा कुनै पनि आयोजना वा परियोजना कार्यान्वयन गरिने स्थान निर्धारण गर्ने आधार नै आधार नक्शा भएकाले स्थानीय तहको दीर्घकालीन, मध्यमकालीन र वार्षिक योजना तर्जुमा गर्दा वा यी योजना अन्तर्गत आयोजना तथा कार्यक्रम तर्जुमा गर्नु पूर्व आधार नक्शा तयार भएको छ। यस्तो नक्शा बनाउँदा बहुप्रकोप जोखिम विश्लेषण समेत गरिएको छ।

### १.५.३.३ विश्लेषण चरण:

#### तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण

वस्तुस्थिति विश्लेषण तथा आधार सूचना तयारीको लागि राष्ट्रिय जनगणना २०६८ र २०७८ को तथ्याङ्क, नगरपालिकाबाट गरिएको पारिवारिक सर्वेक्षण तथा विषयगत शाखा/उपशाखा/एकाईहरुको अभिलेख तथा तथ्याङ्क र संस्थागत विवरणको आधारमा नगरपालिका वस्तुस्थिति विवरण तयार गरिएको छ। यसका अतिरिक्त वस्तुस्थिति विवरण नेपाल सरकार र प्रदेश सरकारका सम्वन्धित मन्त्रालयवाट प्राप्त गर्ने काम गरिने छ। विभिन्न अध्ययन प्रतिवेदनवाट प्राप्त सान्दर्भिक तथ्याङ्क लगायत सहभागितामूलक छलफल र नक्शाङ्कनबाट

प्राप्त सूचना समेत वस्तुस्थिति विवरणमा समावेश गरिने छ। वस्तुस्थिति विवरणमा उपलब्ध तथ्याङ्क तथा विवरणको विश्लेषण गरी आवधिक योजनाको लागि आधाररेखा सूचना विवरण तयार गरिने छ। विभिन्न दस्तावेजहरुको समीक्षाका साथै कार्यशाला र सहभागितामूलक छलफलबाट प्राप्त विषय क्षेत्रगत सूचनाको निचोडलाई समेत आवधिक योजनाको आधार सूचनाको रुपमा लिएको छ।

### आधार नक्शा (Basemap) तयारी

आधार नक्शा तयार गर्न आवस्यक तथ्यांकहरु विभिन्न स्रोतहरु जस्तैः नक्शा, स्थलगत अवलोकन र गुगल तस्विर आदी बाट प्राप्त नक्शा गरिएको छ। यसै गरी नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरु, पदाधिकारीहरु, सरकारी कर्मचारीहरु संग गरिएको छलफल र वडा तथा नगरपालिका स्तर मा गरिएको समुहगत छलफलका साथै स्थानीय संग गरिएको पर्रामसबाट वर्तमान भू-उपयोग को अवस्था, निकट भबिष्यमा संचालन गरिने योजनाहरु र योजना बद्ध विकासमा परेका योजनाहरुको तथ्याङ्क संकलन गरिएको छ। आधार नक्शा तयार गर्नका लागि प्राथमीक स्रोत को रुपमा High resolution Satellite Image वा Google Earth Image को प्रयोग गरिएको छ। विभिन्न निकाय बाट प्राप्त अन्य Vector and raster डाटा प्रयोग गरी DEM (Digital elevation Map), भौगर्भिक नक्शा, भूमि प्रणाली नक्शा (Land system Map), स्थलाकृतिक नक्शा (Physiographic map) र जलवायु नक्शा (Climatic map) आदि तयार गरीएको थियो। यस बाहेक, वर्तमान भू-उपयोग नक्शा (Present Land use map), भूमि क्षमताको नक्शा (Land capability map), र माटोको नक्शा (Soil map) प्रस्तावित भू-उपयोग क्षेत्र र योजना नक्शा (Land use plalnning map) हरु पनि तयार गरिएको छ।

### वस्तुस्थिति विश्लेषण

स्थानीय तहको आवधिक योजना तर्जुमा गर्दा स्थानीय तहको वर्तमान आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वातावरणीय र शासकीय सूचकहरुको अवस्थ के कस्तो रहेको छ त्यो स्पष्ट जानकारी हुने गरी तथ्याङ्क तथा विवरणहरु संकलन गरिनेछ। तसर्थ, स्थानीय तहको जनसंख्या, गरिबी, बेरोजगारी/रोजगारी, कुल गार्हस्थल उत्पादन/प्रतिव्क्ति, आय, सेवा सुविधाहरुको उपलब्धता, मातृ मृत्युदर, बाल मृत्युदर, औसत आयु, खानेपानी तथा सरसफाइ सुविधाको उपलब्धता, सडक, यातायात आदी विषयका तथ्याङ्क संकलन र विश्लेषण गरी स्थानीय तहको वस्तुस्थिति विश्लेषण परिच्छेद २ मा तयार गरिएको छ।

### वस्तुस्थिति विवरण तयारी तथा अद्यावधीकरण

विकास उपलब्धिको प्रगति विवरण, उपलब्ध सूचना तथा सहभागितामूलक छलफलका आधारमा नगरपालिका गठन पश्चात् भएका प्रमुख उपलब्धिहरूको संक्षिप्त रूपमा समीक्षा गरिएको छ। यसरी समीक्षा गर्दा हासिल भएका उपलब्धिको विवरण गुणात्मक तथा परिमाणात्मक रूपमा उपलब्ध सूचनाका आधारमा पुष्टि हुनेगरी प्रस्तुत गरिएको छ। वित्तीय स्रोतको विश्लेषण पछि स्थानीय तहलाई योजना अवधिभरमा परिचालन हुनसक्ने स्रोत परिमाण बारे नजिकको अनुमान प्राप्त हुन्छ। यसरी प्राप्त हुने संभाब्य स्रोतको आधारमा विकासका महत्वपूर्ण क्षेत्रहरुमा प्राथमीकताका साथ लगानी केन्द्रित गर्नका लागि प्रत्येक क्षेत्रका चुनौतीरसमस्याका कारण र असरहरुको पहिचान गरी क्षेत्रगत लक्ष्य तथा उद्देश्य निर्धारण गरिएको छ। क्षेत्रगत लक्ष्य तथा उद्देश्यका आधारमा नीति र कार्यक्रम तय हुने हुँदा समस्या विश्लेषण गर्दा विशेष ध्यान पुराइएको छ। यस्तो विश्लेषणका लागि सहभागितामूलक पद्धतिमा आधारित समस्या विश्लेषणका गरि अद्यावधीकरण गरिएको छ।

### १.५.३.४ योजना तर्जुमा चरणः

दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य निर्धारण तथा योजना तर्जुमा कार्यशाला गोष्ठी
नगरपालिकाको समग्र विकास प्रक्रियालाई मार्गदर्शन गर्न दीर्घकालीन सोच, निर्देशिक सिद्धान्त, लक्ष्य र उद्देश्य निर्धारण र विषय क्षेत्रगत योजनाको प्रस्ताव तयार गर्न दुई दिने कार्यशाला गोष्ठीको आयोजना गरिने छ। नगर कार्यपालिकाको आयोजनामा नगर कार्यपालिकाका अध्यक्षको अध्यक्षतामा उक्त कार्यशाला गोष्ठीको सञ्चालन गरिएको छ। गोष्ठीबाट आधाररेखा सूचना तथा सहभागितामूलक छलफलका आधारमा योजनाको दीर्घकालिन सोच, ध्येय (Mission), लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति, सम्भावना विश्लेषण, श्रोत प्रक्षेपण, रणनीति तथा कार्यनीति, नतिजा खाका, कार्यान्वयन योजना र अनुगमन तथा मूल्याङ्कन ढाँचा तयार गरिएको छ।

कार्यशालामा उपलब्ध सूचना तथा सहभागितामूलक छलफलका आधारमा नगरपालिका गठन पश्चात् भएका प्रमुख उपलब्धिहरूको संक्षिप्त रूपमा समीक्षाको आधारमा आगामि आवधिक योजनाको अवधिमा नगरपालिकाको आन्तरिक स्रोत, राजस्व बाँडफाँटबाट प्राप्त राजस्व, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय सहयोग समेत र अन्य विभिन्न स्रोतबाट आगामी ५ बर्षमा उपलब्ध हुन सक्ने श्रोत अनुमान तथा प्रक्षेपण गरिएको छ। वृहत समूह प्रस्तुतीकरण र सहभागितामूलक छलफल आदि जस्ता सहभागितामूलक विधिहरुको प्रयोग गरी कार्यशाला सञ्चालन गरिएको छ। उक्त कार्यशालामा कार्यपालिका तथा विषयगत समितिका पदाधिकारी, राजनैतिक दलका प्रतिनिधि र विषयगत शाखा प्रमुख तथा प्रतिनिधि र अन्य सरोकारवाला संघ संस्थाहरुको सहभागिता थियो।

#### संभाव्य स्रोतको अनुमान, प्रक्षेपण र क्षेत्रगत बाँडफाँड

योजना तर्जुमा प्रक्रियामा वित्तीय स्रोतको सुनिश्चितता सबैभन्दा महत्वपूर्ण पक्ष हो। वित्तीय स्रोतको सुनिश्चितता नभई तर्जुमा गरिएको योजनाको कार्यान्वयन प्रभावकारी हुन र सोबाट अपेक्षित उपलब्धि हासिल हुन सक्दैन। तसर्थ योजना तर्जुमा गर्दा वित्तीय स्रोत साधनको यथार्थपरक विश्लेषण हुनुपर्दछ। आवधिक योजना अवधिमा उपलब्ध हुन सक्ने सम्भाव्य स्रोतको आकलन तथा विश्लेषण गर्दा आन्तरिक र बाह्य श्रोतबाट प्राप्त हुन सक्ने आयका अतिरिक्त निजी, गैरसरकारी, सहकारी र समुदाय लगायत सबै सरोकारवालाबाट लगानी हुन सक्ने स्रोतहरू समेतको आकलन गरी योजनामा उपलब्ध हुन सक्ने कुल स्रोतको प्रक्षेपण गरिएको छ।

स्थानीय तहको वित्तीय अधिकार र उपलब्ध हुने स्रोतको बारेमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तर सरकार वित्त व्यवस्थापन ऐनले स्पष्ट गरेको छ। योजना अवधिको लागि उपलब्ध हुन सक्ने वित्तीय स्रोत साधनको विश्लेषण गर्दा संविधानतः स्थानीय तहको राजस्व अधिकारका क्षेत्रबाट परिचालन हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अन्तर सरकारी वित्तीय हस्तान्तरण, आन्तरिक ऋण, जनसहभागिता र अन्य स्रोतहरूबाट प्राप्त हुन सक्ने स्रोतको अनुमान तथा प्रक्षेपण गरिएको छ। सम्भाव्य स्रोतको अनुमान तथा प्रक्षेपण गर्ने कार्य वार्षिक योजना तथा बजेट तर्जुमाको लागि गठित स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सहयोगमा निर्देशक समितिबाट गरिएको छ।

#### विषय क्षेत्रगत योजना तर्जुमा

स्थानीय तहको अधिकार क्षेत्रका सबै विषयगत क्षेत्र समेट्ने गरी विषयगत योजना तर्जुमा गरिने छ।स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा समितिको लागि गठित विषयगत योजना तर्जुमा समिति तथा सम्बन्धित विषय क्षेत्रका सरोकारावालासँगको सहभागितामा कार्यशाला गोष्ठी तथा परामर्श गरी विषय क्षेत्रगत

योजना तर्जुमा गरिएको छ। विषय क्षेत्रगत योजनामा सो विषय क्षेत्रको लक्ष्य, उद्देश्य,रणनीति र कार्यनीति, प्रमुख कार्यक्रम तथा आयोजना, अपेक्षित उपलब्धि र नतिजा खाका तर्जुमा गरिएको छ। वस्तुस्थिति विश्लेषण विवरणमा उल्लिखित आधाररेखा सूचनाको आधारमा विषयगत समिति र सम्बन्धि सरोकारवालाको सहभागितामा सहभागितामूलक कार्यशाला र परामर्शको प्रक्रियाबाट विषय क्षेत्रगत योजनाको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति, आयोजना तथा कार्यक्रम र सोको स्थानगत विवरण एवम् नतिजा खाका तयार गरिएको छ ।

### आवधिक योजनाको मस्यौदा प्रतिवेदन तयारी

वस्तुस्थिति विश्लेषण, योजना तर्जुमा कार्यशाला गोष्ठीको निष्कर्ष, विषयक्षेत्र योजना तर्जुमा समितिको छलफल र परामर्शबाट प्राप्त नतिजालाई क्रमबद्ध रुपमा प्रस्तुत गरी निर्धारित खाका र समयमा आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरिएको छ। विषय क्षेत्रगत रुपमा सम्बन्धित विषय विज्ञले तयार गरेको विषयगत क्षेत्र योजनालाई एकीकृत गरी आवधिक योजना तयार गरिएको छ। योजना दस्तावेजमा गाउँपालिकाको विकासको विद्यमान अवस्था र विकास समिक्षा, गाउँ विकासको दीर्घकालिन सोच तथा अवधारणा, आर्थिक, संस्कृति तथा पर्यटन, सामाजिक विकास, पुर्वाधार विकास योजना, वातावरण व्यवस्थापन तथा विपद् जोखिम न्यूनिकरण तथा जलवायु परिवर्तन अनुकुलन योजना, संस्थागत विकास तथा सुशासन योजना र कार्यान्वयन प्रारुप तयार गरिएको छ।दस्तावेज तयारी गर्दा राष्ट्रिय तथा प्रादेशिक आवधिक योजना, अन्य गाउँपालिका, साविक जिल्ला तथा गाविसका आवधिक योजनाको समिक्षा गरी उपयोगी प्रारुपलाई आत्मसात गरिनुका साथै योजनाविद्, विषयविज्ञ र सरोकारवालाको समेत सुझाबलाई आत्मसात गरि तयार गरिएको छ।

### १.५.३.५ मस्यौदा प्रस्तुति, सुझाव संकलन तथा आवधिक योजनाको अन्तिम प्रतिवेदन तयारी

वस्तुस्थिति विश्लेषण, योजना तर्जुमा कार्यशाला गोष्ठीको निष्कर्ष, विषयक्षेत्र योजना तर्जुमा समितिको छलफल र परामर्शबाट प्राप्त जानकरि र विषय क्षेत्रगत रुपमा सम्बन्धित विषय विज्ञले तयार गरेको विषयगत क्षेत्र योजनालाई एकीकृत गरी आवधिक योजनाको अन्तिम प्रतिवेदन तयार गरिएको छ | माथि उल्लेख गरिए बमोजिम आवधिक योजनाको मस्यौदा प्रतिबेदन तयारी पश्चात उक्त प्रतिबेदनउपर बिषयक्षेत्रगत समिति तथा निर्देशक समिति र कार्यपालिका सदस्य एबम सबै बिषयगत शाखा प्रमुखसँग अन्तरक्रिया, छलफल तथा पृष्ठपोषण कार्यक्रम सम्पन्न गरी प्राप्त सुझाब समेतलाई समाबेश गरी आवधिक योजनाको अन्तिम प्रतिवेदन गरि पेस गरिएकोछ |

# परिच्छेद २: वस्तुस्थिति विश्लेषण

## २.१ गाउँपालिकाको परिचय

### २.१.१ प्रशासनिक तथा भौगोलिक अवस्थिति

बारबर्दिया नगरपालिका लुम्बिनी प्रदेश एक प्रमुख शहर नेपालगणज बजार देखि करिब ५० किलोमिटरको दुरीमा रहेको यस नगरपालिका २०७३ सालमा साबिकका साविक बानियाभारु, पदनाहा, मगरागाडी र धधवार सहित ४ गाविस समाहित गरि यो नगरपालिकाको निर्माण भएको हो।

यो नगरपालिका पूर्वीपश्चिम (महेन्द्र राजमार्ग) राजमार्गको उत्तरदक्षिण फैलिएको छ । हाल यस नगरपालिकाको कार्यालय २८ डिग्री २६ मिनेट देखि २८ डिग्री ३६ मिनेट उत्तर अक्षांश र ८१ डिग्री ३० मिनेट देखि ८१ डिग्री ५० मिनेट पूर्वी देशान्तर सम्म अवस्थित यो नगरपालिका समून्द्र सतहदेखि करिब १२५ मिटरको उचाईमा छ।कुल क्षेत्रफल २२६.०९ बर्ग किलोमिटर रहेको यस नगरपालिको उत्तरी भागमा पूर्व पश्चिम लोकमार्ग र बर्दिया राष्ट्रिय निकुञ्जको मद्यवर्ती क्षेत्रसँग आवद्ध रहेको यस नगरपलिकाको पूर्वमा ग्याङ नदी (बाँसगढी नगरपालिका), पश्चिममा बबई नदी (ठाकुरबाबा र मधुवन नगरपालिका), उत्तरमा बर्दिया राष्ट्रिय निकुञ्ज र दक्षिणमा गुलरिया नगरपालिका र बढैया ताल गाउँपालिका सँग यो नगरपालिका जोडिएको छ ।

यो नगरपालिका बर्दिया जिल्लाको उत्तरमा केहि चुरे क्षेत्र र दक्षिणमा तराई रहेको यस नगरपालिकाको भूबनावट समथर र उर्वरा जमिन एवं उष्ण हावापानीका रहेको छ। यस क्षेत्रको भौगर्भिक संरचना मुख्यतया बालुवा, माटो, गिट्टी र कंकडहरु रहेका छन्। प्रत्येक वर्ष खोला नालाहरूद्वारा बगाएर ल्याइएका ताजा बालुवा, माटो, निक्षेपणले गर्दा यहाको माटोको उर्वरता अधिक रहेको छ।बबई नदी र विभिन्न खोलाहरु यस नगरपालिकामा बग्ने मुख्य खोलाहरू हुन् । भूमिगत पानी सतह राम्रो भएको यस नगरपालिकामा भूमिगत सिंचाईको प्रचुर संभावना रहेको छ।

संघिय गणतान्त्रिक नेपालको लुम्बिनी प्रदेशको बर्दिया जिल्लामा अवस्थीत यस नगरपालिकालाई प्रशासनिक रुपमा ११ वटा वडाहरुमा विभाजन गरिएको छ।यस नगरपालिकाको प्रशासनिक केन्द्र जयनगर बजार क्षेत्रमा स्थापाना गरिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको १६८९७ घरपरिवार र कुल जनसंख्या ७२५३३ रहेको छ जस मध्ये पुरुष संख्या ३४१२६ र महिला संख्या ३८४०७ रहेको छ । नगरपालिका भू– बनावट समथर र उर्वरा जमिन एवं उष्ण हावापानीका कारण खाद्य तथा नगदे बालि उत्पादनका लागी उत्तम रहेको छ।

चित्र नं. १ बारबर्दिया नगरपालिकाको अवस्थिति नक्शा



Projection and Datum: WGS 1984

चित्र नं. २  बारबर्दिया नगरपालिकाको वडा विभाजन नक्सा



Projection and Datum: WGS 1984

### २.१.२ ऐतिहासिक चिनारी तथा नामकरण

बारबर्दिया नगरपालिका सविकका चारवटा गाविसहरु बनियाभार, पदनाहा, मगरागाडी र धधवार समायोजन भइ निर्माण भएको हो । बारबर्दिया शब्द थारु समुदायको बाह्रा जना बर्दिवाहरु (ग्वालाहरु) सँग सम्बन्धित रहेको भन्ने जनविश्वास रहेको छ । जस अनुसार धेरै वर्ष पहिले यस क्षेत्रमा थारु समुदायको बाह्रा जना बर्दिवाहरु गाई, गोरु चराउना जंगलमा गए र देउतालाई वलि दिने भनी नाटक गर्दा दश जना बर्दिवाहरु लोप भए । बाँकी दुईजना गाउँलेको डरले आ-आफ्नोघाँटी रेटी मृत्यु बरण गरे।बाह्र जना बर्दिवाहरु मरेको उक्त स्थानमा गाउँलेहरु बरहो बरदिया मण्डप निर्माण गरी पुजापाठ गर्न थाले।यस नगरपालिकाको वडा नं ५ मा रहेको ऐतिहासिक, साँस्कृतिक धरोहरको रुपमा रहेको उक्त बरहो बरदिया (बारबर्दिया) मण्डपकै नामलाई आधार मानी स्थानीय समुदायको माग बमोजिमनै नगरपालिकाको नाम बारबर्दिया नामाकरण हुन गएको हो भन्ने स्थानीयहरुको भनाई रहेको छ ।

### २.१.३ प्राकृतिक स्रोत तथा सम्पदा

समथर र उर्वरा जमिन यस नगरपालिकाको सबैभन्दा महत्वपूर्ण र बहुमूल्य प्राकृतिक स्रोतहरु मध्ये एक हो यसको यथोचित प्रयोग बाट उन्नत आर्थिक र सामाजिक विकासका साथै समुन्नत जीविकोपार्जनका लागि महत्वपूर्ण भुमिका निर्धारिण गर्दछ । यसका अतिरिक्त सबै प्रकारका मानवयि गतिविधिहरु र उत्पादन वा विकासको आधारभूत आवश्यकता भूमिको उपयोगमा निर्भर गर्दछ । भूमिको दिगो उपयोग गरि जल, जमिन र जंगलको संरक्षण गदै वातावरणको रक्षा गर्न सकिन्छ । कृषी जमिन, जंगल, चरण, आवस, पार्क तथा सार्वजनिक उपयेगका क्षेत्रहरुको संरक्षण गदै त्यहाँ बस्ने बासिन्दाहरु को आर्थिक र सामाजिक अवस्थामा सुधार गर्न सहयोग पुऱ्याउँछ । यी स्रोतहरुको उच्चतम प्रयोगले व्यक्तिगत तथा समाजीक लाभ र उन्नती को लागी सहयोग पुऱ्याउँदछ । भूमिको दुरूपयोग, अति प्रयोग रोक्दै र भूमि र पर्यावरणीय संसाधनहरु को दिगो उपयोग पर्यावणीय सन्तुलनको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। यस नगरपालिकामा प्रयाप्त मात्रामा वनजंगल क्षेत्र पनि रहेको छ । त्यस्तै बबई नदी, तथा विभिन्न खोलाहरु पनि रहेका छन । यस नगरपालिकामा खोलाहरुबाट समुचित रुपले सिचाई व्यवस्था गरि उत्पनन बढाउन सकिन्छ साथै बालुवा उत्खनन् गरि नगरपालिकाको आय आर्जन बढाउन पनि सकिन्छ ।

चित्र नं. ३  बारबर्दिया नगरपालिकामा रहेका नदि तथा खोलाको नक्सा




Projection and Datum: WGS 1984

## २.२ भू-उपयोग तथा मानव बसोबास

भू-उपयोगले खाद्य सुरक्षा, जैवीक विविधता र विश्वव्यपी परिवर्तनका साथै मानिसहरुको सामाजिक आर्थिक र पर्यावरणीय प्रणालीमा महत्वपूर्ण प्रभाव पारेको छ । समय परिवर्तन सगै कुनै एक निश्चित स्थानको भू-उपयोग अर्को प्रकार को भू-उपयोग द्वारा पूर्ण वा आंशिक प्रतिस्थापन भएको हुन सक्दछ, उदाहरणको लागि वन कटान भई कृषी भूमिमा वृद्धि हुनु। योजनावद्ध भू-उपयोगले खाद्य सुरक्षा, सामाजिक र आर्थिक विकासमा, भूमि व्यवस्थापन र विकास मा एक महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।भू-उपयोगको सम्बन्ध विभिन्न प्राकृतिक घटनाहरु जस्तै जलवायु परिवर्तन, खाद्य सुरक्षा, मानव स्वास्थ्य, शहरीकरण, जैविक विविधता, बसाईसराई, पानीको उपलब्धता र गुणस्तर, पारिस्थितिकी प्रणालि सगँ रहेको छ।यस प्रकार भू-उपयोग स्थानीय र विश्वव्यपी परिवर्तनको एक महत्वपूर्ण कारण हो ।

तालिका ३ भू-उपयोग को वर्गीकरण

| क्र.स. | भूउपयोग बर्ग | ब.कि.मि | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | १०३.६१ | ४५.७५ |
| २ | ब्यबसायिक | ०.०३ | ०.०१ |
| ३ | सांस्कृतिक | ०.०० | ०.०० |
| ४ | बन जंगल | १००.३० | ४४.२९ |
| ५ | नदि तथा तट | १२.१६ | ५.३७ |
| ६ | औधोगिक | ०.०२ | ०.०१ |
| ७ | अन्य | ०.११ | ०.०५ |
| ८ | सार्बजनिक उपयोग | २.४० | १.०६ |
| ९ | आवासीय | ७.८३ | ३.४६ |
| | जम्मा | २२६.४६ | १००.०० |

तालिका ४ नगरपालिकाको वडागत भौगोलिक विभाजन

| वडा न. | बर्ग कि.मी. | प्रतिशत |
|---|---|---|
| १ | ४७.०५ | २०.७४ |
| २ | १०.३३ | ४.५५ |
| ३ | १६.३२ | ७.१९ |
| ४ | २२.६२ | ९.९७ |
| ५ | १३.०७ | ५.७६ |
| ६ | १०.१३ | ४.४७ |
| ७ | १६.२१ | ७.१५ |
| ८ | ८.०२ | ३.५४ |
| ९ | ३३.४६ | १४.७५ |
| १० | १८.८७ | ८.३२ |
| ११ | ३०.३८ | १३.५६ |
| जम्मा | २२६.४६ | १०० |

चित्र नं. ४ बारबर्दिया नगरपालिकाको भू-उपयोग नक्सा




## २.३ आर्थिक अवस्थाः

### २.३.१ कृषि, मत्स्य तथा पशुपालन

नगरपालिकामा करिव ६५ प्रतिशत घरपरिवार कृषि तथा पशुपालनमा संलग्न रहेको देखिन्छ । व्यावसायिक फर्मको विकास मार्फत पशुपालन क्षेत्रलाई कृषकको आम्दानीको मुख्य स्रोतको रुपमा अझै पूर्ण विकास गर्न नसकेको अवस्था विद्यमान देखिन्छ। कृषि तथा पशुपालन क्षेत्रमा ८१०० जना रोजगार सृजना भएको छ । कुल २१३ वटा कृषि तथा पशुपंक्षी फार्म रहेको छ भने कृषि तथा पशुपालनको क्षेत्रमा बिभिन्न ३२६ भन्दा बढी समूह कृयाशिल रहेका छन्। यस नगरपालिका अधिकांश मानिस पशु पालन र कृषि पेशामा संलग्न रहेको छन् । यस नगरपालिका को भूबनोट समथर र उर्बर मलिलो माटोका कारण व्यावसायिक कृषि उत्पादनको प्रवल संभावना रहेको छ तर आजभोली घर घडेरीका लागि जमिन प्लटिङ हुदै गएकोले उत्पादन दिन प्रतिदिन घट्दै जानुका साथसाथै वातावरण मा पनि असर परेको छ्र यहाँ मौसम अनुसारका खेति १२ महिना गर्न सकिन्छ । मुख्य बालि धान, गहुँ, मकै, मास, मसुरो, रहर, आलस ,तोरी, मम्फुली, आलु आदि हुन्छ। आज भोलि ब्यवासाहिक रुपमा तरकारी खेति, पशुपालन, कुखुरापालन, बंगुर तथा हास पालन गरिदै आएको छ | उत्पादित खाधन्न तथा तरकारी नजिकै हाटबजारहरु, जयनगर, राजापुर, वासगढी र नेपालगंज क्षेत्रमा बेचबिखन गरिन्छ।

नगरपालिकामा विशेषगरी गाई, भैंसी, बाख्रा, सुँगुर नै यहाँका मुख्य घरपालुवा जनावर हुन । यसबाट नगरपालिका बासीहरूको जीविकोपार्जनमा केहि सुधार भैरहेको छ। पशुजन्य उत्पादनहरू जस्तै, दुध,

दही, घिउ तथा मासुका लागि कुखुरा, बंगुर, खसी, बोकाहरूको बिक्रीबाट आम्दानी बढेको देखिन्छ । यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाई, भैसी, कुखुरा फार्महरू लगायतका कृषिजन्य उद्योगहरू रहेका छन । त्यस्तै गरी भेटेनरी सेवा पनि नगरपालिकामा उपलब्ध रहेको छ |

यो नगरपालिका माछा पालनको लागि प्रसिद्ध रहेको छ साथै पशुपालन ब्यबसायका दृष्टिले बाख्रा पालन ब्यबसायको प्रवल सम्भावना बोकेको यस नगरपालिकामा भैसी, गाई, बंगुर तथा कुखुरा जस्ता पशुपंक्षी पालनको माध्यमवाट स्थानीय कृषकको आर्थिक-सामाजिक जीवनमा परिवर्तन हुन सक्ने सम्भावना त्यत्तिकै रहेको देखिन्छ। गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाख्रा र बंगुरतर्फ उन्नत जातका भालेहरूसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरूमा वर्णशंकरको संख्या बढ्दो छ। तथपि बँधुवा पशुपालन पद्धतिको कमीले गर्दा छाडा गाई छोडने समस्या छ । कमजोर पशु स्वास्थ्य व्यवस्थपन, कुपोषण तथा पशुपालन सम्बन्धी प्राविधिक ज्ञान तथ चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएका अवस्था छैन (नगरपालिकाको यस उपक्षेत्रको तथ्यांकगत विवरण सम्बन्धित उपक्षेत्रको नतिजा खाकामा उल्लेख गरिएको छ) ।

### २.३.२ पर्यटन तथा सस्कृति

नेपालकै एक प्रमुख प्राकृतिक पर्यटकीय गन्तब्यको रुपमा स्थापित बर्दिया राष्ट्रिय निकुन्ज निकटमा अवस्थित बारबर्दिया नगरपालिका पर्यटन विकासको प्रचुर सम्भावना बोकेको क्षेत्र हो। आक्रर्षक वन तथा उद्यान क्षेत्र, एतिहासिक एबम धार्मिक सम्पदा, पर्यटकिया ताल, भौगोलिक अवस्थिति आदिको विस्तृत अध्ययनको आधारमा पर्यटन विकासका कार्यक्रममा जोड दिनु पर्ने देखिन्छ । खासगरि बारबर्दिया नगरपालिका क्षेत्रलाई प्राकृतिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने प्रचुर सम्भाबना रहेको छ । त्यसै गरि कृषि ब्यबसयालाई पनि पर्यटनसँग जोडेर आम जनसमुदायलाई कृषि पर्यटनसँग आवद्ध गराई आय आर्जनमा बृदि गर्न सकिने अवसर रहेको छ । नगरपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि, वन, मत्स्यपालन, उद्योग, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ।

### २.३.३ सिंचाई

यस नगरपालिका क्षेत्रमा राष्ट्रिय गौरवको रुपमा रहेको बबई सिचाई आयोजान रहेको हुदा यस नगरपालिका सिचाईको विकाशको हिसावले एक महत्वपुर्ण क्षेत्रको रुपमा रहेको छ । त्यसैले यस क्षेत्र बाट राज्यले सिचाईको विकाश संगसंगै प्रस्सस्त मात्रामा कृषि क्षेत्रको बिकासको लक्ष्य लियको छ । बबई सिचाई आयोजाको साथ साथै यस नगरपालिका क्षेत्रमा परम्परागत रुपमा चलिआहेका राजकुलो लगायतका अन्य सिंचाई आयोजनाबाट सिंचाई भैरहेको छ। हाल प्रयोगमा रहेका सिंचाई प्रविधिहरुमा कुलो तथा थोपा सिंचाई रहेका छन्। सिंचाईका लागि यस नगरपालिकामा रहेका खोला नालाहरुबाट सिंचाईको दिगो व्यवस्थापनबाट खेतीयोग्य भूमिमा सिंचाई सुविधा विस्तार गर्न सकिने संभावना रहेको छ | आर्थिक विकासको प्रमुख साधन मध्ये सिंचाई एक प्रमुख क्षेत्र हो।

### २.३.४ उद्योग, व्यापार, व्यवसाय र रोजगारी

स्टिल फर्निचर उद्योग, मील, फर्निचर उद्योग, सिमेन्ट ९टायल, ब्लक, रिङ० उद्योग, ईटा भट्टा उद्योग, कुखुरा पालन, पशु पालन आदि यस नगरपालिकामा रहेका केही ठूला तथ साना घरेलु उद्योग व्यवसायहरू हुन् । यस नगरपालिकाका मानिसहरू क्रमिक रूपमा औद्योगिक विकास तर्फ लागिरहेका देखिन्छ । यस नगरपालिकाको अर्को मुख्य आर्थिक आधार वैदेशिक रोजगार रहेको देखिन्छ।

नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने नगरबासीहरुको मुख्य पेशा कृषी तथा पशुपालनमा क्षेत्र रहेको छ। यस नगरपालिकामा कृषि तथा पशुपालन क्षेत्रमा आश्रित नागरिकलाई रोजगारमूलक सेवा तथा उत्पादनमुलक उद्योग व्यवसायमा रोजगारी सिर्जना हुने क्षेत्रमा सिप सहित रोजगारी सिर्जना गर्नु पर्ने आवश्यकता छ | यसै गरि कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण र औधोगीकिकरण गर्नु पर्ने छ |

### २.३.५ सहकारी र वित्तीय सेवा

यस नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ। सहकारी संस्थाहरुले स्थानीय स्तरको बचतलाई नगरपालिकाबाट बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आयमूलक कार्यमा लगानी गरिरहेका छन। नगरपालिकामा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथ ऋण, कृषि, बहुद्देश्यीय, दुग्ध तथा अन्य प्रकृतिका सहकारी संस्थहरूबाट कर्जा लगानी हुने गरेको छ । साथै नियमित रूपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको देखिन्छ । जसमा बचत तथ ऋण सहकारी संस्थ १२, बहुउद्देश्यीय ५, कृषि २५, दुग्घ ३ र उपभोक्ता ५ र अन्य ३ गरी जम्मा ५३ वटा सहकारी संस्थहरू संचालनमा रहेका छन् ।

## २.४ सामाजिक अवस्था

यस नगरपालिकाको पाश्र्वचित्र २०७४, राष्ट्रिय जनगणना २०७८, आर्थिक सर्वेक्षण लगायतवाट उपलब्ध तथ्यांकको आधारमा समग्र नगरपालिकाको सामाजिक, जनसांख्यीक अवस्था (जनसंख्याको वितरण, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, महिला, वालबालिका तथा सामाजिक समावेशीकरण ) को विश्लेषण प्रस्तुत गरिएको छ ।

### २.४.१ जनसांख्यीक तथा सांस्कृतिक अवस्था

#### वडा अनुसार घर परिवार र जनसंख्या (लिंगको आधारमा समेत)

२०७८ सालको जनगणना अनुसार यस नगरपालिकाको १६८९७ घरधुरीको संख्या छ भने कुल जनसंख्या ७२५३३ जना रहेको छ र औसत परिवार संख्या ४.२९ रहेको छ रहेको छ। जुन २०६८ सालको जनगणनामा १३२६८ घरपरिवार र ३८०१२ कुल जनसंख्या रहेको थियो। राष्ट्रिय जनगणना २०७८ अनुसार नगरपालिकाको बार्षिक जनसंख्या वृद्धिदर ०.६२ प्रतिशत रहेको छ भने जनघनत्व ३२१ जना रहेको छ |सबैभन्दा बढी घरधुरी वडा नं.१० मा रहेका देखिन्छ। त्यसै गरी वडा नं. २ सबै भन्दा कम घरधुरी रहेको देखिन्छ। वडागतरुपमा परिवार तथा जनसंख्याको विस्तृत विवरण निम्न तालिकामा प्रस्तुत गरिएकोछ।

तालिका ५ वडागत घरधुरी र लिंगको आधारमा जनसंख्याको वर्गीकरण

| वडा नं | परिवार संख्या | जनसंख्या | | | औसत परिवार संख्या | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जनसंख्या | पुरुष | महिला | | |
| १ | १५३२ | ६१७१ | २८४९ | ३३२२ | ४.०३ | ८५.७६ |
| २ | १२३१ | ५५७७ | २६६० | २९१७ | ४.५३ | ९१.१९ |
| ३ | १५७० | ७१०७ | ३४१६ | ३६९१ | ४.५३ | ९२.५५ |
| ४ | १४६८ | ६९०३ | ३३३५ | ३५६८ | ४.७० | ९३.४७ |
| ५ | १३१६ | ५७५४ | २७२१ | ३०३३ | ४.३७ | ८९.७१ |
| ६ | १५९४ | ६४६० | ३००३ | ३४५७ | ४.०५ | ८६.८७ |
| ७ | १६६६ | ६५१३ | २८७१ | ३६४२ | ३.९१ | ७८.८३ |
| ८ | १५६९ | ६३०३ | २८२६ | ३४७७ | ४.०२ | ८१.२८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | १७७४ | ७६६७ | ३५९४ | ४०७३ | ४.३२ | ८८.२४ |
| १० | १९०५ | ८०६२ | ३८९९ | ४१६३ | ४.२३ | ९३.६६ |
| ११ | १२७२ | ६०१६ | २९५२ | ३०६४ | ४.७३ | ९६.३४ |
| जम्मा | १६८९७ | ७२५३३ | ३४१२६ | ३८४०७ | ४.२९ | ८८.८५ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

यस बारबर्दिया नगरपालिका उमेरगत जनसंख्याको विवरण देहायको तालिकामा दिइएको छ ।

तालिका ६ उमेर समुहको आधारमा जनसंख्याको वर्गीकरण

| उमेर समुह | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| सबै उमेरको | ७२५३३ | ३४१२६ | ३८४०७ |
| ००–०४ बर्ष | ५७५७ | ३००४ | २७५३ |
| ०५–०९ बर्ष | ६०५७ | ३१७४ | २८८३ |
| १०–१४ बर्ष | ६७६१ | ३४७५ | ३२८६ |
| १५–१९ . बर्ष | ६९४५ | ३२१५ | ३७३० |
| २०–२४ बर्ष. | ७१९८ | ३०२८ | ४१७० |
| २५–२९ बर्ष | ७२७६ | ३१०९ | ४१६७ |
| ३०–३४ बर्ष | ५८९४ | २५७० | ३३२४ |
| ३५–३९ बर्ष | ५२११ | २२४४ | २९६७ |
| ४०–४४ बर्ष | ४४१५ | २०१२ | २४०३ |
| ४५–४९ बर्ष | ३६३३ | १७६४ | १८६९ |
| ५०–५४ बर्ष | ४०२० | १८४६ | २१७४ |
| ५५–५९ बर्ष | २८८८ | १४८८ | १४०० |
| ६०–६४ बर्ष | २०५१ | ९६७ | १०८४ |
| ६५–६९ बर्ष | १७५९ | ८४२ | ९१७ |
| ७०–७४ बर्ष | १४६० | ७६८ | ६९२ |
| ७५–७९ बर्ष | ७४८ | ३९७ | ३५१ |
| ८०–८४ बर्ष | २७५ | १२९ | १४६ |
| ८५–८९ बर्ष | ११७ | ६६ | ५१ |
| ९०–९४ बर्ष | ३८ | १५ | २३ |
| ९५+ बर्ष | ३० | १३ | १७ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

## धर्मका आधारमा जनसंख्याको वर्गीकरण

धर्मअनुसार जनसंख्याको वितरणलाई अध्ययन गर्दा यस नगरपालिकामा आदिवासी/जनजाति अन्य जातजातिहरूको बसोबास रहेता पनि यस नगरपालिकाको प्राय जसो समुदायका अधिकांश मानिसहरूले धर्मको रूपमा सनातन हिन्दु धर्मलाई स्वीकारेको देखिन्छ । नगरपालिका क्षेत्रभित्र बसोवास गर्ने मानिसहरुमा सबैभन्दा वढी हिन्दु धर्म (९५ प्रतिशत) रहेको छ भने दोस्रोमा क्रिस्चियन धर्म मान्नेको संख्या ३.०३ प्रतिशत रहेको छ ।यद्यपि थारु, मगर, राई, समुदायको भने आफ्नै भाषा, रहन सहन, भेष भुषा एवं परम्परा र संस्कार रहेको पाईन्छ
(राष्ट्रिय जनगणना २०७८ को धर्मको आधारमा जनसंख्याको बर्गिकरण तथ्यांक प्रकाशन नभएकोले)

## भाषागत रुपमा जनसंख्याको विवरण

नगरपालिकाक्षेत्र भित्र वसोवास गर्ने मानिसले बोल्ने भाषालाई आधार बनाएर गरेको सर्भेक्षणमा खास गरि ९ प्रकारका भाषाहरुको प्रयोग गर्ने मानिसहरु बसोवास रहेको पाइयो जस मध्ये अधिकांस थारु भाषा प्रयोग गर्ने जनसंख्या ७१ प्रतिशत भन्दा बढी रहेको देखिन्छ । देश्रोमा नेपाली भाषा र तेश्रो स्थानमा मगर भाषा प्रयोग गर्नेको बाहुल्यता रहेको देखिन्छ । प्रस्तुत तालिकामा नगरपालिका भित्र वसोवास गर्ने जनसमुदायले प्रयोग गर्ने भाषा तथा उक्त भाषा प्रयोग गर्ने कुल जनसंख्याको विस्तृत विवरण उल्लेख गरिएकोछ ।

तालिका ७ भाषागत रुपमा जनसंख्याको वर्गीकरण

| क्र.सं. | भाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | थारु | ५०४०५ | ७१.०९ |
| २ | नेपाली | १९१९४ | २७.०७ |
| ३ | मगर | २९० | ०.४१ |
| ४ | राजी | २०४ | ०.२९ |
| ५ | अवधी | ९६ | ०.१४ |
| ६ | हिन्दि | ६६ | ०.०९ |
| ७ | तामाङ | ६५ | ०.०९ |
| ८ | मैथिली | ३८ | ०.०५ |
| ९ | बैतडेली | ३४ | ०.०५ |
| १० | अन्य | ८६ | ०.१२ |
| ११ | थाहा नभएको | ४२६ | ०.६० |

स्रोतः बारबर्दिया नगरपालिकको नगर प्रोफाइल, २०७५

## जातजाती समूहअनुसार जनसंख्याको विवरण

यस नगरपालिकामा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थलाई हेर्दा सबैभन्दा बढी थारु ५१,२४२ जना (७२.२७ प्रतिशत), दोस्रोमा क्षेत्री ६,४७३ (९.१३ प्रतिशत), तेस्रोमा दलितहरु ४,३८७ (६.१९ प्रतिशत), र चौथोमा ब्राम्हण पहाडी ३,७४३ (५.२८ प्रतिशत) रहेका छन् भने मगर, ठकुरी, सन्यासी/दशामी, राजी लगायतका अन्य जातिहरूको संख्या सबैभन्दा कम रहेको देखिन्छ । जसको विस्तृत विवरण माथिको तालिकामा र तल स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

तालिका ८ जातजाती समूहअनुसार जनसंख्याको वर्गीकरण

| क्र.स. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | थारु | ५१२४२ | ७२ा२७ |
| २ | क्षेत्री | ६४७३ | ९ा१३ |
| ३ | दलित | ४३८७ | ६ा१९ |
| ४ | ब्राम्हण पहाडी | ३७४३ | ५.२८ |
| ५ | मगर | १९३४ | २.७३ |

| क्र.स. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|
| ६ | ठकुरी | ५१५ | ०.७३ |
| ७ | सन्यासी / दशनामी | ३३६ | ०.४७ |
| ८ | राजी | ३२३ | ०.४५ |
| ९ | अन्य | १६३७ | २.३१ |
| १० | थाहा नभएको | ३१४ | ०.४४ |

स्रोतः बारबर्दिया नगरपालिकाको नगर प्रोफाइल, २०७५

नगरपालिकामा आदिवासीहरू मध्ये सबैभन्दा बढी थारु जातिहरु ५१,२४२ जना (७२.२७ प्रतिशत) जनसंख्या रहेको छ। मुख्यतः कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रूपमा न्युन रहेको छ। एकातर्फ बाल विवाह, बच्चा जन्मनु पूर्व नै मगनी गर्ने विवाह, गुरुवा (धामी, झाक्री) प्रथजस्ता सामाजिक प्रथहरू यस समुदायमा हालसम्म आंशिक रूपमा भएपनि कायमै रहेको पाइन्छ भने अर्कातर्फ यी जनजातीहरूको आफनो मौलिक संस्कृतिलाई परिवर्तित समुदायमा पनि जीवन्त राखेको यस नगरपालिकामा बसोबास गर्ने मानिससहरूको भेषभूषाको बारेमा चर्चा गर्दा महिलाको साडी, चोलो तथ पुरुषको धोती, कुर्ता, कमिज भएको पाइन्छ । पहाडी समुदायका क्षेत्री, बाहुन, दलित, ठकुरी आदि पुरुषले कमिज सुरुवाल, दौरा सुरुवाल लगाउँछन् भने मधेसी मुलका पुरुषहरूले कमिज, धोती आदि लगाउँछन् । तर अहिलेको समयमा सबै जातजातिका युवा, युवतीहरू क्रमशः पैन्ट, शर्ट, साडी ब्लाउज, कुर्ता सलवार नै लगाउन रुचाउँछन् ।यहाँ धेरै जसो महिना गर्मी हुने हुँदा राष्ट्रिय पोशाक दौरा सुरुवाल, साडी चौवन्दी चोलो लगाउने मानिस यदाकदा मात्र देखिनु स्वभाविक हो ।

### २.४.२ शैक्षिक अवस्था

साधारण लेखपढ गर्ने सम्मलाई साक्षर मान्दा कुल जनसंख्याको (५बर्ष मुनीलाई नसमेट्दा) कुल जनसंख्याको ठढाण्ट प्रतिशत जनसंख्या साक्षर रहेको देखिन्छ।लैंगिक हिसाबले यो नगरपालिकामा पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तैः यस नगरपालिकाको पुरुषको साक्षरता दर ८द्धाघढ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ७द्ध.द्धज्ञ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षरता दरमा लगभग ज्ञण प्रतिशत भन्दा बढी फरक देखिन्छ।(स्रोतःराष्ट्रिय जनगणना २०७८)

यसै अनुरूप यस नगरपालिकामा सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थहरूको विवरणअनुसार नगरपालिकामा आधारभूत विद्यालयको संख्या (आधारभुत १–५ सम्म २६ र आधारभुत ६–८ सम्म १६ ) ४२ वटा रहेका छन् भने माध्यमिक विद्यालय (मावि ९–१० सम्म ११, र ११-१२ सम्मका ६) १७ वटा रहेका छन् । यस नगरपालिकामा रहेका शिक्षण संस्थहरूको अवस्थिति चित्र २.६ उल्लेख गरिएको छ।(नगरपालिकाको शिक्षाको तथ्यांकगत वर्तमान अवस्था नतिजा खाकामा उल्लेख गरिएको छ)

तालिका ९ वडागत साक्षरता वा पढाईको आधारमा जनसंख्याको बर्गिकरण (उमेर समुह ५ बर्ष माथिको)

| वडा न. | लिंग | ५ बर्ष भन्दा माथिको जनसंख्या | जनसंख्या जसले पढ्न र लेख्न सक्छन | पदन मात्र सक्छन | पढ्न र लेख्न सक्दैनन् | साक्षरता दर |
|---|---|---|---|---|---|---|
| औसद | जम्मा | ६६७७६ | ५२७९३ | ४३७ | १३५२६ | ७९.०६ |
| | महिला | ३११२२ | २६२६३ | १४९ | ४७०२ | ८४.३९ |
| | पुरुष | ३५६५४ | २६५३० | २८८ | ८८२४ | ७४.४१ |
| १ | जम्मा | ५६६४ | ४४१८ | ४७ | ११९९ | ७८.०० |
| | महिला | २५९८ | २१७५ | १३ | ४१० | ८३.७२ |
| | पुरुष | ३०६६ | २२४३ | ३४ | ७८९ | ७३.१६ |
| २ | जम्मा | ५१२२ | ४१९८ | ६ | ९१८ | ८१.९६ |
| | महिला | २४१७ | २१२९ | १ | २८७ | ८८.०८ |
| | पुरुष | २७०५ | २०६९ | ५ | ६३१ | ७६.४९ |
| ३ | जम्मा | ६५३३ | ५२३० | १५ | १२८३ | ८०.०६ |
| | महिला | ३१३६ | २६९५ | ३ | ४३६ | ८५.९४ |
| | पुरुष | ३३९७ | २५३५ | १२ | ८४७ | ७४.६२ |
| ४ | जम्मा | ६४३३ | ५०६८ | १७८ | ११८७ | ७८.७८ |
| | महिला | ३०७६ | २६१६ | ६० | ४०० | ८५.०५ |
| | पुरुष | ३३५७ | २४५२ | ११८ | ७८७ | ७३.०४ |
| ५ | जम्मा | ५३३५ | ४४३९ | १२ | ८८३ | ८३.२१ |
| | महिला | २५०८ | २२१६ | ४ | २८७ | ८८.३६ |
| | पुरुष | २८२७ | २२२३ | ८ | ५९६ | ७८.६३ |
| ६ | जम्मा | ५९४१ | ४४६६ | २० | १४५४ | ७५.१७ |
| | महिला | २७१९ | २१७४ | १० | ५३४ | ७९.९६ |
| | पुरुष | ३२२२ | २२९२ | १० | ९२० | ७१.१४ |
| ७ | जम्मा | ५९४६ | ४६४० | ६६ | १२३९ | ७८.०४ |
| | महिला | २५९४ | २१५७ | २३ | ४१३ | ८३.१५ |
| | पुरुष | ३३५२ | २४८३ | ४३ | ८२६ | ७४.०८ |
| ८ | जम्मा | ५७४७ | ४६२९ | ११ | ११०६ | ८०.५५ |
| | महिला | २५१२ | २१६५ | ४ | ३४२ | ८६.१९ |
| | पुरुष | ३२३५ | २४६४ | ७ | ७६४ | ७६.१७ |
| ९ | जम्मा | ७०४५ | ५६४२ | १६ | १३८२ | ८०.०९ |
| | महिला | ३२६१ | २७८७ | ९ | ४६५ | ८५.४६ |
| | पुरुष | ३७८४ | २८५५ | ७ | ९१७ | ७५.४५ |
| १० | जम्मा | ७४३७ | ५४८९ | १४ | १९२८ | ७३.८१ |
| | महिला | ३५७५ | २८१४ | ८ | ७५१ | ७८.७१ |
| | पुरुष | ३८६२ | २६७५ | ६ | ११७७ | ६९.२६ |
| ११ | जम्मा | ५५७३ | ४५७४ | ५२ | ९४७ | ८२.०७ |
| | महिला | २७२६ | २३३५ | १४ | ३७७ | ८५.६६ |
| | पुरुष | २८४७ | २२३९ | ३८ | ५७० | ७८.६४ |

स्रोत: राष्ट्रिय जनगणना २०७८ को प्रतिबेदन

चित्र नं. ५ बारबर्दिया नगरपालिकामा रहेका शिक्षण संस्थाको अवस्थिति नक्सा




## २.४.३ स्वास्थ्य

यस नगरपालिकामा ३ वटा बि.ई.ओ.एन.सी.(आधारभुत) उपलब्ध स्वास्थ्य संस्था, एक वटा प्राथमिक स्वास्थ्य सेवा केन्द्र,२ वटा सामुदायिक स्वाथ्य इकाइ, ३ वटा स्वास्थ्य चौकी, १९ वटा गाउँ घर क्लिनिक, २५ वटा खोप क्लिनिक साथै एक वटा आयुर्वेद स्वास्थ्य केन्द्र रहेका छन् तर आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दीअनुसार स्वास्थ्यकर्मीहरू छैनन्। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षणअनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथ निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रैले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्थनीय समुदायहरू, स्थनीय गैरसरकारी निकायहरूका प्रतिनिधीहरूको अभिव्यक्तिअनुसार यस नगरपालिकामा मातृ तथ शिशु मृत्युदर गम्भीर समस्याको रूपमा रहेको छ। यस क्षेत्रमा आपतकालिन प्रसुती सेवाको कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदरको सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्युन गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ। स्वास्थ्य संस्थहरूमा औषधीको कमी मुख्य समस्याको रूपमा रहेको देखिन्छ ।

चित्र नं. ६ बारबर्दिया नगरपालिकामा रहेका स्वास्थ्य संस्थाको अवस्थिति नक्सा




Projection and Datum: WGS 1984

## २.४.४ खानेपानी तथा सरसफाईको अवस्था

खानेपानी स्वच्छ जीवनको प्रमुख आधार हो । खानेपानी सुरक्षित नहँदा विभिन्न दुषित तथ असुरक्षित पानीबाट लाग्ने रोगको जोखिम हुन्छ । खानेपानी सुरक्षित राख्न त्यस ठाउँको वातावरण पनि सफा र स्वच्छ रहनु पर्दछ ।खानेपानीमा प्रयोग गरिएको स्रोतको आधारमा गाउँपालिकाको स्वास्थ्य स्थिति निर्धारण गर्न सकिन्छ।सुरक्षित खानेपानीको प्रयोगबाट विभिन्न रोगको जोखिम न्युनीकरण गर्न सकिन्छ ।

### नगरपालिकामा खानेपानीका प्राथमिक स्रोतहरु

बरबर्दिया नगरपालिकाको खानेपानीको प्रमुख स्रोत भूमिगत जलस्रोत भएकोले नगरपालिकाको परिवारहरूले सबैभन्दा बढी ट्युवेल/हाते पम्प को पानी प्रयोग गरेको पाइएको छ जुन स्वास्थ्यको दृष्टिकोणमा त्यति सुरक्षित मानिदैन। बारबर्दिया नगरपालिकाको नगर प्रोफाइल, २०७५ अनुसार नगरपालिकामा ट्युवेल/हाते पम्पको प्रयोग गर्ने घरधुरी को संख्या सबै भन्दा बढी छ । जुन ९१.७३ प्रतिशत सबैभन्दा बढी रहेको छ भने करिब ७.३२ प्रतिशत घरधुरी संख्याले धारा तथ पाइपको पानी प्रयोग गर्ने गरेको देखिन्छ।

### सरसफाईको अवस्था

बरबर्दिया नगरपालिकामा कच्ची तथा पक्की गरी ८७.५ प्रतिशत घरपरिवारमा शौचालय उपलब्ध रकेका छ । तर बारबर्दिया नगरपालिकाको नगर प्रोफाइल, २०७५ ले करिब १२ प्रतिशत घरपरिवारमा शौचालय उपलब्ध नरहेको देखिन्छ । शौचालयको प्रयोग गर्ने कुल घरपरिवारको करिब ६५ प्रतिशत घरपरिवारले मात्रै पक्कि शौचालय प्रयोग गर्ने गरेको देखिन्छ ।

### २.४.५ महिला वालबालिका तथा सामाजिक समावेशीकरण

नेपालको संविधानको व्यवस्था एबम् अन्य प्रचलित नीतिगत व्यवस्था र कानून बमोजिम महिला, बालबालिका, जेष्ठ नागरिक, अपांग, दलित, आदिवासी जनजाति, द्वन्द पिडित तथा विपन्न वर्गको लागि सामाजिक न्याय तथा समानताका लागि विशेष व्यवस्था गरेको छ। लैगिंक हिंसा, बाल विवाह तथा बहु विवाहका घटनामा कमी हुँदै गएको छ। लक्षित वर्गका लागि रोजगारी, सीप विकास र सहभागिताका विशेष अवसर सिर्जना हुने कार्यक्रम प्राथमिकतामा पर्ने गरेका छन्। बारबर्दिया नगरपालिकाको नगर प्रोफाइल, २०७५ ले करिब २९१ जना ३ दिन सम्मको तालिम लिने, ३-७ दिन सम्मको तालिम लिने १३४ जना तथा १ हप्ता देखि ४ हप्ता सम्मको तालिम लिने ३६ जना र ४ हप्ता भन्दा बढीको तालिम लिने संख्या १८ रहेको उल्लेख गरेको छ। नगरपालिकाले प्रतेक बर्ष महिलालाई ब्यबसायिक सीपमूलक तालिम प्रदान गर्दै आएको छ भने फरक क्षमता भएका नागरिकलाई समेत रोजगारमुलक तालिम संचालन गर्ने गरेको छ ।

### २.४.६ युवा, खेलकुद तथा नवप्रबर्तन

नगरपालिकाले युवा स्वरोजगारी तथा खेलकुद क्षेत्रको प्रवद्र्धन गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छ । युवा स्वरोजगारीका तालिम तथा प्रोत्साहनमुलक कार्यक्रमहरु हरेक वर्ष नगरकार्यपालिका कार्यालयले सञ्चालन गर्ने गरेको छ ।युवा हरुलाई स्थानीयस्तरमा टिकाइ राख्न र रोजगार प्रबर्द्धन गर्न नवप्रबर्तनमा आधारित कार्यक्रम संचालन गर्न नगरपालिकाले बिशेष जोड दिदै आएको छ । त्यसैगरी, युवाशक्ति परिचालनको लागि कानूनी व्यवस्था हुनु, युवा उमेर समूहको (१६-४० बर्ष) जनसङ्ख्या उच्च रहनु, स्थानीय सरकार संचालन ऐनले स्थानीय खेलकूद विकासको जिम्मेवारी स्थानीय सरकारलाई दिनु, खेलकूद प्रति चासो वृद्धि हुँदै जानु, युवाक्लवहरू गठन भई परिचालन हुनु, खेलकूदका सामान्य पूर्वाधार हुनु आदि यस क्षेत्रका प्रमुख उपलब्धि हुन ।

## २.५ भौतिक पूर्वाधार (सडक, वस्ती तथा भवन, उर्जा र संचार) को अवस्था

### २.५.१ सडक तथा यातायात

बारबर्दिया नगरपालिका नगर प्रोफाइल २०७४ अनुसार यस नगरपालिका भित्रका सबै वडाहरुमा सडक सञ्जाल पुगेको छ। नगरपालिकामा भौतिकपूर्वाधारको क्षेत्रमा मुख्य गरी, पूर्व-पश्चिम राजमार्ग र अन्य सहायक मार्गहरु रहेका छन । नेपालको महत्वपूर्ण पूर्व-पश्चिम राजमार्गमा पर्ने यस नगरपालिकाको सडक सञ्जालको स्थिति हेर्दा पक्की सडक करिव ५० कि.मि.जति छ भने अन्य सडकहरु अझै ग्राभेल तथा कच्चि नै रहेको देखिन्छ । नगरपालिकाको सबै वडाहरू सडक सञ्जालले जोडिएका छन् ।नगरपालिकाले सडकको मापदण्ड निर्धारण गरेको छ ।

चित्र नं. ७ बारबर्दिया नगरपालिकाको मुख्य सडक खण्ड




## २.५.२ आवास, वस्ती तथा शहरी विकास

नगरपालिकामा बस्ती विकास तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२ को मापदण्डमा आधारित भई नगरपालिकाले योजना तथा भवन निर्माण मापदण्ड तयार गरी स्विकृत गरेको छ । साथै नगरपालिकामा यातायात गुरुयोजना अनुसार सडकको मापदण्ड तयार भई कार्यान्वयनमा रहेको छ र यसै अनुसार घरनक्शा पास र भवन तथा भौतिक विकास निर्माणको कार्य सञ्चालनमा रहेको छ ।

बारबर्दिया नगरपालिकाको नगर प्रोफाइल २०७५ अनुसार यस नगरपालिका भित्रका घरपरिवार मध्ये ज्ञइ.टज्ञ प्रतिशत मात्रै पक्की घरहरु रहेको छ । त्यस्तै ५५.९३ प्रतिशत घरहरु टायलले छायको, १३.०५ प्रतिशत घर जस्ता पाता लगायको र बाँकि १८.४१ प्रतिशत घरहरु खरले छायको देखिन्छ । बारबर्दिया नगरपालिका नेपालको औद्योगिक, पर्यटकीय, आवासीय र व्यापारिक केन्द्रको विकासोन्मुख रहेको छ।यस नगरपालिका क्षेत्र कृषि तथा औधोगिक पूर्वाधार विकासको प्रचुर सम्भाबना रहेको छ । सबै जसो भू-भाग समथर रहेको हुदा यस नगरपालिका क्षेत्रमा पूर्वाधार विकास कार्य सहज रहेको छ।नगरपालिकलाई लुम्बिनी प्रदेशकै प्राकृतिक व्यापारिक पर्यटकीय स्थलको रुपमा विकास गर्न सकिने संभावना रहेको छ ।

## २.५.३ सूचना तथा संचारको पहुंच

सन् १९९० सालसम्म संचार माध्ययमहरू सिमित थिए । हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग अत्यधिक मात्रमा बढ्दै गएको छ । नगरपालिकामा नेपाल टेलिकम र एनसेल दुवैको घन् **4G Netrork** उपलब्ध रहेको । नगरपालिकामा **NCell, NTC** लगायत इन्टरनेट सेवा प्रदायक कम्पनीहरूले

इन्टरनेट सेवा पुऱ्याउँदै आइरहेका छन् भने विभिन्न केवल नेटवर्कद्वारा नगरपालिका बासीहरूले मनोरन्जनात्मक कार्यक्रमहरू हेर्ने गरेको पाइन्छ ।

### २.५.४. बिधुत तथा बैकल्पिक उर्जा

विद्युतको पहुँच सवै वडामा करिव विस्तार भैसकेको छ तर बारबर्दिया नगरपालिकाको नगर प्रोफाइल, २०७५ ले करिब १८ प्रतिशत घरमा बिधुतिय सेवा नपुगेको उलेख गरेको छ | नगरपालिका क्षेत्रका विभिन्न स्थानहरुमा करिब ७.६० प्रतिशत सोलार तथा करिब करिब ७५ प्रतिशत बिधुतिय लाइट प्रयोग गर्ने गरेको देखिन छ। नगरपालिकाको बजार क्षेत्रमा सडक बत्ती जडान गरिएको छ। एलपि ग्यास, वायोग्यास, विद्युत हिटर समेत खाना पकाउन स्वच्छ उर्जा प्रयोग गर्ने गरेको देखिन्छ।

## २.६ वन र वातावरण तथा विपद ब्यबस्थापनको अवस्था

### २.६.१ वन, वाताबरण तथा जैविक बिबिधिताको अवस्था

बारबर्दिया नगरपालिकाको जंङ्गलमा साल, सिसौ, खयर, टिक, करम, जामुन, आदि जातका रुखहरू पाईन्छन। जडीबुटी तर्फ हर्रो ,बर्रो, चिराइतो, नागबेली, विजयसाल, खजुरपात, सर्पगन्ध, असुरो, निम जातका वनस्पतिहरू यहाँका महत्वपुर्ण वन सम्पदाहरू हुन् । त्यस्तै गरी बाघ, बँदेल, चित्तल, स्याल, निलगाईजस्ता वन्यजन्तुहरू र कालिज, सारस, मयूर, काग, गिद्ध, चिलजस्ता पन्छीहरू यहाँ पाउन सकिन्छ। खनिज साधनतर्फ खास अन्वेषण नभएको कारणले प्राकृतिक गर्भमा कुनकुन खनिज साधनहरू छन् भन्ने कुरा एकिन साथ् भन्न सकिने स्थिती छैन । ढुंगा, गिटि, वालुवा आदि यस नगरपालिकाको प्रमुख आय श्रोतको रूपमा रहेको छ । महत्वपुर्ण प्राकृतिक सम्पदाको रूपमा रहेको यस नगरपालिकामा पाइने माटोमा एकरूपता नपाईता पनि दक्षिण तर्फको मैदानी भू-भागको अधिकांस क्षेत्र मलिलो पाँगो माटोले बनेको छ ।

(क) वन्यजन्तु

यस नगरपालिकामा पाइने प्रमुख वन्यजन्तुहरूमा बाघ, हात्ती, चितल, दुम्सी, बँदेल बादर, बनमुसा, स्याल, बन बिरालो, रतुवा, निलगाई, खरायो, मलसाप्रो, ढेडु आदि छन ।

(ख) चराचुरुङगी

बारबर्दिया नगरपालिकामा थुप्रै प्रकारका चराहरू पाइन्छन् । यस नगरपालिकामा पाईने चराचुरुङ्गीहरूमा मयुर, कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथ्ली, काग, भँगेरा, हुचिल, जुरेली, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिब, रूपी, चखेवा, पिरौटा, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, सारस आदि प्रमुख छन।

(ग) घिस्रने जिवजन्तुहरू

यस नगरपालिकामा पाइने घिस्रने जिवजन्तुहरूमा भित्ती, गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, वैरिकरेट, हरेउ, , सुनगोहोरो, अनेक प्रकारका सर्प तथ छेपारो, भातेमहुरा, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि प्रमुख छन।

(घ) कीरा फटयाङ्ग्राहरू

मौरी, खागो, पुत्को, कठेउरी, गोब्रेकीरा, जुका, बिच्छी, खजुरो, झुसिलो, बारुलो, उडुस, अरिंगाल, शङ्खेकीरा, बच्छ्युँ, माकुरा, डाँस, पतेरो, साङ्लो, लामखुटटे सयौं प्रकारका किरा फट्याङ्ग्राहरू आदि ।

(ङ) फूलका प्रजातिहरू

यस नगरपालिकामा विभिन्न किसिमका फुल फुल्ने र एक दलिय वनस्पतीहरू पाइन्छ । सयपत्री, गोदावरी, मखमली, बाह्रमासे, गुलाव, लालुपाते, घन्टीफूल, तिउर, बाबरी, भालेफूल, पारिजात, लाहुरे चुवा, पलास, मसुन्डा आदि नगरपालिकामा पाईने फुलका प्रजातिहरू हुन् ।

### २.६.२ फोहरमैला व्यबस्थापनको अवस्था

यस नगरपालिकामा घरबाट निस्केको फोहोर व्यवस्थापन जयनगर क्षेत्र बाहेक अन्य क्षेत्रमा स्वयंले नै गर्ने गरेको पाइयो। कुहिने र नकुहिने फोहोर अलग अलग नगर्ने गरेका र सबै किसिमका फोहर एकै स्थानमा संकलन गर्ने गरेको छन्। नगरपालिकालाई सधैं सफा राखि वातावरण मैत्री घर, टोल, बस्ती, समाज बनाउने हेतुले राष्ट्रिय सरसफाई अभियानलाई निरन्तरता प्रदान गर्दै आएको परिपे्रक्षमा वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था, टोल सुधार समाज र विपद व्यवस्थपन समितीको अगुवाई र सहकार्यमा टोल तथा वडास्तरमा विभिन्न अभियानको रूपमा संचालन भएको पाइन्छ ।

### २.६.३ विपद व्यबस्थापनको अवस्था

यस नगरपालिका क्षेत्रमा पार्ने प्रभावका आधारमा विभिन्न विपद जोखिमहरु मध्ये आगलागी, बन्यजन्तुको आक्रमण, सडक दुर्घटना र बाढी प्रमुख रुपमा देखिएका छन। विपदको रोकथाम तथा पूर्व तयारी, प्रतिकार्य र पुनःस्थापना तथा पुनःर्लाभ सम्बन्धी नीतिगत र व्यवहारिक सम्बोधनको लागि नगरपालिकामा नगरस्तरीय विपद व्यवस्थापन समिति गठन भएको छ भने स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापना भई सञ्चालनमा रहेको छ। विपदमा परेकालाई तत्काल राहत सहयोगका लागि विपद व्यवस्थापन कोष स्थापना गरी सोको परिचालनको लागि कार्यविधि समेत तयार गरिएको छ। साथै नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति गठन गरी नियमित बैठक गर्ने र समितिको काम, कर्तत्य र अधिकारका विषयमा अभिमुखीकरण समेत सञ्चालन गरिएको छ। यसैगरी नगरपालिकाको स्थानीय विपद व्यवस्थापन तथा जलवायु उत्थानशिल योजना तर्जुमा गरिएको छ।

## २.७ सुशासन तथा संस्थागत क्षमता विकासको अवस्था

संविधानको अनुसूची ८ मा रहेको स्थानीय तहको एकल अधिकार सूची र धारा ९ मा रहेका सांझा अधिकार सूची तथा सो को आधारमा नेपाल सरकार मन्त्रिपरिषदवाट स्वीकृत कार्य बिस्तृतिकरण समेतको आधारमा स्थानीय तहको अधिकार तथा कार्य कार्यान्वयनका लागि नगरपालिकाले आबश्यकता र पहिचानको आधारमा बिभिन्न ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा रहेका छन। संविधान तथा प्रचलित कानून अनुसार नगर सभाबाट न्यायिक समिति, विद्यायन समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरु गठन भई तत्सम्बन्धी विषयमा क्रियाशिलता उन्मुख रहेका छन्। साथै समुदाय र नागरिक समाज समेतको सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेवसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास भैरहेको छ।

नगरपालिकाको नयाँ प्रशासनिक भवन निर्माण सम्पन्न भई सेवा प्रबाह गर्ने तयारी अवस्थामा छ भने वडावाट हुने सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने प्रयास भैरहेको छ। कार्यालयमा इन्टरनेट, विषयगत सेवा प्रवाहको लागि न्यूनतम कार्यकक्ष र भौतिक सामग्रीको व्यवस्थापन गरिएको छ। संघीय संरचना अनुसार

कर्मचारीको समायोजन प्रक्रियासँगै हाल नगरपालिकामा विषय क्षेत्रसँग सम्बन्धित कर्मचारी कार्यरत रहेका छन तर प्राबिधिक कर्मचारी दरबन्दी अनुरुप पदपूर्ति हुन सकेको छैन।

स्थानीय राजस्व परामर्श समितिको अध्ययन र शिफारिशका आधारमा सम्पत्ती कर, मालपोत, व्यवसाय कर, घरवहाल कर तथा वहाल विटौरी शुल्क लगायत सिफारिस तथा प्रमाणित शुल्क तथा दस्तुरका दर निर्धारण गरी सो अनुसार कर तथा गैरकर राजश्व संकलन हुदै आएको छ | नगरपालिकाको स्रोतसाधन, सेवा प्रवाह र कार्यसम्पादन स्तरमा स्थानीय समुदायको चासो र निगरानीमा वृद्धि हुँदै गएको छ। नगरपालिकाको वित्तीय स्रोत बढ्दै गएको र नगरपालिकाको संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरुको सहयोग र तदारुपता पनि क्रमशः बढदै गएको छ।

नगरपालिकाको बिशिस्टता, आवश्यकता, प्राथमिकता, उपलब्ध स्रोत र संभावनालाई व्यवस्थित गर्न बिभिन्न क्षेत्रगत गुरुयोजना, तथा योजना तर्जुमा चरणमा रहेका छन् भने शिक्षा क्षेत्रको समग्र विकासको लागि १० बर्षे रणनीतिक गुरुयोजना तर्जुमा गरि कार्यान्वयनमा रहेको छ | बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियमा जनसहभागिता सुनिस्चित हुने गरी टोल एबम् बस्तीस्तरबाटै सहभागितामूलक योजना छनौट प्रक्रियाको अभ्यास भैरहेको छ।

# परिच्क्षेद ३ः सोंच, लक्ष्य, उद्धेश्य, रणनीति

## ३.१ पृष्ठभूमि

नेपालमा विकास योजनाहरुवाट अपेक्षित उपलब्धि हासिल हुन नसक्नुको एक प्रमुख कारण उपलब्ध स्रोत साधनको सन्तुलित एवम् वस्तुपरक र प्राथमिकताका आधारमा बिनियोजन हुन नसक्नु हो | जसले गर्दा न्यून पुँजीगत खर्च, आर्थिक बर्षको अन्त्यमा गएर खर्च हुने, आर्थिक अनुशासन कायम हुन नसक्दा लगानी र सम्पन्न आयोजना/कार्यक्रमले दिगो एवम् समाबेशी प्रतिफल दिन नसक्दा हाम्रा समस्या समाधान हुन् सकेको छैनन् | यसको प्रत्यक्ष  असर सार्वजनिक बित्त क्षेत्रको अतिरिक्त समग्र अर्थतन्त्र र आर्थिक-सामाजिक विकासमा पर्न गएको छ | नेपालको संविधानले परिकल्पना गरे बमोजिमको आर्थिक सामाजिक एबम्  भौतिक विकास प्राप्त गर्न नेपाल सरकारको दीर्घकालीन सोंच सहितको पन्ध्रौ आवधिक योजना, दिगो विकास लक्ष्यका स्थानीय सवाल, लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजना, र  नगरपालिकाको  प्रथम आवधिक योजना र मध्यम अबधिमा हासिल गर्ने उपलब्धिको घोषणा तथा प्राथमिकतावीच तादात्म्यता कायम हुनेगरी आगामी ५ बर्षको प्रथम  आवधिक योजना  (२०७९/८० -०८३/८४) तर्जुमा गरिएको छ |

## ३.२ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

प्रस्तुत आवधिक योजना तयार गर्दा नगरपालिकाको  हालसम्मको बार्षिक बजेट तथा कार्यक्रम र नीति तथा बिभिन्न बिषयक्षेत्रगत रणनीतिलाई प्रमुख आधारको रुपमा लिइएको छ |

### ३.२.१ नगर विकासको दीर्घकालीन सोच

**“कृषि, पर्यटन, उद्योग र दिगो पूर्वाधारको वृद्धिः बारबर्दिया नगरको समृद्धि”**

### ३.२.२ नगर विकासको लक्ष्य

- **“कृषिको व्यवसायीकरण, पर्यटकीय क्षेत्रको विस्तार, दिगो पूर्वाधार, तथा सामाजिक पुँजीको निर्माण मार्फत समतामूलक, स्वच्छ, सुशासनयुक्त र समृद्ध नगरपालिकाको निर्माण गर्ने”**

### ३.२.३ नगर विकासको उद्देश्य

नगरपालिकाको समग्र आर्थिक, सामाजिक तथा भौतिक बिकासको लागि लगानी बृद्धि गरी उपरोक्त लक्ष्य हासिल गर्न देहायअनुसारको उद्देश्य लिईएको छः

१ कृषि, पर्यटन तथा औधोगिक क्षेत्रको उत्पादन, रोजगारी र आयमा समाबेशी, गुणात्मक र दिगो वृद्धि मार्फत गरिबी न्यूनीकरण गर्नु

२. स्वस्थ, सृजनशील, सहिष्णु र सीपयुक्त मानव पुँजीको निर्माण गर्नु,

३. गुणस्तरीय तथा प्रयोगकर्तामैत्री आधारभूत भौतिक पूर्वाधारको दिगो बिकास सहित अन्तरआवद्धता सहज, सुरक्षित र व्यवस्थित बनाउने।

४. प्राकृतिक श्रोत र सम्पदा, वन, जैविक विविधता तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापन र विपद् उत्थानशिलता प्रवद्र्धन गर्ने

५. नगरपालिकाको  सुशासन, सेवा प्रवाह, विकास उपलब्धी र जवाफदेहिताको स्थितिमा गुणात्मक वृद्धि

गर्नु.

### ३.२.४ नगर विकासको रणनीति

नगर विकासको उल्लिखित सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्ने देहायअनुसारका प्रमुख रणनीतिहरू अबलम्बन गरिने छः

१ कृषि उद्यम तथा औधोगिक क्षेत्र प्रवद्र्धन गर्न सकिने तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी लगानी, रोजगारी तथा आम्दानीका अवसर वृद्धि गर्ने,

२ पर्यटकीय क्षेत्रको पहिचान र बिकास मार्फत पर्यटक भ्रमण तथा कृषि पर्यटन प्रवद्र्धन गर्ने,

३ कृषि, पशुपंक्षी र मत्स्यजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगिकरण गर्ने,

४ गुणस्तरीय शिक्षा, आधुनिक प्रबिधि सहितको स्तरीय स्वास्थ्य सेवा, सुद्धृढ सरसफाई तथा खानेपानी सुविधा,

सहज सामाजिक सुरक्षा पहुँच र उपभोग सुनिश्चित गर्ने,

५ अत्यावश्यक भौतिक पुर्वाधारको प्रयोगकर्तामैत्री तथा दिगो विस्तार र स्तरोन्नति गर्ने,

६ विकास योजना चक्र तथा नतिजालाई वातावरणमैत्री, उत्थानशील र दिगो बनाउनुका साथै जल्बायू अनुकुलन कार्यक्रम संचालन गर्ने,

७ वाताबरण तथा विपद ब्यबस्थापन आर्थिक विकासमा सार्बजनिक, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई अभिवृद्धि गर्ने र

८ सुशासन प्रबर्धन, सेवा प्रवाह, आयोजना व्यवस्थापन, संस्थागत क्षमता विकास तथा आन्तरिक राजश्व सुदृढ गर्ने|

## ३.४ प्रमुख परिमाणात्मक लक्ष्य

“समृद्ध नेपाल र सखी नेपाली” को राष्ट्रिय सोच तथा संकल्प र लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना तथा नगर विकासको सोच, लक्ष्य र उद्धेश्य अनुरुप आगामी पाँच आर्थिक बर्षको अबधिको प्रमुख परिमाणात्मक लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार समष्टिगत लक्ष्यहरुको विद्यमान स्थिति तथा आगामी ५ वर्षको अपेक्षित उपलब्धि तालिका ३.२ मा प्रस्तुत गरिएको छ ।

तालिका १० प्रमुख विषय क्षेत्रगत सूचक तथा परिमाणात्मक लक्ष्य

| क.स. | सूचक | एकाई | आवधिक योजना अबधिको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आधार बर्ष २०७८/०७९ | आ.ब ०७९/०८० | आ.ब २०८०/०८१ | आ.ब २०८१/०८२ | आ.ब २०८२/०८३ | आ.ब २०८३/०८४ |
| १ | कृषिक्षेत्रमा रोजगारी | संख्या | ८१०० | ८२०० | ८४०० | ८६०० | ८९०० | ९१०० |
| २ | खाद्यान्न बाली उत्पादन | मे.टन | ८००० | ८००० | ८१०० | ८४०० | ८६०० | ९००० |
| ३ | उद्योगबाट रोजगारीको सिर्जना (हजारमा) | संख्या | १०९४ | ११०० | १११५ | १२३० | १२६० | १३०७ |
| ४ | पर्यटन तथा सेवा क्षेत्रमा रोजगारी | संख्या | १०० | १०५ | ११५ | १३० | १४० | १५० |
| ५ | पर्यटन आगमन (हजारमा) | संख्या | ४.५ | ५ | ६ | ७ | ८ | ९.५ |
| ६ | स्वच्छ खानेपानी उपलब्ध घरपरिवार | प्रतिशत | ५३ | ५५ | ५८ | ६३ | ६७ | ७२ |
| ७ | बर्षभरी सिंचित क्षेत्रफल (हजारमा) | हेक्टर | | | | | | |
| ८ | जम्मा सडक निर्माण तथा स्तरोन्नति लम्बाई (बार्षिक) | कि.मी. | ३५ | ४० | ४५ | ४५ | ५० | ५२ |
| ९ | इन्टरनेट प्रयोगकर्ता जनसंख्या | प्रतिशत | ३८ | ४२ | ४४ | ४७ | ५३ | ५८ |
| १० | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ६३० | ६३० | ६९० | ७५२ | ८०५ | ८८० |
| ११ | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ७५ | १०० | १२५ | १५० | १७५ | २०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२ | विद्यालय वचैमा छोड्ने दर | प्रतिशत | १.९२ | १.९० | १.४५ | १.१० | १ | ०.९० |
| १३ | कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ८७.७ | ८८ | ८८.८ | ९० | ९१.५ | ९३ |
| १४ | कक्षा १० को निरन्तरता दर | प्रतिशत | ९५.६२ | ९६ | ९७ | ९७.५ | ९८ | ९८.५ |
| १५ | कुनैपनि प्रकारको आधारभूतस्तरको खानेपानीबाट लाभान्वित घरपरिवार | प्रतिशत | ८० | ८२ | ८७ | ९१ | ९३ | ९५ |

नोटः आर्थिक वर्ष २०७९/८० को विनियोजन र पछिल्लो ४ वर्षको प्रक्षेपण विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्धेश्य, रणनीति तथा कार्यनीति, नतिजा सूचक, उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र अनुमानित बजेट परिच्छेद ४ देखि परिच्छेद ८ सम्म प्रस्तुत गरिएको छ। यसैगरी आवधिक योजनाको कार्यन्वयन तथा अनुगमन र मुल्यांकन, स्रोत परिचालन सम्बन्धि योजना परिच्क्षेद-९ मा प्रस्तुत गरिएको छ ।

## ३.५ नगर स्तरीय प्रमुख कार्यक्रमहरु

### आर्थिक विकाश क्षेत्र

**कृषि**

- पशु तथा कृषिमा आधारित साना किसान तथा युवा जनशक्तिलाई उद्यमशिलाता साझेदारी तथा रोजगार सृजन गर्न "किसान संग मेयर कार्यक्रम सबै क्षेत्रमा संचालन गर्ने
- आलु पकेट क्षेत्र विस्तार कार्यक्रम गर्ने
- मसिना धान प्रबर्धन कार्यक्रम सबै नगर क्षेत्रमा विस्तार गर्ने छ
- दुग्ध संकलन केन्द्रलाई ब्यबस्थीत बनाउदै आबश्यकता अनुसार थप केन्द्र विस्तार गर्ने
- कृषि बिमा तथा नस्ल सुधार कार्यक्रम विस्तार गर्ने
- कृषि उद्योग बिस्तार तथा व्यवस्थित गर्न कोल्डस्टोर स्थापना गरि संचालन गर्ने
- कृषि सहकारी संस्थाहरुलाई सवाल र सक्षम बनाउन स-सानालाई मर्ज गरि ब्यबस्थित तरिकाले संचालन गर्ने
- कृषि अनुसन्धान केन्द्रको स्थापना गरि संचालन गरिने गर्ने
- स्थानीय जातका कृषि बालिलाई अर्ग्यानिक उत्पादनको रुपमा विकाश गर्ने

**पर्यटन**

- पर्यटन प्रबर्द्धनका लागि सतखलुवा ताल, फेनापति मन्दिर, थनुवा, कुमर अड्डा योद्दा पार्कको संरक्षण तथा प्रबर्द्धन गर्ने
- सदाशिव मन्दिर, बारबर्दिया थानुवा, बौद्ध बिहार, मलंगवा मस्जित लगायत विभिन्न वडाहरुमा निर्माण भएका पार्क, मन्दिर, ताल तथा यौंहाका स्थानीय भेष भुषा र संस्कृतिको संरक्षण र प्रबर्द्धन गर्ने
- रम्बापुर कोरिडोर संचालनमा ल्याई सोसंग सम्बन्धि होमस्टे तथा होटेल प्रबर्द्धन गर्ने
- स्थानीय कला संस्कृतिलाई प्रवर्धन गर्ने

### सामाजिक बिकाश क्षेत्र

**शिक्षा**

- निशुल्क शिक्षा कार्यक्रमलाई अझ बढी प्रभावकारी रुपमा संचालन गर्ने
- "पढ्दै कमौदै, रमाउदै" कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने
- नगरपालिकामा संचालित क्याम्पसको शैक्षिक गुणस्तर सुधारको लागि विशेष कार्यक्रम संचालन गरिने
- उच्च शिक्षा हासिल गर्ने विधार्थीहरुलाई स्कलरसिपको व्यवस्था गरिने छ
- प्रविधिकधारको बिष्णुधनि बहुप्राबिधिक शिक्षालयलाई आंगिक क्याम्पसको रुपमा मान्यतामा ल्याई कर्योनोयनमा तर्फ विशेष जोड दिइनेछ
- जनसेवा मा. बि. मा चलेको सिभिल इन्जिनेरिंग, पन्चजन्य मा. वि. मा चलेको कृषि र अँशुबर्मा मा. बि मा विज्ञान बिषयलाई बिशेष प्राथमिकताको साथ अगाडी बढाइनेछ
- टुहुरा तथा असाहाय बालबालिकाको लागि निशुल्क शिक्षा तथा पलानपोषन कार्यक्रम ब्यबस्थित रुपमा संचालन गर्ने
- सिकल सेल र थाइलेसेमिया अस्पताललाई यहि आ.ब.मै संचालन ल्याउने
- थाइलेसेमियाका बिरामीलाई निशुल्क उपचार तथा बिमा सेवा संचालन गर्ने
- १५ सैयाको अस्पताल निर्माण गर्ने
- प्रशुती तथा बच्चाको स्वास्थ्य मापदण्ड (रेगुलर गर्भवती जाँच, खोप तथान अन्य सूचकका आधरम) पुरा गर्ने आमालाई प्रोत्साहन कार्यक्रम संचालन गर्ने

- ❖ नगर भित्रका रहेका स्वास्थ्य चौकीमा सुविधा सम्पन्न भवन निर्माण गरिने
- ❖ आधारभूत स्वास्थ्य संस्थालाई स्थरउनती गर्दै लगिने
- ❖ स्वास्थ्य किल्निक नभएका गाउँमा नयाँ बनाइनेछ र भएकोलाई स्तर उनती गरिने छ
- ❖ सुत्केरी हुने महिलाको लागी एम्बुलेन्स सेवा एकतर्फी निशुल्क गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ
- ❖ वालाबिबह प्रथालाई अन्त्य गर्ने
- ❖ जेस्ठ नागरिक मध्य ७५ वर्ष माथिका नागरिकलाई मासिक रुपमा घरमै स्वास्थ्य जाँचको व्यवस्था गरिने छ, साथै सामाजिक सुरक्षा भत्ता समेत ७५ वर्ष माथिका तथा असक्त जेष्ठ नागरिकलाई वडा तथा गाउँघरमै उपलब्ध गराउने कार्यलाई अझ प्रभाबकारी रुपमा कार्यानोयन गरिने छ,
- ❖ सबै घरहरुमा अनिवार्य स्वस्थ खानेपानीको व्यवस्था गर्ने
- ❖ आवश्यकता अनुसार पानि शुद्धीकरण परिक्षण स्थापना गरि संचालन गर्ने
- ❖ यस पालिकाको क्षेत्र भित्र खानेपानि, सरसफाइ तथा स्वच्छता सम्बन्धि कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरि क्रमिक रुपमा पूर्ण सरसफाइ युक्त घर, टोल, गाउँ तथा वडा घोसणा गर्दै ४ बर्षमा नगरपालिकालाई पूर्ण सरसफाइ युक्त पालिका घोसणा गर्ने
- ❖ शिक्षन संस्था तथा स्वास्थ्य संस्थामा वासका (WAS ) विभिन्न सूचक पुरागर्दै, १-तारे, २-तारे, ३-तारेको स्तर निर्धारण गरि पूर्ण सरसफाई युक्त क्षेत्र घोसणा गरिने छ

**महिला तथा बालबालिका**

- ❖ एकल, हिंसा पिडित, अति पिछडिएका तथा बिपन्न महिलाको क्षेमता विकाशको लागि ब्यबसाय मुखी तथा स्वरोजगार मुलक बिशेष कार्यक्रम संचालन गर्ने
- ❖ न्यायका लागि  उपमेयर कार्यक्रम अन्तर्गत विभिन्न कार्यक्रम संचालन गर्ने

**वन वातावरण तथा विपद ब्यबस्थापन**

- ❖ ग्रिन नगर किलिन नगर, ग्रिन वार्ड किलिन वार्ड, ग्रिन घर किलिन घर कार्यक्रम संचालन गर्ने
- ❖ फोहर ब्यबस्थापन कार्यक्रम सबै टोलमा संचालन गर्ने
- ❖ भू-संरक्षण तथा बाढी पिडित बस्तीहरुको ब्यबस्थापन कार्यक्रम गर्ने तथा आपतकालीन सेल्टर हाउस निर्माण गरि संचालन गर्ने
- ❖ प्रकृतिका प्रकोप प्रभावित क्षेत्रमा प्रकोप व्यवस्थापन कार्यक्रम संचालन गर्ने
- ❖ वन्यजन्तुबाट असुरक्षित क्षेत्रमा तारजाली लगाउने
- ❖ सुधारिएको चुलो प्रबर्धन कार्यक्रम सबै नगर क्षेत्रमा संचालन
- ❖ पलास्तिक प्रयोग नियन्त्रण तथा दुना-टपरी प्रयोग सम्बन्धि बिशेष कार्यक्रम संचालन गर्ने

**सुशासन तथा संस्थागत क्षमता बिकाश**

- ❖ बनेका नीति तथा ऐन कार्यानोयन गर्ने
- ❖ जनप्रतिनिधि, कर्मचारी तथा आरक्षित बर्गको क्षमता विकाश कार्यक्रम गर्ने
- ❖ राजस्व संकलन कार्यलाई पूर्ण अनलाइन प्रणालीमा संचालन गर्ने साथै करको दायरामा नायकलाई स्थलगत रुपमा कर्मचारी खटाई करको दायरामा ल्याउने व्यवस्था गरिने छ
- ❖ नीति, कार्यक्रम तथा बजेटलाई कार्यानोयण गर्ने सन्दर्भमा आवश्यक पर्ने कानुन निर्माण गर्ने र भएका कानुनहरुलाई पूर्ण कार्यानोयण गर्ने
- ❖ नगरपालिकाका सबै सेवाहरु डिजिटल प्रविधिमा संचालन गर्ने

## भौतिक विकास क्षेत्र

**सडक यातायात (कालोपत्रे)**

- भिममार्ग कालोपत्रे
- सगुनलाल मार्ग कालोपत्रे (सतकलवा-बेलभार)
- मोहन मार्ग कालोपत्रे (तर्कपुर - बेलभार)
- शहिद मार्ग (जयनगर- सनी बजार)
- राम प्रसाद मार्ग (रामपुर – सत्यनगर, खुर्खुरे)
- गौरी पारा – रानिजरुवा मार्ग
- रुपलाल मार्ग (औरी – सोनपुर)

**सडक यातायात**

- सम्पूर्ण काठेपुल बिस्थापित गर्ने
- ठूला नालामा भोलुंगे पुल निर्माण गर्ने
- एउटा वडा देखि अर्को वडा सम्म जोड्ने सम्पूर्ण बाटोहरु कालोपत्रे गर्ने

**थप सडक यातायात**

- जगदी देखि फचकवा, बैदाबैदी, भदवार वाकलभार दुधाथान्थन राजमार्ग जोड्ने सडक (१२ कि.मी)
- बैदी चोक देखि जयनगर हुदै कुसुमाघाट सम्मको सडक (बाँकि १.५ कि.मी)
- राजमार्ग देखि जोधिपुर, गौरिपारा, कुमारगाउँ, जोगीगाउँ रामपुर मुराहा हुदै घोरपिट्टा जोड्ने सडक (१५कि. मी)
- वानदेवि देखि वन्गै, वेलवाबन्जा, पदनाहा हुदै बैरियाघाट सम्मको सडक (१० कि.मी)
- नारायणपुर देखि दामपुर जोगीगाउँ हुदै लढवाघाट पुल सम्मको सडक (७ कि.मी)
- ढुंग्रहिगाउँ देखि मुग्रिहवा हुदै दामपुर सम्झना चोक सम्मको सडक (५ कि.मी)
- सिद्धहवा मेला देखि जग्दहवा हुदै धोबिया, जगतिया सडकखण्ड (६ कि. मी)
- सिटिबरेली देखि जगदहवा हुदै फचकवा जोड्ने सडक (५ कि. मी)
- चाँदनी चोक देखि बनघुस्री वेलुवा बन्जा हुदै रामपुर जोडिने सडक (५ कि.मी)
- सिउनिया ८ न. वडा कार्यालयदेखी हरनहवा, घुस्राचोक हुदै राजकुलो सम्मको सडक (५कि.मी)
- वानघुस्री शिव मन्दिर देखि सोह्रबिघा खैरेनीपुर हुदै बारबर्दिया थनवा सडक (४ कि.मी)
- मंग्रागढ़ी देखि सदाशिव मन्दिर हुदै वुलाराधामपुर, मनिकापुर, जनजागृति भवन हुदै गिरीटोल कालीराम चौधरीको घरसम्मको सडक (६ कि.मी)
- पदनाहा बुढीकुला पुल देखि फत्तेपुर, गुरुवागाउँ घोरपिट्टा जोड्ने सडक ( ५ कि.मी)
- राम्वापुर देखि वडा न. ८ जोड्ने सडक (४ कि.मी)
- औट्टी चौवन्ना चोक देखि भगतपुर हुदै वडा न. ८ को वडा कार्यालय सम्ममा (४ कि.मी)
- अकल भरुवा देखि गूमस्ता हुदै औट्टीपुर जोड्ने सडक (७ कि.मी)
- बिदागाउँ देखि सिमरहवा सगुन चोक हुदै बाँसगढी नगरपालिका जोड्ने सडक (८ कि.मी)

**अन्य कार्यक्रमहरु**

- अव्यबस्थित भूमिहीन, सुकुम्बासी बस्तिलाई ब्यबस्थित गर्ने
- गोवर ग्याँस तथा सौरे उर्जा कार्यक्रम सबै वार्डहरुमा संचालन गर्ने
- पालिकाका सबै सेवाहरु डिजिटल (Online) प्रबिधिमा संचालन गर्ने

# परिच्छेद ४: आर्थिक विकास

## ४.१ कृषि तथा खाद्य सुरक्षा

### ४.१.१ पृष्ठभूमी

वर्तमान संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासबाट समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको निर्माण गर्ने राज्यको आर्थिक उद्देश्यका रुपमा अङ्गीकार गरेको। खाद्य सुरक्षा, सम्पति तथा रोजगारीको हक लाई मौलिक हक अन्तरगत राखिएको छ । नेपाल सरकार र प्रदेश सरकारको साथसाथै स्थानीय सरकारको सहकार्यमा उक्त अधिकार सुनिश्चित गर्न योजनावद्ध ढंगले प्रयास गर्न आवश्यक छ । यस तथ्यलाई मनन गर्दै नगर क्षेत्रको योजनाबद्ध र सन्तुलित विकासको लागि कृषि क्षेत्रको विकास र प्रवद्र्धन मार्फत उत्पादन, रोजगारी र आय वृद्धि गर्न उपयुक्त योजना तर्जुमा एवम् सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ । यस नगरपालिकाको सन्दर्भमा आर्थिक विकासका प्रयासहरुलाई मार्गदर्शन गर्न यस सम्बन्धी संभावना र अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदम सहितको संक्षिप्त विश्लेषण देहायअनुसार प्रस्तुत गरिएको छ ।

### ४.१.२ संभावना तथा अवसर

लुम्बिनी प्रदेशको व्यापारिक केन्द्र नेपालगंजको निकटमा अवस्थित तराइको समथर एबम् कृषि तथा पशुपालनको विकासको पर्याप्त उर्बर भुमि रहेको भूभागमा सडक संजालको सहज पहुँचमा अवस्थित बारबर्दिया क्षेत्र कृषि तथा पशुपालनको दृष्टिले प्रसिद्ध रहनुका साथै कृषि, आवास तथा औद्योगिक विकासको प्रचुर सम्भावना बोकेको क्षेत्र हो। आकर्षक उद्यान क्षेत्र, खेतीयोग्य जमिन, बस्ती योग्य क्षेत्र र भौगोलिक अवस्थिति आदिको विस्तृत अध्ययनको आधारमा कृषि क्षेत्रको विकासका कार्यक्रममा जोड दिनु पर्ने देखिन्छ।नगरपालिकामा परम्परागतरुपमा चलिआएका कृषि प्रणालीको आधुनिकीकरण, विविधिकरण, व्यवसायीकरणका साथ साथै यान्त्रिकिकरण गरी खाद्य सुरक्षा कायम गर्दै कृषि उपजको व्यापारीकरण मार्फत नागरिकको आर्थिक-सामाजिक जीवनस्तरमा ब्यापक सुधार गर्नु पर्ने आवश्यकता रहेको छ। बारबर्दिया नगरपालिका नेपालगञ्ज, गुलरिया, बिरेन्द्रनगर जस्ता शहरको निकट रहेको कारण यस नगरपालिका भित्र उत्पादन हुने कृषि उपजको लागि बजारिकरणको सहज अवसर रहनुका साथै बेमौसमी फलफुल तथा तरकारी उत्पादनलाई प्रबर्धन गर्न सकेको खण्डमा कृषकको राम्रो आम्दानीको समेत सभावना रहेको छ |

### ४.१.३ समस्या तथा चुनौती

बारबर्दिया नगरपालिकाभित्र भूउपयोग नीतिको अभावमा खेतीयोग्य क्षेत्र खुम्चदै जानुका साथै अब्यबस्थित बस्ती विस्तारका कारण खेतीयोग्य जमिनमा ह्रास हुँदै जान सक्ने जोखिम रहेको छ । परम्परागत निर्वाहमुखी खेती प्रणालीका कारण खाद्यन्न आत्मानिर्भरतामा कमी रहेको छ ।समयमा गुणस्तरीय बीउ, मल र प्राविधिक सेवा उपलब्ध नहुनुले कृषि क्षेत्रको विकासमा असहजता सृजना गरेको छ । यसैगरी कृषि प्राविधिक जनशक्तिको कमी, माटोको नियमित परीक्षण हुन नसक्नु तथा स्थानीय स्तरमा बीउ उत्पादन, संरक्षण र उपयोग हुन नसक्नु, लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, सिंचाई सुविधा कमी हुँदा मौसमी खेती हुनु, पकेट खेती विकास कार्यक्रम तथा प्रवद्र्धनात्मक कार्यक्रम सञ्चालन नहुनु यस क्षेत्रका समस्याका रुपमा रहेका छन। यसका साथै व्यवसायिक ज्ञान एबम् सूचनाको कमी, आधुनिक तथा महिलामैत्री प्रविधिको अभाव, वित्तीय सेवा पहुँचमा कमी, कृषि बिमाको अभ्यासको कमी, बजार अनिश्चिता, संकलन केन्द्र लगायतका पूर्वाधारहरु कमी यस क्षेत्रका मुख्य चुनौतीको रुपमा रहेका छन् ।

### ४.१.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

- दिगो खाध सुरक्षा र कृषि अर्थतन्त्रको निर्माण

**लक्ष्य**

- कृषि क्षेत्रको रोजगारी, उत्पादन, बजारीकरण र आयमा समतामूलक, गुणात्मक र दिगो वृद्धि गर्ने

**उद्देश्य**

नगरपालिकाका कृषि तथा खाध सुरक्षा उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन्ः

१. कृषि क्षेत्रको विशिष्टीकरण, विविधिकरण तथा व्यवसायिकरण गर्नु,

२. दिगो खाध सुरक्षा प्रत्याभूत तथा कृषिलाई रोजगारमूलक उद्यमको रुपमा प्रवद्र्धन गरी रोजगारीको अवसर सिर्जना गर्न कृषिमा लगानी वृद्धि गर्नु,

३. जैविक खेतीको प्रवर्द्धनमार्फत कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी नगरपालिकाको अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।

**रणनीति तथा कार्यनीति**

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य तथा उद्देश्य र बिषय उपक्षेत्रगत लक्ष्य-उद्धेश्य हासिल गर्न केन्द्रित रहनेगरी देहायअनुसारका उपक्षेत्रगत रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ;

| रणनीति | कार्यनीति |
|---|---|
| *उद्देश्य १ः कृषि क्षेत्रको विशिष्टीकरण, विविधिकरण तथा व्यवसायिकरण गर्नु, ।* | |
| १.१ः कृषिको विशिष्टीकरण, यान्त्रिकरण तथा आधुनिकिकरण गरी रोजगारी, उत्पादन परिमाण र गुणस्तर अभिवृद्धि गर्ने । | • दिगो कृषि विकासकालागि आवश्यक नीति, ऐन र नियमहरू तर्जुमा तथा संसोधन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>• कृषि वस्तु उत्पादन अभिवृद्धि गर्न कृषि जन्य वस्तुको व्यावसायिक उत्पादनका लागि उपयुक्त र दिगो सिँचाइ सुविधा लगायतका आवश्यक पूर्वाधारको निर्माण मार्फत कृषि क्षेत्रको रोजगारी प्रबर्द्धन गरिनेछ।<br>• कृषिमा आधुनिकीकरणका लागि आवश्यक उन्नत प्रविधि/कृषि औजार खरिद तथा प्रयोगमा सुलभ कृषि कर्जा तथा अनुदानको व्यवस्था गरिनेछ।<br>• खेती योग्य जग्गालाई बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्दै बाँझो रहेका कृषि भूमिको दिगो उपयोगकालागि उपयुक्त योजना बनाई कार्यान्वयन गरिनेछ। |
| *उद्देश्य २ दिगो खाध सुरक्षा प्रत्याभूत तथा कृषिलाई रोजगारमूलकउद्यमको रुपमा प्रवद्र्धन गरी रोजगारीका अवसर सिर्जना गर्न कृषिमा लगानी वृद्धि गर्नु, ।* | |
| २.१ः खाध सुरक्षा सुनिस्चितताको लागि कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, कृषि उपजको दिगो ब्यबस्थापन तथा बजार प्रबर्द्धनका लागि लगानी बिस्तार गर्ने । | • खाद्य तथा अन्य कृषि उत्पादनमा आत्म निर्भरताकालागि उत्पादन पकेट क्षेत्र विकास गरी सघन व्यावसायिक खेती प्रणाली अघि बढाइनेछ ।<br>• कृषि उपज उत्पादन, प्रशोधन, संकलन तथा भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधिको विकासको अनुसरण, अवलम्बन र आधुनिकीकरण गरिनेछ ।<br>• निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित सहकारी खेती मार्फत रोजगारीका अवसर सिर्जना गरिनेछ ।<br>• मूल्य शृङ्खला पद्धति अनुसार उत्पादनदेखि बजारीकरणसम्मका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरिनेछ ।<br>• खाद्यान्न उत्पादन न्युन भएका पोषण असुरक्षित स्थानहरूमा स्थानीय स्तरमै उत्पादन गर्न सकिने कृषिजन्य उत्पादन (स्थलगत अध्ययन, प्राबिधिक सिफारिस तथा मागमा आधारित ) प्रवर्द्धन तथा उपयोगमा जोड दिइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | • सुरक्षित खानपान र पौष्टिकतत्वका स्रोत तथा उपयोगबारे सचेतनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• कृषक एवं कृषिमा आधारित समूह तथा संस्थाहरुको क्षमता अभिवृद्धि गरिनेछ। |
| *उद्देश्य ३: जैविक खेतीको प्रवर्द्धनमार्फत कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी नगरपालिकाको अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।* | |
| ३.१: जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री तथा प्रतिस्पर्धात्मक कृषि प्रविधिको विकास र विस्तार गर्ने । | • प्राङ्गारिक खेतीलाई प्रोत्साहित गरी उत्पादित वस्तुलाई बजारीकरणमा जोड दिइनेछ ।<br>• जलवायु परिवर्तनसँगै कृषिमा अनुकूलन गरी कृषि जैविक विविधताको संरक्षण, सम्वर्द्धन तथा उपयोगमा वृद्धि गरिनेछ ।<br>• लोपोन्मुख तथा रैथाने विउबिजन र बालीजन्य जैविक विविधता संरक्षणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन गरिनेछ ।<br>• कृषि अध्ययन तथा अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि प्रविधिको विकास एवम् विस्तार गरिनेछ ।<br>• कृषि उपजको अधिकतम उत्पादन एवम् उत्पादकत्व वृद्धिकालागि स्थानीय साधन स्रोत र जैविक प्रविधिको उपयोग गरिनेछ । |

### ४.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

कृषि तथा खाद्य सुरक्षा उपक्षेत्रको उपक्षेत्रगत सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिका ४.१.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ११ नतिजा सूचक तथा लक्ष्य

| सूचक | इकाई | आधार वर्ष | | आवधिक योजना अबधिको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | |
| आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने परिवार | संख्या | ४००० | ४२०० | ४३०० | ४४०० | ४४५० | ४५०० | |
| वार्षिक ३ लाख भन्दा बढी आम्दानी हुने घरपरिवार | प्रतिशत | ३५ | ३८ | ४० | ४२ | ४३ | | |
| खेती गरिएको जमिन | हेक्टरमा | १०१९० | १०१९० | १०२०० | १०२५० | १०२८० | १०३०० | |
| साना किसानको औषत वार्षिक आय | रु.हजार मा | ५५ | ६२ | ७० | ७५ | ८२ | ८८ | |
| तरकारी उत्पादन | मे.टन | २७ | २७ | ३० | ३५ | ३९ | ४५ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अन्नवाली | मे.टन | ८००० | ८००० | ८१०० | ८४०० | ८६०० | ९००० | |
| फलफुल उत्पादन | मे.टन | २ | २ | २.५ | ३ | ३.५ | ४.५ | |
| नगदे वाली उत्पादन | मे.टन | ११० | ११० | १३० | १५० | १८० | २०० | |
| संचालित कृषि संकलन केन्द्र | संख्या | ० | ० | १ | १ | २ | २ | |

स्रोतः प्रोफाइल, मध्यमकालीन खर्च संरचना र सम्बन्धित शाखा

### ४.१.६ विषय उपक्षेत्रगत खर्चको अनुमान

कृषि तथा खाद्य सुरक्षा उपक्षेत्रकोको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका १२ उपक्षेत्रगत खर्च तथा स्रोतको अनुमान

| बजेट तथा खर्च अनुमान रु.लाखमा | | | | | |
|---|---|---|---|---|---|
| आ.ब.०७९/०८० | आ.ब.०८०/०८१ | आ.ब.०८१/०८२ | आ.ब.०८२/०८३ | आ.ब.०८३/०८४ | जम्मा |
| ३०५ | ३५० | ३८७ | ४०७ | ४४८ | १८६९ |

स्रोतः मध्यमकालीन खर्च संरचना, सम्बन्धित शाखा र आर्थिक प्रशासन शाखा

### ४.१.७ आवधिक योजना अबधिमा कार्यान्वयन गरिने कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

आर्थिक विकास क्षेत्र अन्तर्गतका कृषि तथा खाध सुरक्षा उपक्षेत्रगत रुपमा आवधिक योजना अबधिमा संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १३ कृषि विकास उपक्षेत्रका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि. न. | कार्यक्रम तथा आयोजना | एकाई | आधार बर्षको अवस्था | योजना अबधि को कूल लक्ष्य | अनुमानित स्रोत र बार्षिक लक्ष्य (रु. लाखमा) आ.ब. | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | |
| १ | कृषि तथ्याङ्क ब्यबस्थापन, परिचयपत्र वितरण र विकास योजना तर्जुमा कार्यक्रम | रु.लाख | ० | १४ | ३ | ५ | २ | २ | २ | कृषि शाखा, वडा कार्यालय, सङ्घ तथा प्रदेश बिषयगत मन्त्रालय |
| २ | कृषि प्रविधि तथा कृषक अनुदान कार्यक्रम (मकैबाली, धानबाली, मसलाबाली, माहुरी पालन, गहुँ बालि) | रु.लाख | ४० | ३०५ | ५० | ५५ | ६१ | ६७ | ७३ | |
| ३ | जैविक मल तथा रोग एवम् किरा फटयांग्रा नियन्त्रणको लागि बानास्पातिकविषादी प्रवद्र्धन कार्यक्रम | रु.लाख | ८ | ४९ | ८ | ८.८ | १० | ११ | १२ | कार्यपालिका,कृषि शाखा, वडा कार्यालय, सङ्घ तथा प्रदेश बिषयगत मन्त्रालय |
| ४ | कृषि उपजको गुणस्तर तथा विषादी परीक्षण, नियन्त्रण तथा कृषि सहकारी र एग्रोभेट नियमन सम्बन्धि कार्यक्रम | रु.लाख | ५ | ३१ | ५ | ५.५ | ६ | ७ | ७ | कार्यपालिका,कृषि शाखा, वडा कार्यालय, सङ्घ तथा प्रदेश बिषयगत मन्त्रालय |
| ५ | प्राङ्गारिक मल उद्योग निर्माण कार्यक्रम | रु.लाख | १० | ६१ | १० | ११ | १२ | १३ | १५ | |
| ६ | बबई सिंचाईमा कृषक अनुदान कार्यक्रम | रु.लाख | २० | १२२ | २० | २२ | २४ | २७ | २९ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | तरकारी बाली मिनिकीट वितरण तथा पकेट क्षेत्र प्रबर्द्धन कार्यक्रम | रु.लाख | २५ | १५३ | २५ | २८ | ३० | ३३ | ३७ | |
| ८ | माटो परिक्षण शिबिर संचालन कार्यक्रम | रु.लाख | २ | १२ | २ | २ | २ | ३ | ३ | कार्यपालिका,कृषि शाखा, वडा कार्यालय, सङ्घ तथा प्रदेश बिषयगत मन्त्रालय |
| ९ | तेलहन वाली विकास कार्यक्रम शसर्त समेत | रु.लाख | १५ | ९२ | १५ | १७ | १८ | २० | २२ | |
| १० | धान (चैते समेत) वाली प्रबर्द्धन कार्यक्रम | रु.लाख | २५ | १५३ | २५ | २८ | ३० | ३३ | ३७ | |
| ११ | बिभिन्न स्थानमा कृषि हाटबजार निर्माण | रु.लाख | २५ | १५३ | २५ | २८ | ३० | ३३ | ३७ | |
| १२ | धान वाली पकेट विकास कार्यक्रम | रु.लाख | १० | ६१ | १० | ११ | १२ | १३ | १५ | |
| १३ | केरा खेति प्रबर्द्धन तथा बजारीकरण कार्यक्रम | रु.लाख | १० | ६१ | १० | ११ | १२ | १३ | १५ | कार्यपालिका,कृषि शाखा, वडा कार्यालय, सङ्घ तथा प्रदेश बिषयगत मन्त्रालय |
| १४ | फलफुल खेति विकास कार्यक्रम | रु.लाख | २० | १२२ | २० | २२ | २४ | २७ | २९ | |
| १५ | मकै वाली पकेट विकास कार्यक्रम | रु.लाख | १२ | ७३ | १२ | १३.२ | १५ | १६ | १८ | |
| १६ | चिस्यान केन्द्र निर्माण | रु.लाख | २० | १०८ | २० | ३० | ३७ | २१ | ० | |
| १७ | कृषि सिकाइ केन्द्र स्थापना र संचालन | रु.लाख | ० | १९ | ० | ५ | ५ | ५ | ४ | कार्यपालिका,कृषि शाखा, वडा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | च्याउ खेति प्रबर्द्धन कार्यक्रम | रु.लाख | ५ | २४ | ५ | ४ | ५ | ५ | ५ | कार्यालय, सङ्घ तथा प्रदेश बिषयगत मन्त्रालय |
| १९ | कृषि यान्त्रिकीकरण, बजारीकरण तथा प्रबर्द्धन कार्यक्रम | रु.लाख | ३५ | २२७ | ३५ | ४० | ४५ | ५२ | ५५ | |
| २० | कृषक, समूह तथा सहकारी क्षमता विकास कार्यक्रम | रु.लाख | ५ | ३१ | ५ | ६ | ६ | ७ | ७ | |
| **जम्मा** | | | | १८६९ | ३०५ | ३५० | ३८७ | ४०७ | ४४८ | |

### ४.१.८ जोखिम पक्ष तथा अनुमान

यस उपक्षेत्रको कार्यक्रम र आयोजना कार्यान्वयनमा सम्बन्धित निकाय बीच क्रियाशिल समन्वय, श्रोत व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वियन र सेवा प्रवाहमा प्रभावकारिता बृद्धि हुनेछ।नगरपालिका क्षेत्रमा कृषिको व्यवसायीकरण, कृषि पर्यटन, जैविक तथा वातावरणमैत्री कृषि प्रवद्र्धन, फूलखेती समेत उच्च मूल्यका कृषि उपजको प्रवद्र्धन, खाद्य स्वच्छता, पोषण र माटो व्यवस्थापन लगायत कृषि क्षेत्रको तथ्याङ्क व्यवस्थापन प्रणालीद्धारा कृषि उत्पादन, व्यवसायीकरण र औद्योगीकरणको वातावरण निर्माण हुनेछ|

संघ र प्रदेश सरकार र सहयोगी संस्थाहरु बीच प्रभावकारी सहयोग, समन्वय र सहकार्य, संगठनात्मक र मानव श्रोत र सेवा व्यवस्थापन, कृषि प्रविधि, विउविजन, यान्त्रिकीकरण, भरपर्दो सिंचाई प्रणाली, भूस्वामित्व, पूर्वाधार र बजारीकरण जस्ता कार्यहरुको एकीकृत व्यवस्थापन हुन नसके अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम उत्पन्न हुन सक्दछ ।यसका अलवा जलवायु परिवर्तनको असर, कृषि उपजको आयात र कृषि जमीन उपयोगमा परिवर्तन यस क्षेत्रका संभावित जोखिम पक्षको रुपमा रहेका छन् । छिमेकी मूलक भारतबाट आयातित उपजसँग प्रतिष्पर्धा र कृषि उपजको गुणस्तर र न्यून उत्पादन परिमाण पनि यस क्षेत्रका जोखिम पक्षका रुपमा देखिएका छन् ।

## ४.२ पशुपंक्षी विकास

### ४.२.१ पृष्ठभूमी

नगरपालिकामा करिब ६५ प्रतिशत घरपरिवार कृषि तथा पशुपालनमा संलग्न रहेको देखिन्छ । व्यावसायिक फर्मको विकास मार्फत पशुपालन क्षेत्रलाई कृषकको आम्दानीको मुख्य स्रोतको रुपमा अझै पूर्ण विकास गर्न नसकेको अवस्था विद्यमान देखिन्छ। कृषि तथा पशुपालन क्षेत्रमा करिब ८१०० जना रोजगार सृजना भएको छ (संलग्न रहेको)। कुल २१३ वटा कृषि तथा पशु पालन फ़ार्म संचालनमा रहेका छन् भने करिब ३२६ वटा कृषि तथा पशुपालन समूह कृयाशिल रहेका छन्। पशु विकासका लागि नगरपालिका क्षेत्रमा पर्याप्त चरन क्षेत्रको विकास गर्न सकिने, पशुजन्य उत्पादनको बजारको सम्भावना रहेको एवं उत्पादकत्व वृद्धि, बजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यावसायिक दक्षता अभिवृद्धि जस्ता कार्य गर्न सकेमा यस क्षेत्रमा पशुपालन कार्यलाई थप व्यावसायिक बनाउन सकिने देखिन्छ। नगरपालिका क्षेत्रभित्र पशुपंक्षी पालन क्षेत्रमा रहेका अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदम सहितको संक्षिप्त विश्लेषण देहायअनुसार प्रस्तुत गरिएको छ।

### ४.२.२ संभावना तथा अवसर

लुम्बिनी प्रदेशको व्यापारिक केन्द्र नेपालगन्जको निकटमा अवस्थित बारबर्दिया नगरपालिका पशुपालनको दृष्टिले प्रसिद्ध रहनुका साथै उन्नत प्रविधि, नश्ल र आहार तथा खोर व्यवस्थापन आदिद्वारा पशुपंक्षीपालनलाई व्यवसायीकरण गरी उत्पादकत्व वृद्धि, बजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिवृद्धि जस्ता कार्य गर्न सकेमा नगरपालिकामा पशुपालन कार्यलाई थप व्यवसायिक, उत्पादन र आयमूलक बनाउन सकिने सम्भावना देखिन्छ। यसका अतिरिक्त नगरपालिका क्षेत्रभित्र माछा पालन ब्यबसायको समेत राम्रो अवसर रहेको छ | बारबर्दिया नगरपालिका कृषि तथा पशुपालनको विकासको पर्याप्त उर्बर भुमि रहेको साथै प्रदेश राजधानी तथा प्रदेश भित्रका र छिमेकि मित्र राष्ट्रको विभिन्न बजारसँग सहज पहुँच रहेको छ।

### ४.२.३ समस्या तथा चुनौती

बारबर्दिया नगरपालिकाभित्र पशुपालन क्षेत्रमा अझै पनि परम्परागत वा निर्वाहामुखी प्रणालीबाट पशुपंक्षीपालनको अभ्यास रहेको छ। उन्नत जातको पशुपालनको अभ्यास न्यून रहेको छ भने परम्परागत गोठ तथा व्यवस्थापन प्रणाली अभ्यासमा रहेको छ । व्यवस्थित पशु चरण क्षेत्र, सरल कर्जाको व्यवस्था, उत्पादकत्व वृद्धि, बजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिवृद्धि जस्ता कार्यको कमीका यस क्षेत्रका समस्या रुपमा रहिरहेको छ। पशुपालनको क्षेत्रमा काम गर्ने दक्ष जनशक्तिको कमी, पशु स्वास्थ्य सेवाको गुणस्तरमा कमी, नश्ल सुधारको कमी तथा पशु-पंक्षी विमा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको अभाब मूख्य समस्याको रुपमा रहेको छ। यसै गरी माछा पालन ब्यबसायको प्रचुर सम्भाबना भएता पनि यस क्षेत्रमा माछा पालन ब्यबसायिक रुपमा विकास हुन सकेको छैन | समग्र कृषि तथा पशुपालन विकास र बिस्तारको लागि एकिकृत गुरुयोजना तयार हुन सकेको छैन।

### ४.२.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

"पशुपंक्षीजन्य उद्यम मार्फत समृद्ध कृषक"

**लक्ष्य**

पशुपंक्षी एबम् माछाजन्य उत्पादन, बजारीकरण, रोजगारी र आयमा समतामूलक, गुणात्मक र दिगो वृद्धि गर्ने

**उद्देश्य**

नगरपालिकाका पशुपंक्षी विकास उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

१. पशुपंक्षी एबं माछाजन्य उत्पादनको वृद्धि, व्यवसायीकरण, विविधिकरण र औद्योगिकरण गर्नु,

२. पशुपंक्षी एबं माछाजन्य व्यवसायमा संलग्न कृषक र कृषक समुहको क्षमता विकास तथा रोजगारमूलक उद्यमको रुपमा प्रवद्र्धन गर्नु,,

## रणनीति तथा कार्यनीति

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत एबम बिषय उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न केन्द्रित रहनेगरी देहायअनुसारका उपक्षेत्रगत रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ;

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः** पशुपंक्षी एबं माछाजन्य उत्पादनको वृद्धि, व्यवसायीकरण, विविधिकरण र औद्योगिकरण गर्नु। | |
| १.१ः पशुपंक्षीजन्य क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण, र विशिष्टिकरण गरी उत्पादनमा वृद्धि गर्ने, | • पशुपंक्षी एबम माछाजन्य ब्यबसायको आधुनिकीकरण र बजारीकरणका लागि आवश्यक नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि एबम योजना तर्जुमा तथा संसोधन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>• पशुपंक्षी तथा माछाजन्य उत्पादन वृद्धि र व्यावसायिक सहजताका लागि आवश्यक भौतिक एबम प्रबिधिगत पूर्वाधार र औजारको निर्माण तथा बिकास गरिनेछ।<br>• पशुपन्क्षी तथा माछा पालन मार्फत स्थानीय जनताको आयस्तरमा सुधार गर्न पकेट क्षेत्र पहिचान तथा घोषणा (माछा, बाखा, बंगुर, भैसी, गाई, कुखुरा आदि पकेट क्षेत्र) गरी तत् सम्बन्धी सेवा, सुविधा र प्रविधि एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था कार्यान्वयन गरिनेछ ।<br>• गाई, भैसी, बंगुर, स्थानीय जातको माछा र वाखापालनमा केन्द्रित गरी नमूना फर्महरु मोडेलको रुपमा सञ्चालन गरिनेछ ।<br>• कुखुरा तथा पंक्षी पालन फर्महरुलाई थप प्रोत्साहन गरी उत्पादन वृद्धि र बजार व्यवस्थापनमा जोड दिइनेछ ।<br>• उन्नत नश्लका प्रजनन्योग्य बोका, राँगो, साढे वितरण र कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन र विस्तार गरिनेछ । |
| १.२ आवश्यक पूर्वाधारको विकास सहित पशुपंक्षीजन्य उपजको बजार प्रवद्र्धन गर्ने । | • पशुपंक्षीजन्य उत्पादनको बजार प्रवद्र्धन एवं निकासी वृद्धि गर्न उत्पादनको विविधीकरणका लागि प्रोत्साहित गरिनेछ ।<br>• पशुपंक्षीजन्य उत्पादन बजारीकरणको लागि सूचना प्रविधिमा कृषकहरुको पहुँच वृद्धि गर्नुका साथै सहकारीहरुलाई परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।<br>• पशुपन्छीजन्य उत्पादनहरुको बजारीकरण गर्न पशु हाटबजार, संकलन केन्द्र स्थापना तथा विस्तार सम्बन्धी आयोजना तथा कार्यक्रम सञ्चालनमा जोड दिइनेछ । |
| १.३ पशुपंक्षी स्वास्थ्य तथा उपचार सेवाको प्रभावकारी विस्तारका लागि दक्ष जनशक्तिको व्यवस्थापन गर्ने । | • प्रत्येक वडामा दक्ष पशु प्राविधिकको व्यवस्था गरी पशुपंक्षी उपचारलाई सुनिश्चित गरिने छ ।<br>• पशुपंक्षी व्यवसायलाई प्रवद्र्धन गर्न स्थानीयस्तरमा तालिम प्राप्त प्राविधिक जनशक्ति उत्पादन गर्दै जाने नीति लिइने छ ।<br>• पशुपंक्षीहरुमा लाग्ने रोग तथा महामारी नियन्त्रणका लागि आवश्यक पर्ने खोप, |

| रणनीति | कार्यनीति |
|---|---|
| | औषधी र परजीवी नियन्त्रणको व्यवस्था मिलाउदै लगिनेछ ।<br>• खुल्ला मासु विक्री वितरण तथा ओसारपसार नियन्त्रणका लागि एक मापदण्ड बनाई त्यसको नियमन गरिनेछ । |
| **उद्देश्य २** पशुपंक्षी एवं माछाजन्य व्यवसायमा संलग्न कृषक तथा समुहको क्षमता विकास तथा रोजगारमूलक उद्यमको रुपमा प्रवद्र्धन गर्नु,। | |
| २.१ कृषकलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्ने । | • युवाको विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशुपन्छी पालनमा युवा लाक्षित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।<br>• व्यावसायिक पशुपन्छी पालनका साथै स्थानीय जातका माछा पालन तथा मौरी पालनका लागि अनुदान तथा सहुलियत ऋणको व्यवस्था गरिनेछ ।<br>• विपन्न परिवारलाई पशुपन्छी पालनकालागि प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| २.२ कृषक एवं पशुपालनमा आधारित समूह तथा संस्थाहरुको क्षमता अभिवृद्धि गरी कृषकलाई उद्यमी बनाउने । | • छरिएर रहेका साना किसानहरुलाई समूहमा आवद्ध गरी व्यवसाय संचालन सम्बन्धी ज्ञान, सीप र प्रविधि हस्तान्तरण गरिनेछ ।<br>• पशुपालक कृषक, समुह र सहकारी संस्थाहरुलाई व्यवसायउन्मूख तालिम, भ्रमण र व्यावहारिक सेसन सञ्चालन गरिनेछ ।<br>• पशुपालन समूह, सहकारी तथा फर्महरुको सीप, क्षमता अभिवृद्धि एवं व्यावसायिकता विकासमा सहजीकरण गरिनेछ ।<br>• उत्कृष्ट कृषक, पशुपालन समुह, समिति र सहकारीहरुलाई पुरस्कृत गरी पशुपालन पेशामा आकर्षण वृद्धि गरिनेछ । |

### ४.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

आर्थिक विकास क्षेत्रको विषय क्षेत्रगत सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १४ पशुपंक्षी विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य

| सूचक | इकाई | आधार वर्ष | | आवधिक योजना अबधिको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | जम्मा |
| पशपंक्षी तथा माछा विकास | | | | | | | | |
| कुखुरा/पन्छीको बार्षिक मासु उत्पादन | मे.टन | १२९ | १२९ | १३२ | १३४ | १३५.५ | १३७ | |
| अन्डाको वार्षिक उत्पादन (लाखमा) | संख्या | ७५ | ७५ | ७६.५ | ७७.५ | ७८.१ | ८० | |
| खसी, वोकाको बार्षिक मासु उत्पादन | मे.टन | १५.५ | १५.५ | १५.८ | १६.५ | १७.८ | १९ | |
| राँगाको बार्षिक मासु उत्पादन | मे.टन | १८ | १८ | १९ | २० | २२ | २४ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बार्षिक दूध उत्पादन (हजार) | लिटर | ६४८ | ६४८ | ६५१.५ | ६५३ | ६५५ | ६५७ | |
| भैसी र गाई फार्म | संख्या | १९ | १९ | २३ | २८ | ३२ | ३८ | ३८ |
| कुखुरा फार्म | संख्या | ९२ | ९२ | १०४ | ११५ | १३४ | १५० | १५० |
| ठुला डेरी | संख्या | १ | १ | १ | २ | २ | ३ | ३ |
| साना डेरी | संख्या | ९ | ९ | १० | ११ | १३ | १५ | १५ |
| बाखा फार्म | संख्या | ११ | ११ | १२ | १५ | १८ | २१ | २१ |
| बंगुर फार्म | संख्या | १३३ | १३३ | १३५ | १४२ | १४५ | १५५ | १५५ |
| माछा उत्पादन | मे.ट. | ६ | ६ | ७.५ | ९ | १३ | १८ | - |

स्रोतः सम्बन्धित शाखा र बिषयगत समिति छलफल

### ४.२.६ विषय उपक्षेत्रगत खर्चको अनुमान

आथिक विकास क्षेत्रको पशुपंक्षी तथा मत्स्य विकास उपक्षेत्रको खर्च र स्रोतको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका १५ पशुपंक्षी तथा मत्स्य विकास उपक्षेत्रको खर्चको अनुमान

| बजेट तथा खर्च अनुमान रु.लाखमा | | | | | |
|---|---|---|---|---|---|
| आ.ब.०७९/०८० | आ.ब.०८०/०८१ | आ.ब.०८१/०८२ | आ.ब.०८२/०८३ | आ.ब.०८३/०८४ | जम्मा |
| १८५ | २३६ | २६३ | २९१ | ३०९ | १२०७ |

स्रोतः मध्यमकालीन खर्च संरचना, सम्बन्धित शाखा र आर्थिक प्रशासन शाखा

### ४.२.७ आवधिक योजना अवधिमा कार्यान्वयन गरिने कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

आर्थिक विकास क्षेत्र अन्तर्गतको पशुपंक्षी तथा मत्स्य विकास उपक्षेत्रगत रुपमा आवधिक योजना अबधिमा संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, देहायअनुसार तालिका ४.२.३ मा प्रस्तुत गरिएको छ।

तालिका १६ कृषि विकास उपक्षेत्रका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि. न. | कार्यक्रम तथा आयोजना | एकाई | आधार बर्षको अवस्था | योजनाक कूल लक्ष्य | अनुमानित स्रोत र बार्षिक लक्ष्य (रु. लाखमा) आ.ब. | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | |
| १ | पशुपंछी पकेट विकास कार्यक्रम (गाई, भैसी, वाखा, कुखुरा, बंगुर ) | रु. लाख | २५ | १४८ | २५ | २७ | २९ | ३२ | ३५ | कार्यपालिका, पशु सेवा शाखा, वडा कार्यालय, सङ्घ तथा प्रदेश बिषयगत मन्त्रालय |
| २ | पशुपंक्षी स्वास्थ्य सेवा कार्यक्रम (सिबिर तथा बिमा कार्यक्रम समेत) | रु. लाख | २७ | १५४ | २७ | २९ | ३० | ३२ | ३५ | |
| ३ | पशु विकास सेवा कार्यक्रम (नश्ल सुधार र प्रबिधि प्रयोग समेत) | रु. लाख | २६ | १४७ | २६ | २६ | २९ | ३१ | ३५ | कार्यपालिका, पशु सेवा शाखा, वडा कार्यालय, सङ्घ तथा प्रदेश बिषयगत मन्त्रालय |
| ४ | पशु आहार व्यवस्थापन कार्यक्रम | रु. लाख | ९ | 55 | ९ | १० | ११ | १२ | १३ | |
| ५ | पशु सेवा प्रसार कार्यक्रम | रु. लाख | ५ | २४ | ५ | ४ | ४ | ५ | ५ | |
| ६ | क्षमता विकास कार्यक्रम | रु. लाख | ३ | २६ | ३ | ५ | ६ | ६ | ७ | कार्यपालिका, पशु सेवा शाखा, वडा कार्यालय, सङ्घ तथा प्रदेश बिषयगत मन्त्रालय |
| ७ | उत्पादनमा आधारित (दुध, मासु र माछा) अनुदान कार्यक्रम | रु. लाख | ५० | २८६ | ५० | ५५ | ५८ | ६१ | ६३ | |
| ८ | कृषकको मागमा आधारित अनुदान कार्यक्रम ( दुध संकलन केन्द्र विस्तार र दुग्धजन्य पदार्थ प्रसोधन समेत) | रु. लाख | १२ | ७७ | १२ | १५ | १६ | १७ | १७ | कार्यपालिका, पशु सेवा शाखा, वडा कार्यालय, सङ्घ तथा प्रदेश बिषयगत मन्त्रालय |
| ९ | पशु हाटबजार व्यबस्थापन | रु. लाख | ५ | ४७ | ५ | ९ | १० | ११ | १२ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम | | | | | | | | |
| १० | मासु प्रसोधन तथा बजारीकरण कार्यक्रम | रु. लाख | ० | ३० | ० | ० | १५ | २५ | २८ | |
| ११ | आधुनिक पशु बधशाला निर्माण तथा स्वच्छ मासु बिक्रि पसल प्रबर्द्धन कार्यक्रम | रु. लाख | ३ | ५ | ३ | १५ | १० | १० | ५ | कार्यपालिका, पशु सेवा शाखा, वडा कार्यालय, सङ्घ तथा प्रदेश बिषयगत मन्त्रालय |
| १२ | छाडा चौपाया व्यबस्थापन कार्यक्रम (गैशाला निर्माण र संचालन समेत) | रु. लाख | २० | ११३ | २० | २० | २२ | २४ | २७ | |
| १३ | प्रयोगशाला सेवा कार्यक्रम | रु. लाख | ० | ३१ | ० | ७ | ८ | ८ | ८ | |
| १४ | नियमन, मूल्यांकन कार्यक्रम | रु.लाख | ० | १० | ० | २ | २ | २ | ३ | कार्यपालिका, पशु सेवा शाखा, वडा कार्यालय, सङ्घ तथा प्रदेश बिषयगत मन्त्रालय |
| १५ | मस्त्यपालन प्रबर्द्धन कार्यक्रम | रु. लाख | ० | ५६ | ० | १२ | १३ | १५ | १६ | |
| **जम्मा** | | | १८५ | १२०७ | १८५ | २३६ | २६३ | २९१ | ३०९ | |

स्रोतः पशुपंक्षी तथा मत्स्य विकास शाखा तथा बिषयगत समिति छलफल

### ४.२.८  जोखिम पक्ष तथा अनुगमन

यस क्षेत्रको कार्यक्रम र आयोजना कार्यान्वयनमा सम्बन्धित निकाय बीच क्रियाशिल समन्वय, श्रोत व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन र सेवा प्रवाहमा प्रभावकारिता बृद्धि हुनेछ । नगरपालिका क्षेत्रमा पशु नक्ष सुधार र पशु आहार व्यवस्थापन लगायत पशुपंक्षी विकास क्षेत्रको तथ्याङ्क व्यवस्थापन प्रणालीद्धारा पशुपंक्षीजन्य उत्पादनको ,व्यवसायीकरण र औद्योगीकरणको वातावरण निर्माण हुनेछ।

संघ र प्रदेश सरकार र सहयोगी संस्थाहरु बीच प्रभावकारी सहयोग, समन्वय र सहकार्य, संगठनात्मक र मानव श्रोत र सेवा व्यवस्थापन पशु आहार, पूर्वाधार र बजारीकरण जस्ता कार्यहरुको एकीकृत व्यवस्थापन हुन नसके अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम उत्पन्न हुन सक्दछ। छिमेकी मूलक भारतबाट आयातित उपजसँग प्रतिष्पर्धा र पशुपंक्षीजन्य उपजको गुणस्तर र न्यून उत्पादन परिमाण पनि यस क्षेत्रका जोखिम पक्षका रुपमा देखिएका छन् ।

## ४.३ पर्यटन तथा संस्कृति

### ४.३.१ पृष्ठभूमी

वर्तमान संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासबाट समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको निर्माण गर्ने राज्यको आर्थिक उद्देश्यका रुपमा अङ्गीकार गरेको। रोजगारीको हक लाई मौलिक हक अन्तरगत राखिएको छ । नेपाल सरकार र प्रदेश सरकारको साथसाथै स्थानीय सरकारको सहकार्यमा उक्त अधिकार सुनिश्चित गर्न योजनावद्ध ढंगले प्रयास गर्न आवश्यक छ । यस तथ्यलाई मनन गर्दै नगर क्षेत्रको योजनाबद्ध र सन्तुलित विकासको लागि पर्यटन क्षेत्रको विकास र प्रवद्र्धन मार्फत रोजगारी र आय वृद्धि गर्न उपयुक्त योजना तर्जुमा एबम् सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।यस नगरपालिकाको सन्दर्भमा पर्यटन विकासका प्रयासहरुलाई मार्गदर्शन गर्न यस सम्बन्धी संभावना र अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदम सहितको संक्षिप्त विश्लेषण देहायअनुसार प्रस्तुत गरिएको छ ।

### ४.३.२ संभावना तथा अवसर

नेपालको प्रमुख पर्यटकीय गन्तब्य तथा बाघको लागि प्रख्यात बर्दिया राष्ट्रिय निकुन्जको निकटमा अवस्थित बारबर्दिया नगरपालिका पर्यटन विकासको प्रचुर सम्भावना बोकेको क्षेत्र हो। आक्रर्षक वन तथा उद्यान क्षेत्र, एतिहासिक एबम धार्मिक सम्पदा, भौगोलिक अवस्थिति आदिको विस्तृत अध्ययनको आधारमा पर्यटन विकासका कार्यक्रममा जोड दिनु पर्ने देखिन्छ।बारबर्दिया नगरपालिका क्षेत्रलाई कृषि पर्यटनको रुपमा विकास गर्न सकिने प्रचुर सम्भाबना रहेको छ |

### ४.३.३ समस्या तथा चुनौती

बारबर्दिया नगरपालिकाभित्र भित्र पर्ने पर्यटकीय स्थल, सम्पदा र उपजको पहिचान, नक्शाकंन, संरक्षण र व्यवस्थापन हुन सकेको छैन । महत्वपूर्ण पर्यटकीय क्षेत्र, सम्पदा र उपजलाई ध्यान दिई अत्यावश्यक पूर्वाधार तथा सेवा सुविधा विकास र विस्तार लगायत पर्यटकीय विकास सम्बन्धी स्पष्ट योजना नहुनु समस्याको रुपमा रहेको देखिन्छ । विद्यमान पर्यटकीय सम्पदा, विशेषता, सेवा सुविधा बारेमा सूचना र प्रचारको कमी रहेको छ।मौलिक संस्कृति तथा सम्पदाको पहिचान तथा संरक्षणमा पर्याप्त ध्यान पुगेको छैन । सांस्कृतिक धार्मिक तथा ऐतिहासिक स्थलको खोज, लेखन तथा प्रचार प्रसारको कमी रहेको छ | मौलिक कला तथा सीपको हस्तान्तरण तथा बजारीकरणमा कमी रहेको छ । सांस्कृतिक परिवर्तन तथा मौलिकतामा ह्रास हुँदै गएको छ।स्थानीय प्रतिभाको सम्मान तथा प्रोत्साहनमा कमी रहेको छ ।

### ४.३.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

“दिगो पर्यटन, सम्पदा संरक्षण तथा रोजगारी प्रवद्र्धन मार्फत गरिवी निवारण ”

४.७.४ लक्ष्य

पर्यटकीय पूर्वाधारको विकास तथा प्रचार प्रसार र सम्पदा संरक्षण मार्फत पर्यटन उधोग सेवाको विशिष्टीकरण गर्ने

**उद्देश्य**

नगरपालिकाका पर्यटन विकास उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन्ः

१। पर्यटकीय क्षेत्रको पहिचान, संरक्षण र पर्यटकीय सेवाको विकास, विस्तार तथा विविधिकरण मार्फत रोजगारीको अवसर सिर्जना गर्नु ।

२। विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नु ।

## रणनीति तथा कार्यनीति

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत तथा बिषय उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न केन्द्रित रहनेगरी देहायअनुसारका उपक्षेत्रगत रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ;

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः पर्यटकीय क्षेत्रको पहिचान, संरक्षण र पर्यटकीय सेवाको विकास, विस्तार तथा विविधिकरण मार्फत रोजगारीको अवसर सिर्जना गर्नु ।** | |
| १.१ः स्थानीय प्राकृतिक एबम् धार्मिक सम्पदा तथा सांस्कृतिक विशिष्टताको पहिचान, अध्ययन, अनुसन्धान, संरक्षण एवं प्रवद्र्धन र प्रचार प्रसार मार्फत पर्यटन क्षेत्रको विकास गर्ने । | • स्थानीय ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको विवरण संकलन गरी संरक्षण तथा प्रवद्र्धन मार्फत पर्यटन क्षेत्रको विकास गरिनेछ ।<br>• स्थानीय मौलिक कला तथा संस्कृतिको जगेर्ना गर्न महोत्सव तथा प्रदर्शनीको नियमित आयोजनाका साथै मौलिक संग्राहलय स्थापना गरिनेछ ।<br>• स्थानीय सम्पदा, कला, भाषा, संस्कृति र रहनसहन समेटिएको डकुमेन्ट्री निर्माण गरी सार्वजनिक गरिनेछ ।<br>• पर्यटकीय स्थान विशेषका बारेमा सोधकर्ता, अनुसन्धानकर्ता, नियात्राकारको भ्रमण आयोजना गर्ने र खोजमूलक लेख तथा साहित्यिक लेखरचना पत्रपत्रिका लगायतका संचार माध्यममा प्रकाशित गर्ने व्यवस्था गरिनेछ।<br>• वेबसाइट, युट्युव, फेसबुक, ट्वीटर, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जालको प्रयोग गरी आवश्यक प्रचार प्रसार गरिनेछ । |
| १.२ पर्यटन क्षेत्रको विशिष्टीकरण तथा दिगो पर्यटन पूर्वाधारको विकासको माध्यमद्वारा रोजगारी सिर्जना र आय वृद्धि गर्ने । | • पर्यटन व्यवसायीहरूलाई विषयगत इन्स्ट्रक्टर झिकाई स्थानीय स्तरमै पेशागत तालिमको व्यवस्था गरिनुका साथै भइरहेका व्यवसायहरूको स्तरोन्नतिकालागि सहुलियत दरको पुँजीको खोजी गरिदिइनेछ ।<br>• विशेष पर्यटकीय स्थलहरूको पहिचान गरी पूर्वाधार निर्माणको विस्तृत योजना प्रतिवेदन तयार गरि कार्यान्वयन गरिनेछ ।<br>• स्थानीय संस्कृति एवं रितिरिवाजको प्रवद्र्धन सहित प्रबिधिमैत्री होमस्टे कार्यक्रम सञ्चालन गरिने छ । होमस्टेमा अनलाइन बुकिंग हुने गरि सबै सुचना राख्ने व्यवस्था मिलाइनेछ ।<br>• कृषि तथा माछा पकेट क्षेत्रजस्ता एकीकृत कृषि फर्म सहित कृषि उद्यम र पर्यटन पूर्वाधार विकाससँग एकीकृत गरी पर्यटन विकासको कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• प्राकृतिक, दृश्यावलोकन, धार्मिक, सांस्कृतिक कृषि र ग्रामीण जनजीवनमा आधारित दिगो पर्यटनको विकास गरिनेछ ।<br>• पर्यटन विकासमा विशेष गरी युवा, महिला र लक्षित वर्गमा रोजगारी सृजना र आय वृद्धि गरिनेछ । प्राप्त आय लक्षित समुदायसम्म पुर्‍याउन लक्षित वर्ग र समुदायको अग्रसरतालाई महत्व दिइनेछ । |
| **उद्देश्य २ः विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नु ।** | |
| २.१ः सबै जात जाति र समुदायका धर्म, भाषा, | • धार्मिक, सांस्कृतिक सहिष्णुता कायम राख्दै प्रत्येक समुदायको धार्मिक एवम् सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्न बहुसांस्कृतिक ग्रामको |

| | |
|---|---|
| संस्कृति, कला, साहित्य र पुरातात्विक एवम् मौलिक सम्पदा तथा परम्पराको संरक्षण, सम्वर्द्धन र विकास गरी भावी पुस्तामा हस्तान्तरण हुने व्यवस्था गर्ने । | स्थापना र विकास गरिनेछ।<br>• बहुसांस्कृतिक ग्राममा रहने संग्रहालयमा स्थानीय कला, भाषा, लिपि, संस्कृति र ऐतिहासिक वस्तुहरू प्रदर्शनको व्यवस्था मिलाइनेछ।<br>• भाषा, कला र संस्कृतिको संरक्षण, सम्बर्धन र विकास गर्ने नीति, नियम, योजन तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>• धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको विकासमा उल्लेखनीय योगदान गर्ने व्यक्तित्वहरूको नामबाट निर्मित संरचनाहरूको नामकरण गरिनुका साथै यस क्षेत्रबाट सामाजिक, सांस्कृतिक रूपान्तरणमा विशिष्ट योगदान गर्ने व्यक्तित्वलाई सम्मानित र पुरस्कृत गरिनेछ ।<br>• विभिन्न धार्मिक सम्पदा एवम् तीर्थस्थलहरूलाई व्यवस्थापकीय सुधार गरी दिगो रूपमा सञ्चालन गरिनेछ ।<br>• परम्परादेखि लाग्दै आएका ठूला मेलाहरूको उचित व्यवस्थापन गर्ने प्रबन्ध मिलाइनेछ।<br>• मौलिक भाषा, लोक संगीत, संस्कृति र कला सम्बन्धी सामग्री आधारभूत तहको स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ । |
| २.२ः भाषा, कला, साहित्य र संस्कृतिका खोज अनुसन्धान गरी धार्मिक एवम् साँस्कृतिक पर्यटनको प्रवर्द्धन गर्दै आर्थिक समृद्धिमा टेवा पुऱ्याउने । | • थारु लगायत विभिन्न जातजाति र भाषाभाषीको मौलिक एवम् परम्परागत धर्म, संस्कृतिको संरक्षण र विकास गर्न खोज अनुसन्धान गरिनेछ ।<br>• भाषा र संस्कृतिको विकास गरी भाषा र संस्कृतिलाई पर्यटन प्रवर्द्धनसँग जोडिनेछ ।<br>• नगरपालिका क्षेत्र भित्र रहेका सम्पदाहरूको खोज, अन्वेषण गरी संरक्षण गरिनेछ । |

### ४.३.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

पर्यटन तथा संस्कृति विषय उपक्षेत्रगत सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १७ पर्यटन तथा संस्कृति उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य

| सूचक | इकाई | आधार वर्ष | | आवधिक योजना अबधिको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | जम्मा |
| पर्यटन विकास | | | | | | | | |
| भ्रमण गर्ने वार्षिक आन्तरिक पर्यटक हजारमा) | संख्या | ३ | ३.५ | ४ | ४.५ | ५ | ५.५ | |
| भ्रमण गर्ने वार्षिक आन्तरिक पर्यटक हजारमा) | संख्या | १.५ | १.५ | २ | २.५ | ३ | ४ | |
| संचालित होमस्टे | संख्या | ३ | ४ | ५ | ५ | ५ | ५ | |
| | | | | | | | | |

स्रोतः गोष्ठी, छलफल तथा सम्बन्धित शाखा

### ४.३.६ विषय उपक्षेत्रगत खर्चको अनुमान

पर्यटन तथा संस्कृति विकास उपक्षेत्रको खर्च र स्रोतको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका १८ पर्यटन तथा संस्कृति विकास उपक्षेत्रको खर्चको अनुमान

| बजेट तथा खर्च अनुमान रु.लाखमा | | | | | |
|---|---|---|---|---|---|
| आ.ब.०७९/०८० | आ.ब.०८०/०८१ | आ.ब.०८१/०८२ | आ.ब.०८२/०८३ | आ.ब.०८३/०८४ | जम्मा |
| ८६ | ९९ | १०३ | ११४ | ११९ | ५२१ |

स्रोतः मध्यमकालीन खर्च संरचना, सम्बन्धित शाखा र आर्थिक प्रशासन शाखा

### ४.३.७ आवधिक योजना अबधिमा कार्यान्वयन गरिने कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

पर्यटन तथा संस्कृति विकास उपक्षेत्र अन्तर्गतका आयोजना तथा कार्यक्रम र बिषय उपक्षेत्रगत रुपमा आवधिक योजना अबधिमा संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १९ पर्यटन तथा संस्कृति विकास उपक्षेत्रका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.न | कार्यक्रम तथा आयोजना | एकाई | आधार बर्षको अवस्था | योजनाको लक्ष्य | अनुमानित स्रोत र बार्षिक लक्ष्य (रु. लाखमा) आ.ब. | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | |
| १ | संस्कृति तथा कृषि पर्यटन पूर्वाधार विकास कार्यक्रम (एक वडा कम्तिमा एक पूर्वाधार) | रु लाखमा | ३० | १६९ | ३० | ३२ | ३३ | ३६ | ३८ | कार्यपालिका, कृषि शाखा, वडा कार्यालय, सङ्घ तथा प्रदेश बिषयगत मन्त्रालय |
| २ | नगरपालिका क्षेत्र भित्रको सडक खण्ड सौन्दर्यकरण कार्यक्रम | रु लाख | १० | ५६ | १० | ११ | ११ | १२ | १३ | |
| ३ | नगरपालिका क्षेत्रमा पार्क तथा गार्डेन पर्यटकीय पूर्वाधार निर्माण | रु लाखमा | ३० | १६९ | ३० | ३२ | ३३ | ३६ | ३८ | कार्यपालिका, कृषि शाखा, वडा कार्यालय, सङ्घ तथा प्रदेश बिषयगत मन्त्रालय |
| ४ | १ वडा १ बाल उद्यान ( ११ उद्यान) | रु लाखमा | ११ | ५५ | ११ | १० | ११ | १२ | १२ | |
| ५ | प्रबिधि मैत्री होमस्टे बिस्तार तथा प्रबर्द्धन कार्यक्रम | रु लाखमा | ३ | ३८ | ३ | ८ | ८ | ९ | १० | |
| ६ | कृषि पर्यटन प्रबर्द्धन कार्यक्रम, निजि क्षेत्रसंगको साझेदारीमा | रु लाखमा | २ | ३३ | २ | ७ | ७ | ८ | ८ | |

### ४.३.८ जोखिम पक्ष तथा अनुगमन

पर्यटन उपक्षेत्रको प्रस्तावित कार्यक्रम र आयोजनाको प्रभावकारी र नतिजामुखी कार्यान्वयन भएको खण्डमा नगरपालिका क्षेत्रको आर्थिक सामाजिक क्षेत्रको विकासमा टेवा पुग्ने, रोजगारीको अवसर वृद्धि हुने, स्थानीय उत्पादनको बजारीकरणमा सहयोग पुग्ने तथा समग्र पर्यटकिय क्षेत्रको विकास र विस्तारमा सहयोग पुग्ने अनुमान गरिएको छ । प्रस्तावित योजना तथा कार्यक्रम कार्यान्वयनमा सामाजिक तथा सांस्कृतिकरुपमा समुदायको एकरुपता कायम र सम्बन्धित निकाय बीच क्रियाशिल समन्वय, श्रोत व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन र सेवा प्रवाहमा प्रभावकारिता बृद्धि हुन नसकेको खण्डमा लक्ष्य हासिल हुन नसक्ने जोखिम रहन्छ। संघ र प्रदेश सरकार र सहयोगी संस्थाहरु बीच प्रभावकारी सहयोग, समन्वय र सहकार्य, संगठनात्मक र मानव श्रोत र सेवा व्यवस्थापन, निजि क्षेत्रसँगको समन्वय, सहकार्य, सेवा व्यवस्थापन र अन्य क्षेत्रसँग एकीकृत अनुगमन सहितको कार्य संचालन नभएमा अपेक्षित उपलब्ध हासिल नहुने जोखिम रहन्छ।

## ४.४ सिंचाई

### ४.४.१ पृष्ठभूमी

वर्तमान संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासबाट समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको निर्माण गर्ने राज्यको आर्थिक उद्देश्यका रुपमा अङ्गीकार गरेको।यस तथ्यलाई मनन गर्दै नगर क्षेत्रको योजनाबद्ध र सन्तुलित विकासको लागि उद्योग व्यवसाय, पर्यटन, सिंचाई र कृषि क्षेत्रको विकास र प्रवद्र्धन मार्फत उत्पादन, रोजगारी र आय वृद्धि गर्न उपयुक्त योजना तर्जुमा एबम् सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।यस नगरपालिकाको सन्दर्भमा आर्थिक विकासका प्रयासहरुलाई मार्गदर्शन गर्न सहयोगी हुने सिंचाई सम्बन्धी संभावना र अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदम सहितको संक्षिप्त विश्लेषण देहायअनुसार प्रस्तुत गरिएको छ ।

### ४.४.२ संभावना तथा अवसर

नगरपालिकामा परम्परागत रुपमा चलिआहेका राजकुलो लगायतका अन्य सिंचाई आयोजनाबाट सिंचाई भैरहेको छ।हाल प्रयोगमा रहेका सिंचाई प्रविधिहरुमा कुलो तथा डिप बोरिंग सिंचाई रहेका छन्।सिंचाईका लागि यस नगरपालिकामा रहेका खोला नालाहरुबाट सिंचाईको दिगो व्यवस्थापनबाट खेतीयोग्य भूमिमा सिंचाई सुविधा विस्तार गर्न सकिने संभावना रहेको छ ।आर्थिक विकासको प्रमुख साधन मध्ये सिंचाई एक प्रमुख क्षेत्र हो।

### ४.४.३ समस्या तथा चुनौती

बारबर्दिया नगरपालिकाभित्र पानीको सिमित स्रोतका कारण संचालित अन्य सिंचाई आयोजनाहरु विस्तार हुन नसक्नु तथा संकलन पोखरी, भूमिगत सिंचाई र लिफ्ट प्रणाली जस्ता वैकल्पिक सिंचाई आयोजना सञ्चालन हुन नसकेको देखिन्छ । यसका साथै व्यवसायिक ज्ञानको साथै पूर्वाधारहरु कमी यस क्षेत्रका मुख्य चुनौतीको रुपमा रहेका छन् ।

### ४.४.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

“दिगो, सन्तुलित र व्यवस्थित सिंचाई”

**लक्ष्य**

दिगो सिंचाई सुविधाको विकास र विस्तार मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्ने

**उद्देश्य**

नगरपालिकाका सिंचाई विकास उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन्:

१. परम्परागत सिँचाइ संरचनामा सुधार गर्दै दिगो तथा वैकल्पिक सिंचाई सुविधाको विकास र विस्तार गर्नु।

**रणनीति तथा कार्यनीति**

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत तथा बिषय उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न केन्द्रित रहनेगरी देहायअनुसारका उपक्षेत्रगत रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ;

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १**: परम्परागत सिँचाइ संरचनामा सुधार गर्दै दिगो तथा वैकल्पिक सिंचाई सुविधाको विकास र विस्तार गर्नु । | |
| १.१: परम्परागत सिँचाइ संरचनामा सुधार र व्यवस्थापनबाट खाद्य असुरक्षित क्षेत्रहरूलाई प्राथमिकतामा राखी सिँचाइको पहुँच वृद्धि गर्ने । | • परम्परागत सिँचाइका स्रोतहरूको विवरण तयार गरी उपरोक्त स्रोतहरूको क्षमताको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइ संरक्षण र विकास गर्ने कार्यको थालनी गरिनेछ। पारिनेछ।<br>• आधारभूत सिँचाइको पहुँच बृद्दिकोलागि खाद्य असुरक्षित क्षेत्रहरूको पहिचान गरी प्राथमिकताको निर्धारण गरी संरचना निर्माणको तथा ब्यबस्थापनका लागि वित्तीय स्रोतको व्यवस्था गरिनेछ । |
| १.२: आधारभूत सिँचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूमा वैकल्पिक स्रोतहरूको व्यवस्थापन गरी सिँचाइको पहुँच वृद्धि गर्ने । | • सिँचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूको विवरण तयार तथा सिँचाइका वैकल्पिक स्रोतहरूको पहिचान गरी सम्भ्याव्यता अध्ययन गरिनेछ। सिंचाई आयोजनाका मुहानहरूको संरक्षण गरिनेछ।<br>• प्राथमिकताको आधारमा वैकल्पिक सिँचाइ संरचना निर्माणको लागि आवश्यक स्रोतको व्यवस्थापन गरी कार्यान्वयन गरिनेछ।<br>• सतह सिँचाइको सम्भावना नभएको क्षेत्रमा लिफ्टिङ प्रणालीबाट सिँचाइ गर्ने योजना कार्यान्वयन गरिनेछ ।<br>• संरचना निर्माणको लागि उपभोक्ताको लागत सहभागिताका साथै निजी वा अन्य क्षेत्रसँग साझेदारी गरिनेछ।<br>• सिँचाइ आयोजनाहरू दिगो संचालनको लागि कृषक तथा समुदायको क्षमता वृद्धि गरिनुका साथै आवश्यक संस्थागत ब्यबस्था गरिनेछ । |
| १.३ खेतीयोग्य जमिन भएको तर सिँचाइको पहुँच नपुगेको वा अपर्याप्त भएको क्षेत्रमा प्राथमिकताको आधारमा सिँचाइको पहुँच वृद्धि गरिनेछ । | • निर्माण सम्पन्न पश्चात समुचित प्रयोगमा नआएका विद्यमान बिभिन्न सिंचाई प्रणालीको संरक्षण, मर्मत सम्भार तथा स्तरोन्नति गरी पूर्ण प्रयोगमा ल्याइनेछ<br>• एकै योजनाबाट समुदायमा खानेपानी र सिँचाइको व्यवस्थापन गर्न सम्भब भएको अवस्थामा त्यस्ता योजनालाई प्राथमिकता दिइनेछ ।<br>• सिँचाइको लागि प्राथमिकताको आधारमा साना जलासय, पोखरी आदि संरचना तयार गरिनेछ ।<br>• सिँचाइका संरचनाको विस्तार तथा दिगो ब्यबस्थापनको लागि उपभोक्ताको सहभागिता सुनिश्चित गरिनुका साथै सामूहिक कोषको व्यवस्था गरिनेछ। |
| १.४ : दिगो सिँचाइ प्रणालीको लागि संरचनाको विकास र व्यवस्थापन गर्ने। | • सिँचाइ योजनाको सञ्चालन र व्यवस्थापनलाई दिगो बनाउन सिँचाइ सेवा शुल्क निर्धारण गरी सङ्कलन र उपयोग गर्न कानुनी व्यवस्था गरिनेछ ।<br>• दिगो सिँचाइको व्यवस्थापनकोलागि उपभोक्ता र समुदायको क्षमता वृद्धि गरिनेछ ।<br>• सिँचाइ पुगेका क्षेत्रमा उत्पादकत्व बढाउन सकिने खालका नगदेबाली, फलफूल तथा खाद्यवस्तुको उत्पादनलाई प्रोत्साहित गरिनेछ |

### ४.४.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

सिंचाई विकास उपक्षेत्रको सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २० सिंचाई विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य

| सूचक | इकाई | आधार वर्ष | आवधिक योजना अबधिको लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | जम्मा |
| सिंचाई | | | | | | | | |
| जमीनको उत्पादकत्व प्रति हेक्टर (वार्षिक औषत कुल कृषि उत्पादन) | मे.टन | १२.३४ | १३ | १३ | १३ | १३ | १४ | |
| १२ है महिना सिंचाई हुने क्षेत्र (खेतीयोग्य जमिनको ) | प्रतिशत | ३५ | ४० | ४५ | ५० | ५५ | ५८ | |

स्रोतः तथ्यांक संकलन, गोष्ठी, छलफल तथा सम्बन्धित शाखा

## ४.४.६ विषय उपक्षेत्रगत खर्चको अनुमान

सिंचाई विकास उपक्षेत्रको खर्चको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका २१ सिंचाई विकास उपक्षेत्रको खर्चको अनुमान

| बजेट तथा खर्च अनुमान रु.लाखमा | | | | | |
|---|---|---|---|---|---|
| आ.ब.०७९/०८० | आ.ब.०८०/०८१ | आ.ब.०८१/०८२ | आ.ब.०८२/०८३ | आ.ब.०८३/०८४ | जम्मा |
| १३५ | १२७ | १३३ | १५५ | १५७ | ७०७ |

स्रोतः प्रसाबित आयोजना तथा कार्यक्रम र प्रस्तावित लागत, मध्यमकालीन खर्च संरचना, सम्बन्धित शाखा र आर्थिक प्रशासन शाखा

## ४.४.७ आवधिक योजना अबधिमा कार्यान्वयन गरिने कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

सिंचाई विकास बिषय उपक्षेत्रगत रुपमा आवधिक योजना अबधिमा संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २२ सिंचाई विकास बिषय उपक्षेत्रका कार्यक्रम/आयोजनाको प्रस्तावित विवरण

| सि.न. | कार्यक्रम तथा आयोजना | एकाई | आधार बर्षको अवस्था | योजना अबधिको कूल लक्ष्य | अनुमानित स्रोत र बार्षिक लक्ष्य (रु. लाखमा) आ.ब. | | | | | जिम्मेवार निकाय | जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | | |
| | सिंचाई | | | | | | | | | | |
| १ | लिफ्ट सिंचाई आयोजना बार्षिक बढीमा १ वटा(लागत सहभागितामा आधारित) | रु.लाख | ० | ५१५ | १०० | ९० | ९५ | ११५ | ११५ | | |
| २ | साना सिंचाई अनुदान कार्यक्रम | रु.लाख | 25 | १३४ | 25 | 26 | २७ | २८ | २८ | | |
| ३ | कुलो तथा पोखरी संरक्षण, मर्मतसंभार र स्तरोन्नति | रु.लाख | 10 | ५८ | 10 | 11 | ११ | १२ | १४ | | |
| ४ | सालबसाली सिंचाई प्रबर्द्धन कार्यक्रम | रु.लाख | ० | २३० | ४० | ४२ | ४५ | ५० | ५५ | | |

## ४.४.८ जोखिम पक्ष तथा अनुमान

यस क्षेत्रको कार्यक्रम र आयोजना कार्यान्वयनमा सम्बन्धित निकाय बीच क्रियाशिल समन्वय, श्रोत व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन र सेवा प्रवाहमा प्रभावकारिता बृद्धि हुनेछ ।संघ र प्रदेश सरकार तथा सहयोगी संस्थाहरु बीच प्रभावकारी सहयोग, समन्वय र सहकार्य, संगठनात्मक र मानव श्रोत र सेवा व्यवस्थापन भरपर्दो सिंचाई प्रणाली, संघ, प्रदेश र स्थानीय सरकार, सहकारी, सहयोगी संस्था नीजि क्षेत्रसँगको समन्वय, सहकार्य, सेवा व्यवस्थापन र अन्य क्षेत्रसँग एकीकृत अनुगमन सहितको कार्य संचालन नभएमा अपेक्षित उपलब्ध हासिल नहुने जोखिम रहन्छ।

## ४.५ उद्योग, ब्यापार तथा ब्यबसाय र रोजगारी

### ४.५.१ पृष्ठभूमी

वर्तमान संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासबाट समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको निर्माण गर्ने राज्यको आर्थिक उद्देश्यका रुपमा अङ्गीकार गरेको। खाद्य सुरक्षा, सम्पति तथा रोजगारीको हक लाई मौलिक हक अन्तरगत राखिएको छ । नेपाल सरकार र प्रदेश सरकारको साथसाथै स्थानीय सरकारको सहकार्यमा उक्त अधिकार सुनिश्चित गर्न योजनावद्ध ढंगले प्रयास गर्न आवश्यक छ । यस तथ्यलाई मनन गर्दै नगर क्षेत्रको योजनाबद्ध र सन्तुलित विकासको लागि उद्योग व्यवसाय, पर्यटन र कृषि क्षेत्रको विकास र प्रवद्र्धन मार्फत उत्पादन, रोजगारी र आय वृद्धि गरी गरिवी निवारण गर्न उपयुक्त योजना तर्जुमा एबम् सोको कार्यान्वयन गर्नुपर्ने देखिन् । यस नगरपालिकाको सन्दर्भमा आर्थिक विकासका प्रयासहरुलाई मार्गदर्शन गर्न उद्योग, ब्यापार तथा ब्यबसाय, रोजगारी र गरिवी निवारण सम्बन्धी संभावना र अवसर, समस्या तथा चुनौति एबम् चाल्नु पर्ने कदम सहितको संक्षिप्त विश्लेषण देहायअनुसार प्रस्तुत गरिएको छ ।

### ४.५.२ संभावना तथा अवसर

बारबर्दिया नगरपालिका ब्यापार तथा ब्यबसाय र औद्योगिक विकासको प्रचुर सम्भावना बोकेको क्षेत्र हो। नगरपालिका क्षेत्रमा बजार केन्द्रहरु विकास हुँदै गएका छन् भने बारबर्दिया क्षेत्र ब्यापार तथा व्यवसायका लागि समेत व्यापारिक केन्द्रको रुपमा विकास हुन सक्ने सम्भाबना बोकेको क्षेत्र हो। बारबर्दिया नगरपालिकाको आर्थिक विकासको प्रमुख साधन मध्ये श्रम शक्ति एक हो। रोजगारीका प्रशस्त संभावना तथा अवसर उपलब्ध रहेको यस नगरका मुख्य क्षेत्रहरुमा व्यापार, सेवा क्षेत्र, कृषि तथा पशुपंक्षी पालन, निर्माण क्षेत्र, पर्यटन, उद्योग तथा कलकाखानाको विकास मार्फत मर्यादित श्रमको प्रबर्द्धन गर्दै रोजगारी सिर्जना मार्फत गरिवी निवारण गर्नुपर्ने अवस्था रहेको देखिन्छ। भूउपयोग नीतिको कार्यान्वयन तथा भौतिक पूर्वाधारको व्यवस्था जस्ता कुराहरुको प्रबद्र्धन गर्न सकेमा उद्योग, व्यापार तथा व्यवसाय सिर्जना र विकास मार्फत नगरपालिकाको आर्थिक विकासमा ठूलो टेवा पुग्ने सम्भावना रहेको छ ।

### ४.५.३ समस्या तथा चुनौती

बारबर्दिया नगरपालिकाभित्र उद्योग, व्यापार तथा व्यवसायको दर्ता, नविकरण, कर तथा दस्तुर असुली र नियमनलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ। नगरपालिकामा उद्योग व्यवसायमा संम्लग्न जनसंख्या सम्भावनाको आधारमा न्यून रहेको छ भने सञ्चालनमा रहेका उद्योगहरु तथा परम्परागत व्यवसायलाई आधुनिकीकरण गर्न नसक्नु,, वित्तीय पहुँच सहज नहुनु, विशेषज्ञ स्तरको दक्ष जनशक्तिको उपलव्धता नहुनु प्रमुख समस्याको रुपमा रहेको देखिन्छ। वित्तीय पहुँच सहज नहुनु, विशेषज्ञ स्तरको दक्ष जनशक्तिको उपलव्धता नहुनु रोजगारी सिर्जनाका प्रमुख समस्याको रुपमा रहेको देखिन्छ ।

### ४.५.४ विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

" स्थानीय सिप र कलामा आधारित तथा आधुनिक रोजगारमूलक उद्योग, ब्यबसायको प्रबर्धन समृद्ध नगर"

**लक्ष्य**

औधोगिक वातावरणको निर्माण तथा स्थानीय सीप एवं कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगको सिर्जना र विकास मार्फत उत्पादन, रोजगारी र आयमा समतामूलक, गुणात्मक र दिगो वृद्धि गर्ने

**उद्देश्य**

नगरपालिकाका उद्योग, व्यापार तथा व्यवसाय एबम् श्रम तथा रोजगारी उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

१. उद्योग, व्यापार तथा व्यवसाय र आपूर्ति व्यबस्थाको विकास तथा विस्तार गर्नु,

२. स्थानीयस्तरमा उपलब्ध रोजगारीको विस्तार तथा रोजगारमूलक उद्यमको प्रवद्र्धन मार्फत गरिवी निवारण गर्नु,

## रणनीति तथा कार्यनीति

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत तथा बिषय उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न केन्द्रित रहनेगरी देहायअनुसारका उपक्षेत्रगत रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ;

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः उद्योग, व्यापार तथा व्यवसाय र आपूर्ति व्यबस्थाको विकास तथा विस्तार गर्नु, ।** | |
| १.१ः लघु, साना, मझौला तथा ठूला उद्योग सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा वातावरण तयार गर्ने । | • उद्योग, व्यवसाय तथा सेवा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गरिनेछ ।<br>• सम्भाव्यता अध्ययनको आधारमा लघु, घरेलु तथा साना उद्योगहरुको स्थापना र पुनरुथानमा जोड दिईनेछ ।<br>• लघु, साना, मझौला तथा ठूला उद्योग सञ्चालनका लागि आवश्यक पूर्वाधारको विकास र विस्तार गर्न बिशेष कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ ।<br>• नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरी नगरपालिकाको उपयुक्त क्षेत्रमा औद्योगिक ग्राम स्थापना गरी औद्योगिक विकासको ठोस आधार तयार गरिनेछ ।<br>• उद्योग वाणिज्य सङ्घ लगायत सरोकारवाला सङ्घ संस्थाको सहकार्यमा व्यापार प्रवद्र्धन गर्ने नीति अवलम्बन गरिनेछ । |
| १.२ अत्यावस्यक सामाग्रीको सहज आपूर्तिको सुनिश्चितता गर्ने । | • सुपथ मुल्य पसल सञ्चालनकालागि सहज कर्जा तथा नियमित अनुगमनको व्यवस्था मिलाइनेछ ।<br>• नगरपालिका भित्रको सम्पुर्ण आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन उच्चस्तरीय बजार अनुगमनको संयन्त्र परिचालित गरिनेछ। |
| **उद्देश्य २ः स्थानीयस्तरमा उपलब्ध रोजगारीको विस्तार तथा रोजगारमूलक उद्यमको प्रवद्र्धन गर्नु, ।** | |
| २.१ः स्थानीय स्रोतमा आधारित कच्चा पदार्थको प्रशोधन गर्न तथा उद्योग सञ्चालन गर्न सहजिकरण एवम् प्रोत्साहन मार्फत रोजगारीको अवसर सिर्जना गर्ने । | • स्थानीय कच्चा पदार्थमा आधारित घरेलु एबम् मझौला उद्योग स्थापना र व्यावसायिक संचालनमा बिशेष प्रोत्साहन मार्फत रोजगारी सिर्जना गरिनेछ ।<br>• स्थानीय रुपमा उपलब्ध हुने कच्चा पदार्थको प्रशोधन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।<br>• निजी-सहकारी लगानी मैत्री वातावरण निर्माण गर्न आवश्यक संस्थागत संयन्त्र बनाई क्रियाशील गरिनेछ ।<br>• उद्योगी, व्यवसायी एवम् लगानीकर्तालाई उद्योग दर्तादेखि स्थानान्तरण सम्मका सेवाहरू सहज उपलब्ध गराइनेछ ।<br>• कृषि, पशु, माछा र वनमा आधारित उत्पादन र प्रसोधन सम्बन्धी उद्योगको स्थापना र सञ्चालन गरिनेछ ।<br>• बेरोजगार तथा वैदेशिक रोजगारीबाट फर्केका युवालाई लक्षित गरी कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसायमा आधारित उद्यम व्यवसायका सीप र उद्यमशिलता विकास सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।<br>• उद्योग ब्यवसायमा महिला, दलित तथा अति विपन्न नागरिकको सहभागिता प्रोत्साहन गर्न लक्षित कार्यक्रम संचालन गरिनेछ।<br>• श्रमको सम्मान, उचित पारिश्रमिक र श्रममैत्री कार्यस्थलको निर्माण गरिनेछ, |
| २.२ स्थानीय उत्पादनको | • स्थानीय स्रोतमा आधारित हस्तकला उद्योगहरूको स्थापनाद्वारा परम्परागत सीप तथा |

| रणनीति | कार्यनीति |
|---|---|
| गुणस्तरीयता सुनिश्चित गर्दै बजार प्रवद्र्धन गर्ने । | प्रविधिको संरक्षण र विकास गरिनेछ ।<br>• औद्योगिक उत्पादनको गुणस्तरमा सुधार गर्न गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था गरिनेछ ।<br>• तुलनात्मक लाभका वस्तुहरूको उत्पादन र उत्पादकत्व बढाउन सम्वन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ ।<br>• तुलनात्मक लाभका वस्तु तथा सेवाहरूको पहिचान गरी निर्यातयोग्य हुने वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ । |

### ४.५.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

उद्योग, ब्यापार तथा ब्यबसाय उपक्षेत्रको सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २३ आर्थिक विकास क्षेत्रको नतिजा सूचक तथा लक्ष्य

| सूचक | इकाई | आधार वर्ष | | आवधिक योजना अबधिको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | जम्मा |
| उद्योग र व्यवसाय क्षेत्रमा रोजगार | संख्या | १०९४ | ११०० | १११५ | १२३० | १२७० | १३०७ | |
| नोकरी | संख्या | ९०० | १००० | १०५० | ११०० | ११५० | १२०० | |
| सेवा क्षेत्रमा रोजगार | संख्या | १०० | १०५ | ११५ | १३० | १४० | १५० | |
| वैदेशिक रोजगारीमा गएका व्यक्ति | संख्या | १७६४ | १६५४ | १४७० | १३३५ | १२५५ | १२०० | |
| ज्याला मजदुरी | संख्या | ४७३८ | ४५५० | ४५०६ | ४४५० | ४३६० | ४२७३ | |

स्रोतः सम्बन्धित शाखा

### ४.५.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

उद्योग, ब्यापार तथा ब्यबसाय र रोजगारी उपक्षेत्रको खर्चको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका २४ उद्योग, ब्यापार तथा ब्यबसाय र रोजगार उपक्षेत्रको खर्चको अनुमान

| बजेट तथा खर्च अनुमान रु.लाखमा | | | | | |
|---|---|---|---|---|---|
| आ.ब.०७९/०८० | आ.ब.०८०/०८१ | आ.ब.०८१/०८२ | आ.ब.०८२/०८३ | आ.ब.०८३/०८४ | जम्मा |
| २११ | ३०५ | ३१८ | ३४२ | ३७१ | १५४८ |

स्रोतः मध्यमकालीन खर्च संरचना, सम्बन्धित शाखा र आर्थिक प्रशासन शाखा

### ४.५.७ आवधिक योजना अबधिमा कार्यान्वयन गरिने कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

उद्योग, व्यापार तथा व्यबसाय र रोजगार उपक्षेत्रको विषय उपक्षेत्रगत रुपमा आवधिक योजना अबधिमा संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, देहायअनुसार तालिका ४. ५.३ मा प्रस्तुत गरिएको छ।

तालिका २५ उद्योग, व्यापार तथा व्यबसाय र रोजगार उपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.न . | कार्यक्रम तथा आयोजना | एकाई | आधार बर्षको अवस्था | योजना अबधिको कूल लक्ष्य | अनुमानित स्रोत र बार्षिक लक्ष्य (रु. लाखमा) आ.ब. | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | |
| १ | औधोगिक ग्राम स्थापना (१) | रु.लाख | ० | २७ | ० | १५ | ५ | ५ | २ | कार्यपालिका, सम्बन्धित शाखा , वडा कार्यालय, सङ्घ तथा प्रदेश बिषयगत मन्त्रालय |
| २ | कृषिमा आधारित उद्ध्योग संचालन प्रबर्द्धन कार्यक्रम (माछा, दुग्ध, केरा) | रु.लाख | १० | ६४ | १० | १२ | १३ | १४ | १५ | |
| ३ | लघु तथा घरेलु उद्धम विकास कार्यक्रम (मेड्पा मोडल) | रु.लाख | ४५ | २५८ | ४५ | ४७ | ५२ | ५४ | ६० | |
| ४ | व्यवसाय दर्ता तथा नविकरण कार्यविधि/निर्देशिका तर्जुमा | रु.लाख | ३ | १२ | ३ | २ | २ | २ | ३ | |
| ५ | लक्षित बर्ग व्यबसाय प्रबर्द्धन कार्यक्रम | रु.लाख | ५ | ३२ | ५ | ६ | ७ | ७ | ८ | |
| ६ | उद्धमशिलता क्षमता विकास कार्यक्रम | रु.लाख | ५ | ३७ | ५ | ७ | ८ | ८ | ९ | कार्यपालिका, सम्बन्धित शाखा , वडा कार्यालय, सङ्घ तथा प्रदेश बिषयगत मन्त्रालय |
| ७ | नगरस्तरीय रोजगार प्रबर्द्धन योजना तर्जुमा | रु.लाख | २ | ८ | २ | ३ | १ | १ | १ | |
| ८ | सुचिकृत श्रमिक सिपमुलक तालिम र प्रविधि हस्तान्तरण संचालन कार्यक्रम | रु.लाख | १५ | ११२ | १५ | २० | २२ | २५ | ३० | |
| ९ | श्रमिक सामाजिक सुरक्षा कार्यक्रम | रु.लाख | १० | ७५ | १० | १२ | १५ | १८ | २० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | रोजगार सेवा केन्द्रमा सुचिकृत मध्ये नगरपालिकाको योजना मार्फत थप रोजगारी | रु.लाख | ० | १९० | ० | ४० | ४५ | ५० | ५५ | कार्यपालिका, सम्बन्धित शाखा , वडा कार्यालय, सङ्घ तथा प्रदेश बिषयगत मन्त्रालय |
| ११ | दिगो रोजगारीको लागि घरेलु तथा साना उद्योग स्थापना तथा संचालन प्रोत्साहन कार्यक्रम | रु.लाख | ० | ९७ | ० | २० | २२ | २५ | ३० | |
| १२ | रोजगार सम्बाद मंच स्थापना | रु.लाख | ० | ४ | ० | १ | १ | १ | १ | |
| १३ | रोजगार प्रबर्द्धन कार्यक्रम | रु.लाख | ११२ | ६०२ | ११२ | ११५ | १२० | १२५ | १३० | |
| १४ | श्रमको सम्मान राष्ट्रको अभिमान कार्यक्रम | रु.लाख | ० | ४ | ० | १ | १ | १ | १ | |
| १५ | माध्यमिक तहमा उद्धमशिलता तथा रोजगारी सिप तालिम कार्यक्रम | रु.लाख | ४ | २६ | ४ | ४ | ५ | ६ | ७ | |

### ४.५.८ जोखिम पक्ष तथा अनुगमन

उद्योग तथा ब्यबसाय र रोजगार क्षेत्रमा लगानी प्रबर्द्धन मार्फत नगरपालिकाको यस क्षेत्रको कार्यक्रम र आयोजना कार्यान्वयनमा सम्बन्धित निकाय बीच क्रियाशिल समन्वय, श्रोत व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन र सेवा प्रवाहमा प्रभावकारिता बृद्धि हुनेछ। नगरपालिका क्षेत्र भित्रका युवाहरुलाई स्थानीय, राष्ट्रिय अन्तराष्ट्रिय बजारको माग अनुसारको ज्ञान, सीप र प्रविधि प्रदान गर्न, क्षमता तथा उद्यमशिलता विकास गरी रोजगारीको अवसरमा परिचालन गर्न आवश्यक छ । यसै गरि नगरपालिकामा विस्तार हुन सक्ने उद्योग तथा ब्यापार क्षेत्रको पहिचान गरी निजि क्षेत्रलाई आकर्षित गर्नुका साथै लगानीमैत्री वातावरण सिर्जना गर्न सकेमा अपेक्षित उपलब्धि हासिल हुन सक्ने अनुमान गर्न सकिन्छ ।

संघ, प्रदेश र स्थानीय सरकार, सहकारी, सहयोगी संस्था नीजि क्षेत्रसँगको समन्वय, सहकार्य, सेवा व्यवस्थापन र अन्य क्षेत्रसँग एकीकृत अनुगमन सहितको कार्य संचालन नभएमा अपेक्षित उपलब्ध हासिल नहुने जोखिम रहन्छ।

## ४.६ सहकारी तथा वित्तीय सेवा

### ४.६.१ पृष्ठभूमी

वर्तमान संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासबाट समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको निर्माण गर्ने राज्यको आर्थिक उद्देश्यका रुपमा अङ्गीकार गरेको। नेपाल सरकार र प्रदेश सरकारको साथसाथै स्थानीय सरकारको सहकार्यमा उक्त अधिकार सुनिश्चित गर्न योजनावद्ध ढंगले प्रयास गर्न आवश्यक छ । यस तथ्यलाई मनन गर्दै नगर क्षेत्रको सहकारी र यसमा आवद्ध नागरिकको एकीकृत योजना तर्जुमा तथा कार्यान्वयन र प्रवद्र्धन मार्फत उत्पादन, रोजगारी र आय वृद्धि गर्न उपयुक्त योजना तर्जुमा एबम् सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ।यस नगरपालिकाको सन्दर्भमा आर्थिक विकासका प्रयासहरुलाई मार्गदर्शन गर्न सहकारी तथा वित्तीय सेवा सम्बन्धी संभावना र अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदम सहितको संक्षिप्त विश्लेषण देहायअनुसार प्रस्तुत गरिएको छ ।

### ४.६.२ संभावना तथा अवसर

लुम्बिनी प्रदेशको व्यापारिक केन्द्र नेपालगंजको निकटमा अवस्थित बारबर्दिया नगरपालिका कृषि तथा पशुपालनको दृष्टिले प्रसिद्ध रहनुका अवसरलाई आत्मसाथ गर्दै कृषि सहकारीको प्रबर्धन र विकास मार्फत नागरिकको जीवनस्तरमा आर्थिक परिवर्तनको सम्भाबना रहेको छ | यसै गरि नगरपालिकाको स्थापना पश्चात नगर क्षेत्रमा विस्तार भएका वित्तीय सेवा प्रदायक संस्थासंगको सहकार्यमा नागरिकलाई वित्तीय सचेतना र सेवामा पहुँच अभिवृद्धि गर्न सकिने अवसर रहेको छ |

### ४.६.३ समस्या तथा चुनौती

सहकारी संचालक कर्मचारी एबम् पदाधिकारीहरुको क्षमतामा कमी, सहकारीहरुको नियमित एबम् प्रभावकारी अनुगमन नहुनु, वित्तीय संस्थाबाट लिइने ऋणको सदुपयोग हुन नसक्नु एबम् व्यवसायको लागि ऋणको जोखिम उठाउने क्षमतामा कमी, स्थानीय समुदायमा आम्दानी तथा बचतको अभ्यासमा कमी रहनु यस क्षेत्रको चुनौतीको रुपमा रहेका छन् ।

### ४.६.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

“वित्तीय सेवामा पहुँच तथा औपचारिक क्षेत्रमा कारोवार”

**लक्ष्य**

बैंक, सहकारी तथा वित्तीय सेवामा स्थानीयको सहज पहुँच कायम गर्ने

**उद्देश्य**

नगरपालिकाका सहकारी, बैंक तथा वित्तीय सेवा उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन्:

- वित्तीय सेवामा नगरवासीको पहुँच वृद्धि गर्दै नागरिकको हितमा परिचालित गर्न समन्वय गर्नु ।

**रणनीति तथा कार्यनीति**

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत तथा बिषय उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न केन्द्रित रहनेगरी देहायअनुसारका उपक्षेत्रगत रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ;

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ वित्तीय सेवामा नगरवासीको पहुँच वृद्धि गर्दै नागरिकको हितमा परिचालित गर्न समन्वय गर्नु।** | |
| १.१ नगरपालिका क्षेत्रभित्रका नागरिकको वित्तीय | • वित्तीय साक्षरताका कार्यक्रम सञ्चालन गर्न वित्तीय संस्थाहरुलाई प्रोत्साहन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| सेवामा सहज पहुँच विस्तार तथा सुदृढ गर्ने । | • वडाका विभिन्न भागमा बसोवास गर्ने अशक्त, असहाय, जेष्ट नागरिकहरुको वित्तीय सेवामा पहुँच सुनिश्चित गर्न घुम्ति बैंिकङ प्रणाली सञ्चालन गर्न समन्वय गरिनेछ ।<br>• वडा र बस्तीस्तरमा व्यावसायिक परामर्श तथा उद्यमशीलता तालिमसँग वित्तीय साक्षरताको कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• संस्थागत तथा औपचारिक क्षेत्र मार्फत आर्थिक कारोबार प्रबर्द्धन गर्न जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । |
| १.२ सहकारी क्षेत्रलाई ब्यबस्थित, भरोसायोग्य र सदस्यको अधिकतम हितमा परिचालन गर्ने गरी प्रबर्धन एबं विकास गर्ने । | • कृषि क्षेत्रमा बैंकिङ लगानी वृद्धि गर्न पैरवी गरिनेछ ।<br>• सहकारीहरुलाई व्यावसायिक उत्पादन, संकलन र बजारीकरण कार्यमा क्रियाशिल बनाइने छ ।<br>• आवश्यकता अनुसार सहकारीहरु बीचमा गाभ्ने प्रक्रियालाई सहजीकरण गरिनेछ ।<br>• कृषि तथा महिला लक्षित सहकारीको संस्थागत क्षमता विकास र विस्तार गर्न प्रोत्साहन मूलक कार्यक्रम संचालन गरिनेछ ।<br>• नगरपालिका भित्र संचालित सहकारीलाई सदस्यको अधिकतम हितमा परिचालन गर्न आवश्यक कानुनी संस्थागत, नीतिगत र कार्यक्रमगत ब्यबस्था गरिनेछ । |

## ४.६.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

सहकारी तथा वित्तीय सेवा क्षेत्रको विषय क्षेत्रगत सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २६ सहकारी तथा वित्तीय सेवा क्षेत्रको नतिजा सूचक तथा लक्ष्य

| सूचक | इकाई | आधार वर्ष | | आवधिक योजना अबधिको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | जम्मा |
| बैंक खाता हुने परिवार | संख्या | ५२ | ५९ | ६४ | ७० | ७३ | ७७ | |
| सहकारीको संख्या (सहकारी संस्था एकआपसमा गाभ्न प्रोत्साहित गर्ने) | संख्या | ५५ | ५७ | ५० | ४८ | ४५ | ४० | |
| सहकारीमा आवद्ध सदस्य | संख्या | | | | | | | |
| वितिय सचेतना | संख्या (बार्षिक | ५ | ५ | ८ | १० | १२ | १५ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रम | | | | | | | | |
| सहकारी तालिम | संख्या | ३ | ३ | ५ | ८ | १० | १२ | |
| नगरभित्र बैंक तथा वित्तीय संस्था | संख्या | २० | २० | २१ | २२ | २३ | २५ | |

स्रोतः गोष्ठी, छलफल, प्रस्तावित आयोजना तथा कार्यक्रम र बजेट तथा सम्बन्धित शाखा

### ४.६.६ विषय उपक्षेत्रगत खर्चको अनुमान

सहकारी तथा वित्तीय सेवा क्षेत्रको खर्चको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका २७ सहकारी तथा वित्तीय सेवा क्षेत्रको खर्चको अनुमान

| बजेट तथा खर्च अनुमान रु.लाखमा | | | | | |
|---|---|---|---|---|---|
| आ.ब.०७९/०८० | आ.ब.०८०/०८१ | आ.ब.०८१/०८२ | आ.ब.०८२/०८३ | आ.ब.०८३/०८४ | जम्मा |
| १४३ | २१६ | २३२ | २५२ | २७५ | १११८ |

स्रोतः सम्बन्धित शाखा र आर्थिक प्रशासन शाखा

### ४.६.७ आवधिक योजना अबधिमा कार्यान्वयन गरिने कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

सहकारी तथा वित्तीय सेवा बिषय उपक्षेत्रगत रुपमा आवधिक योजना अबधिमा संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २८ सहकारी तथा वित्तीय सेवा उपक्षेत्रका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि न | कार्यक्रम तथा आयोजना | एकाई | आधार बर्षको अवस्था | योजनाको लक्ष्य | अनुमानित बार्षिक लक्ष्य (रु. लाखमा) आ.ब. | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | |
| १ | समुह, समिति तथा सहकारी संस्था प्रबर्द्धन कार्यक्रम | रु लाख | ३ | ५७ | ३ | १२ | १२ | १५ | १५ | कार्यपालिका, सम्बन्धित शाखा, वडा कार्यालय र सरोकारवाला संस्था |
| २ | कर शिक्षा तथा सहकारी व्यवसाय योजना तर्जुमा तालिम | रु लाख | ० | २१ | ० | ५ | ५ | ५ | ६ | |
| ३ | साना उद्यमी व्यवसायी प्रवद्र्धन कार्यक्रम | रु लाख | ३ | १९ | ३ | ३ | ४ | ४ | ५ | |
| ४ | कृषि सहकारीको क्षमता वृद्धि तथा प्रबिधि हस्तान्तरण कार्यक्रम | रु लाख | ० | ५२ | ० | १० | १२ | १५ | १५ | |
| ५ | सहकारी मार्फत रोजगारीका लागि कर्जा कार्यक्रम | रु. लाख | ० | ३८ | ० | ५ | ८ | १० | १५ | |
| ६ | वित्तीय साक्षरता प्रबर्द्धन कार्यक्रम | रु. लाख | ० | १७ | ० | ३ | ४ | ५ | ५ | |

### ४.७.८ जोखिम पक्ष तथा अनुमान

यस क्षेत्रको कार्यक्रम र आयोजना कार्यान्वयनमा सम्बन्धित निकाय बीच क्रियाशिल समन्वय, श्रोत व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन र सेवा प्रवाहमा प्रभावकारिता बृद्धि हुनेछ । संघ, प्रदेश र स्थानीय सरकार, सहकारी, सहयोगी संस्था नीजि क्षेत्रसँगको समन्वय, सहकार्य, सेवा व्यवस्थापन र अन्य क्षेत्रसँग एकीकृत अनुगमन सहितको कार्य संचालन नभएमा अपेक्षित उपलब्ध हासिल नहुने जोखिम रहन्छ।

# परिच्छेद ५: सामाजिक विकास क्षेत्र

## ५.१ शिक्षा

### ५.१.१ पृष्ठभूमि

नेपालको संविधानले सामाजिक विकास क्षेत्र अन्तर्गतको आधारभुत एबम् माध्यमिक शिक्षाको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ | राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा सबै वर्ग तथा क्षेत्रका जनताको शिक्षा तथा स्वास्थ्यमा पहुँच सुनिश्चिताका लागि निर्देशित गरेको छ भने सामाजिक, आर्थिक, भौगोलिक तथा सांस्कृतिक रुपले पिछडिएको वर्गको हितको लागि विशेष व्यवस्था गरेको छ । शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद र कला, भाषा, साहित्य र संस्कृति जस्ता उप– क्षेत्रहरु समेटिएको सामाजिक क्षेत्रको विकास समग्र विकासको गुणात्मक तथा गतिशिल आयाम हो।नेपालले लिएको दिगो विकास लक्ष्य अन्तरगत सबैको लागि गुणस्तरीय शिक्षा समाबेश गरिएको छ ।

वर्तमान १५ औं राष्ट्रिय योजनाले समतामूलक सामाजिक, आर्थिक तथा सांस्कृतिक संरचना निर्माण र गुणस्तरीय जीवनयापनको लागि अवसर प्रदान गर्ने कुरालाई महत्व दिएको छ।लुम्बिनी प्रदेशको पहिलो आवधिक योजनाले सामाजिक विकासलाई विकासको मुख्य चालकका रुपमा लिएको देखिन्छ |

### ५.१.२ संभावना र अवसर

वर्तमान संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकलाई मौलिक हकका रुपमा सुनिश्चित गरेको छ । नेपालले लिएको दिगो विकास लक्ष्यअनुसार सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता प्रदान गर्ने रहेको देखिन्छ । लुम्बिनी प्रदेश सरकारले शिक्षाको विकास र विस्तार गरी समन्यायिक र समावेशी पहुँच सुनिश्चित गर्ने शिक्षा क्षेत्रको क्षेत्रगत लक्ष्य लिएको छ ।बारबर्दिया नगरपालिकाले शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आफ्नो शिक्षा क्षेत्रको रणनीतिक योजना मार्फत पूर्वाधार, जनशक्ति तथा विद्युतीय सूचना प्रविधिको उपयोगलाई उच्च महत्व दिएको छ ।पूर्ण साक्षर घोषणा भएको बारबर्दिया नगरपालिकाभित्र प्राबिधिक सामुदायिक उच्च विद्यालय सञ्चालन प्राथमिकतामा रहेको छ।

नेपालगंज तथा गुलरियाको निकट रहेको बारबर्दिया नगरपालिकाका विद्यार्थीको लागि उच्च शिक्षा सम्मको पहुँच सहज रहेको छ | नेपालगंज तथा गुलरिया क्षेत्रमा आधुनिक शिक्षालयहरु रहेका छन् |

लुम्बिनी प्रदेशको नेपालगंज तथा गुलरिया क्षेत्रको निकट रहेको यस नगरपालिकामा सामाजिक क्षेत्रको शिक्षा लक्षित कार्यक्रम संचालन गर्न सकिने प्रचुर सम्भावना रहेको छ | यस नगरपालिका भौगोलिक र अन्तरआबद्धताको दृष्टिले रणनीतिक स्थानमा अवस्थित रहेको छ । सुगमता र पूर्वाधारको दृष्टिकोणबाट समेत सुगम रहेको यस नगरपालिका शैक्षिक सुबिधाको केन्द्रको रुपमा विकास गर्न सकिने अवसर रहेको देखिन्छ।

### ५.१.३ समस्या र चुनौती

शैक्षिक पूर्वाधारको स्तरोन्नति तथा बिद्यालय शिक्षामा सहज पहुँच स्थापित हुँदै गएको भएता पनि गुणस्तरीय शिक्षाको प्रत्याभूति हुन सकेको छैन ।यसै गरी बिद्यालयमा भर्ना भएका बिद्यार्थीलाई बिद्यालयमा टिकाई राख्नु मुख्य चुनौती रहेको छ | सबै बिद्यालयमा प्रविधिको प्रयोग, शैक्षिक सामाग्री, पुस्तकालय तथा प्रयोगशालाको अपर्याप्तता, मापदण्ड अनुसार शिक्षक-विद्यार्थी अनुपात कायम गर्न नसक्नु, आधारभूत भौतिक संरचनाको अभाव, शिक्षकमा सूचना प्रबिधि लगायत सिपको कमि जस्ता समस्या बिधमान रहेका छन् | अर्को तर्फ निजी तथा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा समानता नहुनु, गरिविको कारण बिद्यालय भर्ना भएता पनि

निरन्तर बिद्यालय नजानु र घरमा पर्याप्त शैक्षिक गतिविधिमा संलग्न हुन नसक्नु समस्या विद्यमान रहेको छ। बिद्यालय शिक्षामा जीवन उपयोगी, रोजगारमूलक र प्राबिधिक ज्ञान सिपको कमीले गर्दा शैक्षिक बेरोजगारी तथा प्रतिभा पलायनको अवस्था कायमै रहेको छ ।

नगरपालिकाले स्थानीय पाठ्क्रम तयार गरेको भएता पनि बजेट अभावको कारण प्रभावकारीरुपमा लागु हुन सकेको छैन ।बालविकास केन्द्रमा कक्षाकोठा व्यवस्थापन, जनशक्ति, सरसफाई, सिकाइ सामग्री तथा पूर्वाधारको कमी रहेको छ।सामुदायिक विद्यालयमा बालमैत्री तथा अपांगमैत्री विद्यालयमा भवन, फर्निचर, घेरावार, शौचालय, स्वच्छ खानेपानीको व्यवस्थामा कमी रहेको छ। नियमित मुल्याङ्कन प्रणाली र शैक्षिक गुणस्तरको मापदण्डमा अस्पष्टताका कारण शैक्षिक गुणस्तर सुधारमा कठिनाइ भएको छ।प्राविधिक तथा उच्च शिक्षामा सम्वन्धन प्राप्ति तथा सञ्चालनमा आर्थिक तथा व्यवस्थापकीय कठिनाइ रहेको छ ।

### ५.१.४ विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**दीर्घकालिन सोच**

- “शिक्षित र सक्षम जनशक्ति, सामाजिक न्याय र रुपान्तरण सहित बारबर्दिया नगरको समृद्धि”

**लक्ष्य**

- बिद्यालय तहको शिक्षालाई प्रतिष्पर्धी, रोजगारमूलक, प्रबिधिमैत्री र उत्पादनमुखी बनाई नगरपालिका, प्रदेश र राष्ट्रलाई आवश्यकता अनुरुपको मानव संसाधान विकास गर्ने

**उद्देश्य**

नगरपालिकाको शिक्षा विकास उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छनः

- ब्यबहारिक, गुणस्तरीय, प्राबिधिक र जीवनउपयोगी शिक्षाका अवसर तयार गर्नु,

**रणनीति तथा कार्यनीति**

शिक्षा तथा प्रबिधि विकास उपक्षेत्रमा देहायअनुसारका रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछः

| रणनीति | कार्यनीति |
|---|---|
| १.गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न संरचनागत र संस्थागत क्षमता अभिवृद्धि गर्ने। | १.१ नगरपालिका शिक्षा नीति, ऐन नियमावली तथा योजनाको कानुनी व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>१.२ नगरपालिका र वडा शिक्षा समिति गठन र क्रियाशील गर्दै विद्यालय शिक्षामा पहुँच नपुगेकाको तथ्याङ्क सङ्कलन गरी पहुँच सुनिश्चित गरिनेछ ।<br>१.३ सबै विद्यालयहरूलाई शैक्षिक सूचना व्यवस्थापन प्रणाली विकास गरी नगरपालिकाको नेटवर्कमा रहने गरी एकद्वार पद्धतिबाट सञ्चालन गरिनेछ ।<br>१.४ उत्कृष्ट कार्य गर्ने शिक्षक, कर्मचारी र अभिभावकलाई वार्षिक रूपमा पुरस्कार तथा सम्मानको व्यवस्था गरिनेछ ।<br>१.५ विद्यालयहरूमा अन्तर-विद्यालय भ्रमण तथा सिकाइ आदानप्रदान कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>१.६ गुणस्तरीय सिकाइ मापदण्ड/ढाँचा (पाठ्यक्रम, विद्यालयको सिकाइ वातावरण, शिक्षक, शिक्षण सिकाइ सामग्री, शिक्षण विधि, परीक्षा र मूल्याङ्कन, अनुगमन मूल्याङ्कन आदि) तयार गरी कार्यान्वयन गरिनेछ ।<br>१.७ विद्यालयको शिक्षण सिकाइमा समय र गुणस्तर बढाउन विद्यालय अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीको विकास गरिनेछ ।<br>१.८ विद्यालयको उपलब्धि स्तर एवम् प्रणालीगत कार्यकुशलताको उपयुक्त मापदण्ड र सूचक तयार गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.९ महिला शिक्षक सुत्केरी विदामा रहँदा स्वयमसेवक वा सट्टा-शिक्षकको व्यवस्था गरिनेछ ।<br>१.१० विद्यालयमा आवश्यक फराकिलो कक्षा कोठा, छात्रामैत्री शौचालय, खानेपानी, खेल मैदान, घेरावार लगायतका पूर्वाधारको निमार्णलाई प्राथमिकताका आधारमा अन्तर– सरकारसाझेदारीमा क्रमशः सम्पन्न गर्दै लगिनेछ।<br>१.१ वालविकास केन्द्रको पूर्वाधार मापदण्ड अनुसार तयार गरिनेछ।<br>१.१२ विद्यालयको भौतिक पूर्वाधार बालमैत्री, अपाङ्गमैत्री तथा विपद् प्रतिरोधी रूपमा तयार गरिनेछ ।<br>१.१३ राष्ट्रिय कार्यक्रमका रूपमा रहेको विद्यालय नर्स कार्यक्रमलाई मा.वि तथा आधारभूत तहमा सञ्चालन गर्न पहल तथा पैरबी गरिनेछ ।<br>१.१४ विद्यार्थी संख्या तथा भौगोलिक दुरीका आधारमा विद्यालय समायोजन, दरबन्दी मिलान तथा कक्षा अपग्रेड वा घटाउने र आवश्यकता र औचित्यका आधारमा माध्यमिक विद्यालयहरूमा विद्यार्थी बसको व्यवस्था गर्दै लगिनेछ । |
| २ः प्रारम्भिक बाल विकास तह देखि उच्च शिक्षा र प्राविधिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्न तालिम तथा क्षमता अभिवृद्धिको संस्थागत विकास गर्ने। | २.१ विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न शिक्षकका लागि मागमा आधारित तालिमको व्यवस्था तथा सूचना प्रविधिमा आधारित शिक्षण सिकाईको लागि तालिम पाठ्यक्रमको मोड्युल बनाई विज्ञ प्रशिक्षकद्वारा तालिम सञ्चालन गरिनेछ।<br>२.२ बालविकास केन्द्र तथा आधारभूत तहमा दरबन्दी कम भएका विद्यालयका शिक्षकलाई बहुकक्षा/ बहुवर्ग शिक्षण सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।<br>२.३ विद्यालय बाहिर रहेका अति विपन्न, अनाथ तथा सीमान्तकृत वर्गका बालबालिकालाई नियमित विद्यालय शिक्षामा आवद्ध गर्न समुदायमा आधारित संस्थासँग सहकार्य, छात्रवृत्ति, आवासीय विद्यालय सञ्चालन, पोषणयुक्त दिवा खाजा, पोशाक जस्ता प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.४ विद्यालयका सिकाई प्रकृयामा सुधार गर्न नियमित शिक्षक अविभावक अन्तरकृयाको वातावरण मिलाइनेछ ।<br>२.५ विद्यार्थीको अन्तरनिहित क्षमताको प्रस्फुटन गराउन विद्यालयहरूमा सह– अतिरिक्त क्रियाकलापमा जोड दिइनेछ ।<br>२.६ विद्यालयमा विषयगत शिक्षकद्वारा शिक्षण गर्ने व्यवस्था मिलाइनेछ \| अङ्ग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्न चाहने विद्यालयका शिक्षकलाई तालिमको व्यवस्था गरिनेछ ।<br>२.७ कमजोर बालबालिकालाई सुधारात्मक शिक्षण गरी सिकाइ स्तरको वृद्धि गरिनेछ।<br>२.८ प्रारम्भिक वालविकास केन्द्रमा निर्धारित मापदण्ड बमोजिम खेल सामाग्री, श्रव्यदृश्य सामाग्री तथा सिकाइ सामाग्रीको व्यबस्था गरिनेछ \| |
| ३. विद्यालय उमेर समुहका सबै बालबालिकाका लागि शिक्षाको पहुँच सुनिश्चित गर्ने। | ३.१ नियमित रूपमा विद्यालयमा छोराछोरी पठाउन अभिभावकलाई सम्मान तथा प्रोत्साहन गरिनेछ।<br>३.२ दलित, अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न तथा लक्षित समुदायका बालबालिकालाई माध्यमिक तहसम्म पोशाक, शैक्षिक सामग्री तथा खाजा भत्ताको व्यवस्थाका अतिरिक्त उच्च शिक्षा सम्म छात्रवृत्ति प्रदान गर्न लागि सिफारिस गरिनेछ।<br>३.३ दृष्टिविहिनलाई ब्रेल लिपी तथा बहिरालाई सांकेतिक भाषामा निःशुल्क शिक्षाकोलागि जिल्ला भित्रकै स्रोत कक्षाहरूमा सिफारिस गरिनेछ भने अन्य अपाङ्गता भएका बालबालिकाहरूलाई स्रोत कक्षाको खोजी गरी शिक्षाको हक सुनिश्चित गरिनेछ<br>३.४ अपाङ्गमैत्री पूर्वाधारहरूको निर्माण गरिनेछ ।<br>३.५ औपचारिक शिक्षा प्रणालीभन्दा बाहिर रहेका नागरिकलाई मागमा आधारित व्यावसायिक |

| रणनीति | कार्यनीति |
|---|---|
| | तथा प्राविधिक तालिमको व्यवस्था गरिनेछ ।<br>३.६ एक विद्यालय एक पुस्तकालय तथा एक वडा– एक सार्वजनिक पुस्तकालयको स्थापना गरी जीवन पर्यन्त सिकाइको अवसर प्रदान गरिनेछ । |
| ४ विद्यालय शिक्षालाई गुणस्तरीय व्यवहारिक, व्यवसायिक, सीपमूलक र जीवनपयोगी बनाउने | ४.१ प्राविधिक जनशक्तिको अवस्थाबारे अध्ययन गरी आवश्यक विद्यालयमा स्थानीय आवश्यकता अनुसारका ९– १२ को प्राविधिक धार सञ्चालन गरिनेछ ।<br>४.२ विद्यालयमा प्रयोगात्मक कक्षाका लागि विज्ञान प्रयोगशालाको व्यवस्था गरिनेछ।<br>४.३ माध्यमिक तह (कक्षा ११– १२) मा विज्ञान विषय अध्यापन गर्ने सामुदायिक विद्यालयको स्तरोन्नति एवम् विद्यार्थी प्रोत्साहन कार्यक्रम लागु गरिनेछ ।<br>४.४ प्राविधिक शिक्षाको कक्षा सञ्चालन हुने शैक्षिक संस्थालाई आवश्यक पूर्वाधार, जनशक्ति एवम् सामग्रीले सम्पन्न गराइ सिकाईको उपयुक्त वातावरण तयार गर्न अन्तर– सरकार समन्वय र सहकार्य गरिनेछ ।<br>४.५ संघीय सरकारको पढ्दै कमाउँदै भन्ने नीति बमोजिम विद्यालयमा प्रविधि, कृषि, पशुपालन तथा उद्यम व्यवसायसम्बन्धी व्यावहारिक ज्ञान समावेश गरी पठनपाठनका साथै प्रयोगात्मक अभ्यासको समुचित व्यवस्था गरिनेछ ।<br>४.६ विद्यार्थीहरूलाई आगलागी, जलउत्पन्न प्रकोप, महामारीलगायतका विपद् व्यवस्थापनसम्बन्धी आधारभूत जानकारी र व्यवस्थापनसम्बन्धी अभ्यास गराइनेछ।<br>४,७ ख्यातीप्राप्त प्रेरक व्यक्तित्व, उद्यमी, कृषक, कालिगड तथा सिल्पीहरूसँग साप्ताहिक कार्यक्रमअन्तरगत अन्तरकृया तथा सीप हस्तान्तरणका अवसर उपलब्ध गराइनेछ।<br>४.८ उच्च शिक्षामा प्राविधिक विषयलाई प्राथमिकता दिई उच्च दक्ष जनशक्ति उत्पादन गर्न नगरपालिका भित्र कम्तीमा एउटा पोलीटेक्नीकल शिक्षालय स्थापना गरिनेछ। |
| **५.** शिक्षण सिकाई, प्रशासनीक कार्य तथा अनुगमनमा विद्युतीय सूचना प्रविधिको उपयोग गर्ने | ५.१ सबै माध्यमिक विद्यालयमा कम्प्युटर ल्यावको व्यवस्था गर्दै इन्टरनेटको पहुँच सुनिश्चित गरिनेछ।शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अधिकाधिक प्रयोग हुने गरी शिक्षाको वैकल्पिक माध्यमका रूपमा विषयगत विज्ञको भर्चुअल कक्षाको व्यवस्था गरिनेछ ।<br>५.२ अन्तर– सरकार सहकार्यमा विद्यालयलाई आधुनिक सूचना प्रविधि विस्तार तथा सुविधा सम्पन्न गरिनेछ ।<br>५.३ विद्यालयमा विद्युतीय पुस्तकालय, विज्ञान प्रयोगशाला, विद्युतीय हाजिरीको स्थापनासहित समूहमा मोवाइल म्यासेजिङ्ग तथा शैक्षिक मोवाइल एपको उपयोग गरी शैक्षिक उपलब्धिलाई महसुस योग्य गराइनेछ ।<br>५.४ इन्टरनेट सुबिधा विस्तार गरी शिक्षक तथा विद्यार्थीलाई इन्टरनेटको माध्यमबाट अध्ययन तथा खोज गर्न सक्ने क्षमता विकास गरिनेछ ।<br>५.५ विद्युतीय सूचना प्रविधिको उपयोग गरी सिकाई कार्यलाई प्रभाबकारी गराउने शिक्षकका लागि अभिमूखीकरण साथै प्रबिधिको व्यवस्था गरिनेछ । |

स्रोतः बारबर्दिया नगरपालिकाको शैक्षिक योजना (योजनामा भएको बिस्तृत विवरणलाई संक्षेपीकरण तथा समुहकृत गरी तयार गरिएको छ ।समग्रमा आवधिक योजना अवधिमा शिक्षा क्षेत्रको विकास र प्रबर्द्धनको लागि दश बर्षे शैक्षिक रणनीतिक योजना कार्यान्वयन गर्न बिशेष प्राथमिकता दिइनेछ ।

### ५.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

शिक्षा विकास उपक्षेत्रगत सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २९ शिक्षा विकास उपक्षेत्रगत नतिजा सूचक तथा आवधिक लक्ष्य

| सूचक | इकाई | आधार वर्ष | आवधिक लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| शिक्षा | | | | | | | |
| प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | २६६ | २६६ | २९२ | ३२० | ३४२ | ३७५ |
| उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ६३० | ६३० | ६९० | ७५२ | ८०५ | ८८० |
| विद्यालय बिचैमा छोड्ने दर | प्रतिशत | १.९२ | १.९० | १.४५ | १.१० | १ | ०.९० |
| विद्यालय वाहिर रहेका (५–१५ वर्ष) बालबालिका | प्रतिशत | ० | ० | ० | ० | ० | ० |
| प्रारम्भिक बाल कक्षामा अध्ययनरत ४–५ बर्षका बालबालिका | जना | १९४२ | २००० | २०६० | २१२० | २१५० | २२०० |
| कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ८७.७ | ८८ | ८८.८ | ९० | ९१.५ | ९३ |
| कक्षा १० को उत्रिण दर | प्रतिशत | ९५.६२ | ९६ | ९७ | ९७.५ | ९८ | ९८.५ |
| कक्षा १ मा खुद नयाँ भर्ना दर | प्रतिशत | ९९.१ | ९९.१ | ९९.५ | ९९.८ | १०० | १०० |
| कक्षा १ देखि ५ सम्म कक्षा दोहोर्याउने दर | प्रतिशत | २.४७ | २.४७ | २.३० | २.०५ | १.८५ | १.५० |
| कक्षा १ देखि ५ सम्म कक्षा छोड्ने दर | प्रतिशत | १.५५ | १.५० | १.३० | १.१५ | १.०० | ०.८५ |
| कक्षा ६-८ मा खुद नयाँ भर्ना दर | प्रतिशत | ९७.१ | ९७.५ | ९७.९ | ९८ | ९८.३ | ९८.८ |
| कक्षा ६ देखि ८ सम्म कक्षा दोहोर्याउने दर | प्रतिशत | ०.४४ | ०.४२ | ०.३५ | ०.२८ | ०.२३ | ०.२० |
| कक्षा ६ देखि ८ सम्म कक्षा छोड्ने दर | प्रतिशत | ७.०८ | ६.८ | ६.५ | ६ | ५.६ | ५ |
| कक्षा ९ र १० मा खुद नयाँ भर्ना दर | प्रतिशत | ४७.० | ५१ | ५५ | ६० | ६७ | ७२ |
| कक्षा ९ र १० मा कक्षा दोहोर्याउने दर | प्रतिशत | ०.२३ | ०.२१ | ०.१८ | ०.१५ | ०.१३ | ०.१० |
| कक्षा ९ र १० कक्षा छोड्ने दर | प्रतिशत | ३.१५ | ३.०० | २.८० | २.५० | २.२५ | २ |

स्रोतः सम्बन्धित शाखा

### ५.१.६ विषय उपक्षेत्रगत खर्चको आवधिक अनुमान

शिक्षा उपक्षेत्रको आवधिक योजना अवधिको खर्चको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका ३० शिक्षा उपक्षेत्रको खर्चको आवधिक अनुमान

| बजेट तथा खर्च अनुमान रु.लाखमा | | | | | |
|---|---|---|---|---|---|
| आ.ब.०७९/०८० | आ.ब.०८०/०८१ | आ.ब.०८१/०८२ | आ.ब.०८२/०८३ | आ.ब.०८३/०८४ | जम्मा |
| ३०९६ | ३१५८ | ३४८९ | ३८४० | ४२२५ | १७८०८ |

स्रोतः प्रस्तावित कार्यक्रम तथा क्रियाकलापको प्राथमिकीकरण र अनुमानित लागत, मध्यमकालीन खर्च संरचना, सम्बन्धित शाखा र आर्थिक प्रशासन शाखा ।

### ५.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

शिक्षा विकास उपक्षेत्रको आवधिक योजना अबधिमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३१ शिक्षा विकास तर्फका कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | एकाई | आधार बर्ष (०७८/७९) को अवस्था | योजना अवधिको लक्ष्य | अनुमानित बार्षिक लक्ष्य (रु. लाखमा) आ.ब. | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | |
| १ | प्रारम्भिक बाल विकास शिक्षा | रु.लाख | २३० | १३१९ | २३० | २३५ | २५८ | २८४ | ३१२ | कार्यपालिका, शिक्षा शाखा, वडा कार्यालय, संघ र प्रदेशको बिषयगत मन्त्रालय |
| २ | आधारभूत शिक्षा (१-८ स्थायी, राहत तथा करार शिक्षक व्यबस्थापन समेत) | रु.लाख | १२३६ | ७०८७ | १२३६ | १२६१ | १३८७ | १५२५ | १६७८ | |
| ३ | माध्यमिक शिक्षा (९-१२ स्थायी, राहत तथा करार शिक्षक व्यबस्थापन समेत) | रु.लाख | ३४० | १९४९ | ३४० | ३४७ | ३८१ | ४२० | ४६२ | |
| ४ | उच्च् शिक्षा प्रबर्द्धन | रु.लाख | २५ | १५६ | २५ | २६ | ३० | ३५ | ४० | |
| ५ | प्राविधिक तथा व्यवशायिक शिक्षा र सिप विकास तालिम (पान्चजन्य, जनसेवा तथा बिश्वुधनी) | रु.लाख | ४२ | २४१ | ४२ | ४३ | ४७ | ५२ | ५७ | |
| ६ | पाठ्यक्रम र पाठ्यसामाग्री निर्माण तथा ब्यबस्थापन (स्थानीय पाठ्यक्रम समेत) | रु.लाख | १४३ | १४३ | २५ | २६ | २८ | ३१ | ३४ | कार्यपालिका, शिक्षा शाखा, वडा कार्यालय, संघ र प्रदेशको बिषयगत मन्त्रालय |
| ७ | शिक्षक व्यस्थापन तथा क्षमता विकास कार्यक्रम | रु.लाख | २२९ | २२९ | ४० | ४१ | ४५ | ४९ | ५४ | |
| ८ | विद्यालय ब्यबस्थापन (कर्मचारी तलब भत्ता समेत) | रु.लाख | १०५ | १००३ | १७५ | १७९ | १९६ | २१६ | २३८ | |
| ९ | निरन्तर तथा अनौपचारिक शिक्षा | रु.लाख | २० | ११५ | २० | २० | २२ | २५ | २७ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | गुणस्तरीय सार्वजनिक शिक्षा (ल्याब तथा शिक्षण सिकाई अनुदान समेत) | रु.लाख | ४१ | ४०७ | ७१ | ७२ | ८० | ८८ | ९६ | कार्यपालिका, शिक्षा शाखा, वडा कार्यालय, संघ र प्रदेशको बिषयगत मन्त्रालय |
| ११ | शिक्षा मा सूचना तथा सचार प्रबिधि | रु.लाख | १९ | १०९ | १९ | १९ | २१ | २३ | २६ | |
| १२ | शिक्षामा कम्जोर वर्ग को पहुच/ समावेसी शिक्षा , दिवा खाजा, छात्रवृति सेनितरी प्याड | रु.लाख | २५० | २००७ | ३५० | ३५७ | ३९३ | ४३२ | ४७५ | |
| १३ | सस्थागत संरचना/भौतिक निर्माण र क्षमता विकाश | रु.लाख | ३०० | १७२० | ३०० | ३०६ | ३३७ | ३७० | ४०७ | कार्यपालिका, शिक्षा शाखा, वडा कार्यालय, संघ र प्रदेशको बिषयगत मन्त्रालय |
| १४ | बिद्यालय खेलकुद विकाश कार्यक्रम/खेल पुर्वाधार दिवस तथा महोत्सब समेत | रु.लाख | २० | १७२ | ३० | ३१ | ३४ | ३७ | ४१ | |
| १५ | ५कक्षासम्म अंग्रेजी माध्यमवाट शिक्षण अनुदान | रु.लाख | ३ | ७३ | ३ | १५ | १७ | १८ | २० | |
| १६ | विपद तथा आकस्मिक अवस्थामा सिकाई निरन्तरता र युवा परिचालन | रु.लाख | १० | १० | १० | १० | ११ | १२ | १४ | कार्यपालिका, शिक्षा शाखा, वडा कार्यालय, संघ र प्रदेशको बिषयगत मन्त्रालय |
| १७ | शिक्षा विकास अन्य सालबसाली कार्यक्रम (सशर्त समेत) | रु.लाख | १०० | ८६० | १५० | १५३ | १६८ | १८५ | २०४ | |
| १८ | कार्यक्रम कार्यान्यिन, अनुगमन तथा मुल्यांकन | रु.लाख | २० | १७२ | ३० | ३१ | ३४ | ३७ | ४१ | |

स्रोतः १० बर्षे शैक्षिक योजनावाट समेत

#### ५.१.८ जोखिम पक्ष तथा अनुगमन

शैक्षिक संस्थाहरुमा आबश्यक पर्याप्त भौतिक पूर्वाधार विकास र दक्ष जनशक्तिको उपलब्धता सहित गुणस्तरीय, प्रबिधिमैत्री, रोजगारमुलक, जिवनउपयोगी, प्रतिष्पर्धी सिक्षा प्रणाली विकास गर्नु आजको मुख्य चुनौती रहेको छ|

आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सुबिधा अझैसम्म पनि सवै वर्ग, समुदाय र क्षेत्रका जनतामा सहज, सुलभ तथा सरल रुपमा पुग्न सकेको छैन। माथि उल्लेखित समस्याहरू तथा चुनौतीहरूलाई सम्वोधन गर्न लागत प्रभावकारी कार्यक्रम तयार गरी लागू गरिनेछ। तिनै तहका सरकार, सरोकारवाला निकाय, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु बीच समन्वय, सहकार्य, साझेदारी गरी उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गरी प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ। संघीय संरचना अनुसार तर्जुमा हुनु पर्ने नीति, कानून, नियम, कार्यविधि, मापदण्ड, योजना, संस्थागत संयन्त्र तयार हुन नसकेमा तथा समयमा तयार नभएमा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन प्रभावित भई अपेक्षित उपलब्धी हालिल नहुन सक्छ ।

## ५.२ जनस्वास्थ्य तथा पोषण

#### ५.२.१ पृष्ठभूमि

नेपालको संविधानले सामाजिक विकास क्षेत्र अन्तर्गतको आधारभुत स्वास्थ्य तथा पोषणको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ | राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा सबै वर्ग तथा क्षेत्रका जनताको शिक्षा तथा स्वास्थ्यमा पहुँच सुनिश्चिताका लागि निर्देशित गरेको छ भने सामाजिक, आर्थिक, भौगोलिक तथा सांस्कृतिक रुपले पिछडिएको वर्गको हितको लागि विशेष व्यवस्था गरेको छ ।१५ औं राष्ट्रिय आवधिक योजनाले समतामूलक सामाजिक, आर्थिक तथा सांस्कृतिक संरचना निर्माण र गुणस्तरीय जीवनयापनको लागि अवसर प्रदान गर्ने कुरालाई महत्व दिएको छ। लुम्बिनी प्रदेशको पहिलो आवधिक योजनाले स्वास्थ्य तथा पोषणको सुनिस्चिततालाई विकासको मुख्य शर्तका रुपमा लिएको देखिन्छ ।

#### ५.२.२ संभावना र अवसर

वर्तमान संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सुविधा प्राप्त हुने हकलाई सुनिस्चित गरेको छ |साबिकको भेरी अंचलको व्यापारिक केन्द्र नेपालगन्ज तथा गुलरियासँगको निकटतम भौगोलिक दुरी तथा सडक यातायात सुविधाको कारण विशिष्टकृत स्वास्थ्य सेवामा बारबर्दिया नगरपालिकाका नागरिकको पहुँच सहज रहेको छ ।बारबर्दिया नगरपालिकावाट नजिकको दुरीमा कोहलपुर मेडिकल कलेज तथा अन्य अस्पताल रहेका छन |

यस नगरपालिकामा सामाजिक क्षेत्रको स्वास्थ्य तथा पोषणको क्षेत्रमा उल्लेख्य सुधार गर्न सकिने प्रचुर सम्भावना रहेको छ | बारबर्दिया नगरपालिका भौगोलिक र अन्तरआबद्धताको दृष्टिले रणनीतिक स्थानमा अवस्थित रहेको छ। सुगमता र पूर्वाधारको दृष्टिकोणबाट समेत सुगम रहेको यस नगरपालिकामा स्वास्थ्यका सुबिधाको केन्द्रको रुपमा विकास गर्न सकिने अवसर रहेको देखिन्छ।

#### ५.२.३ समस्या र चुनौती

जनस्वास्थ्य जस्तो संवेदनशिल विषयमा सबै नगरपालिकावासीको सहज पहुँच नहुनु, र सबै खालका परीक्षण र सघन उपचारको व्यवस्था नहुनु जस्ता समस्या तथा चुनौतीहरु रहेका छन् । नगरमा आधारभुत स्वास्थ्य संस्था तथा जनशक्तिको अभाव, स्वास्थ्य संस्थाबाट निस्कने फोहरमैला व्यवस्थापन गर्ने इन्सिनेरेटरको व्यवस्था व्यवस्था नहुनु जस्ता समस्या रहेका छन् । कोभिड १९ जस्ता स्वास्थ्य सम्बन्धी महामारीको अवस्थालाई

सम्बोधन गर्न छुट्टै अस्तापल, आइसोलेसन वार्ड, प्रयोगशाला तथा परीक्षण सामाग्री र किट, सघन उपचार कक्ष, भेन्टीलेटर र सो अनुसारको स्वास्थ्यकर्मी व्यवस्था हुन नसकेको देखिन्छ ।जनचेतनाको कमीले गर्दा विशेषगरी बिपन्न बर्गका स्थानीयमा अझै पनि स्वास्थ्य समस्या लुकाउने समस्या कायम रहेको देखिन्छ। बालबालिकाको पोषण तथा नियमित तौल र स्वास्थ्य जाँचमा ध्यान दिने गरिएको देखिदैन। नगरपालिकामा स्वास्थ्य विमा कार्यक्रममा नागरिकको पहुँच अत्यन्त न्युन रहेको छ ।

### ५.२.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

- " गुणस्तरीय स्वास्थ्य सेवा तथा दिगो पोषण सुबिधाः बारबर्दिया नगरको प्रतिबद्धता"

**लक्ष्य**

- उच्चस्तरीय स्वास्थ्य सेवा र पौष्टिक तथा सन्तुलित खानपानको अभ्यासलाई सुलभ एवं दिगो गराउने

**उद्देशय**

नगरपालिकाको स्वास्थ्य तथा पोषण उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन

- पोषण तथा गुणस्तरीय स्वास्थ्य सेवाको सहज पहुँच अभिवृद्धि गर्नु,

**रणनीति तथा कार्यनीति**

स्वास्थ्य तथा पोषण उपक्षेत्रमा देहायअनुसारका रणनीति एबम् कार्यनीति अवलम्बन गरिनेछः

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १ आधारभूत स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउने | १.१ आवश्यक एम्बुलेन्स, औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मी सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ ।<br>१.२ गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पु¥याउन स्वास्थ्य बिमा कार्यक्रम क्रमशः प्रभावकारी रुपमा लागु गरिनेछ ।<br>१.३ सर्ने वा नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>१.४ स्वास्थ्य सेवामा सहज पहुँचकालागि आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ।<br>१.५ स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही एवम् जनउत्तरदायी बनाउन स्वास्थ्य सेवा सुशासनमा जोड दिइनेछ ।<br>१.६ नगरपालिका भित्रका सबै स्वास्थ्य चौकीमा आधारभूत सेवा सहितको ल्याब सेवा सञ्चालनका लागि आवश्यक व्यवस्था गरिनेछ ।<br>१.७ गर्भवती महिला तथा बालबालिकाकोलागि खोप तथा नियमित स्वास्थ्य जाँचको सुनिश्चितता गरिनेछ।<br>१.८ विद्यालयहरूमा पोषण तथा जनस्वास्थ्य शिक्षा प्रवद्र्धन कार्यक्रम सञ्चालन र सेनिटरी प्याडको उपलब्धता सहज गराइनेछ । |
| २ स्थानीय स्वास्थ्य संस्थाको सुदृढीकरण तथा जनशक्ति व्यवस्थापनलाई प्रभावकारी गराउने । | २.१ नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरूमा स्वीकृत कुल दरबन्दीको सङ्ख्या यकिन गरी आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ।<br>२.२ दरबन्दी अनुसार माग भई प्राप्त जनशक्ति वा नगरपालिकाको निजी स्रोतबाट नियुक्त गरिएका स्वास्थ्यकर्मीलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।<br>२.३ स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरूका प्रतिक्षालय निर्माण, औषधी |

| | |
|---|---|
| | भण्डारण कक्ष निर्माण, विरामी कुरुवाका लागि बसाई सहजता लगायत आवश्यक औजारको व्यवस्था मिलाइनेछ ।<br>२.४ विद्युतीय हाजिरी तथा सिसि क्यामरा लगायत आधुनिक सूचना प्रविधिको उपयोग गरी तथ्याङ्क व्यवस्थापन लगायत सेवा प्रबाहको अनुगमन तथा सुपरिवेक्षण प्रणालीको विकास गरी नियमन गरिनेछ ।<br>२.५ बर्थिङ सेन्टर, खोप केन्द्र, स्वास्थ्य इकाइको विस्तार गरी आवश्यक दरवन्दी थप गरिनेछ ।<br>२.६ वार्षिक रूपमा स्वास्थ्य शिविरमार्फत विशिष्टकृत स्वास्थ्य सेवालाई जनस्तरमा पुर्याइनेछ ।<br>२.७ वार्षिक रूपमा स्वास्थ्यकर्मीहरूलाई क्षमता विकास तालिम, उत्कृष्ट स्वास्थ्यकर्मीहरू लाई पुरस्कार तथा अतिरिक्त जिम्मेवारी बहन गर्ने स्वास्थ्यकर्मीलाई विशेष प्रोत्साहन तथा सुबिधा उपलब्ध गराइनेछ ।<br>२.८ निजी र गैरसरकारी क्षेत्रमा स्थापित स्वास्थ्यसम्बन्धी व्यावसायिक सङ्घ–संस्थाहरूबीच स्वास्थ्य सेवा प्रवाह, अध्ययन, अनुसन्धान कार्यमा सहकार्यलाई बढावा दिइनेछ ।<br>२.९ महिला स्वयमसेविकाहरूको क्षमता अभिवृद्धि र प्रोत्साहन गरिनेछ। |
| ३ पोषण विशेष सेवाहरुमा समान पहुँच वृद्धि तथा उपभोगमा सुधार गर्ने \| | ३.१ गुणस्तरीय एवम् स्वास्थ्यवर्द्धक खाद्य पदार्थको प्रयोग बढाउँदै कुपोषण न्यूनीकरण र निश्चित समयमा उन्मूलन गर्न बिशेष कार्ययोजना बनाई लागु गरिनेछ।<br>३.२ मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहुक्षेत्रीय पोषण सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>३.३ "सुनौला हजार दिन" अभियानलाई निरन्तरता दिइनेछ।<br>३.४ नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्यपदार्थको विज्ञापन र बजार प्रवर्द्धनमा बन्देज लगाइनेछ।<br>३.५ स्थानीय अर्गानिक उत्पादनको महत्त्व तथा सन्तुलित पोषणयुक्त आहार उपभोग सम्बन्धमा व्यापक जनचेतना अभिवृद्धि गरिनेछ \|<br>३.६ नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको लागि प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ ।<br>३.७ न्यून आय भएका तथा गरिबीको रेखामुनि रहेका परिवारहरूको पहिचान गरी ५ वर्ष मुनिका बालबालिकाको लागि पोषणयुक्त खानेकुराको प्रवन्ध मिलाइनेछ<br>३.८ नगरपालिका भित्र खाद्य सुरक्षाको अवस्था सन्तोषजनक राख्न एक घर एक टनेल/करेसाबारीको व्थवस्था गर्न प्रोत्साहन गरिनेछ । |
| ४:बैकल्पिक चिकित्सा प्रणालीको विकास र विस्तार गर्ने। | ४.१ आयुर्वेद पद्धतिको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त संरचनाको विकास र विस्तार तथा स्थानीय जडीबुटीमा आधारित औषधी तयार गरी प्रयोग तथा वितरण गरिनेछ ।<br>४.२ आयुर्वेद प्रणालीको क्रमबद्ध विकास प्रणालीको संरक्षण, विकास एवम् विस्तारका लागि दीर्घकालीन योजना तर्जुमा गरी लागू गरिनेछ।<br>४.३ वडास्तरमा योग, आयुर्वेद, खानपान, स्वस्थ जीवनशैली, तनाव व्यवस्थापन सम्बन्धमा शिविर सञ्चालन गरिनेछ । |
| ५ जनस्वास्थ्य प्रवद्र्धनका लागि समुदायस्तर सम्मको संरचना र कार्यक्रमलाई प्रभावकारी गराउने । | ५.१ नियमित बजार अनुगमन गरी मिति पुगेका तथा अखाद्य वस्तुको विक्री वितरण तथा उपयोगलाई नियन्त्रण गरिनेछ ।<br>५.२ सबै वडाहरूमा स्वास्थ्य चौकी स्थापना तथा स्वास्थ्य संस्थाका लागि आवश्यक पूर्वाधार |

| | |
|---|---|
| | निर्माण गरिनेछ ।<br>५.३ आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य कार्यक्रम, स्वास्थ्य तालिम, नसर्ने रोग व्यवस्थापन, स्वास्थ्य बीमा, स्वास्थ्य जनचेतना, विपन्नका लागि असाध्य रोग उपचारमा सहयोग र महिला स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५.४ महामारी, जनस्वास्थ्य तथा पोषण सम्बन्धमा आम नागरिकको अपनत्व, अग्रसरता र स्वयमसेवी भूमिकालाई प्रभावकारी गराउन टोलस्तरमा स्वास्थ्य तथा सरसफाई समिति गठन गरी परिचालन गरिनेछ ।<br>५.५ समुदायमा आधारित संस्था बाल क्लव, महिला÷आमा समूह र महिला स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता विकास गरी स्वास्थ्य, पोषण तथा जीवनशैलीलाई एकीकृत गरी जनस्वास्थ्यको अवस्थामा गुणात्मक सुधार गरिनेछ ।<br>५.६ असहाय, अतिविपन्न विरामी र जेष्ट नागरिकहरूको नियमित स्वास्थ्य जाँच घर घर मै पुग्ने गरी स्वास्थ्य घुम्ति सेवाको प्रवन्ध गरिनेछ । |
| ६ स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउन आवश्यक स्वास्थ्य पूर्वाधार निर्माण गर्ने | ६.१ आवश्यकता अनुसार वर्थिङ्ग सेण्टर थप गरिनेछ ।<br>६.२ स्वास्थ्य सेवामा नागरिकको पहुँच बढाउन स्थापना गरिएका स्वास्थ्य संस्थामा स्रोत साधन सम्पन्न गरी थप सुदृढ गर्दै सेवा प्रवाहलाई प्रभावकारी गराइनेछ ।<br>६.३ स्वास्थ्य संस्थामा आवश्यकता र औचित्यका आधारमा ल्याव सेवा, अल्ट्रा साउण्ड सेवा र एम्वुलेन्सलगायत स्वास्थ्य संस्थाबाट हुने सेवाहरू थप गर्दै आवश्यक उपकरण तथा औजारको पर्याप्त व्यवस्थापन गरिनेछ ।<br>६.४ स्वास्थ्य सेवालाई सहज तथा प्रभावकारी गराउन सामाजिक सञ्जाल तथा मोवाइल एपको उपयोगलाई विस्तार गरिनेछ । |

### ५.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

जनस्वास्थ्य तथा पोषण उपक्षेत्रगत सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३२ जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको नतिजा सूचक तथा आवधिक लक्ष्य

| सूचक | इकाई | आधार वर्ष | आवधिक लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| स्वास्थ्य ताथ पोषण | | | | | | | |
| कम तौल भएका ५ बर्षमूनीका बालबालिका | प्रतिशत | ८.११ | ७ | ६ | ५ | ४ | ३ |
| पूर्व प्रसूति सेवा ४ पटक प्राप्त गर्ने गर्भवती | प्रतिशत | ६९.७ | ७२ | ७५ | ८० | ८५ | ९० |
| जन्मदा २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशु | प्रतिशत | ५ | ४ | ३ | २ | १ | ०.८ |
| स्वास्थ्य संस्थामा प्रसुती | प्रतिशत | ५३.३ | ५८ | ६० | ७० | ७५ | ८० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गराउने गर्भवती महिला | | | | | | | |
| झाडापखालाको संक्रमण दर (प्रति हजारमा) | जना | ८६ | ८० | ७० | ६० | ५० | ४० |
| स्वाशप्रश्वासको संक्रमण दर (प्रति हजारमा) | जना | ४५८ | ४०० | ३३० | २५० | २०० | १५० |
| विरामी पर्नासाथ स्वास्थ्य संस्था जाने जनसंख्या | प्रतिशत | ८० | ८२ | ८५ | ९० | ९५ | १०० |
| अस्पताल वा स्वास्थ्य संस्था पुग्न लाग्ने औसत समय | मिनेट | ३० | २८ | २५ | २३ | २२ | १८ |
| घरदैलो उपचार सेवा कार्यक्रमवाट लाभान्वित | संख्या (प्रतिवर्ष | ८०० | ९०० | १००० | १२०० | १४०० | १६०० |

स्रोतः सम्बन्धित शाखा

### ५.२.६ विषय उपक्षेत्रगत खर्चको आवधिक अनुमान

जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको आवधिक खर्चको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका ३३ जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको खर्चको आवधिक अनुमान

| बजेट तथा खर्च अनुमान रु.लाखमा | | | | | |
|---|---|---|---|---|---|
| आ.ब.०७९/०८० | आ.ब.०८०/०८१ | आ.ब.०८१/०८२ | आ.ब.०८२/०८३ | आ.ब.०८३/०८४ | जम्मा |
| ७८५ | ९३५ | १०११ | १०५८ | १०८८ | ४८१८ |

स्रोतः प्रस्तावित कार्यक्रम तथा क्रियाकलापको प्राथमिकीकरण र अनुमानित लागत, मध्यमकालीन खर्च संरचना, सम्बन्धित शाखा र आर्थिक प्रशासन शाखा ।

### ५.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३४ जनस्वास्थ्य तथा पोषण तर्फका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | एकाई | आधार बर्ष (०७८/७९) को अवस्था | योजना अवधिको लक्ष्य | अनुमानित बार्षिक लक्ष्य (रु. लाखमा) आ.ब. | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | |
| १ | वडागत जनस्वास्थ्य तथा पोषण कार्यक्रम सबै | रु.लाख | १०४ | १०४ | १८ | २० | २१ | २२ | २३ | कार्यपालिका, स्वास्थ्य शाखा, संघ र प्रदेशको बिषयगत मन्त्रालय,वडा कार्यलय |
| २ | स्वास्थ्य सेवा प्रवद्र्धन कार्यक्रम बार्षिक | रु.लाख | ३१९ | ३१९ | ५५ | ६० | ६५ | ६८ | ७१ | |
| ३ | पोषण सुधार कार्यक्रम (मातृशिसु तथा गर्भवती स्याहार एबम् भेटघाट कार्यक्रम समेत) | रु.लाख | २०७ | २०७ | ३५ | ४० | ४२ | ४४ | ४६ | |
| ४ | स्वास्थ्य संस्था जनशक्ति व्यवस्थापन (करार) कार्यक्रम | रु.लाख | ११३४ | ११३४ | २१० | २१५ | २२६ | २३७ | २४७ | |
| ५ | लक्षित वर्ग स्वास्थ्य सेवा कार्यक्रम (असाहय, विपन्न तथा जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम) | रु.लाख | १४५ | १४५ | २५ | २८ | २९ | ३१ | ३२ | कार्यपालिका, स्वास्थ्य शाखा, संघ र प्रदेशको बिषयगत मन्त्रालय,वडा कार्यलय |
| ६ | पाठेघर खस्ने तथा क्यान्सर स्क्रिनिंग सिविर संचालन | रु.लाख | ६२ | ६२ | १० | १२ | १३ | १३ | १४ | |
| .७ | स्वास्थ्य बिमा तथा सहायता कार्यक्रम | रु.लाख | ९२ | ९२ | १५ | १८ | १९ | २० | २१ | कार्यपालिका, स्वास्थ्य शाखा, संघ र प्रदेशको बिषयगत मन्त्रालय,वडा कार्यलय |
| ८ | स्वास्थ्य संस्थाका स्थायी कर्मचारी तलब भत्ता | रु.लाख | १४३२ | १४३२ | २५० | २७५ | २८९ | ३०३ | ३१५ | |
| ९ | आमा नवजात शिशु सुरक्षा कार्यक्रम | रु.लाख | ११० | ११० | २० | २१ | २२ | २३ | २४ | |
| १० | परिवार नियोजन तथा किशोर किशोरी प्रजनन स्वास्थ्य सेवा कार्यक्रम | रु.लाख | ५९ | ५९ | १० | १२ | १५ | १६ | ६ | |
| ११ | बाल स्वास्थ्य सुधार कार्यक्रम | रु.लाख | ७७ | ७७ | १३ | १५ | १६ | १७ | १७ | कार्यपालिका, स्वास्थ्य शाखा, संघ र प्रदेशको |
| १२ | बिभिन्न सरुवा तथा नसर्ने रोग र जुनोटिक रोग सम्बन्धि कार्यक्रम संचालन | रु.लाख | ६२ | ६२ | १० | १२ | १३ | १३ | १४ | |
| १३ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद कार्यक्रम | रु.लाख | २७४ | २७४ | ५० | ५२ | ५५ | ५७ | ६० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | कार्यालय व्यबस्थापन, दिवस/समारोह आयोजना , स्वास्थ्य सेवासँग सम्बन्धित अनुगमन मूल्यांकन, क्षमता अभिवृद्धि लगायत बिबिध कार्यक्रम सशर्त समेत | रु.लाख | ६४ | ६४ | ११ | १२ | १३ | १३ | १५ | बिषयगत मन्त्रालय,वडा कार्यलय |
| १५ | महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम संचालन तथा अध्ययन भ्रमण | रु.लाख | १५ | १३१ | १८ | २५ | २८ | २९ | ३१ | कार्यपालिका, स्वास्थ्य शाखा, संघ र प्रदेशको बिषयगत मन्त्रालय,वडा कार्यलय |
| १६ | नागरिक आरोग्य केन्द्रलाई आबश्यक औषधि, औजार र योगा र कार्यालय व्यबस्थापन | रु.लाख | १० | ६६ | १० | १३ | १४ | १४ | १५ | |
| १७ | स्वास्थ्य चौकी पूर्वाधार निर्माण तथा गुणस्तर सुधार कार्यक्रम | रु.लाख | ० | ३७५ | ० | ७५ | १०० | १०० | १०० | |
| १८ | स्वास्थ्य सचेतना कार्यक्रम | रु.लाख | १० | २५ | १० | १५ | १८ | २० | २२ | |
| १९ | आधारभूत ल्याब संचालन तथा व्यबस्थापन | रु.लाख | १० | ७९ | १५ | १५ | १६ | १७ | १७ | |
| **जम्मा** | | | | ४८१८ | ७८५ | ९३५ | १०११ | १०५८ | १०८८ | |

## ५.२.८ जोखिम पक्ष तथा अनुमान

आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सुबिधा अझैसम्म पनि सवै वर्ग, समुदाय र क्षेत्रका जनतामा सहज, सुलभ तथा सरल रुपमा पुग्न सकेको छैन।बढ्दो अव्यवस्थित शहरीकरणका कारण एकातिर सरूवा रोगको नियन्त्रणमा चुनौती रहेको छ भने बद्लिदो खानपान र जीवनशैलीका कारण नसर्ने रोगको भार बढदो छ। साथै जलवायु परिर्वतनका कारण नयाँ रोग तथा प्राकृतिक प्रकोपका कारण स्वास्थ्य प्रणालीमा ठूलो चुनौती थपिएको छ।कोभिड १९ विश्वव्यापी महामारीले स्वास्थ्य क्षेत्रमा ठूलो चूनौति ल्याएको र मानवीय, आर्थिक र सामाजिक क्षति पुगेको छ।विद्यमान स्वास्थ्य सेवा प्रणाली कोभिड १९ लगायत अन्य माहामारी र अन्य स्वास्थ्य समस्यालाई सम्बोधन गर्न नसक्ने अवस्था देखिएको छ।माथि उल्लेखित समस्याहरू तथा चुनौतीहरूलाई सम्वोधन गर्न लागत प्रभावकारी कार्यक्रम तयार गरी लागू गरिनेछ।तिनै तहका सरकार, सरोकारवाला निकाय, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु बीच समन्वय, सहकार्य, साझेदारी गरी उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गरी प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ।संघीय संरचना अनुसार तर्जुमा हुनु पर्ने नीति, कानून, नियम, कार्यविधि, मापदण्ड, योजना, संस्थागत संयन्त्र तयार हुन नसकेमा तथा समयमा तयार नभएमा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन प्रभावित भई अपेक्षित उपलब्धी हालिल नहुन सक्छ ।

## ५.३ खानेपानी तथा सरसफाई

### ५.३.१ पृष्ठभूमि

नेपालले लिएको दिगो विकास लक्ष्य अन्तरगत स्वच्छ खानेपानी तथा सरसफाई समेत समावेश गरिएको छ । वर्तमान १५ औं राष्ट्रिय योजनाले नागरिकको लागि आधारभूत खानेपानी सुविधामा पहुँच सुनिस्चित गर्ने संकल्प गरेको छ | लुम्बिनी प्रदेशको पहिलो आवधिक विकास योजनाले स्वच्छ खानेपानी आपूर्ती र सरसफाईमा घरधुरीहरुको पहुँच सत प्रतिशत पुर्याउने उद्देश्य लिएको छ ।

### ५.३.२ संभावना र अवसर

खानेपानी तथा सरसफाईको क्षेत्रमा संघीय सरकार प्रदेश सरकार तथा बारबर्दिया नगरपालिकाले उच्च प्राथमिकता रहेको छ। बारबर्दिया नगरपालिकाले सरसफाई अभियानमा जनसहभागिता अभिवृद्धि गर्ने हिसाबले “आफ्नो शहर आफै सफा गरौं” भन्ने कार्यक्रम सञ्चालन गरेको छ।बारबर्दिया क्षेत्र खुला दिशामुक्त क्षेत्र घोषणा भइ सकेकोछ।खानेपानी आयोजनाको व्यवस्थापन उपभोक्ता समिति मार्फत हुने अभ्यास रहेको छ।आबश्यकता अनुरुप सार्वजनिक शौचालय निर्माण र संचालनमा जोड दिने गरिएको छ ।

### ५.३.३ समस्या र चुनौती

खानेपानी तथा सरसफाईको क्षेत्रमा पछिल्ला दिनहरुमा उल्लेखनीय सुधार भएता पनि स्वच्छ खानेपानी पहुँच तथा व्यवस्थित सरसफाईका अभ्यास दिगो रुपमा स्थापित हुन सकेका छैनन्।सार्वजनिक शौचालयको व्यवस्थापनमा कठिनाई रहेको छ।शहरी तथा शहरउन्मुख क्षेत्रमा व्यवस्थित ढल निकासको कमी रहेको छ। खानेपानी तथा सरसफाई क्षेत्रमा निजी तथा सामुदायिक क्षेत्रको योगदानमा कमी रहेको छ ।

### ५.३.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**दीर्घकालिन सोच**

- “स्वच्छ र दिगो खानेपानी तथा सरसफाईयुक्त नगरपालिका निर्माण ”

**लक्ष्य**

- नगरपालिका क्षेत्रमा सर्वसुलभ र गुणस्तरीय खानेपानी तथा पूर्ण सरसफाइ सेवा विस्तार गर्ने ।

**उद्देश्य**

नगरपालिकाको खानेपानी तथा सरसफाई उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन

- स्वच्छ खानेपानीमा दिगो पहुँच र सरसफाई तथा स्वच्छता प्रवद्र्धन गर्नु,

**रणनीति तथा कार्यनीति**

खानेपानी तथा सरसफाई उपक्षेत्रमा देहायअनुसारका रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछः

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १ सबै घरपरिवारमा स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गने। | १.१ विद्यमान तथा वैकल्पिक खानेपानीका स्रोत र वितरण प्रणालीको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइ थप व्यबस्थित र उपयोगी बनाइनेछ ।<br>१.२ खानेपानीका स्रोतको (भूमिगत जलश्रोत समेत) संरक्षण गरिनेछ।<br>१.३ आधारभूत खानेपानीको पहुँच वृद्धिको लागि ठाउँ ठाउँमा पानी टयांकीको सम्भ्याव्यता अध्ययन गरी आवश्यकता अनुसार स्थापना गरिनेछ।<br>१.४ विद्यमान खानेपानीका संरचनाको क्षमता मूल्याङ्कन तथा वृद्धि गरिनेछ।नयाँ संरचनाकोलागि आवश्यक पूर्वाधार निर्माण गरीनेछ ।<br>१.५ एक घर एक धारा कार्यक्रमलाई अन्तर–सरकार समन्वय तथा साझेदारी र समुदायको सहभागिता तथा अग्रसरतामा थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । |

| | |
|---|---|
| २ आधारभूत स्वच्छ खानेपानीमा सहज पहुँच, खानेपानीको गुणस्तर बढाउन आवश्यक संरचनाहरू तयार गर्ने। | २.१ आवश्यकता अनुसार पानी शुद्धीकरण प्रक्रियाकोलागि संरचना निर्माण गरिनेछ ।<br>२.२ सामूहिक कोषको निर्माण गरी उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ ।<br>२.३ निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ ।<br>२.४ व्यवस्थित खानेपानीको रेखदेख र सञ्चालनकोलागि जनशक्तिको व्यवस्था गरिनेछ।<br>२.५ सबै खानेपानी आयोजनामा खानेपानीको नियमित गुणस्तर परीक्षण तथा सुद्धीकरणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।<br>२.६ नागरिकको बढी जमघट हुने सार्वजनिक स्थल तथा सरकारी कार्यालयमा यूरोगार्ड सहितको पानी सुद्धीकरण प्रणाली स्थापना गरिनेछ।<br>२.७ खानेपानी आयोजनाको दिगोपना, संरक्षण र मर्मतसम्भाारको लागि तालिम प्राप्त मर्मत सम्मार कार्यकर्ताको व्यवस्थालाई निरन्तरता दिइ उपभोक्ता समितिलाई सशक्त गराउन सहकार्य गरिनेछ । |
| ३ वातावरणीय स्वच्छता र पूर्ण सरसफाई अभियानलाई एकीकृत रुपमा कार्यान्वयन गर्ने \| | ३.१ सार्बजनिक स्थलमा निर्माण भएका शौचालयहरूको समुचित प्रयोग र ब्यबस्थापन बारे अनुगमन गरिनेछ।<br>३.२ समुदायका मानिसहरुको अधिक आवत जावत हुने बजार क्षेत्रमा क्रमश अपाङ्गमैत्री, बालमैत्री सार्वजनिक शौचालय तथा सार्वजनिक स्थलहरूमा स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ ।<br>३.३ सरसफाइ सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.४ घरबाट निस्किने कुहिने प्रकृतिका फोहरमैलाबाट कम्पोस्ट मल बनाउन र अन्य फोहर व्यवस्थापन गर्न घर परिवारलाई आवश्यक प्रशिक्षणको व्यवस्था गरिनेछ ।<br>३.५ घरबाट निस्किने फोहोर पानीलाई करेसाबारीमा उपयोग गर्न प्रोत्साहित गरिनेछ।<br>३.६ प्लाष्टिकजन्य वस्तुको उपयोगलाई दुरुत्साहन गरी वैकल्पिक झोलाको रूपमा कपडा तथा जुटका झोलाको उपयोगलाई प्रवद्र्धन गर्न समुदायस्तरमा अभियान सञ्चालन गरिनेछ ।<br>३.७ चोक, सडक किनारा लगायतका सार्वजनिक क्षेत्र तथा नीजि आवासमा हरियाली तथा सौन्दर्य कायम गर्न बगैंचा निर्माण तथा बृक्षारोपणलाई नियमित गरिनेछ ।<br>३.८ बजार क्षेत्रको फोहोर संकलन तथा व्यवस्थापनका लागि संस्थागत संयन्त्र तयार गरिनेछ ।<br>३.९ घरमै फोहोरलाई वर्गीकरण र व्यवस्थापन गर्ने शून्य फोहोर नीतिलाई कार्यान्वयन गर्न टोलस्तरको स्वास्थ्य तथा सरफाई समितिमार्फत खानेपानी तथा सरसफाई गतिबिधिलाई एकीकृत रूपमा सञ्चालन गरिनेछ। |
| ४ फोहोरमैला व्यवस्थापनलाई दिगो तथा प्रभाबकारी गराउन आवश्यक आधार तयार गर्ने । | ४.१ स्वच्छ टोल पुरस्कार कार्यक्रम सञ्चालन गरी दिगो सरसफाईका लागि समुदायलाई प्रेरित गरिनेछ ।<br>४.२ खानेपानी र सरसफाईसम्बन्धी गुरु योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>४.३ नागरिकको बढी जमघट हुने सार्वजनिक स्थलमा पसल सहितको सार्वजनिक शौचालय निर्माण गरी पसल सञ्चालकमार्फत सरसफाई एव व्यवस्थापन प्रभाबकारी गराइने छ ।<br>४.४ विद्यालयमा विद्यार्थीहरूलाई केन्द्रित गरी सरसफाईसम्बन्धी अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४.५ खुला दिशामुक्त क्षेत्र घोषणा पालना प्रभाबकारी गराउँदै पूर्ण सरसफाईयुक्त क्षेत्र घोषणाका लागि आधारहरू तयार गरिनेछ ।<br>४.६ सरसफाईको प्रवद्र्धन गर्न स्वास्थ्य स्वयम सेवक, आमा/महिला समूह, बाल क्लव र युवा क्लबलाई घरपरिवार र टोल तहमा सरसफाईको नियमित अभ्यासको रूपमा सञ्चालन गरिनेछ ।<br>४.७ स्वच्छ तथा सरसफाईसम्बन्धी जनचेतनामूलक श्रव्य दृष्य सामाग्रीको नियमित प्रकाशन र प्रसारणको व्यवस्था गरिनेछ ।<br>४.८ फोहोरमैलाको दिगो व्यबस्थापनको लागि आवश्यक नीतिगत तथा कानुनी व्यबस्था गरी कार्यान्वयन गरिनेछ \| |

### ५.३.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

खानेपानी तथा सरसफाई उपक्षेत्रको विषय उपक्षेत्रगत सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३५ खानेपानी तथा सरसफाई उपक्षेत्रको नतिजा सूचक तथा आवधिक लक्ष्य

| सूचक | इकाई | आधार वर्ष | आवधिक लक्षय | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| खानेपानी तथा सरसफाई | | | | | | | |
| स्वच्छ खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ५३ | ५५ | ५८ | ६३ | ६७ | ७२ |
| सुरक्षित शौचालय भएका घरधुरी | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० | ८५ |
| जोखिमयुक्त अवस्थामा साबुन पानीले हातधुने अभ्यास गर्ने घरपरिवार | प्रतिशत | ३३ | ३३ | ३५ | ४० | ४६ | ५२ |
| फोहोर विसर्जन स्थल भएको घरपरिवार | प्रतिशत | १५ | १७ | २१ | २४ | २८ | ३१ |
| फोहोर वर्गीकरण गरी विसर्जन गर्ने परिवार | प्रतिशत | १० | १५ | २० | २५ | ३० | ३५ |

स्रोतः योजना तर्जुमा कार्यशाला र सम्बन्धित शाखा

### ५.३.६ विषय उपक्षेत्रगत खर्चको आवधिक अनुमान

खानेपानी तथा सरसफाई उपक्षेत्रको आवधिक खर्चको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका ३६ खानेपानी तथा सरसफाई उपक्षेत्रको खर्चको आवधिक अनुमान

| बजेट तथा खर्च अनुमान रु.लाखमा | | | | | |
|---|---|---|---|---|---|
| आ.ब.०७९/०८० | आ.ब.०८०/०८१ | आ.ब.०८१/०८२ | आ.ब.०८२/०८३ | आ.ब.०८३/०८४ | जम्मा |
| १६७ | १९३ | २०३ | २२३ | २४५ | १०३१ |

स्रोतः प्रस्तावित कार्यक्रम तथा क्रियाकलापको प्राथमिकीकरण र अनुमानित लागत, मध्यमकालीन खर्च संरचना, सम्बन्धित शाखा र आर्थिक प्रशासन शाखा |

### ५.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

खानेपानी तथा सरसफाई उपक्षेत्रको आगामी पाँच बर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३७ खानेपानी तथा सरसफाई उपक्षेत्रका कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | एकाई | आधार बर्ष (०७८/७९) को अवस्था | योजना अवधिको लक्ष्य | अनुमानित बार्षिक लक्ष्य (रु. लाखमा) आ.ब. | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | |
| १ | खानेपानी आयोजना मर्मत तथा सुधार कार्यक्रम (सबै वडा) | रु.लाख | २० | १६४ | ३० | ३० | ३२ | ३५ | ३८ | कार्यपालिका, सम्बन्धित शाखा, वडा कार्यालय, उपभोक्ता समिति |
| २ | खानेपानी आयोजना ब्यबस्थापन | रु.लाख | ३५ | ३५६ | ६५ | ६५ | ६८ | ७५ | ८३ | |
| ३ | सार्वजनिक शौचालय निर्माण/प्रत्येक बर्ष २ वटाका दरले | रु.लाख | ० | ४५ | ० | १० | ११ | १२ | १३ | |
| ४ | खानेपानी गुणस्तर परिक्षण | रु.लाख | ० | २७ | ५ | ५ | ५ | ६ | ६ | |
| ५ | सरसफाई सचेतना कार्यक्रम | रु.लाख | ५ | २७ | ५ | ५ | ५ | ६ | ६ | कार्यपालिका, सम्बन्धित शाखा, वडा कार्यालय, उपभोक्ता समिति |
| ६ | फोहोरमैला ब्यबस्थापन कार्यक्रम | रु.लाख | १२ | ११५ | १२ | २३ | २४ | २७ | २९ | |
| ७ | सरसफाई प्रबिधि तथा पूर्वाधार संचालन कार्यक्रम | रु.लाख | १० | ७७ | १० | १५ | १६ | १७ | १९ | |
| ८ | फोहोर संकलन साधन तथा सामाग्री संचालन कार्यक्रम | रु.लाख | २५ | १३७ | २५ | २५ | २६ | २९ | ३२ | |
| ९ | सालवसाली कार्यक्रम सशर्त समेत | रु.लाख | १५ | ८२ | १५ | १५ | १६ | १७ | १९ | |
| **जम्मा** | | | | १०३१ | १६७ | १९३ | २०३ | २२३ | २४५ | |

## ५.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

### ५.४.१ पृष्ठभूमि

नेपालको संविधानले सामाजिक न्याय समावेशी प्रतिनिधित्वको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । राज्यको  निर्देशक सिद्धान्त तथा नीतिमा सामाजिक, आर्थिक, भौगोलिक तथा सांस्कृतिक रुपले पिछडिएको वर्गको हितको लागि विशेष व्यवस्था गरेको छ। नेपालले लिएको दिगो विकास लक्ष्य अन्तरगत गुणस्तरीय शिक्षा, तथा स्वास्थ्य समुन्नत समाज, लैङ्गिक समानता, स्वच्छ खानेपानी तथा सरसफाई र असमानता न्यूनीकरणलाई समेत समावेश गरिएको छ ।

### ५.४.२ संभावना र अवसर

नेपालको संविधानको व्यवस्था एबम् अन्य प्रचलित नीतिगत व्यवस्था र कानून बमोजिम महिला, बालबालिका, जेष्ठ नागरिक, अपांग, दलित, आदिवासी जनजाति, द्धन्द पिडित तथा विपन्न वर्गको लागि सामाजिक न्याय तथा समानताका लागि विशेष व्यवस्था गरेको छ। लैगिंक हिंसा, बाल विवाह तथा बहु विवाहका घटनामा कमी हुँदै गएको छ। लक्षित वर्गका लागि रोजगारी, सीप विकास र सहभागिताका विशेष अवसर सिर्जना हुने कार्यक्रम प्राथमिकतामा पर्ने गरेका छन्।

### ५.४.३ समस्या र चुनौती

लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि नीतिगत तथा व्यवहारिक तहबाट प्रयत्नहरु भएता पनि आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित वर्गको अर्थपूर्ण सहभागितामा कमी रहनुका साथै प्रभाबशाली उपस्थिति हुन सकेको छैन ।बिपन्न बर्गको परिवारमा लैंगिक हिंसा, बाल हिंसा तथा घरेलु हिंसाका घटना दिनहु घट्ने गरेका छन्। लक्षित वर्गको स्वरोजगारीका अवसर तथा आत्म निर्भरतामा कमी रहेको छ। लक्षित वर्गको क्षमता विकास तथा जनचेतना अभिवृद्धिका कार्यक्रम प्रयाप्त हुन सेकेका छैनन् ।

### ५.४.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**दीर्घकालिन सोच**

- सबै प्रकारका बिभेदमूक्त सभ्य, समतामूलक र समाबेशी नगरपालिका

**लक्ष्य**

- नगरपालिका क्षेत्रमा हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी  लक्षित वर्गको क्षमता विकास, सामाजिक न्यायको स्थापना तथा सम्मानित जीवन यापनका अवसर सृजना गर्ने |

**उद्धेश्य**

नगरपालिकाको  महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छनः

- आर्थिक-सामाजिक तथा सास्कृतिक रुपमा सिमान्तिकृत वर्गको क्षमता, सहभागिता र आत्मविश्वासमा अभिवृद्धि गर्नु,

**रणनीति तथा कार्यनीति**

महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्रमा देहायअनुसारका रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछः

| रणनीति | कार्यनीति |
|---|---|
| १ महिलाको हक अधिकार संरक्षण तथा लैङ्गिक समानता वृद्धि गर्ने । | १.१ नीति, कानून तथा योजना निर्माण र कार्यान्वयनमा महिलाको समान सहभागिता तथा प्रतिनिधित्वमा बढोत्तरी गर्न आवश्यक कानुनी तथा संरचनागत व्यबस्था गरिनेछ। |

| | |
|---|---|
| | १.२ महिला बिरुद्ध हुने सबै प्रकारको हिंसा, शोषण र विभेद नियन्त्रणको कानुनी उपचार प्रणालीलाई पहुँच योग्य बनाइनेछ ।<br>१ ३.दाइजो प्रथामुक्त तथा महिला बिरुद्ध हुने सबै प्रकारका हिँसा र विभेद अन्त्यका लागि बिभिन्न सामाजिक संघ संस्थासँगको सहकार्यमा सामाजिक अभियान संचालन गरिनेछ \|<br>१.४ हिंसा प्रभावित महिलाको लागि पुनर्स्थापना तथा सुरक्षा गृह स्थापना तथा सञ्चालनका साथै नगरपालिकामा राहतकोषको सञ्चालन गरिनछ \| १.५ लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमा एबम कार्यान्वयन र लैंगिक अडिटको अभ्यास नियमित गरिनेछ।<br>१.६ सामाजिक तथा आर्थिक रूपले पछाडी परेका र एकल महिलाका लागि रोजगारी मार्फत आत्मनिर्भरताका अवसर सृजना गर्न तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी सीप विकास तालिम तथा व्यवसाय सञ्चालनका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ । |
| २ संबिधान प्रदत्त बाल अधिकारको संरक्षण तथा बालमैत्री स्थानीय शासनको प्रत्याभूत गर्ने\| | २.१ बालबालिका विरुद्ध हुने हिंसा, यौनदुर्व्यवहार, बालश्रम, बलात्कार, बेचविखनजस्ता अपराध विरुद्ध सामाजिक संघ संस्थासँगको सहकार्यमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>२.२ हिंसा प्रभावित बालबालिकाको उचित संरक्षण तथा पुनर्स्थापनाका लागि बाल हेल्पलाइन सेवाको व्यवस्था गरिनेछ।नगरपालिकालाई वालश्रम तथा वालबिबाह मुक्त घोषणा गरिनेछ \|<br>२..३ अनाथ, असहाय, पूर्ण अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा बालकोषको परिचालन मार्फत बाल संरक्षण गरिनेछ।<br>२.४ बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि बिभिन्न प्रतियोगिता ,बाल संसद, बाल क्लब ,बाल उद्यान स्थापना तथा संचालन गरी बालबालिकाको सहभागिता बढाइनेछ।<br>२.५ बालमैत्री नगरपालिका घोषणाको लागि बाल प्रोफाइल तयारी लगायतका कार्यहरू सम्पन्न गरी आवश्यक आधारहरू तयार गरिनेछ। |
| ३ ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु | ३.१ ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहारसुसार र उपयुक्त वातावरण सिर्जना गरिनेछ ।<br>३.२ आवश्यकता अनुसार ज्येष्ठ नागरिकका लागि दिवा सेवा केन्द्र, निःशुल्क स्वास्थ्य उपचार सहयोग र मनोरञ्जनका अवसर उपलब्ध गराइनेछ।<br>३.३ ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अवसर प्रदान गर्नुका साथै अन्तरपुस्ता ज्ञान हस्तान्तरण कार्यक्रम लागु गरिनेछ ।<br>३.४ ज्येष्ठ नागरिकलाई सम्मान स्वरुप स्थानीय तहवाट प्रदान गरिने सेवा र सुविधामा विशेष सहुलियतको व्यवस्था गरिनेछ ।<br>३.५ ज्येष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुऱ्याएको योगदानको आधारमा सम्मान गरिनेछ । |
| ४ अपाङ्गता भएका व्यक्तिकालागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवन यापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्ने। | ४.१ भौतिक संरचना,पूर्वाधार तथा यातायातका साधनहरू अपाङ्गमैत्री बनाई आवश्यकता अनुसार सहायक सामाग्री वितरण गरी जीवनयापन सहज हुने वातावरण निर्माण गरिनेछ ।<br>४.२ शिक्षण सिकाइ पद्धति अपाङ्गमैत्री बनाई गुणस्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाहरूको पहुँच वृद्धि गरिनेछ ।<br>४.३ अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारी र निजी क्षेत्रमा रोजगारीको अवसर वृद्धि गरिनेछ । |

| | |
|---|---|
| | ४.४ अपाङ्गता भएका व्यक्तिको सहभागितामा वृद्धिका लागि आवश्यक नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।<br>४.५ अपाङ्गता भएका व्यक्तिको लागि बिभिन्न सीपमूलक तथा रोजगारमूलक कार्यक्रम संचालन गरिनेछ । |
| ५ दलित, आदिवासी जनजाति , यौनिक अल्पसंख्यक लगायत आर्थिक-सामाजिक रुपमा पिछडिएको वर्गलाई विकासको मूल प्रबाहमा समाहित गराउन समुदायसँगको सहकार्यमा संस्थागत संरचना तथा व्यावहारिक प्रयत्नलाई प्रभावकारी बनाउने | | ५.१ सामाजिक तथा आर्थिक रूपले पछाडी परेका महिला, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी तथा जनजाति र यौनिक अल्पसंख्यकका लागि आत्मनिर्भरताका अवसर सृजना गर्न सीप विकास तालिम तथा व्यवसाय सञ्चालनका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ ।<br>५.२ विपन्न तथा आर्थिक सामाजिक रूपले पिछडिएको वर्गका विद्यार्थीलाई केन्द्रित गरी बिभिन्न सेवा आयोग तयारी कक्षामा सहभागिताका अवसर सृजना गरिनेछ ।<br>५.३ लक्षित वर्गसँग सम्बन्धित बालबालिका, महिला, एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, आदिवासी जनजाति, दलित, यौनिक अल्पसंख्यक वर्गको नगरपालिका तथा वडास्तरीय संजाल/समिति गठन गरी क्रियाशिल बनाइनेछ ।<br>५.४ यौनिक तथा अल्पसंख्यक समुदायका नागरिकको हक अधिकार सुनिस्चित गरी सम्मानित जीवनयापनको लागि उचित वातावरण बनाइनेछ | |
| ६ लक्षित वर्गको क्षमता विकास गरी स्थानीय नीति निर्माण तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता गराउने । | ६.१ योजना तर्जुमा, निर्णय निर्माण प्रक्रिया एवं स्थानीय संरचनामा लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।<br>६.२ लक्षित वर्गका हक अधिकारको प्रभावकारी कार्यान्वयनका लागि लक्षित वर्गका व्यक्तिहरूको क्षमता विकास, कानूनी सचेतना, अन्तरक्रियाजस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>६.३ स्थानीय उपभोक्ता समिति लगायत सार्बजनिक संस्था तथा समितिमा सिमान्तकृत समुदायको अनिवार्य प्रतिनिधित्वको प्रावधान राखिनेछ ।<br>६.४ दलित तथा सिमान्तकृत समुदायका नागरिकलाई शिक्षा, स्वास्थ्य, खानेपानी लगायत आधारभूत सेवा सुविधा समतामुलक रुपमा वितरण तथा सुबिधा प्रदान गर्ने प्रवन्ध मिलाइनेछ ।<br>६.५ सामाजमा विद्यमान विभिन्न स्वरूपका विभेद, हिंसा तथा कुप्रथा अन्त्य गर्न नीतिगत सुधार र व्यावहारिक प्रयत्न प्रभावकारी गराउनेछ |<br>६.६ मेलमिलाप कार्यसंचालन कार्यविधि कार्यान्वयन गर्न मेलमिलाप केन्द्र गठन गरिनेछ | |

### ५.४.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

**महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्रको विषय क्षेत्रगत सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।**

तालिका ३८ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्रको नतिजा सूचक तथा आवधिक लक्ष्य

| सूचक | इकाई | आधार वर्ष | आवधिक लक्षय | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| सीपमुलक तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | २० | २५ | ३० | ३२ | ३५ | ४० |
| व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या (बार्षिक | ५०० | ५५० | ६०० | ६८० | ७५० | ८२० |
| घर व्यवहार तथा कारोबार | प्रतिशत | ४५ | ५० | ५५ | ५८ | ६२ | ६५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सम्बन्धी निर्णयमा महिला सहभागिता | | | | | | | |
| बालक्लब तथा बाल संजाल गठन | संख्या | - | २ | ७ | १० | १४ | १४ |
| बाल ससद अभ्यास (प्रत्येक बर्ष) | पटक | ० | ० | १ | २ | २ | २ |

स्रोतः गोष्ठी, छलफल तथा उपलब्ध तथ्यांक र सम्बन्धित शाखा

## ५.४.६ विषय उपक्षेत्रगत खर्चको आवधिक अनुमान

महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्रको आवधिक खर्चको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका ३९ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्रको खर्चको आवधिक अनुमान

| बजेट तथा खर्च अनुमान रु.लाखमा | | | | | |
|---|---|---|---|---|---|
| आ.ब.०७९/०८० | आ.ब.०८०/०८१ | आ.ब.०८१/०८२ | आ.ब.०८२/०८३ | आ.ब.०८३/०८४ | जम्मा |
| ९६ | ११८ | १२७ | १४० | १४७ | ६२९ |

स्रोतः प्रस्तावित कार्यक्रम तथा क्रियाकलापको प्राथमिकीकरण र अनुमानित लागत, मध्यमकालीन खर्च संरचना, सम्बन्धित शाखा र आर्थिक प्रशासन शाखा ।

## ५.४.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्रको आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिका ५.४.३ मा प्रस्तुत गरिएको छ ।

तालिका ४० महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्र तर्फका कार्यक्रम संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | एकाई | आधार बर्ष (०७८/७९) को अवस्था | योजना अवधिको लक्ष्य | अनुमानित बार्षिक लक्ष्य (रु. लाखमा) आ.ब. | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | |
| १ | लक्षित वर्ग स्वरोजगार र आय आर्जनमूलक कार्यक्रम (महिला एबम सिमान्तिकृत समुदायका नागरिक) | रु. लाख | १० | १०७ | १५ | २० | २१ | २५ | २६ | कार्यपालिका, वडा कार्यालय, सम्बन्धित शाखा र सरोकारवाला निकाय |
| २ | मानव बेचविखन अन्त्य, लैङ्गिक हिंसा तथा घरेलु हिंसा न्यूनिकरण, वाल बिबाह न्यूनीकरण कार्यक्रम | रु. लाख | ११ | ६० | ११ | ११ | १२ | १३ | १३ | |
| ३ | दिवस, समारोह पर्व लगायत कार्यक्रम | रु. लाख | ८ | ५७ | ८ | १० | १२ | १३ | १४ | |
| ४ | बालमैत्री नगरपालिका तथा स्थानीय शासन प्रबर्द्धन कार्यक्रम (बालक्लब गठन समेत) | रु.लाख | १ | २६ | १ | ५ | ६ | ७ | ७ | कार्यपालिका, वडा कार्यालय, सम्बन्धित शाखा र सरोकारवाला निकाय |
| ५ | लक्षित वर्ग सञ्जाल परिचालन | रु.लाख | २ | २४ | २ | ५ | ५ | ६ | ६ | |
| ६ | नगरस्तरीय सामाजिक सुरक्षा (अपांगता भएका नागरिक समेत) कार्यक्रम संचालन | रु.लाख | १० | ९४ | १५ | १७ | १९ | २१ | २२ | कार्यपालिका, वडा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | ज्येस्ठ नागरिक लक्षित कार्यक्रम | रु.लाख | १० | ५४ | १० | १० | ११ | १२ | १२ | कार्यालय, सम्बन्धित शाखा र सरोकारवाला निकाय |
| ८ | महिला लक्षित सचेतना तथा क्षमता विकास कार्यक्रम | रु.लाख | ५ | ४० | ५ | ८ | ८ | ९ | १० | |
| ९ | बिपन्न दलितको लागि आय आर्जनमूलक कार्यक्रम | रु.लाख | १० | ५१ | १० | १० | ११ | १० | ११ | |
| १० | ज्येस्ठ नागरिक सेवा केन्द्र तथा वालमैत्री उद्ध्यान पार्क निर्माण | रु.लाख | ८ | ४३ | ८ | ८ | ८ | ९ | १० | कार्यपालिका, वडा कार्यालय, सम्बन्धित शाखा र सरोकारवाला निकाय |
| ११ | बाल बिबाह् मुक्त नगरपालिका स्थापना | रु.लाख | ४ | २२ | ४ | ४ | ४ | ५ | ५ | |
| १२ | यौनिक तथा अल्पसंख्यक समुदायका व्यक्तिको क्षमता विकास कार्यक्रम | रु.लाख | ४ | २६ | ४ | ५ | ५ | ६ | ६ | |
| १३ | बिभिन्न समिति बैठक तथा कार्यक्रम ब्यबस्थापन लगायत | रु.लाख | ३ | २५ | ३ | ५ | ५ | ६ | ६ | |
| | **जम्मा** | | | ६२९ | ९६ | ११८ | १२७ | १४० | १४७ | |

## ५.४.८ जोखिम पक्ष तथा अनुमान

माथि उल्लेखित समस्याहरू तथा चुनौतीहरूलाई सम्वोधन गर्न लागत प्रभावकारी कार्यक्रम तयार गरी लागू गरिनेछ।तिनै तहका सरकार, सरोकारवाला निकाय, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु बीच समन्वय, सहकार्य, साझेदारी गरी उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गरी प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ।संघीय संरचना अनुसार तर्जुमा हुनु पर्ने नीति, कानून, नियम, कार्यविधि, मापदण्ड, योजना, संस्थागत संयन्त्र तयार हुन नसकेमा तथा समयमा तयार नभएमा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन प्रभावित भई अपेक्षित उपलब्धी हालिल नहुन सक्छ ।

## ५.५ युवा तथा खेलकुद र नवप्रवर्तन

### ५.५.१ पृष्ठभूमि

नेपालको संविधानको सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीतिमा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वांगीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने उल्लेख गरिएको छ। युवा शक्तिको पहिचान र परिचालन गर्नसकेमा समग्र विकास प्रक्रियामा युवाले योगदान गर्न सक्छन्। यसका साथै स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकतासँग सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने भनिएको छ ।

### ५.५.२ संभावना र अवसर

नगरपालिकाले युवा स्वरोजगारी तथा खेलकुद क्षेत्रको प्रवद्र्धन गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छ । युवा स्वरोजगारीका तालिम तथा प्रोत्साहनमुलक कार्यक्रमहरु हरेक वर्ष नगरका र्यपालिका कार्यालयले सञ्चालन गर्ने गरेको छ ।युवा हरुलाई स्थानीयस्तरमा टिकाइ राख्न र रोजगार प्रबर्द्धन गर्न नवप्रबर्तनमा आधारित कार्यक्रम संचालन गर्न नगरपालिकाले बिशेष जोड दिदै आएको छ | नगरपालिकामा विशेष योजनाका साथ कृषि तथा पर्यटन जस्ता आर्थिक उत्पादनको क्षेत्रमा आर्थिक रूपले सक्रिय यूवा जनसङ्ख्या लगाउन सके र वैदेशिक रोजगारीका लागि जनशक्ति पलायन हुनबाट रोकी नगरपालिकाको विकासमा ठूलो फड्को मार्ने सम्भावना रहेकोछ। त्यसैगरी, युवाशक्ति परिचालनको लागि कानूनी व्यवस्था हुनु, युवा उमेर समूहको जनसङ्ख्या उच्च रहनु, स्थानीय सरकार संचालन ऐनले स्थानीय खेलकूद विकासको जिम्मेवारी स्थानीय सरकारलाई दिनु, खेलकूद प्रति चासो वृद्धि हुँदै जानु, युवाक्लवहरू गठन भई परिचालन हुनु, खेलकूदका सामान्य पूर्वाधार हुनु आदि यस क्षेत्रका प्रमुख सम्भावनाहरू हुन् ।

संविधानमै युवा विकास सम्बन्धी व्यवस्था हुनु, स्थानीय स्तरमा विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु तथा विद्यालय तहको पाठ्यक्रममा खेलकुदलाई अभिन्न अङ्गका रूपमा लिइनु अवसरका रुपमा रहेका छन् ।

### ५.५.३ समस्या र चुनौती

बारबर्दिया क्षेत्रमा युवा बेरोजगारी तथा युवा पलायनको अन्त्य हुन सकेको छैन। युवाका लागि लक्षित कार्यक्रमहरु सञ्चालन भएता पनि बेरोजगारी, पलायन तथा दुव्र्यसन व्याप्त रहेको छ। युवाका लागि रोजगारीका अवसर तथा प्रोत्साहनमा र उद्यमशीलताको कमी रहेको छ ।खेलाडीका प्रशिक्षण, खेल मैदान, खेल सामग्रीको तथा व्यवसायिक खेलका अवसरमा कमी रहेको छ।

वर्षेनी श्रम बजारमा थपिने युवालाई रोजगारमूलक र व्यावसायिक शिक्षा तालिम उपलब्ध गराई रोजगारी प्रदान गर्नु, युवा प्रतिभा पलायन रोक्नु, युवाहरूमा सकारात्मक सोचको वृद्धि गरी श्रम र संस्कृतिप्रति सम्मान गर्ने वातावरणको सिर्जना गर्नु, युवाहरूमा स्वयंसेवी भावनाको जागृत गर्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु, उपयुक्त खेल पूर्वाधार आधारशीला निर्माण गर्नु तथा समुदायदेखि नै खेलकुदलाई आत्मसात् गरी बालबालिका, युवा, विद्यार्थी, ज्येष्ठ नागरिक लक्षित खेलकुद कार्यक्रम र शिक्षण, प्रशिक्षण तथा विभिन्न प्रतियोगिताहरूको आयोजना गरी स्वच्छ तथा प्रतिस्पर्धी खेलाडीको विकास एवम् खेल संस्कृतिको विकास गर्नु चुनौतीका रुपमा रहेका छन।

### ५.५.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**दीर्घकालिन सोच**

उद्यमशील, सभ्य, सक्षम तथा आत्मनिर्भर युवामैत्री बारबर्दिया

**लक्ष्य**

- युवा जनशक्तिका लागि व्यवसायिकता, नवप्रबर्तानमा आधारित रोजगारी, सदाचार र खेलमैत्री वातावरणको अवसर अभिवृद्धि गर्ने

**उद्देश्य**

नगरपालिकाको युवा तथा खेलकुद र नवप्रवर्तन उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छनः

१ युवा वर्गको सृजनशिल तथा उद्यमशील क्षमता अभिवृद्धि र उपयोग गर्नु ।

२ खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।

**रणनीति तथा कार्यनीति**

युवा तथा खेलकुद र नवप्रवर्तन उपक्षेत्रमा देहायअनुसारका रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछः

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १** :युवा वर्गको सृजनशिल तथा उद्यमशील क्षमता अभिवृद्धि र उपयोग गर्नु । | |
| १ युवा वर्गमा अग्रसरता, नवप्रर्वतन तथा उद्यमशिल संस्कृतिको विकास गर्ने । | १.१ युवामा उद्यमशीलता विकासका लागि स्वदेश तथा विदेशको बजारको माग अनुरूप व्यावसायिक तथा प्राविधिक तालिम उपलव्ध गराइनेछ।<br>१.२ वैदेशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएका पुँजी, ज्ञान, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा नै नवप्रबर्तनमा आधारित उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ।<br>१.३ परम्परागत पेशा र व्यवसायको जगेर्ना, आधुनिकीकरण, र व्यवसायीकरण गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ ।<br>१.४ बेरोजगार युवाको विवरण संकलन गरी विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.५ रोजगार तथा स्वरोजगार सिर्जनाका लागि सार्वजनिक, निजी, साझेदारीका वित्तीय संस्थाहरू मार्फत् सहुलियत व्याजदरमा ऋण उपलब्ध गराउन युवा स्वरोजगार कार्यक्रम कार्यान्वयन गरिनेछ । |
| २ क्षमता विकास तथा स्वरोजगारीका अवसरको माध्यमबाट युवा वर्गको आत्मविश्वास र सकारात्मक सोंचमा अभिवृद्धि गर्ने । | २.१ सिर्जनात्मक अन्वेषण र नवप्रवर्तन कार्य गरी राष्ट्को गौरव वढाउन योगदान दिन युवाहरूलाई प्रोत्साहित गरिनेछ ।<br>२.२ राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा सफलता हासिल गरेका युवाहरूका अनुभव स्थानीय युवाहरूमाझ आदान प्रदान गरी गरिनेछ ।<br>२.३ विकास वा खेलकुद सम्बन्धी विभिन्न क्लवहरूको स्थापना तथा प्रभावकारी सञ्चालन मार्फत युवाहरूको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.४ युवा वर्गमा सदाचार तथा उच्च नैतिक भावनाको विकास गरी विकास प्रकृया तथा सामाजिक रूपान्तरण प्रतिको दायित्वबोध गराइनेछ ।<br>२.५ युवालाई लागु पदार्थ दुर्व्यसन तथा नियन्त्रण सम्बन्धी चेतना मुलक कार्यक्रम तयारी तथा सञ्चालन गरिनेछ।<br>२.६ युवा क्लब, समूह र संघ/संस्थामार्फत लागु पदार्थ दुव्र्यसन विरुद्ध सचेतना बढाउने तथा दुव्र्यसन त्याग्ने युवालाई सम्मान गर्ने अभियान सञ्चालन गरिनेछ।<br>२.७ वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागितालाई प्राथमिकता दिइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.८ विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँचका लागि प्रत्येक वार्डमा सूचना प्रविधि सम्पन्न युवा सूचना केन्द्रको स्थापना गरिनेछ । |
| **उद्देश्य २** :खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु । | |
| १ खेलकुदका पूर्वाधार विकास तथा खेलाडी प्रोत्साहनमार्फत युवाको सृजनशिलता विकास गर्ने । | १.१ नगरपालिकामा कम्तिमा एउटा न्युनतम सुविधा सम्पन्न वहुउद्देश्यीय खेलकुद रङ्गशाला निर्माण गरिनेछ ।<br>१.२ सार्वजनिक निजी साझेदारीमा खेलकुद पूर्वाधार निर्माण र सुदृढ गरिनेछ<br>१.३ खेलकुद विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सहयोग र सहकार्य गरिनेछ ।<br>१ ४.खेलकुद पूर्वाधारको विकास र खेल क्षेत्रको उत्थानका लागि विज्ञता हाँसिल गरेका राष्ट्रिय खेलाडीसँग ज्ञान र सीपको आदानप्रदान गर्न आवश्यक साझेदारीको व्यवस्था मिलाइनेछ।<br>१.५ योग तथा ध्यान मार्फत युवाहरूमा सकारात्मक विकासका लागि योग तथा ध्यानका प्रशिक्षक तयार गरिने छ ।<br>१.६ प्रत्येक वार्डमा योग तथा ध्यान प्रशिक्षण केन्द्र स्थापना तथा सुसञ्चालन गरिनेछ ।<br>१.७ मनोरञ्जनात्मक तथा संस्कृतिजन्य खेललाई प्रोत्साहन गरिनेछ ।<br>१.८ बिद्यालय स्तरदेखिनै बिभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान खेलाडीको पहिचान ,विकाससम्मान तथा प्रोत्साहन , गरिनेछ ।<br>१.९ उच्चस्तरको खेल क्षमता भएका खेलाडीको पहिचान गरी विशेष आर्थिक सहयोग तथा प्रोत्साहनको व्यवस्था गरिनेछ । |

### ५.५.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

युवा तथा खेलकुद विकास उपक्षेत्रगत सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४१ युवा तथा खेलकुद विकास उपक्षेत्रको नतिजा सूचक तथा आवधिक लक्ष्य

| सूचक | इकाई | आधार वर्ष | आवधिक लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| युवा तथा खेलकुद | | | | | | | |
| सक्रिय युवाक्लब, सञ्जाल तथा संस्था | संख्या | १२ | १३ | १५ | १७ | १९ | २१ |
| क्लब, सञ्जाल र संस्थामा आवद्ध युवा | संख्या | ४५० | ५०० | ६०० | ६८० | ७२० | ८०० |
| उद्यम व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | प्रतिशत | २३ | २५ | २८ | ३४ | ३८ | ४५ |
| कभर्ड हल तथा खेलकुद मैदान | संख्या | १ | १ | २ | २ | ४ | ७ |
| जिल्ला, प्रदेश, राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | संख्या | ३ | ५ | ८ | १० | १५ | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| स्वोरोजगार तथा नवप्रबर्तनमा आधारित ब्यबसायमा संलग्न युवाको बार्षिक वृद्धि | प्रतिशत | - | २ | ५ | ७ | ९ | १३ |

स्रोतः सम्बन्धित शाखा

### ५.५.६ विषय उपक्षेत्रगत खर्चको आवधिक अनुमान

युवा तथा खेलकुद विकास उपक्षेत्रको आवधिक खर्चको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका ४२ युवा तथा खेलकुद विकास उपक्षेत्रको खर्चको आवधिक अनुमान

| बजेट तथा खर्च अनुमान रु.लाखमा | | | | | |
|---|---|---|---|---|---|
| आ.ब.०७९/०८० | आ.ब.०८०/०८१ | आ.ब.०८१/०८२ | आ.ब.०८२/०८३ | आ.ब.०८३/०८४ | जम्मा |
| ७८ | ९० | १०९ | ९८ | ९५ | ४७० |

स्रोतः प्रस्तावित कार्यक्रम तथा क्रियाकलापको प्राथमिकीकरण र अनुमानित लागत, मध्यमकालीन खर्च संरचना, सम्बन्धित शाखा र आर्थिक प्रशासन शाखा |

### ५.५.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

युवा तथा खेलकुद विकास उपक्षेत्रको आवधिक योजना अबधिमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिका ५.५.३ मा प्रस्तुत गरिएको छ ।

तालिका ४३ युवा तथा खेलकुद विकास उपक्षेत्र तर्फका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | एकाई | आधार बर्ष (०७८/७९) को अवस्था | योजना अवधिको लक्ष्य | अनुमानित बार्षिक लक्ष्य (रु. लाखमा) आ.ब. | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | |
| १ | युवा रोजगार प्रवद्र्धन कार्यक्रम | रु.लाख | १० | ५९ | १० | १० | १२ | १३ | १४ | कार्यपालिका, सम्बन्धित शाखा, वडा कार्यालय, |
| २ | युवा नवप्रबर्तन ब्यापार तथा ब्यबसाय प्रबर्द्धन कार्यक्रम | रु.लाख | १५ | ८९ | १५ | १५ | १८ | २० | २१ | |
| ३ | बैदेशिक रोजगारीवाट फर्केका युवाको लागि कृषि उद्ध्यम सहायता कार्यक्रम | रु.लाख | १० | ५९ | १० | १० | १२ | १३ | १४ | |
| ४ | १ वडा १ खेल मैदान र युवा पार्क बास्केट बल कोर्ट निर्माण | रु.लाख | ५ | ३० | ५ | ५ | ६ | ७ | ७ | कार्यपालिका, सम्बन्धित शाखा, वडा कार्यालय |
| ५ | बहुउद्धेश्य कभर्डहल निर्माण | रु.लाख | १५ | ४८ | १५ | १५ | १८ | ० | ० | |
| ६ | खेलाडी प्रशिक्षण तथा प्रोत्साहन कार्यक्रम | रु.लाख | ५ | ३० | ५ | ५ | ६ | ७ | ७ | |
| ७ | रनिंगशिल्ड कार्यक्रम | रु.लाख | ३ | १८ | ३ | ३ | ४ | ४ | ४ | कार्यपालिका, सम्बन्धित शाखा, वडा कार्यालय |
| ८ | खुला व्यायामशाला निर्माण , क्रिकेट तथा खेलकुद विकास र संचालन कार्यक्रम | रु.लाख | १५ | ८९ | १५ | १५ | १८ | २० | २१ | |
| ९ | युवाको लागि जीवनकला कार्यक्रम | रु.लाख | ० | २० | ० | ३ | ५ | ६ | ६ | कार्यपालिका, सम्बन्धित शाखा, वडा कार्यालय |
| १० | समाजको लागि युवाको एकदिन | रु.लाख | ० | ८ | ० | २ | २ | २ | २ | |
| ११ | खेल मैदान तारवार र पानी ढल निकास | रु.लाख | ० | २२ | ० | ७ | ८ | ७ | ० | |
| | **जम्मा** | | | ४७० | ७८ | ९० | १०९ | ९८ | ९५ | |

## ५.६ कला, भाषा, साहित्य र संस्कृति

### ५.६.१ पृष्ठभूमि

धार्मिक हिसाबले हिन्दुहरुको संख्या अत्यधिक रहेको र अन्य धर्मावलम्बीहरुमा क्रिष्टियन, मुस्लिम र वौद्धहरु रहेका छन्। थारु, मगर लगायत समुदायको संस्कृति भेषभुषा तथा विभिन्न चाडपर्वहरुले सांस्कृतिक विकासमा टेवा पुऱ्याएका छन् ।बारबर्दिया नगरपालिका सँस्कृतिको हिसाबले धनी नगरपालिका हो। थारु समुदायको बाहुल्यता रहेको यस नगरपालिकामा ब्राह्मण र क्षेत्री, मगर लगायत विविध जातजाति तथा भाषा सँस्कृतिको धनी यी जातजातिहरूका– आफ्नो परम्परा, रीतिरिवाज, धर्म, भाषा, भेषभूषा, रहनसहन, खानपीन, जात्रापर्वहरू छन्। सनातन देखि बिभिन्न जातजातिले आफ्नो नित्यपूजा र पर्व अनुसारको पूजा धार्मिक विधि विधान अनुसार गरिन्छ।

### ५.६.२ संभावना र अवसर

नेपालको संविधानले सभ्य संस्कृतिको विकास र साँस्कृतिक विविधता कायम राख्दै सम्पदाको संरक्षणलाई राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा समावेश गरेको छ । सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्नु आजको मुख्य आवश्यकता रहेको छ । साँस्कृतिक विविधता कायम राख्दै ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाको संरक्षण, संवद्र्धन र विकास गर्ने स्थानीय सरकारको महत्वपुर्ण जिम्मेवारीका रुपमा रहेको देखिन्छ । तसर्थ यस नगरपालिकाले सम्पदा तथा साँस्कृतिक क्षेत्रमा नगरपालिका क्षेत्रमा भएका सम्भावना, अवसर र विद्यमान अवस्था सहित तिनीहरुको संरक्षण र प्रवद्र्धन गर्न सकिने संभावना प्रचूर मात्रामा छ ।

### ५.६.३ समस्या र चुनौती

नगरपालिका भरी यत्रतत्र छरिएर रहेका सम्पदा, कला तथा स्थानीय रितिरिवाजहरु क्रमशः लोप हुँदै जानु, युवा पुस्ता आधुनिकताकानामा विदेशी संस्कार तथा रिवाज प्रति आकर्षित हुँदै जानु कला तथा संस्कृति क्षेत्रका विशेष चुनौतीहरु हुँन ।

### ५.६.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**दीर्घकालिन सोच**

- मौलिक भाषा, कला, संस्कृति नगरपालिकाको पहिचान

**लक्ष्य**

- सम्पदा र संस्कृति संरक्षण र प्रबर्द्धन मार्फत सामाजिक बिशिस्टताको पहिचान सिर्जना गर्ने |

**उद्देश्य**

नगरपालिकाको कला, भाषा, साहित्य र संस्कृति उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छनः

- सम्पदा, कला, भाषा र संस्कृतिको संरक्षण तथा प्रवद्र्धन गर्नु।

**रणनीति तथा कार्यनीति**

कला, भाषा, साहित्य र संस्कृति उपक्षेत्रमा देहायअनुसारका रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछः

| रणनीति | कार्यनीति |
|---|---|
| १। स्थानीय साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक सम्पदाको संरक्षण र प्रवर्धन गरी पर्यटन विकाससँग आवद्ध गर्ने | १.१ स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने<br>१.२ स्थानीय कला तथा संस्कृतिको पहिचान, संरक्षण र प्रवद्र्धन गने |

| | |
|---|---|
| | १.३ व्यवस्थित रुपले संरक्षित ऐतिहासिक सार्वजनिक स्थल<br>१.४ स्थानीय कला, संस्कृति, सम्पदा, भाषा साहित्यमा आधारित प्रकाशन<br>१.५ मौलिक कला तथा संस्कृति सम्बन्धी अध्ययन अनुन्धानलाई प्रोत्साहित गर्ने । |

### ५.६.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

भाषा,कला, साहित्य तथा संस्कृति विकास उपक्षेत्रगत सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४४ भाषा,कला, साहित्य तथा संस्कृति विकास उपक्षेत्रको नतिजा सूचक तथा आवधिक लक्ष्य

| सूचक | इकाई | आधार वर्ष | आवधिक लक्षय | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य सम्बन्धी अध्ययन तथा अनुसन्धान | संख्या | ० | ० | १ | २ | ३ | ३ |
| व्यवस्थित रुपले संरक्षित ऐतिहासिक सार्वजनिक स्थल | संख्या | ५ | ५ | ७ | ९ | ११ | ११ |
| स्थानीय कला, संस्कृति, सम्पदा, भाषा साहित्यमा आधारित प्रकाशन | संख्या | ० | ० | १ | १ | १ | १ |
| स्थानीय कला संस्कृति झल्कने संग्राहलय स्थापना | संख्या | ० | ० | ० | १ | १ | १ |

स्रोतः गोष्ठीमा भएको छलफल तथा सम्बन्धित शाखा

### ५.६.६ विषय उपक्षेत्रगत खर्चको आवधिक अनुमान

भाषा, कला, साहित्य तथा संस्कृति विकास उपक्षेत्रको आवधिक खर्च र स्रोतको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका ४५ कला, भाषा, साहित्य र संस्कृति उपक्षेत्रको खर्चको आवधिक अनुमान

| बजेट तथा खर्च अनुमान रु.लाखमा | | | | | |
|---|---|---|---|---|---|
| आ.ब.०७९/०८० | आ.ब.०८०/०८१ | आ.ब.०८१/०८२ | आ.ब.०८२/०८३ | आ.ब.०८३/०८४ | जम्मा |
| २२ | ३८ | ४१ | ४५ | २९ | १७५ |

स्रोतः प्रस्तावित कार्यक्रम तथा क्रियाकलापको प्राथमिकीकरण र अनुमानित लागत, मध्यमकालीन खर्च संरचना, सम्बन्धित शाखा र आर्थिक प्रशासन शाखा

### ५.६.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

भाषा, कला, साहित्य तथा संस्कृति विकास उपक्षेत्रको आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिका ५.६.३ मा प्रस्तुत गरिएको छ ।

तालिका ४६ भाषा, कला, साहित्य तथा संस्कृति विकास उपक्षेत्र तर्फका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | एकाई | आधार बर्ष (०७८/७९) को अवस्था | योजना अवधिको लक्ष्य | अनुमानित बार्षिक लक्ष्य (रु. लाखमा) आ.ब. | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | |
| १ | सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक सम्पदा संरक्षण, प्रबर्धन तथा पहिचान | रु.लाख | १२ | ६८ | १२ | १३ | १३ | १५ | १६ | कार्यपालिका, सम्बन्धित शाखा र वडा कार्यालय |
| २ | मौलिक गीत, साहित्य तथा कला प्रतियोगिता र संस्कृतिसंरक्षण एबम प्रबर्द्धन कार्यक्रम (थारु संस्कृति, माघी) | रु.लाख | १० | ५७ | १० | ११ | ११ | १२ | १३ | |
| ३ | थारु भाषा संरक्षण तथा थारु संग्रहालय निर्माण | रु.लाख | ० | ५० | ० | १५ | १७ | १८ | ० | |
| जम्मा | | | | १७५ | २२ | ३८ | ४१ | ४५ | २९ | |

## ५.६.८ जोखिम पक्ष तथा अनुगमन

माथि उल्लेखित समस्याहरू तथा चुनौतीहरूलाई सम्वोधन गर्न लागत प्रभावकारी कार्यक्रम तयार गरी लागू गरिनेछ। तिनै तहका सरकार, सरोकारवाला निकाय, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु बीच समन्वय, सहकार्य, साझेदारी गरी उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गरी प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ। संघीय संरचना अनुसार तर्जुमा हुनु पर्ने नीति, कानून, नियम, कार्यविधि, मापदण्ड, योजना, संस्थागत संयन्त्र तयार हुन नसकेमा तथा समयमा तयार नभएमा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन प्रभावित भई अपेक्षित उपलब्धी हासिल नहुन सक्छ ।

# परिच्छेद ६: पूर्वाधार विकास

## ६.१ सडक, पूल तथा यातायात

### ६.१.१ पृष्ठभूमि

दिगो, सन्तुलित, फराकिलो र समाबेशी भौतिक पूर्वाधारको विकास बिना आर्थिक, सामाजिक विकास तथा गुणस्तरीय र सहज सेवा प्रबाह सुनिस्चित हुन सक्दैन। भौतिक पूर्वाधारको विकासले अन्तरआवद्धता र अन्तरसम्बन्ध विकास तथा विस्तार गरी सो मार्फत आर्थिक-सामाजिक विकासको नतिजा हासिल गर्न प्रत्यक्ष योगदान पुर्याउदछ। नगरपालिकाको विकास प्रयासलाई योजनाबद्ध र व्यवस्थित रुपमा सञ्चालन गरी दिगो सुधार गर्न भौतिक पूर्वाधार विकासले विकास प्रतिफलको प्रवेशद्धारको रुपमा कार्य गर्दछ ।

विकास प्रतिफललाई नगर विकासको दीर्घकालिन सोच र लक्ष्य तर्फ उन्मुख गराउन तथा अपेक्षित नतिजा हासिल गर्न मूलत सडक, पूल तथा यातायात विषय उपक्षेत्रको विकास, विस्तार र दिगो सञ्चालन सम्बन्धी विश्लेषण र विकासको मार्गचित्रलाई पूर्वाधार विकास योजनामा समावेश गरिएको छ।

### ६.१.२ संभावना तथा अवसर

स्थानीय सरकार गठनसंगै नगरपालिका क्षेत्रमा भौतिक पूर्वाधार विकासका आयोजना संचालनमा तिब्रता आएको छ| सडक तथा नाली, पेटी निर्माण, विद्युतीकरण जस्ता पूर्वाधार तथा संरचना निर्माण भैरहेका छन्। नगरपालिकामा स्थानीय बस पार्क तथा सुविधा सम्पन्न पार्किङस्थल निर्माण र सञ्चालनको आवश्कता देखिएको छ।

यस नगरपालिका क्षेत्र कृषि तथा औधोगिक पूर्वाधार विकासको प्रचुर सम्भाबना रहेको छ | बर्दिया राष्ट्रिय निकुन्जसंगै रहेको यस नगरपालिका क्षेत्रमा सडक तथा पूल निर्माण र स्तरोन्नति कार्य निकुन्ज क्षेत्रमा त्यती सहज नरहेता पनि अन्य क्षेत्रमा सहज रहेको छ। नगरपालिकलाई लुम्बिनी प्रदेशकै पर्यटकीय, औधोगिक तथा व्यापारिक र आवासीय शहरको रुपमा विकास गर्न सकिने संभावना रहेको छ ।

### ६.१.३ समस्या र चुनौति

नगरपालिकाको क्षेत्रमा व्यवस्थित र सुरक्षित पार्किङ स्थल र यातायातको सहज व्यवस्थापन हुन सकेको छैन। नगरपालिका क्षेत्रमा सडक मापदण्ड लागू हुन नसक्दा मुख्य सडक बाहेक धेरैजसो भित्रि सडकहरु साँघुरो रहेका छन र सडकको अधिकार क्षेत्र निर्धारण भए पनि स्पष्ट हुन सकेको छैन भने सडकको दायावायाँ वृक्षारोपण गरी सुन्दरता कायम गर्न नसकेको देखिन्छ ।

नगरपालिकामा पक्की, ग्राभेल र कच्ची सडकहरुमा विभिन्न स्थानमा खाल्डाखुल्टी रहेको र आवश्यक स्थानहरुमा पुल तथा कल्भर्टको व्यवस्था हुन नसकेको देखिन्छ। सडक निर्माण तथा यातायात सञ्चालनमा वातावरणीय पक्ष, गुणस्तर र मापदण्डको पालना हुन सकेको छैन। वातावरणीय संरक्षणको उपाय अवलम्बन नगरी र आर्थिक तथा सामाजिक विश्लेषण विना सडक निर्माण गर्ने क्रम बढ्दै गईरहेको छ। सडक निर्माणसँग आर्थिक, सामाजिक विकास तथा अन्य विकासका कार्यहरु प्राथमिकता साथ सञ्चालन गर्न सकिएको छैन। नगरपालिकामा विकास निर्माणका क्षेत्रमा कार्य गर्ने निकायहरु बीचको समन्वय र सहकार्य तथा बर्दिया राष्ट्रिय निकुन्जको पर्याप्त समन्वय हुननसक्नु नगर विकासको प्रमुख चूनौतिको रुपमा देखिएको छ |

### ६.१.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**दीर्घकालीन सोच**

- दिगो यातायात पुर्बधारः बारबर्दिया नगर विकासको आधार"

### लक्ष्य

- वाताबरणमैत्री यातायात पूर्वाधारको निर्माण मार्फत शहरी सुविधा तथा अन्तरआवद्धता सहज, सघन, सुरक्षित र व्यवस्थित बनाउने

### उद्देश्य

नगरपालिकाका सडक,पूल तथा यातायात विकास उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन्ः

- सुरक्षित एबम् ब्यबस्थित यातायात, हरित र सुविधायुक्त सडक पूर्वाधार तथा बसपार्कको विकास र विस्तार गर्नु,

### रणनीति तथा कार्यनीति

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न यस उपक्षेत्र अन्तर्गत देहायअनुसारका रणनीति तथा कार्यनीति अवलम्ब गरिनेछ ।

| रणनीति | कार्यनीति |
|---|---|
| १ सडक अधिकार क्षेत्र र मापदण्ड तयार गर्ने | १.१ नेपाल सरकारले निर्धारण गरे बमोजिम सडकको न्यूनतम मापदण्ड निर्धारण गरी सोको पालना गरी सडकको गुणस्तर कायम गरिनेछ ।<br>१.२ नगरपालिका क्षेत्रभित्रका सडकहरूको मापदण्ड र स्तर निर्धारण, नक्शाकंन, वर्गीकरण, नामाकरण र प्राथमिकता निर्धारण सहित सडक, पुल र यातायातको विकास र विस्तारलाई सुव्यवस्थित बनाउन यातायात गुरुयोजना तर्जुमा तथा अद्यावधिक गरी सोअनुसार सडक पुल निर्माण तथा यातायात सञ्चालनलाई व्यवस्थित गरिनेछ ।<br>१.३ नगरपालिका क्षेत्रभित्रनिर्माण हुने सडकको न्युनतम क्षेत्राधिकार निर्धारण गरी सोहि बमोजिम रेखांकन गरी कार्यान्वयन गर्न एक समिति बनाई सो समितिको सिफारिस कार्यान्वयन गरिनेछ ।<br>१.४ समुदाय, नागरिक समाज र सम्बन्धित निकायसँगको समन्वय र सहकार्यमा आवश्यकता अनुसार बैकल्पिक ब्यबस्था सहित सडक अधिकार क्षेत्रको अतिक्रमण हटाइनेछ ।<br>१.५ नगरपालिका क्षेत्रभित्रको सडकलाई जिआईएस (भौगोलिक सूचना प्रणाली)मा आवद्ध गरी नामाकरण, सांकेतीकरण तथा अभिलेखीकरण गरिनेछ।<br>१.६ सडक तथा सार्वजनिक स्थानमा निर्माण सामाग्री तथा अवरोध पु¥याउने खालका अन्य सामाग्रीहरू राख्नेलाई कानूनअनुसार कारवाही गरी आवागमनलाई सहज बनाइनेछ । |
| २ दिगो यातायात पूर्वाधारको विकास विस्तार र स्तरोन्नति मार्फत नागरिकको पहुँच बृद्धि गर्ने । | २.१ नगरपालिकाका प्राथमिकता प्राप्त रणनीतिक सडकहरूको क्रमशः ग्राभेल, सोलिङ र पिच÷ढलान गर्दै स्तरोन्नति गरिनेछ ।<br>२.२ सडक तथा यातयात सञ्जाल निर्माण र विस्तार गर्दा बजारसँग अन्तरआबद्धता कायम गरी आर्थिक प्रणाली (कृषि,पर्यटन तथा उद्योग व्यवसाय) को समेत प्रवद्र्धन हुने गरी प्राथमिकताको साथ् निर्माण गरिनेछ।<br>२.३ वातावरणीय अध्ययन पश्चात विस्तृत परियोजना प्रतिवेदन तयार गरेर मात्र सडक निर्माण र स्तरोन्नति गरिनेछ ।<br>२.४ स्थानीय श्रोतसाधन तथा सीपको प्रयोगबाट सञ्चालन हुने,स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने आयोजना र उपभोक्ताको लागत साझेदारी हुने आयोजनालाई प्राथमिकता दिई निर्माण तथा सञ्चालन गरिनेछ ।<br>२.५ छिटो भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अबलम्बन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.६ निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा नियमित मर्मतकोलागि मर्मतसम्भार कोषको व्यवस्था गरिनेछ ।<br>२.७ नगरपालिका तथा वडाको केन्द्र एवम् एक भन्दा बढी वडाहरू जोड्ने रणनीतिक सडकहरूलाई प्राथमिकीकरण गरी सहायक संरचना सहित चरणबद्ध रूपमा ग्राभेल, कालोपत्रे र ढलान गरिनेछ।<br>२.८ बसपार्क तथा बिसौनी, सवारी साधन पार्किङ्ग स्थल, सवारी साधन सेवा केन्द्र समेत सवारी साधन व्यवस्थापनको लागि उपयुक्त स्थानमा पूर्वाधार निर्माण र व्यवस्थापन गरिनेछ ।<br>२.९ नगरपालिकाको सडक सञ्जाल स्तरोन्नती र सडक नपुगेका स्थानहरूमा सडकको पहुँच पु¥याउन सडक विस्तार गरिनेछ । |
| ३ समग्र सेवा प्रवाहलाई सहज र सुलभ हुने गरी गुणस्तरीय, वातावरणमैत्री र उत्थानशिल पूर्वाधारको विकास र विस्तार गर्ने । | ३.१ बजार क्षेत्रमा सडक, पानी निकास र ढल, खानेपानी पाइप, बिजुली तथा इन्टरनेट वितरण लाइन, फूटपाथ आदिको एकीकृत रुपमा निर्माण गरिनेछ।<br>३.२ बजार क्षेत्र तथा जोखिमयुक्त सडक खण्डहरूमा आवश्यकताका आधारमा बैकल्पिक पूर्वाधार सहितको सडक निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।<br>३.३ मापदण्डअनुसार नाला, सडक पेटी, पुल तथा कल्भर्ट लगायतका सडकको सहायक संरचना समेतको वातावरण मैत्री प्रविधिहरूको प्रयोग गरी सडकको स्तरोन्नति गरिनेछ।<br>३.४ नगरपालिका क्षेत्र भित्रको मूल तथा सहायक सडकहरूको दायाँ बायाँ दुबै तर्फ वृक्षारोपण गरी सडक संरक्षण र सुन्दरता अभिवृद्धि गरिनेछ ।<br>३.५ स्थानीय यातायातलाई सर्वसुलभ, भरपर्दो, सुरक्षित, समावेशी र व्यवस्थित बनाउनु<br>३.६ सबै वडाको केन्द्र, बजार क्षेत्र, औद्योगिक तथा पर्यटकीय केन्द्रहरूमा पक्की सडक सञ्जालमा आवद्ध गरी आवागमन सहज र सुलभ हुनेगरी सुचारु गरिनेछ । |

## ६.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

सडक,पूल तथा यातायात विकास उपक्षेत्रको विषय क्षेत्रगत सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४७ सडक,पूल तथा यातायात विकास उपक्षेत्रको नतिजा सूचक तथा आवधिक लक्ष्य

| सूचक | इकाई | आधार वर्ष | आवधिक लक्ष | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ |
| पक्की सडकमा पुग्न लाग्ने औषत समय | मिनेट | ३५ | ३० | २० | १५ | १० | ५ |
| व्यवस्थित नालाको लम्बाई | कि.मि. | ३ | ५ | ११ | १५ | १८ | २१ |
| पक्की सडक | कि.मि. | ५० | ५७ | ६१ | ६९ | ८० | ९३ |
| ग्राभेल सडक | कि.मि. | १६५ | १४० | १३१ | १२४ | १२० | ११५ |
| पक्की पुल | संख्या | १९ | १ | १ | १ | १ | १ |
| नियमित मर्मत संभार भएको सडक | संख्या | १५ | २५ | ३५ | ४५ | ६० | ७० |

स्रोतः गोष्ठी छलफल, स्थलगत तथ्यांक र सम्बन्धित शाखा

### ६.१.६ विषय उपक्षेत्रगत खर्चको अनुमान

सडक,पूल तथा यातायात विकास उपक्षेत्रको आवधिक योजना अबधिको खर्चको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ

तालिका ४८ सडक,पूल तथा यातायात विकास उपक्षेत्रको खर्च तथा स्रोतको अनुमान

| बजेट तथा खर्च अनुमान रु.लाखमा | | | | | |
|---|---|---|---|---|---|
| आ.ब.०७९/०८० | आ.ब.०८०/०८१ | आ.ब.०८१/०८२ | आ.ब.०८२/०८३ | आ.ब.०८३/०८४ | जम्मा |
| १८८३ | २०८० | २१९२ | २४१२ | २६४२ | ११२०९ |

स्रोतः प्रस्तावित कार्यक्रम तथा क्रियाकलापको प्राथमिकीकरण र अनुमानित लागत, मध्यमकालीन खर्च संरचना, सम्बन्धित शाखा र आर्थिक प्रशासन शाखा ।

## ६.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

सडक,पूल तथा यातायात विकास उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी पाँच वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल लागत, उद्धेश्य तथा उपलब्धि सूचक देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४९: सडक, पुल तथा यातायात उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | एकाई | आधार बर्ष (०७८/७९) को अवस्था | योजना अवधिको लक्ष्य | अनुमानित बार्षिक लक्ष्य (रु. लाखमा) आ.ब. | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | |
| १ | कालोपत्रे/ ढलान सडक निर्माण तथा विस्तार कार्यक्रम (नागापालिका क्षेत्रमा अनुसूची ३ मा रहेका आयोजना मध्येका सडक क्रमश कार्यान्वयन ) | रु. लाख | ९५० | ६१९० | ११०० | ११९० | १२०० | १३०० | १४०० | कार्यपालिका, पूर्वाधार विकास शाखा, वडा कार्यालय, संघ र प्रदेशका सम्बन्धित शाखा |
| २ | कृषि सडक खण्डास्मिथ सडक निर्माण तथा विस्तार कार्यक्रम (नगरपालिका क्षेत्रमा अनुसूची ३ मा रहेका आयोजना मध्येका सडक क्रमश कार्यान्वयन ) | रु. लाख | ३५० | २५०० | ४०० | ४५० | ५०० | ५५० | ६०० | |
| ३ | सबै वडाका सडक नियमित मर्मत सुधार तथा स्तरोन्नति | रु. लाख | २०० | १५१० | २६० | २८० | ३०० | ३२० | ३५० | कार्यपालिका, पूर्वाधार विकास शाखा, वडा कार्यालय, संघ र |
| ४ | पुल तथा कल्भर्ट निर्माण तथा मर्मत सम्भार कार्यक्रम | रु. लाख | १०० | ७६५ | १०० | १२५ | १४० | १८० | २२० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | सडक सौन्दर्यकरण कार्यक्रम | रु. लाख | १० | ११५ | १० | १५ | २५ | ३० | ३५ | प्रदेशका सम्बन्धित शाखा |
| ६ | सडक सुरक्षा प्रबर्द्धन कार्यक्रम | रु. लाख | ५ | ७५ | ५ | १० | १५ | २० | २५ | कार्यपालिका, पूर्वाधार विकास शाखा, वडा कार्यालय, संघ र प्रदेशका सम्बन्धित शाखा |
| ७ | विद्यालय विद्यार्थी तथा सामुदायिक संघ संस्थालाई सडक सुरक्षा तथा ट्राफिक सचेतना कार्यक्रम | रु. लाख | ० | ५४ | ८ | १० | १२ | १२ | १२ | |
| **जम्मा** | | | | ११२०९ | १८८३ | २०८० | २१९२ | २४१२ | २६४२ | |

## ६.१.८ जोखिम पक्ष तथा अनुमान

वातावरणमैत्री भौतिक पूर्वाधार विकास गर्न प्राविधिक, आर्थिक र सामाजिक संभाव्यता अध्ययन, विस्तृत आयोजना प्रतिवेदन तयार आयोजना वैंक तयार गर्ने र आयोजना वैंकमा सूचीकृत आयोजनाको प्राथमिकताक्रम अनुसार मध्यमकालीन खर्च संरचनामा बजेट विनियोजन गरी आयोजना कार्यान्वयन गर्नुपर्दछ । यस प्रकार आयोजना छनौट र स्रोत विनियोजन नहुँदा गुणस्तरीय रुपमा कार्य सम्पन्न गर्न जग्गाको प्राप्ती, वन तथा वातावरणीय श्रोतको संरक्षण र विपद जोखिम न्यूनीकरणका कार्यक्रम समावेश गर्दा आयोजनाको लागत र समय बढन सक्ने जोखिम रहन्छ। जलवायु परिवर्तनको असर, वातावरणीय प्रभाव र जग्गा व्यवस्थापन लगायत स्थानीय सरोकारका विषयलाई सम्बोधन गर्न नसक्दा यसबाट अपेक्षित हासिल गर्न नसकिने अवस्था समेत रहेको छ ।

उपलब्ध प्रविधिको उपयोग, जग्गा प्राप्ती, बजेटको सुनिश्चिता, नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता, मानव संशाधन उपलब्ध भएमा र विपद तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा उल्लिखित उपलब्धी हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ६.२ आवास, वस्ती, भवन तथा शहरी विकास

### ६.२.१ पृष्ठभूमि

दिगो, सन्तुलित, फराकिलो र समाबेशी भौतिक पूर्वाधारको विकास बिना आर्थिक, सामाजिक विकास तथा गुणस्तरीय र सहज सेवा प्रबाह सुनिस्चित हुन सक्दैन। भौतिक पूर्वाधारको विकासले अन्तरआवद्धता र अन्तरसम्बन्ध विकास तथा विस्तार गरी सो मार्फत आर्थिक-सामाजिक विकासको नतिजा हासिल गर्न प्रत्यक्ष योगदान पुर्याउदछ।

विकास प्रतिफललाई नगर विकासको दीर्घकालिन सोच र लक्ष्य तर्फ उन्मुख गराउन तथा अपेक्षित नतिजा हासिल गर्न मूलतः आवास, बस्ती तथा शहरी विकास जस्ता विषय उपक्षेत्रको विकास, विस्तार र दिगो सञ्चालन सम्बन्धी विश्लेषण र विकासको मार्गचित्रलाई पूर्वाधार विकास योजनामा समावेश गरिएको छ ।

### ६.२.२ संभावना तथा अवसर

स्थानीय सरकार गठन संगै नगरपालिका क्षेत्रमा भौतिक पूर्वाधार विकासका आयोजना संचालनमा तिब्रता आएको छ | नगरपालिकामा बस्ती विकास तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२ को मापदण्डमा आधारित भई नगरपालिकाले योजना तथा भवन निर्माण मापदण्ड तयार गरी स्विकृत गर्न सक्ने अवस्था रहेको छ ।

राष्ट्रिय भूउपयोग नीति २०७२ तथा राष्ट्रिय भूमि ऐन, २०७६ बमाजिम नगरपालिकालाई कृषि क्षेत्र, आवास क्षेत्र, औद्योगिक तथा व्यवसायिक क्षेत्र, संस्थागत क्षेत्र र सो क्षेत्रहरुको बिचमा ग्रीन वेल्टको अवधारणा सहितको भूउपयोग क्षेत्रको खाका गर्न जरुरी देखिएको छ। यसको आधारमा भूउपयोग योजना र सो को आधारमा बस्ती विकास तथा भौतिक विकास गुरुयोजना तर्जुमा गरी बस्ती विकास तथा भौतिक निर्माणका कार्यहरु कार्यान्वयन गर्नु पर्ने देखिएको छ।

### ५.२.३ समस्या र चुनौति

नगरपालिकाको क्षेत्रमा व्यवस्थित र सुरक्षित बस्ती तथा आवास निर्माणमा चूनौति रहेको छ ।यस नगरपालिका बस्ती विकास तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२ को मापदण्डमा आधारित भवन निर्माण मापदण्ड तर्जुमा तथा स्वीकृत गरी कार्यान्वयन गर्ने पर्ने देखिन्छ | भवन संहिता २०७२ लागू हुनु भन्दा अगाडि बनेका नीजि, व्यवसायिक, सरकारी र सार्वजनिक भवनहरु भूकम्प प्रतिरोधी भए नभएको एकिन गरी सो अनुसार नियमन हुन सकेको छैन। नगरपालिकाको ग्रामीण क्षेत्रको विकास निर्माण र सेवा प्रवाहलाई उपलब्धीमूलक र प्रभावकारी बनाउन नगर कार्यपालिकाको को एकीकृत भवन, वडा कार्यालय भवन, सभा हल, पार्क, मनोरञ्जन स्थल लगायतका भौतिक पूर्वाधारहरुको कमी रहेको छ |

### ६.२.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**दीर्घकालीन सोच**

- वातावरणमैत्री पूर्वाधारयुक्त, व्यवस्थित, औद्योगिक र सहज शहरको विकास

**लक्ष्य**

- बसोबास, औद्योगिक र न्यूनतम शहरी सुविधा सहित नगरपालिकालाई सहज, सुरक्षित र व्यवस्थित बनाउने

**उद्देश्य**

नगरपालिकाका आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- वातावरणमैत्री र व्यवस्थित बस्ती, सुरक्षित आवास र औद्योगिक तथा पर्यटकीय सुविधामा अभिवृद्धि गर्नु,

- सुविधायुक्त शहरी पूर्वाधार तथा बजार सुविधाको विकास र विस्तार गर्नु,

## रणनीति तथा कार्यनीति

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको देहायअनुसारका रणनीति तथा कार्यनीति अवलम्ब गरिनेछः

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः** वातावरणमैत्री र व्यवस्थित बस्ती, सुरक्षित आवास र औद्योगिक तथा पर्यटकीय सुविधामा अभिवृद्धि गर्नु, | |
| १ भवन संहिता पूर्ण रुपमा कार्यान्वियन गर्ने \| | १.१ भौतिक पूर्वाधार विकास आयोजनाको निर्माण र सञ्चालनमा सार्वजनिक निजी साझेदारीको अवधारणा लागू गर्न कानूनी र संस्थागत व्यवस्था गरिनेछ। <br>१.२ राष्ट्रिय भवन संहिता, २०७२ प्रभाबकारी रूपमा कार्यान्वय गर्न भवन डिजाइन, निर्माण तथा सुपरीवेक्षणका कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गरिनेछ। <br>१.३ तालिम प्राप्त प्राविधिक र दक्ष जनशक्तिबाट मात्र निर्माण कार्य गर्ने गराउने व्यवस्था मिलाइनेछ । <br>१.४ स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती निजी भवन निर्माण गर्न निजी क्षेत्र तथा समुदायलाई प्राविधिक सहयोग गरिनेछ । <br>१.५ सुरक्षित, किफायती, वातावरणमैत्री र पहिचानयुक्त भवन निर्माण बारे जनचेतना वृद्धि गर्न समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । <br>१.६ स्थानीय रूपमा उपलब्ध निर्माण सामग्रीहरूको प्रयोगलाई अधिकतम प्रयोग गर्न प्रोत्साहन गरिनेछ । |
| २ भूउपयोग योजना क्षेत्र निर्धारण गरी सो अनुसार आवास क्षेत्र, कृषि क्षेत्र, औद्योगिक क्षेत्र, व्यवसायिक क्षेत्र, संस्थागत, संरक्षण क्षेत्रको निर्धारण गरी ब्यबस्थित वस्ती विकास गर्ने । | २.१ जोखिम सम्बेदनशील भू-उपयोग योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वियन गरिनेछ। <br>२.२ विपदको दृष्टिले जोखिममा रहेका, बिकट र छरिएर रहेका दलित तथा आर्थिक सामाजिक रुपले बिपन्न घर परिवारकालागि सुरक्षित, वातावरणमैत्री, सुलभ, आधारभूत सुविधायुक्त र मौलिक पहिचान बोकेको एकीकृत बस्ती निर्माण गरिनेछ । <br>२.३ विपद्को उच्च जोखिममा रहेका स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ । <br>२.४ ग्रामीण क्षेत्र र छरिएर रहेका घरपरिवारलाई आधारभूत शहरी सुविधा सहितको बस्ती निर्माण गर्न प्रोत्साहित गरिनेछ । <br>२.५ बजारी क्षेत्र तथा घना बस्ती रहेका र राजमार्ग क्षेत्रको बस्तीलाई व्यवस्थित गरिनेछ । <br>२.६ कृषियोग्य जमिनमा हुने गरेको जग्गा प्लटिङ्ग र वस्ती विकासलाई नियन्त्रण गरी व्यवस्थित गरिनेछ र कृषि कार्यमा प्रयोग गर्नेलाई प्रोत्साहन तथा सहुलियतको व्यवस्था गरिनेछ । <br>२.७ एकीकृत बस्ती विकास गर्न जग्गा प्राप्ति व्यवस्थालाई सरल र सहज बनाउन आवश्यक समन्वय र सहजीकरण गरिनेछ। <br>२.८ भू– उपयोग क्षेत्रहरूको विचमा ग्रिनवेल्टको विकास गरिनेछ । |
| ३ ब्यबस्थित, गुणस्तरीय, वातावरणमैत्री तथा उत्थानशिल वस्ती र पूर्वाधारको विकास एबम् विस्तार गर्न सहजताको लागि सार्बजनिक जग्गाको संरक्षण गर्ने | ३.१ नगरपालिका क्षेत्र भित्रको सार्वजनिक तथा पर्ती जग्गाहरूको पहिचान, नक्शाकंन र अभिलेख तयार गरी पार्क, खुल्ला क्षेत्र, पोखरी, खेलमैदान र अन्य व्यावसायिक आयोजनामा उपयोग गरी सार्बजनिक जग्गाको संरक्षण गरिनेछ। <br>३.२ नगरपालिका क्षेत्रमा नापी नक्शा, घरजग्गा, धनीपुर्जा, सडक र घर नम्बरलाई |

| रणनीति | कार्यनीति |
|---|---|
| । | मिलान गरी भौगोलिक सूचना प्रणालीमा आधारित अद्यावधिक अभिलेख तयार गरिनेछ ।<br>३.३ नमूनाको रूपमा योजनाबद्ध रूपमा जग्गा एकीकरण, विकास र पूर्वाधार निर्माण गरी आवास र बस्ती विकास सुरक्षित र व्यवस्थित बनाइनेछ<br>३.४ एकीकृत सेवा प्रदायक बहुपयोगी र बहुउद्देश्यीय भवन निर्माण गरी एकीकृत जनसेवा प्रदान गरिनेछ । |
| **उद्देश्यः** २ सुविधायुक्त शहरी पूर्वाधार तथा बजार सुविधाको विकास र विस्तार गर्नु, | |
| १ भूउपयोग क्षेत्र र भौतिक विकास गुरुयोजनाको आधारमा सार्वजनिक निर्माण कार्यलाई व्यवस्थित गर्ने। | १.१ नगरपालिका क्षेत्रभित्र सार्वजनिक निर्माण कार्यलाई सम्भाव्यताको आधारमा पर्यटकीय, शैक्षिक, खेलकूद र अन्य क्षेत्रको रूपमा विकास गर्न पूवार्धार लगायत सेवा सुबिधाको विकास र विस्तार गरिनेछ ।<br>१.२ नगरपालिका क्षेत्रभित्रका सडकको मुख्यचोक तथा टोल/बस्तीमा प्रतिक्षालय र चौतारो निर्माण र हरियाली निर्माण कार्यलाई विकास र विस्तार गरिनेछ । |
| २ नगरपालिकाको शहर उन्मुख क्षेत्रमा भौतिक योजना सहित शहरी/बजारको पूवार्धार विकास गर्ने। | २.१ नगरपालिका क्षेत्रभित्र रहेको सार्वजनिक जग्गाको लगत संकलन, नक्शाकंन, अभिलेखकरण गरी कानूनअनुसार उत्पादन तथा आयमूलक क्षेत्रमा परिचालनको व्यवस्था गरिनेछ ।<br>२.२ व्यवस्थित तथा योजनावद्ध शहरी पूर्वाधार विकासलाई सुनिस्चित गर्न वस्ती विकास योजना तर्जुमा तथा कार्यन्वयन गरिनेछ ।<br>२.३ औद्योगिक ग्राम, बजार, पार्क, खुल्ला क्षेत्र, आपतकालीन सामाग्री भण्डार गृह लगायत सार्वजनिक पूर्वाधार विकासको लागि स्थान र जग्गाको व्यवस्था गरी निर्माण कार्य क्रमशः सञ्चालन गरिनेछ ।<br>२.४ व्यवस्थित बस्ती विकास र बजार व्यवस्थापनका लागि आधारभूत पूर्वाधारहरूको निर्माण गरी नमूना बस्ती र बजारको विकास गरिनेछ । |
| ३ वडा कार्यालयलाई सेवा प्रवाह केन्दको रुपमा विकास गर्ने । | ३.१ सबै वडा कार्यालयहरूमा पूर्वाधार तथा संरचनाको विकास गरी आफ्नै भवनबाट प्रमुख विषय क्षेत्रको सेवा सुचारु गरिनेछ ।<br>३.२ मापदण्डअनुसार वडा कार्यालय भवन अपाङ्गमैत्री, बालमैत्री, ज्येष्ठ नागरिकमैत्री, महिलामैत्री र वातावरणमैत्री रूपमा निर्माण र सञ्चालन गरिनेछ । |

### ६.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५०: आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको नतिजा सूचक तथा आवधिक लक्ष्य

| सूचक | इकाई | आधार वर्ष | आवधिक लक्ष | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ |
| पक्की/सुरक्षित घरमा बसोबास गर्ने परिवार | प्रतिशत | ३५ | ३८ | ४० | ४२ | ४६ | ४८ |
| आधारभूत पूर्वाधारयुक्त | स्थान | १ | २ | २ | ३ | ३ | ४ |

| सूचक | इकाई | आधार वर्ष | आवधिक लक्ष | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ |
| व्यवस्थित बजार | | | | | | | |
| सुरक्षित बस्तीमा बसोबास गर्ने परिवार | प्रतिशत | ६० | ६५ | ६८ | ७० | ७३ | ७७ |
| भूकम्प प्रतिरोधी भवन निर्माण दक्ष व्यक्ति | जना | १२० | १५२ | १७० | १९० | २१० | २३० |
| भूकम्प प्रतिरोधी प्रविधि भएका सार्वजनिक भवन र संरचना | प्रतिशत | ५० | ५५ | ६३ | ७२ | ८० | ८८ |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | ५ | ९ | १२ | १५ | १७ | २१ |
| व्यवस्थित नालाको लम्बाई | कि.मि. | ३ | ५ | ११ | १५ | १८ | २१ |

स्रोतः कार्यशाला गोष्ठी, स्थलगत विवरण तथा सम्बन्धित शाखा

### ६.२.६ विषय उपक्षेत्रगत खर्चको अनुमान

आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको आवधिक योजना अबधिको खर्चको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ

तालिका ५१: आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको खर्चको अनुमान

| बजेट तथा खर्च अनुमान रु.लाखमा | | | | | |
|---|---|---|---|---|---|
| आ.ब.०७९/०८० | आ.ब.०८०/०८१ | आ.ब.०८१/०८२ | आ.ब.०८२/०८३ | आ.ब.०८३/०८४ | जम्मा |
| ८३७ | १०६२ | ११२० | १०६५ | १०८६ | ५१७० |

स्रोतः प्रस्तावित कार्यक्रम तथा क्रियाकलापको प्राथमिकीकरण र अनुमानित लागत, मध्यमकालीन खर्च संरचना, सम्बन्धित शाखा र आर्थिक प्रशासन शाखा ।

### ६.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी पाँच वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल लागत, उद्धेश्य तथा उपलब्धि सूचक देहाय अनुसार तालिका ६.२.३ मा प्रस्तुत गरिएको छ ।

तालिका ५२: आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | एकाई | आधार बर्ष (०७८/७९) को अवस्था | योजना अवधिको लक्ष्य | अनुमानित बार्षिक लक्ष्य (रु. लाखमा) आ.ब. | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | |
| १ | स्थानीय बसपार्क तथा पार्किङस्थल निर्माण र संचालन | रु.लाख | | ८० | ० | १५ | २० | २५ | २० | |
| २ | सबै वडा तथा मुख्य बजार केन्द्रमा हाट बजार मर्मत, निर्माण, स्तरोन्नति र सञ्चालन | रु.लाख | | ७६ | १५ | २२ | १५ | १२ | १२ | |
| ३ | वडा कार्यालय निर्माण (वडा न.२, ५, ७, ८, ९, ११) प्रति वडा कार्यालय | रु.लाख | | १२०० | २०० | ३०० | ३०० | २०० | २०० | |
| ४ | पुरानो भवनमा रहेको वडा कार्यालय मर्मत तथा विस्तार | रु.लाख | | १०२ | १० | २५ | २५ | २० | २२ | |
| ५ | सुरक्षित आवास विकास कार्यक्रम (तराई मधेश समृद्धि कार्यक्रम समेत) | रु.लाख | | ११४० | २०० | २१० | २२० | २५० | २६० | |
| ६ | भवन निर्माण संहिता योजना तर्जुमा तथा कार्यान्वयन | रु.लाख | | ९ | ० | ३ | २ | २ | २ | |
| ७ | सामुदायिक भवन निर्माण | रु.लाख | | ८८ | २२ | २२ | ३३ | ११ | ० | |
| ८ | विपन्न नागरिक भवन निर्माण | रु.लाख | | ५५ | ० | १५ | २० | १५ | ५ | |
| ९ | वस्ती विकास, शहरी पूर्वाधार एबम शहरी पर्यटकीय पूर्वाधार निर्माण, सौन्दर्यकारण तथा ब्यबस्थापन कार्यक्रम | रु.लाख | | १६५० | २९० | ३१० | ३२५ | ३५० | ३७५ | |
| १० | मुख्य बजार क्षेत्रमा नाली तथा ढल तथा नाली निर्माण | रु.लाख | | ७७० | १०० | १४० | १६० | १८० | १९० | |
| **जम्मा** | | | | ५१७० | ८३७ | १०६२ | ११२० | १०६५ | १०८६ | |

### ६.२.८ जोखिम पक्ष तथा अनुमान

वातावरणमैत्री भौतिक पूर्वाधार विकास गर्न प्राविधिक, आर्थिक र सामाजिक संभाव्यता अध्ययन, विस्तृत आयोजना प्रतिवेदन तयार आयोजना बैंक तयार गर्ने र आयोजना बैंकमा सूचीकृत आयोजनाको प्राथमिकताक्रम अनुसार आवधिक खर्च संरचनामा बजेट विनियोजन गरी आयोजना कार्यान्वयन गर्नुपर्दछ। यस प्रकार आयोजना छनौट र स्रोत विनियोजन नहुँदा गुणस्तरीय रुपमा कार्य सम्पन्न गर्न जग्गाको प्राप्ती, वन तथा वातावरणीय श्रोतको संरक्षण र विपद जोखिम न्यूनीकरणका कार्यक्रम समावेश गर्दा आयोजनाको लागत र समय बढन सक्ने जोखिम रहन्छ । जलवायु परिवर्तनको असर, वातावरणीय प्रभाव र जग्गा व्यवस्थापन लगायत स्थानीय सरोकारका विषयलाई सम्बोधन गर्न नसक्दा यसबाट अपेक्षित हासिल गर्न नसकिने अवस्था समेत रहेको छ।

उपलब्ध प्रविधिको उपयोग, जग्गा प्राप्ती, बजेटको सुनिश्चिता, नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता, मानव संशाधन उपलब्ध भएमा र विपद तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा उल्लिखित उपलब्धी हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ६.३ विद्युत तथा वैकल्पिक उर्जा

### ६.३.१ पृष्ठभूमि

जल विद्युत आर्थिक वृद्धि र आर्थिक रूपान्तरणको एक महत्वपूर्ण साधन हो। नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिंदै जलस्रोतको बहुउपयोगी विकास गर्ने नीतिगत व्यवस्था गरेको छ। दिगो, सन्तुलित, फराकिलो र समाबेशी भौतिक पूर्वाधारको विकास बिना आर्थिक, सामाजिक विकास तथा गुणस्तरीय र सहज सेवा प्रबाह सुनिस्चित हुन सक्दैन। भौतिक पूर्वाधारको विकासको लागि सर्ब सुलभ र दिगो बिधुत आपूर्ति अनिबार्य शर्त हो । नगरपालिकाको विकास प्रयासलाई योजनाबद्ध र व्यवस्थित रुपमा सञ्चालन गरी दिगो सुधार गर्न बिधुत उर्जालाई प्रतिफलको प्रवेशद्धारको रुपमा कार्य गर्दछ ।

विकास प्रतिफललाई नगर विकासको दीर्घकालिन सोच र लक्ष्य तर्फ उन्मुख गराउन तथा अपेक्षित नतिजा हासिल गर्न विद्युत तथा वैकल्पिक उर्जा विषय उपक्षेत्रको विकास, विस्तार र दिगो सञ्चालन सम्बन्धी विश्लेषण र विकासको मार्गचित्रलाई पूर्वाधार विकास योजनामा समावेश गरिएको छ ।

### ६.३.२ संभावना तथा अवसर

स्थानीय सरकार गठनसंगै नगरपालिका क्षेत्रमा भौतिक पूर्वाधार विकासका आयोजना संचालनमा तिब्रता आएको छ | बारबर्दिया नगरपालिका नेपालको औद्योगिक, पर्यटकीय, आवासीय र व्यापारिक केन्द्रको विकासोन्मुख रहेको छ। यस नगर क्षेत्रका सबै वडा र बस्तीहरुमा विद्युत सेवा उपलब्ध रहेको छ। नगरपालिकाको बिधुत उपभोग गर्ने लगभग शतप्रतिशत घरपरिवारले राष्ट्रिय प्रसारण लाईनबाट वितरित विद्युत सेवा उपयोग गरिरहेको देखिन्छ । नगरपालिका क्षेत्रका विभिन्न स्थानहरुमा सोलार तथा बिधुतिय स्ट्रीट लाइट रहेको छ। नगरपालिकाको बिभिन्न क्षेत्रमा सडक बत्ती जडान गरिएको छ। ऊर्जा विकासबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुने देखिन्छ ।

आधुनिक प्रविधिको प्रयोग गरी परम्परागत व्यवहारलाई परिवर्तन गरी उत्पादनलाई वृद्धि गर्न सकिन्छ । ऊर्जा विकासबाट साना तथा घरेलु र ठूला उधोग स्थापना तथा सञ्चालनमा सहजता भै औद्योगिक विकास गर्न

सहज हुनेछ। फोहरमैला व्यवस्थापनका लागि ठोस फोहरको प्रशोधनबाट मिथेन ग्याँस उत्पादन गरी विक्री गर्ने सम्भावना रहेको छ ।

### ६.३.३ समस्या र चुनौति

नगरपालिका क्षेत्रमा वायोग्यास, सुधारिएको चुल्हो तथा स्वस्थ उर्जा प्रयोगको अवस्था न्यून रहेको देखिन्छ। नगरपालिकाको शहरी तथा व्यापारिक क्षेत्रमा विद्युत पोलहरु पुराना रहेको, तारहरु यत्रतत्र छरिएर रहेको र विद्युत लाईनलाई हालसम्म भूमिगत रुपमा प्रसारण र वितरण हुन सकेको छैन। ग्रामीण क्षेत्रहरुमा उद्योग व्यवसाय सञ्चालन, सिंचाईको लागि प्रयोग गर्न आवश्यक पर्ने थ्रिफेजको विद्युत लाईनको कमी रहेको छ। नगरपालिकाको प्रमुख सडक, चोक र स्थानमा सोलार प्रणालीमा आधारित सडक वत्तीको सुविधा उपलब्ध हुन सकेको छैन। नगर क्षेत्रमा विकास निर्माणका क्षेत्रमा कार्य गर्ने निकायहरु बीचको समन्वय र सहकार्य नगर विकासको प्रमुख चूनौतिको रुपमा देखिएको छ | उपलब्ध विद्युत सेवा पनि नियमित र व्यवस्थित हुन सकेको छैन। स्वच्छ उर्जाको रूपमा गोवर ग्यास, वायो विक्रेट र धुवाँ रहित सुधारिएको चुलोको उपयोग पर्याप्त मात्रामा हुन सकेको छैन।

वस्ती विकास, शहरीकरण तथा आर्थिक गतिविधिको विस्तारका कारण बढ्दै गएको विद्युतको माग बढ्दै गए अनुसार विद्युत आपूर्ति गर्नु, र ग्रामीणस्तरमा छरिएको बस्तीहरूमा सुरक्षित तथा दिगो विद्युतीकररण गर्नु चुनौतीको रूपमा रहेका छन् ।

### ६.३.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**दीर्घकालीन सोच**

"स्वच्छ उर्जाको सहज तथा नियमित उपलब्धता र दिगो उपयोग"

**लक्ष्य**

"नवीकरणीय तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा दक्षता बढाई वातावरण मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँच वृद्धि गर्ने"।

**उद्देश्य**

नगरपालिकाका विद्युत तथा वैकल्पिक उर्जा क्षेत्रको उद्देश्य देहायअनुसार रहेको छः

- नियमित विद्युत र स्वच्छ उर्जाको उपलब्धता, गुणस्तर र उपभोगमा वृद्धि गर्नु |

**रणनीति तथा कार्यनीति**

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न विद्युत तथा वैकल्पिक उर्जा देहायअनुसारका रणनीति अवलम्ब गरिनेछः

| रणनीति | कार्यनीति |
|---|---|
| १ विद्युत आपूर्ति क्षमता र गुणस्तर वृद्धि गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने | १.१ विद्युत प्राधिकरणसँग समन्वय र लागत साझेदारीमा विद्युत लाईनको क्षमता विस्तार जिर्ण पोल र तार मर्मत गरिनेछ ।<br>१.२ खुलातार प्रणालीलाई केबल प्रणालीमा रूपान्तरणको लागि सम्बन्धित निकायसँग पैरवी र साझेदारी गरिनेछ ।<br>१.३ वडा कार्यालय स्वास्थ्य संस्था विद्यालयहरूमा पावर व्याकअप इन्टरनेट र इन्ट्रानेटको व्यवस्था गरिनेछ ।<br>१.४ नेपाल विद्युत प्राविधिकरणसँग समन्वय तथा साझेदारी गरी विद्युत क्षमता कम भएको कारण विद्युत सेवा अवरुद्ध हुने स्थानहरूमा विद्युतको क्षमता विस्तार गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.५ ओभर ग्राउण्ड विद्युत लाईनलाई अण्डरग्राउण्ड प्रणालीमा रूपान्तरण गर्न विद्युत प्राधिकरण र नेपाल सरकारसँग पैरवी गरिनेछ।<br>१.६ घरायसी प्रयोजनकालागि अधिकतम् ऊर्जा प्रयोग गर्ने परिवारलाई सम्मान/प्रोत्साहनको व्यवस्था गरिनेछ।<br>१.७ नगरपालिकामा ऊर्जाको वर्तमान तथा भविष्यको माग र आपूर्तिको तथ्याङ्क सङ्कलन गरी डाटाबेस तयार गरिनेछ। |
| २ नवीकरणीय ऊर्जा प्रविधिको विस्तार र प्रवर्धन गरी स्वच्छ उर्जाको पहुँच र उपयोग बृद्धि गर्ने | २.१ वैकल्पिक उर्जासम्बन्धी स्थानीय नीति कानून मापदण्ड र योजना तर्जुमा गरी कार्यान्वयन र नियमनको व्यवस्था गरी स्वच्छ उर्जामा पहुँच वृद्धि गरिनेछ ।<br>२.२ सार्वजनिक संस्था वा स्थानहरू जस्तै, अस्पताल, विद्यालय, धार्मिकस्थल, सडक, पर्यटकय स्थल, आदिमा अधारभूत ऊर्जाको नियमित आपूर्ति गर्न सौर्य ऊर्जा जडान गरिनेछ ।<br>२.३ कृषि तथा शहरी क्षेत्रबाट निस्किने फोहरजन्य वस्तुबाट वायोग्यास तथा प्राङ्गारिक मल उत्पादन तथा प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>२.४ सिँचाइ तथा खानेपानीको सहज पहुँच र आपूर्तिको लागि बिधुत तथा सौर्य ऊर्जाको प्रयोग गरी लिफ्ट प्रणाली सञ्चालन गरिनेछ ।<br>२.५ दाउरा र जैविक उर्जाको प्रयोगलाई कम गर्दै लैजान वायोग्यास सुधारिएको चुलो बायो ब्रिकेट विद्युत चुल्हो र सोलार उपयोगको प्रवद्र्धन एवं विस्तार गरिनेछ<br>२.६ दलित तथा आर्थिक सामाजिक रुपले विपन्न वर्गसम्म नवीकरणीय ऊर्जा प्रविधिको सुलभ पहुँच पुरयाउन प्रवद्र्धनात्मक र प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ<br>२.७ नविकरणीय उर्जाको प्रयोगलाई प्रोत्साहन दिई प्रवद्र्धन गरिनेछ । |

## ६.३.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

विद्युत तथा वैकल्पिक उर्जा उपक्षेत्रगत सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५३: विद्युत तथा वैकल्पिक उर्जा क्षेत्रको नतिजा सूचक तथा आवधिक लक्ष्य

| सूचक | इकाई | आधार वर्ष | आवधिक लक्ष | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ |
| सडक वत्ती जडान भएका स्थान | संख्या | ४ | ५ | ६ | ७ | ८ | १० |
| सुधारिएको ऊर्जा प्रयोग गर्ने परिवार | प्रतिशत | १० | १२ | १८ | २३ | ३२ | ४० |
| धुवारहित चुल्हो जडान भएका परिवार | संख्या | २५६७ | २८०० | २९५० | ३२०० | ३४०० | ३७०० |
| सोलार प्रणाली भएका घरपरिवार | प्रतिशत | २ | ३ | ४ | ६ | ७ | ९ |
| टेलिभिजन र कम्प्युटर उपलब्ध | प्रतिशत | ३० | ४२ | ५० | ५५ | ५८ | ६० |

| सूचक | इकाई | आधार वर्ष | आवधिक लक्ष | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ |
| परिवार | | | | | | | |

स्रोतः सम्बन्धित शाखा

### ६.३.६ विषय उपक्षेत्रगत खर्चको अनुमान

विद्युत तथा वैकल्पिक उर्जा क्षेत्रको आवधिक योजना अबधिको खर्चको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका ५४: विद्युत तथा वैकल्पिक उर्जा क्षेत्रको खर्चको अनुमान

| बजेट तथा खर्च अनुमान रु.लाखमा | | | | | |
|---|---|---|---|---|---|
| आ.ब.०७९/०८० | आ.ब.०८०/०८१ | आ.ब.०८१/०८२ | आ.ब.०८२/०८३ | आ.ब.०८३/०८४ | जम्मा |
| ८३ | ८३ | ९१ | ९६ | १०२ | ४५४ |

स्रोतः प्रस्तावित कार्यक्रम तथा क्रियाकलापको प्राथमिकीकरण र अनुमानित लागत, मध्यमकालीन खर्च संरचना, सम्बन्धित शाखा र आर्थिक प्रशासन शाखा

### ६.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

विद्युत तथा वैकल्पिक उर्जा क्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी पाँच वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल लागत, उद्धेश्य तथा उपलब्धि सूचक देहाय अनुसार तालिका ६.३.३ मा प्रस्तुत गरिएको छ ।

तालिका ५५: विद्युत तथा वैकल्पिक उर्जा उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | एकाई | आधार बर्ष (०७८/७९) को अवस्था | योजना अवधिको लक्ष्य | अनुमानित बार्षिक लक्ष्य (रु. लाखमा) आ.ब. | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | |
| १ | सबै वडाको सबै टोल बस्तीमा बिद्युतीकरण | रु.लाख | २० | १५८ | ३० | ३० | ३२ | ३३ | ३३ | कार्यपालिका, सम्बन्धित शाखा र वडा कार्यालय |
| २ | गोबर ग्यास प्लान्ट उर्जा निर्माण तथा मर्मत अनुदान | रु.लाख | ५ | २६ | ५ | ५ | ५ | ६ | ६ | |
| ३ | नपुग वडा भित्र विद्युत पोल र तारको व्यवस्था | रु.लाख | ८ | ४३ | ८ | ८ | ८ | ९ | १० | |
| ४ | सडक वत्ती मर्मत, विकास र विस्तार | रु.लाख | ८ | ६४ | १२ | १२ | १३ | १३ | १४ | |
| ५ | सडक तथा सार्बजनिक स्थलमा सोलार वत्ति जडान कार्यक्रम | रु.लाख | ५ | ६० | १० | १० | १२ | १३ | १५ | कार्यपालिका, सम्बन्धित शाखा र वडा कार्यालय |
| ६ | सुधारिएको चुलो प्रबर्द्धन कार्यक्रम | रु.लाख | ५ | २६ | ५ | ५ | ५ | ६ | ६ | |
| ७ | उज्यालो र सुरक्षित बारबर्दिया अभियान कार्यक्रम | रु.लाख | ३ | १८ | ३ | ३ | ४ | ४ | ४ | कार्यपालिका, सम्बन्धित शाखा र वडा कार्यालय |
| ८ | विद्युत तथा स्वच्छ उर्जा अन्य सालबसाली कार्यक्रम | रु.लाख | १० | ५९ | १० | १० | १२ | १३ | १४ | |
| **जम्मा** | | | | ४५४ | ८३ | ८३ | ९१ | ९६ | १०२ | |

### ६.३.८ जोखिम पक्ष तथा अनुमान

वातावरणमैत्री भौतिक पूर्वाधार विकास गर्न प्राविधिक, आर्थिक र सामाजिक संभाव्यता अध्ययन, विस्तृत आयोजना प्रतिवेदन तयार आयोजना वैंक तयार गर्ने र आयोजना वैंकमा सूचीकृत आयोजनाको प्राथमिकताक्रम अनुसार आवधिक खर्च संरचनामा बजेट विनियोजन गरी आयोजना कार्यान्वयन गर्नुपर्दछ । यस प्रकार आयोजना छनौट र स्रोत विनियोजन नहुँदा गुणस्तरीय रुपमा कार्य सम्पन्न गर्न जग्गाको प्राप्ती, वन तथा वातावरणीय श्रोतको संरक्षण र विपद जोखिम न्यूनीकरणका कार्यक्रम समावेश गर्दा आयोजनाको लागत र समय बढन सक्ने जोखिम रहन्छ । जलवायु परिवर्तनको असर, वातावरणीय प्रभाव र जग्गा व्यवस्थापन लगायत स्थानीय सरोकारका विषयलाई सम्बोधन गर्न नसक्दा यसबाट अपेक्षित हासिल गर्न नसकिने अवस्था समेत रहेको छ ।

उपलब्ध प्रविधिको उपयोग, जग्गा प्राप्ती, बजेटको सुनिश्चिता, नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता, मानव संशाधन उपलब्ध भएमा र विपद तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा उल्लिखित उपलब्धी हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ६.४ सूचना, संचार र प्रविधि

### ६.४.१ पृष्ठभूमि

नगरपालिकाको सबै क्षेत्रमा मोबाइल टेलिफोनको सुबिधा पुगेको छ। नगरपालिकाको कुल जनसंख्या मध्ये ९० प्रतिशत जनसंख्यासँग मोवाइल तथा टेलिफोन उपलब्ध रहेको अनुमान गरिएको छ। यसैगरी कूल घरपरिवार मध्ये ४० प्रतिशतसँग कम्प्युटर र ८० प्रतिशत इन्टरनेट सेवाको पहुँच उपलब्ध रहेको देखिन्छ। नगरपालिकाको योजनामा इन्टरनेट सेवाको पहुँच बढाउनुको साथै अन्य सूचना तथा सञ्चारमा सुबिधाको विकासलाई बढोत्तरी गर्ने कार्यक्रम तय गरिएका छन् । नगर कार्यपालिकाको सबै वडा कार्यालय र स्थास्थ्य संस्था र सबै माध्यमिक विद्यालयमा इन्टरनेट सेवा विस्तार गरिएको छ ।

नगरपालिकामा वेवसाइट, मोबाइल एप्स् र विभिन्न ६ प्रकारका सूचना व्यवस्थापन प्रणाली तथा सफ्टवयर जडान भई शासन सञ्चालन र सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आधारित बनाउँदै लाने प्रयास गरिएको छ। नगरपालिकाको इन्टरएक्टिभ वेवसाइट र मोबाइल एप्स्, स्थानीय रेडियो तथा टेलिभिजन तथा राष्ट्रियस्तरका रेडियो र टेलिभिजन, पत्रपत्रिका र अनलाईनमार्फत सूचनाहरू नियमित रूपमा अद्यावधिक, प्रकाशन र प्रसारण भैरहेको छ। टेलिभिजन, केवल नेटवर्क, र इन्टरनेटको सरल पहुँचका कारण सूचना तथा संचार विकास दिनानुदिन बढ्दै गइरहेको छ ।

### ६.४.२ संभावना तथा अवसर

नगरपालिकाको लगभग सबै क्षेत्र सूचना तथा संचारमा सुविधाको पहुँचको रहेको देखिन्छ | नगरपालिका क्षेत्र भित्र कार्यपालिका कार्यालय, सबै वडा कार्यालयहरु, माद्यामिक विद्यालय अस्पताल, स्वास्थ्य चौकीहरुमा इन्टरनेट सुविधा उपलब्ध रहेको छ। नगरपालिकामा वेवसाइट, मोबाइल एप्स् र विभिन्न प्रकारका सूचना व्यवस्थापन प्रणाली तथा सफ्टवयर जडान भई शासन सञ्चालन र सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आधारित बनाउँदै लाने प्रयास गरिएको छ । नगरपालिकाको वेवसाइट र मोबाइल एप्स्, स्थानीय रेडियो तथा टेलिभिजन र राष्ट्रियस्तरका संचार माध्यममार्फत समेत सूचनाहरु नियमित रुपमा अद्यावधिक, प्रकाशन र प्रसारण भैरहेको छ ।

### ६.४.३ समस्या र चुनौति

अप्टिकल फाइबर विस्तारमा गति दिने कार्य, सूचना तथा सञ्चार क्षेत्रमा विकसित नवीनतम प्रविधि समय सापेक्ष प्रयोगमा ल्याउने कार्य, विद्युत प्रसारण भरपर्दो बनाउने कार्य, नगर क्षेत्रको ऐतिहासिक महत्वका वस्तु र सेवाहरूलाई डिजिटल अर्काइभमा सुरक्षित राख्ने कार्य, साइवर सुरक्षा सम्वन्धी संस्थागत संरचना तयार गरी आम जनतामा यस सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने कार्य, र सामाजिक सञ्जालको वृद्धिसँगै यसमा बढ्दै गएको दुरूपयोग तथा विकृतिलाई रोक्ने कार्य चुनौती पूर्ण देखिएको छ ।

नगरपालिका क्षेत्रभित्र सबै विद्यालय तथा सार्बजनिक निकाय र स्थलमा इन्टरनेट सुबिधा उपलब्ध हुन सकेको छैन र उपलब्ध भएका केन्द्र र कार्यालयमा सेवाको गुणस्तर कमजोर रहेको छ।सबै विद्यालय, स्वास्थ्य संस्था र वडा कार्यालयहरूमा पावर व्याकअप सहित सूचना प्रविधिमा आधारित सेवा सुचारु हुन सकेको छैन।

### ६.४.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**दीर्घकालीन सोच**

- “सूचना तथा सञ्चार प्रविधिमैत्री सार्बजनिक सेवा प्रवाह”

**लक्ष्य**

- सूचना तथा सञ्चार प्रविधिको विकास गर्दै सबै नागरिकको पहुँच तथा उपयोग सुनिश्चित गरी सूचना प्रबिधिमैत्री सेवा प्रबाह सुनिस्चित गर्ने।

**उद्देश्य**

नगरपालिकाका सूचना, संचार र प्रविधि उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेको छः

- सूचना तथा संचार सुबिधाको दिगो र विश्वसनीय उपभोगमा अभिवृद्धि गर्नु ।

**रणनीति तथा कार्यनीति**

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न सूचना, संचार र प्रविधि उपक्षेत्रमा देहायअनुसारका रणनीति तथा कार्यनीति अवलम्ब गरिनेछः

| रणनीति | कार्यनीति |
|---|---|
| १.१: . विद्युतीय सुशासनको प्रवद्र्धन गर्ने । | १.१ नगरपालिका तथा वडा कार्यालयमा सूचना केन्द्र स्थापना तथा सूचना संकलन, विश्लेषण र भण्डारण गरी सूचना प्रवाहलाई व्यवस्थित बनाइने तथा एकीकृत रूपमा स्थानीय तथ्याङ्कको व्यवस्थापन गरिनेछ ।<br>१.२ सार्वजनिक तथा निजी सेवाहरू क्रमश सफ्टवेयर अनलाइन मार्फत् सूचना तथा सेवा प्रदान गरिनेछ ।<br>१.३ नगरपालिका अन्तर्गतका सबै कार्यालयका वेवसाइट, इमेल, ट्वीटर, भाइबरजस्ता माध्यमबाट नागरिकको गुनासो प्राप्ति तथा सुनुवाइ हुने व्यवस्था मिलाइनेछ ।<br>१.४ सबै वडाहरूमा डिजिटल सूचना पाटीको व्यवस्था गरी सम्पूर्ण सूचना,क्रियाकलाप तथा गतिविधिहरूका बारेमा सुसूचित हुने अधिकारको सुनिश्चितता गरिनेछ ।<br>१.५ नगरपालिकाका सम्पूर्ण क्रियाकलापहरूलाई सूचना प्रविधि मैत्री बनाई सबैकालागि सहज एवम् सर्वसुलभ सेवाको सुनिश्चितता गरिनेछ ।<br>१.६ आयोजना तथा कार्यक्रम सम्झौता, अनुगमन तथा सुपरीवेक्षण र प्रगति प्रतिवेदनलाई लगायतका कार्यहरूलाई अनलाईन योजना सफ्टवेयर प्रणाली माध्यमबाट थप प्रभाबकारी बनाइनेछ ।<br>१.७ टेलीमेडिसिन केन्द्रको स्थापना गरी नागरिकलाई घरमै बसी स्वास्थ्य उपचार सम्बन्धी |

| रणनीति | कार्यनीति |
|---|---|
| | परामर्श सेवा लिने अवसरको सुनिश्चितता गरिनेछ । |
| २ सार्बजनिक सेवा, सुरक्षा, रोजगारी, विपद जोखिम न्यूनीकरण लगायतका विषयमा पहुँच अभिवृद्धि गर्न स्थानीय सञ्चार तथा सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने । | २.१ यस क्षेत्रको कला संस्कृतिको पहिचानमा जोड दिई मौलिक, सामाजिक लघु चलचित्र तथा डकुमेन्ट्री निर्माणलाई प्रोत्साहन गरिनेछ ।<br>२.२ आधारभूत तह देखि नै हरेक विद्यार्थीले कम्प्युटर तथा सूचना प्रविधि सम्बन्धी अध्ययन गर्न पाउने अवसरको सुनिश्चितता गरिनेछ ।<br>२.३ डिजिटल साक्षरता र सचेतना अभिवृद्धिलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।<br>२.४ सूचना प्रविधिमा आधारित पठनपाठन कार्यलाई बैकल्पिक तथा सिकाई माध्यमको रुपमा व्यबस्थित र प्रभावकारी बनाइनेछ ।<br>२.५ नगर कार्यपालिकाको , वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा उपलब्ध इन्टरनेटको क्षमता वृद्धि गरी सेवाको विस्तार र गुणस्तरमा सुधार गरिनेछ ।<br>२.६ नगरपालिका कार्यलय, सार्बजनिक सेवा प्रबाह हुने स्थल तथा बजार र मुख्य चोकमा सिसिटिभी क्यामेरा जडान गरिनेछ ।<br>२.७ नगरपालिकाबाट सञ्चालित सबै आयोजनाहरूमा सूचनापाटी, त्रैमासिक सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी प्रत्येक वडामा नगरपालिका स्तरीय त्रैमासिक सार्वजनिक सुनुवाईलाई नियमित गरिनेछ ।<br>२.८ स्थानीय सञ्चार माध्यामसँग समन्वय गरेर स्वास्थ्य, शिक्षा, सरसफाई, कृषि, उद्यम विकास र विपद् व्यवस्थापन लगायतका विषय क्षेत्रमा सूचना प्रविधि प्रणालीमा आधारित जनउपयोगी सूचना सम्प्रेषण गर्ने व्यवस्था मिलाइनेछ ।<br>२.९ नगरपालिकाको बिशेषता झल्कने भाषिक, सांस्कृतिक, भौगोलिक तथा सामाजिक पृष्ठभूमि सहितको प्रवर्धनात्मक सूचना सामग्रीको निर्माण र डिजिटलाइजेशन गरी यस क्षेत्रको विकासलाई टेवा पुर्‍याउन सूचना तथा सञ्चार प्रविधि युक्त पर्यटकीय योजना बनाइनेछ । |
| ३ सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु । | ३.१ राजस्व, प्रशासन, योजना, खरिद व्यवस्थापन तथा स्थानीय तथ्याङ्कसम्बन्धी सूचना व्यवस्थापन प्रणाली तयार गरी सूचना प्रविधिमा आधारित भई सेवा प्रवाह र विकास कार्य सञ्चालनको व्यवस्था गरिनेछ ।<br>३.२ मोबाइल एप्स्, एफएम रेडियो, पत्रपत्रिका र वेवसाइटको माध्यमबाट सम्पादित योजना, कार्यक्रम, गतिबिधि, उपलब्धि प्रकाशन र प्रसारणको लागि सूचना र सञ्चार प्रविधिको अधितकम उपयोग गरिनेछ ।<br>३.३ नगरपालिकाको मुखपत्र कम्तिमा वार्षिक रुपमा प्रकाशन गर्ने व्यवस्था गरिनेछ ।<br>३.४ पदाधिकारी र सेवाग्राही रेडियो, टिभी र सामाजिक सञ्जाल माध्यमबाट संवाद कार्यक्रम नियमित रूपमा सञ्चालन गरिनेछ ।<br>३.५ स्थानीय नीति, कानून, नियम र कार्यविधि, निर्णय, विकास कार्य सञ्चालन, उपलब्धि, सफल अभ्यासबारे संवाद, पत्रपत्रिका, रेडियो र टिभिमा नियमित प्रकाशन र प्रसारणको व्यवस्था गरिनेछ ।<br>३.६ सामाजिक सञ्जालको प्रयोगलाई समाज अनुकूल र रचनात्मक बनाउन पहल र प्रयास गरिनेछ ।<br>३.७ कार्यपालिका तथा वडा कार्यालयलाई प्रविधिमैत्री बनाउन र नगरपालिकाको निश्चित क्षेत्रलाई फ्रि वाईफाई जोन बनाउन आवश्यक व्यवस्था गरिनेछ। |

## ६.४.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

सूचना, संचार र प्रविधि उपक्षेत्रको सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५६: सूचना, संचार र प्रविधि क्षेत्रको नतिजा सूचक तथा आवधिक लक्ष्य

| सूचक | इकाई | आधार वर्ष | आवधिक लक्ष | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ |
| इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ३८ | ४२ | ४४ | ४७ | ५१ | ५८ |
| स्थानीय स्तरका प्रकाशन र प्रसारण | संख्या | ० | १ | २ | २ | ३ | ३ |
| ईन्टरनेट सञ्चालन रहेका वडा कार्यालय, स्वास्थ्य चौकी र विद्यालय | वटा | २७ | २९ | ३१ | सबै | सबै | सबै |

स्रोतः सम्बन्धित शाखा

### ६.४.६ विषय उपक्षेत्रगत खर्चको अनुमान

सूचना, संचार र प्रविधि उपक्षेत्रको आवधिक योजना अबधिको खर्चको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ

तालिका ५७: सूचना, संचार र प्रविधि उपक्षेत्रको खर्चको अनुमान

| बजेट तथा खर्च अनुमान रु.लाखमा | | | | | |
|---|---|---|---|---|---|
| आ.ब.०७९/०८० | आ.ब.०८०/०८१ | आ.ब.०८१/०८२ | आ.ब.०८२/०८३ | आ.ब.०८३/०८४ | जम्मा |
| ५५ | ६० | ६३ | ६६ | ७३ | ३२७ |

स्रोतः प्रस्तावित कार्यक्रम तथा क्रियाकलापको प्राथमिकीकरण र अनुमानित लागत, मध्यमकालीन खर्च संरचना, सम्बन्धित शाखा र आर्थिक प्रशासन शाखा

### ६.४.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

सूचना, संचार र प्रविधि क्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी पाँच वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल लागत, उद्धेश्य तथा उपलब्धि सूचक देहाय अनुसार तालिका ६.४.३ मा प्रस्तुत गरिएको छ ।

तालिका ५८: सूचना, संचार र प्रविधि

| सि.नं. | कार्यक्रम तथा आयोजना | एकाई | आधार बर्ष (०७८/७९) को अवस्था | योजना अवधिको लक्ष्य | अनुमानित बार्षिक लक्ष्य (रु. लाखमा) आ.ब. | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | |
| १ | सबै वडाको मुख्य सार्बजनिक स्थलमा निशुल्क इन्टरनेट जडान | रु.लाख | ३ | २१ | ३ | ३ | ४ | ५ | ६ | |
| २ | नगरपालिका क्षेत्र भित्रका मुख्य चोक तथा सबै टोलमा सि सि क्यामरा जडान | रु.लाख | ५ | ५४ | ५ | १० | १२ | १३ | १४ | |
| ३ | इन्टरनेट र टेलिफोन सेवाको क्षमता विस्तारको लागि समन्वय तथा सहजीकरण कार्यक्रम(वडा, स्वास्थ्य संस्था, मा.बि ) | रु.लाख | ५ | २७ | ५ | ५ | ५ | ६ | ६ | |
| ४ | प्रकाशन, प्रशारण र मिडिया परिचालन कार्यक्रम | रु.लाख | ५ | २७ | ५ | ५ | ५ | ६ | ६ | |
| ५ | डिजिटल बारबर्दिया प्रबर्द्धन कार्यक्रम | रु.लाख | ७ | ३८ | ७ | ७ | ७ | ८ | ८ | |
| ६ | सबै वडा कार्यालयमा गुणस्तरीय इन्टरनेट सेवाको पहुँच र विस्तार | रु.लाख | ५ | ५४ | १० | १० | ११ | ११ | १२ | |
| ७ | सबै सार्बजनिक विद्यालयमा इन्टरनेट सेवाको पहुँच र क्षमता विस्तार | रु.लाख | १० | १०७ | २० | २० | २१ | २२ | २४ | |
| जम्मा | | | | ३२७ | ५५ | ६० | ६३ | ६६ | ७३ | |

# परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन योजना

## ७.१ वन तथा जैविक बिबिधिता

### ७.१.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको ब्यबस्था गरेको छ। उल्लिखित संबैधानिक व्यवस्था कार्यान्वयन गर्न संघीय सरकारबाट राष्ट्रिय वन नीति २०७५ र राष्ट्रिय वातावरण नीति र राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ र वन ऐन, २०७६ तथा वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन् ।उपरोक्त नीति तथा कानूनको उद्देश्य स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदुषणबाट हुने क्षति बापत पीडितलाई प्रदुषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकास बीच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकुल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चूनौतीलाई सामाना गर्ने रहेको छ।

### ७.१.२ संभावना र अवसर

बजारीकरणको दृष्टिकोणले नगरपालिकाको ग्रामीण क्षेत्र अत्यन्त सम्पन्न रहेको छ |नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम किसान तथा उद्यमीले नीजि तथा आवादी जग्गामा वृक्षरोपण गरी हुर्काएका रुखहरु कटान गरी विक्री वितरण गरे वापत नगरपालिकाले राजस्व बढाउन सक्ने स्थिति समेत देखिन्छ ।वन, जमीन र जलश्रोत लगायत जलाधारका श्रोतको संरक्षण र व्यवस्थापनद्धारा नगरपालिकामा आर्थिक विकास तथा वातावरणीय सन्तुलन कायम गर्न सकिने प्रचुर संभावना रहेको छ।

यस नगरपालिकालाई हरित पालिकाको रुपमा विकास गर्ने लक्ष्य राखिएको छ।यस नगरपालिकाले हरियाली प्रवद्र्धनको निमित्त एक घर दुइ विरुवाको अवधारणा लागू गर्न सक्तछ।संघीय संरचना अनुसार वातावरण, स्वच्छता र हरियाली प्रवद्र्धन सम्बन्धी नीति, ऐन, नियम र निर्देशिका उपलब्ध रहेको र आवश्यकता अनुसार बन्ने क्रममा समेत रहेका छन्।राजनैतिक नेतृत्व तथा जनप्रतिनिधि र समुदायमा समेत वातावरण संरक्षण र हरियाली व्यवस्थापनमा सचेतना वृद्धि हुँदै गएको छ।जैविक विविधताको दृष्टिकोणबाट महत्वपूर्ण रहेको बारबर्दिया नगरपालिका हरियालीयुक्त क्षेत्र अधिक रहेको तथा कृषि विकास लागि समेत उपयुक्त क्षेत्र रहेको यस नगरपालिकामा पर्यापर्यटन तथा कृषि पर्यटन विकासको प्रचुर संभावना देखिन्छ।

### ७.१.३ समस्या तथा चुनौती

यस नगरपालिका क्षेत्रको वनजङ्गलले उचित संरक्षण र प्रवद्र्धनको अभावले यथोचित विकास हुन सकेको छैन।बस्ती विकासकोक्रम बढेसँगै नगरक्षेत्रका विभिन्न ठाँउमा निजी वन फडानी गरी प्लल्टिङ गर्ने कार्य बढदै गएको् छ।वन डढेलो नियन्त्रणका लागि आवश्यक आधुनिक उपकरण, औजार, सीप तथा प्रतिकार्य योजना समेतको अभाव रहेको छ । वन, जैविक विविधताका श्रोतहरुको व्यवस्थापनमा स्थानीय जनप्रतिनिधि, उपभोक्ता समिति तथा आम उपभोक्ताहरुमा सचेतना र क्रियाशिलताको कमी रहेकोछ।

वन क्षेत्रको वैज्ञानिक र वहुँउद्देश्यीय व्यवस्थापन नहुँदा वन क्षेत्रको उत्पादन तथा उत्पादकत्व कम रहेको छ। परम्परागत रुपमा घाँस दाउरा र काठ बाहेक वन क्षेत्रबाट आयआर्जन तथा उद्यम व्यवसायमूकल क्रियाकलाप सञ्चालन गरी यथोचित लाभ लिन सएिको छैन।सरकार, नागरिक समाज र समुदायमा वन तथा वातावरण संरक्षण र व्यवस्थापन प्रतिको जिम्मेवारी बोधको कमी देखिएको छ।काठको अवैध तस्करीले वन फडानी बढेको छ।जंगलीजनावरको सिकार र तस्करी बढ्दो रहेको छ ।वैज्ञानिक वन व्यवस्थापन गरी काठ दाउराको उत्पादन र उपलब्धता बढाउनु, वन तथा कृषि क्षेत्रमा जडिबुटी लगायत आयमूलक क्रियाकलाप

सञ्चालन गर्नु तथा वन क्षेत्रलाई ग्रामीण तथा पर्यापर्यटनको आकर्षण केन्द्र बनाउनुका साथै बर्दिया राष्ट्रिय निकुन्जसँगको सहकारी र समन्वयमा बन क्षेत्रवाट पर्याप्त लाभ उठाउनु यस क्षेत्रका प्रमुख चुनौतिहरु हुन् ।

### ७.१.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

यस नगरपालिकाका वन तथा जैविक विविधता उपक्षेत्रको सोंच, लक्ष्य, उद्धेश्य, रणनीति तथा प्रमुख कार्यनीति देहाय अनुसार प्रस्तुत गरिएको छ ।

#### सोच

- "वन, जलाधार तथा जैविक बिबिधताको दिगो संरक्षण र उपयोग"

#### लक्ष्य

- वन, जैविक विविधता तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापन र उपयोग मार्फत वातावरण संरक्षण र आर्थिक लाभ हासिल गर्ने।

#### उद्देश्य

नगरपालिकाका वन तथा जैविक विविधता उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन्ः

- वन, हरियाली र जैविक विविधताको दिगो व्यवस्थापन र उपयोग गर्नु ।
- वन क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु ।

#### रणनीति तथा कार्यनीति

नगरपालिकाको दीर्घकालीन सोचतर्फ हासिल गर्न केन्द्रित रही वन तथा जैविक विविधता उपक्षेत्रको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति तथा कार्यनीति अबलम्बन गरिनेछ ।

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ः वन, हरियाली र जैविक विविधताको दिगो व्यवस्थापन र उपयोग गर्नु। | |
| १. समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण र हरियाली प्रबर्द्धन गर्ने । | १.१ स्थानीय जनतासँग वनको महत्त्व र यसका संरक्षण तथा प्रबर्द्धनका उपायबारे अन्तरक्रिया तथा छलफल गरिनेछ ।<br>१.२ बर्दिया राष्ट्रिय निकुन्जसँगको समेत सहकार्यमा नगरपालिका क्षेत्रको वनको सीमा निर्धारण गरी तारबार तथा खाली भूभागमा वृक्षारोपण गरिनेछ।<br>१.३ संघ तथा प्रदेश सरकार र वन उपभोक्ता समितिहरूसँग समन्वय र सहकार्यमार्फत् वन क्षेत्रको दिगो व्यवस्थापनमा सहजीकरण गरी वन क्षेत्रको गुणस्तर वृद्धि गरिनेछ।<br>१.४ सामुदायिक वन व्यवस्थापन तथा खालि स्थलमा उपयुक्त प्रजातिको विरुवा पहिचान गरी वृक्षरोपण र व्यवस्थापनका साथै वन नर्सरी स्थापनाका लागि सामुदायिक वन एबम उपभोक्ता समितिसँग समन्वय, सहकार्य गरिनेछ ।<br>१.५ प्रचलित नीतिगत तथा कानूनी व्यवस्थाअनुसार आयोजनाहरुको वातावरणीय अध्ययन सम्बन्धी व्यवस्थाको नियमपालन गर्ने÷गराउने कडाइका साथ कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ।<br>१.६ सार्बजनिक निर्माण र सडक निर्माणमा वृक्ष रोपण कार्यलाई एकै प्याकेजमा अगाडी बढाइनेछ<br>१.७ नगरपालिका क्षेत्रभित्र कम्तिमा एक घर दुई रुखको अवधारणा लागु गरिनेछ ।<br>१.८ वन संरक्षण र व्यवस्थापन सम्बन्धी राष्ट्रिय तथा प्रदेश नीति कार्यान्वयन गर्न सहयोग गर्ने |
| २ जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने । | २.१ जैविक विविधता र जलाधार क्षेत्रको अभिलेख ब्यबस्थापनको लागि संघीय र प्रादेशिक निकायहरूसँग सहकार्य गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.२ जैविक विविधताले सम्पन्न क्षेत्रहरू पहिचान गरी संरक्षण तथा प्रबर्द्धनका लागि सम्बन्धित निकायसँग समन्वय, सहकार्यको पद्धति अवलम्बन गरिनेछ ।<br>२.३ वनमा आधारित उपभोक्ता समितिहरू मार्फत बर्दिया राष्ट्रिय निकुन्जसंगको सहकार्यमा मिचाहा प्रजातिको बोट विरूवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्नीरेखा, झाडी सफाई जस्ता क्रियाकलापहरूबाट जैविक सम्पदाको संरक्षण गरिनेछ ।<br>२.४ वन्य जन्तुहरूबाट हुनसक्ने सम्भावित क्षति न्यूनीकरण गर्न जंगल क्षेत्रमै उपयुक्त हुने घाँस, विरूवा, फलफुलहरू रोपण गरी बनयजन्तुको आहारा व्यवस्था मिलाइनेछ ।<br>२.५ व्यावसायिक मूल्य भएका जडीवुटी लगायतका वोट विरूवाहरूको व्यापक वृक्षारोपण गरी जैविक विविधताको संरक्षण गर्दै दिगो उपयोगमा जोड दिइनेछ ।<br>२.६ रैथाने प्रजातिका कृषिबालीहरू संरक्षणका लागि कृषकहरूलाई प्रोत्साहित गरिनेछ।<br>२.७ विद्यमान प्रजातिको संख्या कायम राखे र यथासम्भव नयाँ प्रजातिको प्रवद्र्धनको तागि अध्ययन अनूसन्धान गरिनेछ । |
| **उद्देश्य २:** वन क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु । | |
| १. वनमा आधारित उद्यम सिर्जना र आयमूलक कार्यक्रम संचालन गरी रोजगारी र आम्दानीको श्रोत बृद्धि गर्ने | १.१ वन सम्पदाको सञ्चिती र दिगो उपयोग सम्बन्धि आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गरी कार्यान्वयन गरिनेछ।<br>१.२ वन क्षेत्र पैदावारको उपयोगलाई स्थानीय जीविकोपार्जनसँग आवद्ध गरिनेछ ।<br>१.३ उपलब्धता र सम्भाव्यताका आधारमा जडीबुटी खेती प्रवद्र्धन र गैरकाष्ठ वन पैदावारको सदुपयोग गरी वन क्षेत्रलाई स्थानीय जनताको जीविकोपार्जनसँग जोडिनेछ।<br>१.४ लामो समयदेखि बाँझो रहँदै आएका निजी जमिनमा उपयुक्त फलफूल खेति तथा निजी वन विस्तार गर्न समुदायलाई प्रोत्साहित गरिनेछ।<br>१.५ वार्षिक बजेटको निश्चित प्रतिशत रकम वन तथा भूसंरक्षण क्षेत्रमा छुट्याइनेछ।<br>१.७ वनजन्य उद्योगको विकास र व्यवसायीकरण मार्फत नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गर्न समन्वय र सहजीकरण गरिनेछ । |

## ७.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

वन तथा जैविक विविधता उपक्षेत्रको विषय क्षेत्रगत सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५९: वन तथा जैविक विविधता उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य

| सूचक | इकाई | आधार वर्ष | आवधिक लक्ष | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/०८४ |
| वन तथा जैविक विविधता | | | | | | | |
| संरक्षित खेतबारीको क्षेत्रफल | हेक्टर | ३५ | ४० | ४५ | ५२ | ६० | ६६ |
| विपद् प्रभावित घरपरिवार | संख्या | ६०० | ६०० | ५०० | ४८० | ४०० | ३५० |
| अति जोखिममा रहेका घरपरिवार | प्रतिशत | १३ | १२ | १० | ८ | ६ | ४ |
| वनमा आधारित उद्यमबाट रोजगारी | संख्या | ८० | ८५ | ९५ | १०५ | १२० | १३० |
| वनमा आधारित उद्योग व्यवसाय | संख्या | १० | १० | ११ | १३ | १५ | १७ |

| सूचक | इकाई | आधार वर्ष | आवधिक लक्ष | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/०८४ |
| प्रति बर्ष वृक्षरोपण गरिने | संख्या | २०० | २०० | ५०० | ७०० | ९०० | ११०० |
| वनमा आधारित उद्यम र आयआर्जन कार्यक्रमबाट लाभान्वित परिवार | परिवार | ३०० | ३५० | ४०० | ४८० | ५४० | ६०० |

स्रोतः कार्यशाला गोष्ठी, स्थलगत तथ्यांक र सम्बन्धित शाखा

### ७.१.६ विषय उपक्षेत्रगत खर्चको आवधिक अनुमान

वन तथा जैविक विविधता उपक्षेत्रको आवधिक योजना अबधिको खर्चको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ६०: वन तथा जैविक विविधता उपक्षेत्रको खर्च (रकम रु. हजारमा)

| बजेट तथा खर्च अनुमान रु.लाखमा | | | | | |
|---|---|---|---|---|---|
| आ.ब.०७९/०८० | आ.ब.०८०/०८१ | आ.ब.०८१/०८२ | आ.ब.०८२/०८३ | आ.ब.०८३/०८४ | जम्मा |
| १८ | २१ | २३ | २४ | २५ | ११० |

स्रोतः प्रस्तावित कार्यक्रम तथा क्रियाकलापको प्राथमिकीकरण र अनुमानित लागत, मध्यमकालीन खर्च संरचना, सम्बन्धित शाखा र आर्थिक प्रशासन शाखा |

### ७.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

वन तथा जैविक विविधता उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी पाँच वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित लागत, उद्देश्य र उपलब्धी सूचक देहायअनुसार तालिका ७.१.३ मा प्रस्तुत गरिएको छ |

तालिका ६१: वन तथा जैविक विविधता उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | एकाई | आधार बर्ष (०७८/७९) को अवस्था | योजना अवधिको लक्ष्य | अनुमानित बार्षिक लक्ष्य (रु. लाखमा) आ.ब. | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | |
| १ | जैविक बिबिधता संरक्षण कार्यक्रम | रु लाखमा | ३ | १८ | ३ | ३ | ४ | ४ | ४ | कार्यपालिका, सम्बन्धित शाखा, वडा कार्यालय र नागरिक समाज |
| २ | हरियाली प्रवद्र्धन र वृक्षारोपाण कार्यक्रम | रु लाखमा | ५ | ३० | ५ | ६ | ६ | ६ | ७ | |
| ३ | वन पैदावार चोरी निकासी नियन्त्रण अभियान | रु लाखमा | २ | १२ | २ | २ | २ | ३ | ३ | |
| ४ | जैविक बिबिधता अनुकुलन कार्यक्रम | रु लाखमा | ४ | २४ | ४ | ४ | ५ | ५ | ५ | |
| ५ | सरसफाई, वन तथा वाताबरण व्यवस्थापन कार्यविधि र मापदण्ड तर्जुमा तथा अध्यावधिक | रु लाखमा | ३ | १८ | ३ | ३ | ४ | ४ | ४ | |
| जम्मा | | | | ११० | १८ | २१ | २३ | २४ | २५ | |

## ७.१.८ जोखिम पक्ष तथा अनुमान

जलवायु परिवर्तनको असर, विपद जोखिममा बृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् ।बढ्दो वस्ती विस्तार तथा शहरीकरणसंगै हरियाली नोक्सान हुदै गएको छ भने रुख विरुवा रोप्ने पर्याप्त अग्रसरता नहुनु चुनौतिको रुपमा रहेको छ। उल्लिखित जोखिम पक्षको सम्बोधन भएमा अपेक्षित नतिजा हासिल हुन सक्ने देखिन्छ ।संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ ।

## ७.२ वाताबरण संरक्षण तथा फोहोरमैला ब्यबस्थापन

### ७.२.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको ब्यबस्था गरेको छ। उल्लिखित संबैधानिक ब्यबस्था व्यवस्था कार्यान्वयन गर्न संघीय सरकारबाट राष्ट्रिय वातावरण नीति र राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन् ।उपरोक्त नीति तथा कानूनको उद्देश्य स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदुषणबाट हुने क्षति बापत पीडितलाई प्रदुषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकास बीच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकुल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चूनौतीलाई सामाना गर्ने रहेको छ।

### ७.२.२ संभावना र अवसर

यस नगरपालिकालाई हरित पालिकाको रुपमा विकास गर्ने लक्ष्य राखिएको छ।नगरपालिकाको शहरी क्षेत्रमा ठोस तथा तरल फोहोरमैलाको मात्रा बढ्दै गएको देखिन्छ।नगरपालिकाको  मुख्य गरी शहरी क्षेत्रमा प्लाष्टिक लगायत प्रदुषणजन्य पदार्थको प्रयोग बढ्दै गईरहेको छ।तसर्थ प्लाष्टिकजन्य सामाग्रीको प्रयोगलाई समयमै प्रतिस्थापन र व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम राख्न सकिने अवस्था छ।यसैगरी अस्पताल र मेडिकल सेवाको वृद्धिसँगै अस्पतालजन्य फोहोर पनि बढ्दो क्रममा रहेको छ।
इन्धनको उपयोगमा विद्युत तथा एलपी ग्यासको प्रयोग बढ्दै गएता पनि नगरपालिकाका ग्रामीण क्षेत्रका परिवारले अझैपनि इन्धनको प्रमुख स्रोतको रुपमा दाउराको प्रयोग गर्ने गरेको देखिन्छ ।दाउरा तथा गोइठा प्रयोग गर्ने घर परिवारले सुधारीएको चुलो प्रयोग गर्ने गरेका छन।नगरपालिकामा नीजि घर तथा संस्थागत फोहोर व्यवस्थापन र विसर्जनको लागि कम्पोष्ट विन, पिट, प्रशोधन केन्द्र, घरभित्र फोहोरमैला व्यवस्थापनको अति न्युन रहेको छ।संघीय संरचना अनुसार वातावरण, स्वच्छता र हरियाली प्रवद्र्धन सम्बन्धी नीति, ऐन, नियम र निर्देशिका उपलब्ध रहेको र आवश्यकता अनुसार बन्ने क्रममा समेत रहेका छन्।राजनैतिक नेतृत्व तथा जनप्रतिनिधि र समुदायमा समेत वातावरण संरक्षण र हरियाली व्यवस्थापनमा सचेतना वृद्धि हुँदै गएको छ।

### ७.२.३ समस्या तथा चुनौती

स्थानीय आयोजना संचालनको सन्दर्भमा वातावरण ऐन र नियमको व्यवस्था बमोजिम वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था पूर्ण पालना हुन सकेको छैन। सरोकारवाला निकायहरु बीच समन्वय कमी हुनु र यस सम्बन्धमा स्थानीय सरकारका निर्वाचित पदाधिकारी, कर्मचारी र स्थानीय समुदायको ज्ञान, सीप र अनुभवमा कमी यस क्षेत्रका प्रमुख चूनौतिको रुपमा रहेका छन् । यसै गरी फोहोरमैलाको उचित ब्यबस्थापनको लागि आबश्यक नीति तथा योजना कार्यान्वयन, संरचना निर्माण र ब्यापक जनचेतना अभिवृद्धि गर्नु प्रमुख चुनौतिका रुपमा रहेको छ ।

### ७.२.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

यस नगरपालिकाका  वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी अधिकार क्षेत्र बमोजिमको सोंच, लक्ष्य, उद्धेश्य, रणनीति तथा प्रमुख कार्यनीतिलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

**सोच**

- "वातावरण संरक्षण तथा वातावरणमैत्री निर्माणः सन्तुलित तथा स्वच्छ बारबर्दियाको शान"

### लक्ष्य

- स्वच्छ वातावरण तथा दिगो फोहोरमैला व्यवस्थापन प्रबर्द्धन गर्ने

### उद्देश्य

नगरपालिकाका  वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको उद्देश्य देहाय अनुसार रहेको छः

- पर्यावरणीय सन्तुलन, सुन्दरता र वातावरणीय स्वच्छतामा अभिवृद्धि गर्नु, र
- फोहोरमैलाको बैज्ञानिक ब्यबस्थापन गर्नु,

**रणनीति तथा कार्यनीति**

नगरपालिकाको दीर्घकालीन सोच हासिल गर्न केन्द्रित रही वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको समष्टिगत लक्ष्य, उद्देश्य हासिल गर्न देहायअनुसारका रणनीति तथा कार्यनीति अबलम्बन गरिनेछ।

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः** पर्यावरणीय सन्तुलन, सुन्दरता र वातावरणीय स्वच्छतामा अभिवृद्धि गर्नु,। | |
| १ वातावरण अनुकुलित विकास, स्वच्छ उर्जा तथा प्रविधि र हरियाली अभिबृद्धी गर्ने | १.१ वाताबरण मैत्री स्थानीय शासनको प्रारूप तयार गरी लागु गरिनेछ ।<br>१.२ वाताबरणमैत्री स्थानीय शासनको सूचक र निर्बाह गर्नुपर्ने भूमिका बारेमा बस्ती, टोल र वडास्तर सम्म जनचेतना मूलक कार्यक्रम अभियानको रुपमा संचालन गरिनेछ ।<br>१.३ वाताबरणमैत्री स्थानीय शासनको सूचकको कार्यान्वियन अवस्था र सुधार सम्बन्धमा निरन्तर अनुगमन तथा पृष्ठपोषणको लागि वातावरण तथा विपद ब्यबस्थापन शाखालाई जिम्मेवार तुल्याइनेछ ।<br>१.४ विकास निर्माण तथा उद्यम विकास र श्रोत परिचालन सम्बन्धी कार्य संचालन गर्दा कानून अनुसार प्रारम्भिक वातावरणीय अध्ययन गरिनेछ ।<br>१.५ नागरिकलाई नवीकरणीय तथा स्वच्छ उर्जा प्रयोगमा प्रोत्साहित  गरिनेछ<br>१.६ सडक किनार, खालि जग्गा तथा सार्बजनिक स्थलमा वृक्ष रोपन गरी हरियाली प्रबर्द्धन गर्ने कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ ।<br>१.७ घरको नक्सा पास गर्दा अनिवार्य २ विरुवा रोप्नु पर्ने कार्यलाई अनिवार्य गरिनेछ ।<br>१.८ नगरपालिका क्षेत्र भित्रका पार्क तथा चौतारीमा हरियाली परबर्द्धन कार्यक्रम संचालन गरिनेछ ।<br>१.९ पूर्वाधार विकासको सन्दर्भमा वातावरण संरक्षण र वृक्ष रोपन कार्यलाई अभिन्न अंगको रुपमा अगाडी बढाउन नीतिगत ब्यबस्था र मापदण्ड बनाई कार्यान्वयन गरिनेछ । |
| २ सचेतना र व्यक्तिगत व्यवहार परिवर्तनको माध्यमबाट वातावरणीय स्वच्छता अभिबृद्धि गर्ने | २.१ टोल सरसफाईका लागि अन्तर वडा प्रतिस्पर्धात्मक टोल सरसफाई कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.२ वातावरणमैत्री घर, टोल, वडा घोषणा कार्यक्रम सञ्चालन गरी वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापन अभियान सञ्चालन गरिनेछ ।<br>२.३ टोल सरसफाईका लागि जनचेतनामूलक कार्यक्रमहरू एवम् टोलस्तरीय नागरिक आचार– संहिता जारी गर्न प्रोत्साहित गरिनेछ ।<br>२.४ शहरी क्षेत्र तथा मानिसको बढी आवत जावत हुने सार्वजनिक स्थलका लागि फोहोरमैला संकलन, वर्गीकरण र प्रशोधनको व्यवस्थापन सम्बन्धमा सूचना सहितको कार्यक्रम संचालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.५ नगरपालिका क्षेत्रभित्र प्लाष्टिकजन्य वस्तुको उपयोगमा न्यूनीकरण गरि दुना टपरीजस्ता वातावरणमैत्री वस्तुहरूको प्रवद्र्धनमा जोड दिइनेछ।<br>२.६समुदायमा आधारित वातावरणमैत्री झोला, प्लेट जस्ता सामग्री उत्पादनलाई प्रोत्साहन गर्न उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य २**: फोहोरमैलाको बैज्ञानिक ब्यबस्थापन गर्नु। | |
| १ फोहोरमैला ब्यबस्थापन सम्बन्धी व्यवस्था नियम पालनामा जनचेतना अभिबृद्धि गर्ने | १.१ फोहरमैला व्यवस्थापन सम्बन्धी गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>१.२ फोहोरमैलाको दिगो ब्यबस्थापनको लागि आवश्यक नीतिगत तथा कानूनी ब्यबस्था गरी कडाईको साथ कार्यान्वयन गरिनेछ ।<br>१.३ बस्ती, टोल सरसफाइकोलागि उपभोक्ताहरूबाटै समिति गठन गरी सरसफाइ गरिनेछ ।<br>१.४ फोहरमैला सङ्कलन र व्यवस्थापनकोलागि सामूहिक कोषको व्यवस्था गरी फोहरमैला व्यवस्थापन कार्यलाई दिगो बनाइनेछ ।<br>१.५ फोहोरमैला ब्यबस्थापन समबन्धी नागरिकको दायित्व सम्बन्धमा बिद्यालयस्तर देखि टोल तथा वस्तीसम्म जनचेतना मूलक कार्यक्रम संचालन गरिनेछ ।<br>१.६ घरहरूबाट निस्कने फोहर पानीलाई प्रशोधन गरे पछि मात्र नदी खोला तथा खोल्सामा प्रवाह गर्न मापदण्ड बनाई लागु गरिनेछ। |
| २ फोहोरमैलाको दिगो ब्यबस्थापनको लागि संस्थागत संरचना र पूर्वाधारको विकास गर्ने। | २.१ सबै सामुदायिक भवन तथा सार्वजनिक स्थलहरूमा शौचालयको व्यवस्था गरिनेछ ।<br>२.२ फोहोर संकलन तथा व्यवस्थापनमा नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।<br>२.४ शहरन्मुख तथा बजार क्षेत्रमा सरसफाइ सेवाको स्तरवृद्धि गरिनेछ ।<br>२.५ निजी क्षेत्रसँगको सहकार्यमा बजार क्षेत्रको फोहरमैलाबाट बायोग्यास र प्राङ्गारिक मल उत्पादन गर्ने प्रक्रियालाई अगाडि बढाइनेछ।फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रको सहकार्य र लगानीको सम्भावना खोजी गरिनेछ ।<br>२.६ पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत अपाङ्गमैत्री महिलामैत्री शौचालयको निर्माण गरिनेछ ।<br>२.७ समुदायका फोहरमैलालाई जम्मा गर्ने, प्रशोधन गर्ने र डिस्पोज गर्ने पूर्वाधारहरू बनाइनेछ।<br>२.८ प्रत्येक घनाबस्ती, बजार र बजार-उन्मुख ठाउँहरूमा डम्पिङ साइटको व्यवस्था गरी फोहरमैला व्यवस्थापन गरिनेछ । |

### ७.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६२: नतिजा सूचक तथा लक्ष्य

| सूचक | इकाई | आधार वर्ष | आवधिक लक्ष | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८ | ०८३/ |

| | | | | | | ३ | ०८४ |
|---|---|---|---|---|---|---|---|
| मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | स्थान | ४ | ४ | ५ | ६ | ७ | ९ |
| कम्पोष्ट– विन प्रयोग गर्ने तथा फोहोर वर्गीकरणको अभ्यास गर्ने परिवार | प्रतिशत | ४५ | ५० | ५५ | ५८ | ६२ | ६५ |
| परम्परागत उर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | ५५ | ५२ | ४८ | ४५ | ४१ | ३९ |
| स्थानीय विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा र कार्यान्वयन | भए/ नभएको | नभएको | नभएको | भएको | भएको | भएको | भएको |

स्रोतः कार्यशाला गोष्ठी, सम्बन्धित शाखा

### ७.२.६ विषय उपक्षेत्रगत खर्चको आवधिक अनुमान

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको आवधिक योजना अबधिको खर्चको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ६३: वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको खर्च (रकम रु. हजारमा)

| बजेट तथा खर्च अनुमान रु.लाखमा | | | | | |
|---|---|---|---|---|---|
| आ.ब.०७९/०८० | आ.ब.०८०/०८१ | आ.ब.०८१/०८२ | आ.ब.०८२/०८३ | आ.ब.०८३/०८४ | जम्मा |
| ४३ | ७९ | ९१ | ७७ | ७९ | ३६८ |

स्रोतः प्रस्तावित कार्यक्रम तथा क्रियाकलापको प्राथमिकीकरण र अनुमानित लागत, मध्यमकालीन खर्च संरचना, सम्बन्धित शाखा र आर्थिक प्रशासन शाखा ।

### ७.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी पाँच वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित लागत, उद्देश्य र उपलब्धी सूचक देहायअनुसार तालिका ७.२.३ मा प्रस्तुत गरिएको छ ।

तालिका ६४: वातावरण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको कार्यक्रम संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | एकाई | आधार बर्ष (०७८/७९) को अवस्था | योजना अवधिको लक्ष्य | अनुमानित बार्षिक लक्ष्य (रु. लाखमा) आ.ब. | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | |
| १ | फोहोरमैला प्रशोधन केन्द्र निर्माण तथा ब्यबस्थापन कार्यक्रम | रु.लाख | | ६६ | 5 | १५ | २३ | १४ | १० | कार्यपालिका, सम्बन्धित शाखा, वडा कार्यालय, टोल विकास संस्था |
| २ | वरपिपल, समी, लागायत बढी अक्सिजन उत्सर्जन गर्ने बिरुवा रोपण, पार्क तथा उद्यानको निमाण कार्यक्रम | रु.लाख | | २३ | 4 | ४ | ४ | ५ | ५ | |
| ३ | विद्यालयस्तरमा वातावरण, जलवायु, फोहोरमैला व्यवस्थापनसम्बन्धी सचेतीकरण कार्यक्रम | रु.लाख | | १७ | 3 | ३ | ३ | ४ | ४ | |
| ४ | समुदायस्तरमा वातावरण प्रवद्र्धन कार्यक्रमलाई सहयोग | रु.लाख | | ११ | 2 | २ | २ | २ | ३ | |
| ५ | वन तथा वातावरण संरक्षण र प्रबर्धन सम्बन्धि सशर्त सहितका सालबसाली कार्यक्रम | रु.लाख | | ४६ | ८ | ८ | ९ | १० | ११ | कार्यपालिका, सम्बन्धित शाखा, वडा कार्यालय, टोल विकास संस्था |
| ६ | बारबर्दिया सडक सौन्दर्यकरण (वृक्ष रोपन तथा सडक वत्ति) | रु.लाख | | ११२ | ० | २५ | २६ | २९ | ३२ | |
| ७ | डस्विन, होडिङ्ग वोर्ड र | रु.लाख | | ७६ | १८ | १८ | २० | १० | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सरसफाईका सामग्री वितरण सबै टोल विकास संस्थाको लागि | | | | | | | | | |
| ८ | टोल विकास संस्थाको क्षमता अभिवृद्धि | रु.लाख | | १७ | ३ | ३ | ३ | ४ | ४ | |
| **जम्मा** | | | | ३६८ | ४३ | ७९ | ९१ | ७७ | ७९ | |

## ७.३ भूसंरक्षण तथा जलाधार व्यबस्थापन

### ७.३.१ पृष्ठभूमि

नगरपालिका क्षेत्र भित्र रहेका खोला तथा नदिबाट प्रसस्त मात्रामा सिंचाईको सम्भावना साथै नदी जन्य उत्पादन वालुवा, गिटी, ढुङ्गा र माछाको सम्भावना रहेको छ। नदी तथा खोलाको कटान क्षेत्र तथा जोखिमयुक्त स्थानमा तटवन्ध निमार्णको काम निरन्तर भइरहेको छ। सडक निर्माणमा नाला निर्माण गर्ने अभ्यासका साथै आवश्यक क्षेत्रमा जमिनको वर्तमान अवस्थामा ह्रास आउन नदिन रिटेनिङ वाल, ग्याबियन वाल, ब्रेष्ट वाल लगाउने अभ्यास हँदै गएकाले बाटो निर्माणपश्चात सुरु हुने भू– क्षय नियन्त्रणमा कमी आउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। भू– संरक्षण, तटबन्धन तथा जमिनको स्थिरीकरणमा बायोइञ्जिनिरिङ विधिलाई प्रयोगमा ल्याउने योजना रहेको छ।

### ७.३.२ संभावना र अवसर

नगरपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययन गरी भुउपयोग योजनाका आधारमा समग्र नगरपालिकाको  बस्ती विकास तथा नगरबासीहरूको आर्थिक स्तर वृद्धि गर्न र जलाधार क्षेत्रहरूको संरक्षाण गरी नमुना नगरपालिका बनाउने ठूलो संभावना रहेको छ। नगरक्षेत्रमा उपलव्ध जलाधार तथा सिमसार क्षेत्रको संरक्षण सहित स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जवाफदेही बनाउन सकिने सम्भावना रहेको छ ।

### ७.३.३ समस्या तथा चुनौती

परापूर्बकाल देखि प्रचलन र उपयोगमा रहेका ताल तलैया तथा पोखरीहरू संरक्षण र पुननिर्माणको अभाबमा विस्तारै नासिदै जान थालेको छन। जलाधार क्षेत्र संरक्षणका लागि अध्ययन अनुसन्धानमा आधारित रही कुनै काम हुन सकेको छैन। विभिन्न स्थानमा सडक निर्माणपश्चात् सडकको किनार तथा नजिक रहेका पोखरी सुक्ने समस्या रहदै आएको छ। सडक लगायत अन्य साना निर्माण कार्यमा वातावरणीय परीक्षण हुने गरेको छैन | कृषिमा रासायनिक मलको बढ्दो प्रयोगले माटोको गुणस्तर निरन्तर खस्कँदै जाँदा जमिनको उत्पादन र उत्पादकत्वमा निरन्तर ह्रास आइरहेको छ। नगरपालिकाको जोखिम सम्बेदनशील भू– उपयोग योजनाको प्रभावकारी कार्यान्वयन हुन नसक्दा भू– संरक्षण, भूमि व्यवस्थापन, विपद् जोखिम व्यवस्थापन, जलाधार व्यवस्थापन लगायतका विभिन्न महत्वपूर्ण क्षेत्रमा दिगोपनको सुनिश्चितता गर्न कठिनाइ परेको छ। जलबायू परिवर्तनको प्रभाब संगै अतिवृष्ट, अनावृस्टि, खडेरी जस्ता जलवायुजन्य अनिश्चितता निरन्तर बढ्दै गएको छ।

### ७.३.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

यस नगरपालिकाका भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको सोंच, लक्ष्य, उद्धेश्य,  रणनीति तथा प्रमुख कार्यनीति देहाय अनुसार प्रस्तुत गरिएको छ ।

**सोच**

"दिगो संरक्षित जमिन तथा जलाधार, सुरक्षित नगरपालिकाको आधार"

**लक्ष्य**

- भू-संरक्षण तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापन मार्फत उत्थानशिलता प्रवद्र्धन गर्नु ।

**उद्देश्य**

नगरपालिकाका भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन्:

- जल, जमीन र जलाधारको दिगो संरक्षण तथा उपयोगमा वृद्धि गर्नु,

**रणनीति तथा कार्यनीति**

नगरपालिकाको दीर्घकालीन सोचतर्फ हासिल गर्न केन्द्रित रही भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछः

| रणनीति | कार्यनीति |
|---|---|
| १ सार्वजनिक पूर्वाधार निर्माण, भूमि व्यवस्थापन, खेती प्रणाली र वन व्यवस्थापनसँग एकीकृत गरी भू– संरक्षण तथा जलाधार व्यवस्थापन कार्य संचालन गर्ने | १.१ भूमि तथा जलाधार क्षेत्र संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।<br>१.२ जलाधार र भू-संरक्षण व्यवस्थापन सम्बन्धी अन्यत्रका सफल अभ्यासहरूलाई स्थानीय स्तरमा अनुसरण गरिनेछ ।<br>१.४ स्थानीय समुदायसमेतको सहभागितामा भूमिगत पानीको पुनर्भरणका लागि भूमिगत पानी पुनर्भरण पोखरी निर्माण गरिनेछ।<br>१.५ नदीजन्य लगायत प्राकृतिक श्रोतमा आधारित कच्चा पदार्थको उत्खनन् प्रशोधन तथा निकासी मापदण्ड बनाई कार्यान्वयनमा सहजीकरण गरिनेछ ।<br>१.६ वन सम्पदाको उपयोगको अवस्था अध्ययन गरी वन विकास तथा सिमसार क्षेत्रको गुरूयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>१.७ भूमी संरक्षणका लागि वृक्षारोपण र मुहान संरक्षणको क्रियाकलाप मार्फत जलाधार व्यवस्थापन गरिनेछ ।<br>१.८ स्थानीय जलाधार क्षेत्रको व्यवस्थापनमा जल, जमिन र जंगलको एकीकृत व्यवस्थापन पद्धति अवलम्बन गर्न नेतृत्व र सहजीकरण गरिनेछ। |
| २ जलाधार व्यवस्थापन योजना अनुसार भू– क्षय हुने जमिनको स्थायीकरण, भूक्षय तथा गल्छी नियन्त्रण तथा विकासका पूर्वाधारहरुको संरक्षण गर्ने । | २.१ बाढी, नदी कटान तथा जल प्रवाह प्रणालीको आधारमा जलाधार क्षेत्रहरूको अध्ययन, पहिचान, वर्गीकरण र प्राथमिकीकरण गरी छनोट गरिएका जलाधार क्षेत्रमा एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.२ भू तथा जलाधार व्यवस्थापनमा जल, जमीन र जंगलको संरक्षण र उत्पादकत्व वृद्धिमा विशेष जोड दिइनेछ ।<br>२.३ जलाधार व्यवस्थापनमा महिला, दलितलगायत सबै वर्गको समानुपातिक सहभागिता कायम गरिनेछ ।<br>२.४ भू– संरक्षण तथा लघु जलाधार व्यवस्थापनलाई एकीकृत गरी सञ्चालन गरिनेछ<br>२.५ नदी कटान हुन विभिन्न वडाहरूमा बाँस, निगालो खेती तथा बायोइञ्जिनियरिङ विधि प्रवर्द्धन गरी नदी कटान न्यूनीकरणमा दिगोपन सुनिश्चित गर्ने प्रयास गरिनेछ।<br>२.६ वडा स्तरमा नर्सरी व्यवस्थापन गरी वृक्षारोपण कार्यक्रम विस्तार गरी खाली जमिन, भिरालोक्षेत्र तथा नदी किनारमा वृक्षारोपण गरिनेछ । |

## ७.३.६ विषय उपक्षेत्रगत खर्चको आवधिक अनुमान

भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको आवधिक योजना अवधिको खर्चको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ६५: भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको खर्च (रकम रु. हजारमा)

| बजेट तथा खर्च अनुमान रु.लाखमा | | | | | |
|---|---|---|---|---|---|
| आ.ब.०७९/०८० | आ.ब.०८०/०८१ | आ.ब.०८१/०८२ | आ.ब.०८२/०८३ | आ.ब.०८३/०८४ | जम्मा |
| ११० | १२५ | १४२ | १५५ | १६८ | ७०० |

स्रोतः प्रस्तावित कार्यक्रम तथा क्रियाकलापको प्राथमिकीकरण र अनुमानित लागत, मध्यमकालीन खर्च संरचना, सम्बन्धित शाखा र आर्थिक प्रशासन शाखा।

### ७.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी पाँच वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित लागत, उद्देश्य र उपलब्धी सूचक देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६६: भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | एकाई | आधार बर्ष (०७८/७९) को अवस्था | योजना अवधिको लक्ष्य | अनुमानित बार्षिक लक्ष्य (रु. लाखमा) आ.ब. | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | |
| १ | नदि तथा खोलाको कटान नियन्त्रणको लागि तटबन्धन निर्माण (तटबन्धन कार्यक्रमसँगको सहकार्यमा) | रु.लाख | ६० | ५८२ | ९० | ९५ | १२० | १३२ | १४५ | कार्यपालिका, सम्बन्धित शाखा र वडा कार्यालय |
| २ | प्राकृतिक पोखरी एबम् ताल तलैया संरक्षण कार्यक्रम (सबै वडामा) | रु.लाख | १५ | ८६ | १५ | १५ | १७ | १९ | २० | |
| ३ | भू– उपयोग क्षेत्र पहिचान, निर्धारण तथा योजना तर्जुमा, अध्यावधिक र कार्यान्वयन | रु.लाख | ५ | ३२ | ५ | १५ | ५ | ४ | ३ | |
| जम्मा | | | | ७०० | ११० | १२५ | १४२ | १५५ | १६८ | |

### ७.३.८ जोखिम पक्ष तथा अनुमान

जलवायु परिवर्तनको असर, विपद जोखिममा बृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् । उल्लिखित जोखिम पक्षको सम्बोधन भएमा अपेक्षित नतिजा हासिल हुन सक्ने देखिन्छ ।संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ ।

## ७.४ विपद ब्यबस्थापन तथा जलवायू परिबर्तन अनुकुलन

### ७.४.१ पृष्ठभूमि

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ ले लिएको मूल उद्धेश्यलाई टेवा पुग्ने गरी स्थानीय सरकारले समेत विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा विपद् उत्थानशील स्थानीय तह निर्माण गर्दै दीगो विकासमा योगदान पुऱ्याउने दीर्घकालिन सोच, ध्येय र लक्ष्य सहित प्राकृतिक र गैर प्राकृतिक विपदबाट हुने क्षति उल्लेख्य रुपमा कम गर्ने मुल उद्देश्य अनुरुप आयोजना तथा कार्यक्रम तय गर्ने र सोहि मुताबिक बजेट सुनिस्चितता गर्नुपर्ने आबश्यकता रहेको छ ।विपद व्यवस्थापन विषय उपक्षेत्रसँग सम्बन्धीत संभावना, अवसर, समस्या तथा चुनौती सहित विद्यमान अवस्था, विषय क्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति तथा कार्यनीति एवम् रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरु समेत संलग्न गरी तर्जुमा गरिएको छ ।

### ७.४.२ संभावना र अवसर

यस नगरपालिका क्षेत्रमा पार्ने प्रभावका आधारमा विभिन्न विपद जोखिममध्ये आगलागी, सडक दुर्घटना, जंगली जनावरको आक्रमण र बाढी प्रमुख रुपमा देखिएका छन।विपदको रोकथाम तथा पूर्व तयारी, प्रतिकार्य र पुनःस्थापना तथा पुनःर्लाभ सम्बन्धी नीतिगत र व्यवहारिक सम्बोधनको लागि नगरपालिकामा नगरस्तरीय विपद व्यवस्थापन समिति गठन भएको छ भने स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापना भई सञ्चालनमा रहेको छ।

विपदमा परेकालाई तत्काल राहत सहयोगका लागि विपद व्यवस्थापन कोष स्थापना गरी सोको परिचालनको लागि कार्यविधि समेत तयार गरिएको छ।साथै नगरपालिकास्तरीय विपद् व्यवस्थापन समिति गठन गरी नियमित बैठक गर्ने र समितिको काम, कर्तत्य र अधिकारका विषयमा अभिमुखीकरण समेत सञ्चालन गरिएको छ।नेपाल रेडक्रस सोसाइटीको सहयोगमा वडा स्तरीय जोखिम नक्शा तयार गरी सर्वसाधरणका लागि सार्वजनिक गरिएको छ।प्रत्येक वडाहरुमा रेडक्रसकर्मी तथा स्वयंसेवकहरु परिचालन गरिएको छ।कोभिड १९ महामारीको रोकथाम, नियन्त्रणको लागि क्वारेन्टाईन र आइसोलेशन वार्डको व्यवस्थापन गरिएको छ।जलवायुजन्य प्रकोप रोकथाम तथा नियन्त्रणका लागि मौसमी क्यालेण्डर तयार गरी सार्वजनिक गरिएको छ।स्थानीय समुदायमा विपद् व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र सचेतनामा वृद्धि हुँदै गएको छ यसबाट सिंचाई सुविधा उपलब्ध हुनुको साथै कृषि पर्यटनको समेत विकास हुने र सुख्खा खडेरी जस्ता विपदको असरलाई समेत कम गर्न सहयोग पुग्ने संभावना रहेको छ।

### ७.४.३ समस्या तथा चुनौती

सरोकारवाला निकायहरु बीच समन्वय कमी हुनु र यस सम्बन्धमा स्थानीय सरकारका निर्वाचित पदाधिकारी, कर्मचारी र स्थानीय समुदायको ज्ञान, सीप र अनुभवमा कमी यस क्षेत्रका प्रमुख चूनौतिको रुपमा रहेका छन्।विपद् प्रतिकार्यका लागि संस्थागत तथा सामुदायिक क्षमता कम हुनु विपद् व्यवस्थापनका लागि नगरपालिकाको चुनौतिका रुपमा रहेको छ।यसै गरी जंगली जनावरको आक्रमण मुख्य चुनौतिको रुपमा रहेको छ |

### ७.४.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

यस नगरपालिकाका विपद व्यवस्थापन तथा जलबायू परिवर्तन अनूकुलन सम्बन्धी उपक्षेत्रको सोंच, लक्ष्य, उद्धेश्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### सोच

- "विपद ब्यबस्थापनमा सवल तथा जलबायु उत्थानशील नगरको स्थापना"

### लक्ष्य

"विपद उत्थानशिलता र जलवायू परिवर्तनका अनुकुलन कार्यक्रमको प्रवद्र्धन गर्नु"।

### उद्देश्य

विपद व्यवस्थापन तथा जलवायू परिवर्तन अनुकूलन उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन्ः

- विपद् जोखिम तथा विपद्जन्य क्षति नोक्सानीको दर न्यूनीकरण गर्नु,
- जलबायू परिवर्तन अनुकूलनका कार्यक्रमको प्रबर्द्धन गर्नु ।

### ७.५.४ रणनीति तथा कार्यनीति

नगरपालिकाको दीर्घकालीन सोच हासिल गर्न केन्द्रित रही विपद व्यवस्थापन तथा जलवायू परिवर्तन अनुकूलन उपक्षेत्रको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहाय अनुसारका रणनीति तथा कार्यनीति अबलम्बन गरिनेछ ।

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः** विपद् जोखिम तथा विपद्जन्य क्षति नोक्सानीको दर न्यूनीकरण गर्नु, । | |
| १ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनकालागि आवश्यक नीतिगत तथा कानूनी ब्यबस्था सहित विकास व्यवस्थापन प्रक्रियामा मूलप्रवाहीकरण गर्ने | १.१ स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी ऐन, नियम तथा कार्यविधि तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>१.२ स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>१.३ विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि तर्जुमा गरी प्रभावकारी विपद ब्यबस्थापनको लागि कोष परिचालन गरिनेछ ।<br>१.४ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी क्रियाकलापलाई स्थानीय तहको नीति, योजना तथा कार्यक्रममा मूलप्रवाहीकरण र क्षमता अभिवृद्धि गरिनेछ ।<br>१.५ विपद् उत्थानशील समुदायहरूको प्रवर्धन गर्ने कार्यक्रम संचालन गरिनेछ।<br>१.६ विपद पूर्वानुमान तथा पूर्व चेतावनी प्रणालीको विकास तथा सञ्चालन गरिनेछ ।<br>१.७ विपद् सूचना केन्द्र, आपतकालीन कार्य सञ्चालन केन्द्र, खोज तथा उद्धार, जोखिम लगायतका कार्यहरू गर्न अधिकार सम्पन्न विपद् व्यवस्थापन समिति स्थापना गरी एक द्वार प्रणालीबाट उक्त कार्यहरू सञ्चालन गरिनेछ ।<br>१.८ विपद्को उच्च जोखिममा रहेका क्षेत्रका बस्तीहरूलाई स्थानान्तरण गरिनेछ ।<br>१.९ स्थानीय विपद् व्यवस्थापन संयन्त्रलाई स्थानीय सामाजिक संरचनाअनुरूप समावेशी बनाइ क्षमता विकास सहित क्रियाशील गराइनेछ ।<br>१.१० आधारभूत पूर्वाधारसहित सामुदायिक भवन निर्माण गरी आपतकालका लागि सामुदायिक आश्रयस्थल र कोभिड–१९ जस्ता महामारीको लागि सुरक्षित व्यवस्थानको लागि आवश्यक समाग्रीको व्यवस्था गरिने छ ।<br>१.११ क्षमता विकास योजनामा विपद् व्यवस्थापनसम्बन्धी विषय अनिवार्य रूपमा समावेश गरी सञ्चालन गरिनेछ ।<br>१.१२ भूकम्पको जोखिमलाई उच्च प्राथमिकतामा राखी नयाँ निर्माण हुने सम्पूर्ण भौतिक संरचनालाई भूकम्प प्रतिरोधी बनाइनेछ। |
| २ विपद् तथा जलवायुजन्य | २.१ विपद् सम्बन्धी जोखिम तथा प्रकोपबारे जानकारी एवम् तथाङ्क सङ्कलन, |

| रणनीति | कार्यनीति |
|---|---|
| जोखिम न्यूनीकरण, विपद व्यवस्थापनका लागि समुदाय तथा सरोकारवालासँग साझेदारी तथा सहकार्य अभिबृद्धी गर्ने | प्रशोधन, प्रक्षेपण अद्यावधिक गर्न विपद् व्यवस्थापन इकाइ स्थापना गरि क्षमता अभिवृद्धि गरिनेछ<br>२.२ नगरपालिका तथा वडास्तरमा गठन भएका स्थानीय विपद् व्यवस्थापन समितिलाई तालिम लगायत क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.३ सबै वडामा आपत्कालीन उद्दार सामग्रीहरू भण्डारण गरिनेछ ।<br>२.४ नगरपालिका तथा वडास्तरमा आपत्कालीन व्यवस्थापनसँग सम्बन्धित दक्ष जनशक्ति तयार गरिनुका साथै तालिम प्राप्त दक्ष जनशक्तिको अभिलेख तयार गरी आपत्कालीन परिचालनका लागि तयारी हालतमा राखिनेछ ।<br>२.५ विपद् व्यवस्थापन सम्बन्धी गोष्ठी, अन्तर्क्रिया र विचार आदान प्रदानका कार्यहरू सञ्चालन गरिनेछ ।<br>२.६ विपद् व्यवस्थापनलाई विद्यालय तथा शैक्षिक संस्थाहरूमा सरोकारवाला निकायसँगको सहकार्यमा चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।<br>२.७ बाढीपहिरो, चटयाङ, डुबान, खानी तथा उद्योग क्षेत्र आदिका आधारमा बढी विपद् संवेदनशील क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूबाट बस्ती अन्यत्र सारी व्यवस्थित एवम् सुविधा सम्पन्न बनाइनेछ ।<br>२.९ जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी सम्भाव्यता अध्ययनका आधारमा पुनः स्थापना तथा स्थानान्तरण गरिनेछ ।<br>२.१० विपद्को समयमा उद्धार कार्यमा खटिने उद्धारकर्ताहरूलाई प्रोत्साहनको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ३**ः जलबायू परिवर्तन अनुकूलनका कार्यक्रमको प्रबर्द्धन गर्नु । | |
| १ जलवायु परिवर्तन अनुकुलन लाई विपद जोखिम न्यूनीकरण र व्यवस्थापनसँग एकीकृत गरी स्थानीय विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने । | १.१ बारबर्दिया नगरपालिकालाई वातावरण मैत्री नगरको रूपमा विकास गरिनेछ ।<br>१.२ पूर्वाधारका योजनाहरूमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन गर्न उत्थानशील योजना कार्यान्वयन गरिनेछ ।<br>१.३ खडेरी एवम् अधिक पानी जम्ने क्षेत्रहरूका लागि उपयुक्त हुने कृषि बालीहरूको पहिचान एवम् प्रवद्र्धन गरिनेछ ।<br>१.४ बाँझो रहने गरेको कृषियोग्य जमिनमा बहुउपयोगी वृक्ष प्रजातिसहितको कृषिवन प्रणालीको विकास गरिनेछ ।<br>१.५ कृषि तथा पशुपालन क्षेत्रमा जलवायुजन्य प्रकोपहरूबाट हुने विपद जोखिमको बीमा सुनिश्चित गरिनेछ ।<br>१.६ विद्युत्, बायोग्याँस, सोलार, सुधारिएको चुल्हो जस्ता स्वच्छ ऊर्जाको प्रयोग; प्रदुषण कम गर्ने निर्माण प्रविधि र सामग्रीको प्रयोग; जलवायु परिवर्तन अनुकूलन प्रवद्र्धन गर्ने आयोजनाहरूलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा प्राथमिकता दिइनेछ ।<br>१.७ सौर्यऊर्जा प्रणालीमा आधारित सडक बत्ती प्रयोगलाई प्राथमिकता दिइनेछ ।<br>१.८ मानवीय क्रियाकलापका कारण जल, जमिन, जंगलको स्वच्छतामा आउन सक्ने ह्रासलाई आवश्यक नीति तथा आचार– संहितासहित नियमन गरिनेछ । |

## ७.४.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

विपद व्यवस्थापन तथा जलबायु परिवर्तन अनुकूलन उपक्षेत्रको सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६७: विपद व्यवस्थापन तथा जलबायु परिवर्तन अनुकूलन उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य

| सूचक | इकाई | आधार वर्ष | आवधिक लक्ष | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| विपद व्यवस्थापन | | | | | | | |
| विपदवाट भएको बार्षिक क्षति | रु.करोड | ३ | ३ | २.५ | २ | १.५ | १ |
| तालिम प्राप्त स्थानीय खोज उद्दार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | ३६ | ३६ | ४४ | ५५ | ६३ | ७२ |
| सुरक्षित खुल्ला स्थान तथा आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | २ | २ | ३ | ३ | ४ | ४ |
| विपद् व्यवस्थापन कोष रकम (बार्षिक) | रु.हजार | ५००० | ५००० | ६००० | ६५०० | ७००० | ७५०० |
| सुरक्षित, व्यवस्थित आवास क्षेत्र/वस्ती | प्रतिशत | ४५ | ५१ | ५५ | ६२ | ६९ | ७३ |
| स्थानीय विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा र कार्यान्वयन | भए/ नभएको | | भएको | भएको | भएको | भएको | भएको |

स्रोतः कार्यशाला गोष्ठी तथा सम्बन्धित शाखा

### ७.४.६ विषय उपक्षेत्रगत खर्चको आवधिक अनुमान

विपद व्यवस्थापन तथा जलबायु परिवर्तन अनुकूलन उपक्षेत्रको आवधिक योजना अबधिको खर्चको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ६८: विपद व्यवस्थापन उपक्षेत्रको खर्च (रकम रु. हजारमा)

| बजेट तथा खर्च अनुमान रु.लाखमा | | | | | |
|---|---|---|---|---|---|
| आ.ब.०७९/०८० | आ.ब.०८०/०८१ | आ.ब.०८१/०८२ | आ.ब.०८२/०८३ | आ.ब.०८३/०८४ | जम्मा |
| ७२ | १२२ | ११९ | १०८ | १११ | ५३२ |

स्रोतः प्रस्तावित कार्यक्रम तथा क्रियाकलापको प्राथमिकीकरण र अनुमानित लागत, मध्यमकालीन खर्च संरचना, सम्बन्धित शाखा र आर्थिक प्रशासन शाखा |

## ७.४.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

विपद व्यवस्थापन तथा जलबायु परिवर्तन अनुकूलन उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी पाँच वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित लागत, उद्देश्य र उपलब्धी सूचक देहायअनुसार तालिका ७.४.३ मा प्रस्तुत गरिएको छ ।

तालिका ६९: विपद व्यवस्थापन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | एकाई | आधार बर्ष (०७८/७९) को अवस्था | योजना अवधिको लक्ष्य | अनुमानित बार्षिक लक्ष्य (रु. लाखमा) आ.ब. | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | |
| १ | नगर विपद व्यवस्थापन तथा जलवायु उत्थानशिल योजना तर्जुमा तथा अद्यावधिक | रु.लाख | ० | ११ | ३ | ४ | २ | १ | १ | कार्यपालिका, सम्बन्धित शाखा, वडा कार्यालय र सरोकारवाला निकाय |
| २ | वडा तथा टोलस्तरमा विपद् व्यवस्थापन समिति गठन र क्षमता विकास तालिम तथा सचेतना कार्यक्रम सञ्चालन | रु.लाख | ६ | ४० | ६ | ७ | ७ | ९ | ११ | |
| ३ | प्रत्येक वडामा विपद ब्यबस्थापन सम्बन्धि सामाग्री ब्यबस्थापन लगायत कार्यक्रम | रु.लाख | ११ | ६२ | ११ | १८ | ११ | ११ | ११ | |
| ४ | नगरपालिकामा आपत्कालीन सामग्री भण्डारण तथा गोदाम घर निर्माण | रु.लाख | १० | ६० | १० | २० | १५ | १० | ५ | |
| ५ | विपद प्रभावित नागरिकको लागि विपद ब्यबस्थान भवन (होल्डिंग केन्द्र) | रु.लाख | ० | ७९ | ० | २२ | २७ | १५ | १५ | |
| ६ | दमकल (साझेदारीमा) तथा | रु.लाख | ५ | ५५ | ५ | १० | १२ | १३ | १५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | एम्बुलेन्सको व्यवस्थापन | | | | | | | | | |
| ७ | नगर विपद ब्यवस्थापन समिति र वडा विपद ब्यबस्थापन समितिको क्षमता विकास र परिचालन | रु.लाख | ५ | २९ | ५ | ५ | ६ | ६ | ७ | कार्यपालिका, सम्बन्धित शाखा, वडा कार्यालय र सरोकारवाला निकाय |
| ८ | विपद ब्यबस्थापन परिचालनको लागि विपद व्यस्थास्थापन कोष वृद्धि तथा सञ्चालन (राहत र पुनर्स्थापना समेत) | रु.लाख | १५ | ११० | १७ | २० | २२ | २४ | २७ | |
| ९ | बिभिन्न जलबायु अनुकुलन कार्यक्रम | रु.लाख | १० | ८६ | १५ | १६ | १७ | १९ | २० | |
| **जम्मा** | | | | ५३२ | ७२ | १२२ | ११९ | १०८ | १११ | |

### ७.४.८ जोखिम पक्ष तथा अनुमान

जलवायु परिवर्तनको असर, विपद जोखिममा बृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन्। उल्लिखित जोखिम पक्षको सम्बोधन भएमा अपेक्षित नतिजा हासिल हुन सक्ने देखिन्छ। संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ।

# परिच्छेद ८: सुशासन तथा संस्थागत क्षमता विकास र सेवा प्रबाह

## ८.१ नीति, ऐन तथा सुशासन

### ८.१.१ पृष्ठभूमि

संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन सञ्चालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम् दायित्व स्थानीय सरकारहरुको रहेको हुन्छ । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात स्थानीय सरकारको फराकिलो संवैधानिक अधिकार क्षेत्र र साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा र समस्याहरु पनि निरन्तर बढी रहेका छन्।यसलाई मध्यनजर गर्दै नगरपालिकाको सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय सुशासन कायम गर्न स्थानीय नीति, कानून तथा कार्यविधि र सेवा प्रवाह मापदण्ड तर्जुमा र कार्यान्वयन मार्फत जनआकांक्षा सम्बोधन गर्नुपर्ने छ ।

### ८.१.२ विद्यमान स्थिति तथा संभावना

संविधानको अनुसूची ८ मा रहेको स्थानीय तहको एकल अधिकार सूची र धारा ९ मा रहेका सांझा अधिकार सूची तथा सो को आधारमा नेपाल सरकार मन्त्रिपरिषदवाट स्वीकृत कार्य बिस्तृतिकरण समेतको आधारमा स्थानीय तहको अधिकार तथा कार्य कार्यान्वयनका लागि नगरपालिकाले आबश्यकता र पहिचानको आधारमा बिभिन्न ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा रहेका छन।संविधान तथा प्रचलित कानून अनुसार नगर सभाबाट न्यायिक समिति, विधायन समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरु गठन भई तत्सम्बन्धी विषयमा क्रियाशिलता उन्मुख रहेका छन् । साथै समुदाय र नागरिक समाज समेतको सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेवसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास भैरहेको छ।

### ८.१.३ समस्या तथा चुनौति

संबिधान तथा स्थानीय सरकार संचालनले स्थानीय तहको अधिकार क्षेत्र भित्रका विषयमा नीति, कानून, योजना तथा बजेट तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने साथै जनमैत्री सेवा प्रवाहको लागि सुशासन प्रबर्धन गर्ने समस्या तथा चूनौतिहरु विद्यमान रहेका छन् । तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिको बारेमा सबै निर्वाचित जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सूसूचित गराउने, प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र सो को पालना हुन सकिरहेको छैन ।

### ८.१.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस नगरपालिकाको नीति, कानून तथा सुशासन उपक्षेत्रको सोंच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यनीति तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ।

**सोच**

- शुसासन प्रबर्द्धनको आधार कानुनी शासनको स्थापना

**लक्ष्य**

- नीति तथा कानुनको तर्जुमा र सवल कार्यान्वयन मार्फत सुशासन प्रबर्धन, लाभको न्यायिक वितरण र जवाफदेहितामा गुणात्मक वृद्धि गर्नु ।

**उद्देश्य**

नगरपालिकाको नीति, कानून तथा सुशासन उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन्:

- स्थानीय सुशासन प्रबर्द्धनका लागि आवश्यक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन गर्नु।

**रणनीति तथा कार्यनीति**

नीति, कानून तथा सुशासन उपक्षेत्रको देहायअनुसारका रणनीति तथा कार्यनीति अबलम्बन गरिनेछ ।

| रणनीति | कार्यनीति |
|---|---|
| १ स्थानीय शासन संचालनको लागि आवश्यक नीति, कानून तथा प्रणालीको विकास र कार्यान्वयन गरी निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी र जनमुखी बनाउने | १.१ संबिधान र स्थानीय सरकार संचालन ऐन तथा नेपाल सरकार कार्यविस्तृतिकरण प्रतिबेदन अनुरुप स्थानीय तहको अधिकार क्षेत्रका विषयमा नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण, अद्यावधिक र प्रवोधीकरण गरी सुशासन अभिवृद्धि गरिनेछ ।<br>१.२ नगरपालिकाको सेवा प्रबाह र विकास ब्यबस्थापनमा जवाफदेहिता वृद्धि गर्न एकीकृत संयन्त्रको विकास गरी नियमित अभ्यास गरिनेछ ।<br>१.३ नगरपालिकाका कर्मचारी तथा पदाधिकारीको आचारसंहितालाई थप परिष्कृत बनाई सोको पालनाको अनुगमन प्रणाली सुदृढ गराइनेछ ।<br>१.४ आयोजनाको अनुगमन तथा सुपरीवेक्षणसम्बन्धी स्तरीय कार्यविधि तयार गरी टोल विकास संस्था, आमा समूह, युवा क्लब, बालक्लब तथा नागरिक संस्थामार्फत सेवाग्राहीलाई जानकारी गराउने तथा सचेतना अभिवृद्धि गरी कार्य सम्पादन प्रक्रियामा र उपलब्धिमा जवाफदेहिता वृद्धि गरिनेछ ।<br>१.५ सुशासन तथा सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन स्वीकृत नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डको पालना गरिनेछ र सेवा प्रवाहमा कर्मचारीको मनोबल बढाउन प्रोत्साहनको कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.६ सदाचार नीतिको प्रवद्र्धन गरिनेछ र भ्रष्टचार विरुद्ध शून्य सहनशीलताको नीति अबलम्बन गरिनेछ ।<br>१.७ गुनासो सुनुवाइ संयन्त्र र सूचना अधिकारीको भूमिकालाई प्रभावकारी तुल्याइनेछ ।नागरिक सेवा वडापत्रलाई थप परिष्कृत गरी कार्यान्वयन गरिनेछ।<br>१.८ आन्तरिक नियन्त्रण प्रणालीका साथै वित्तीय जोखिम नियन्त्रण प्रणालीको अवलम्बन गरिनेछ ।<br>१.९ बेरूजुलाई सार्वजनिक गरिनुका साथै बेरूजुको प्रकृतिका आधारमा कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ ।<br>१.१० कार्यक्रमगत क्षेत्र र बजेट, कार्ययोजना, अद्यावधिक प्रगति र जनसरोकारका निर्णयहरू वेबसाइटमार्फत् नियमित रूपमा सार्वजनिक गरिनेछ । |
| २ सहभागितामूलक नीति, कानून तथा निर्णय तर्जुमा र कार्यान्वयन प्रणाली अवलम्बन गर्ने | २.१ नीति, कानुन तथा मापदण्ड तर्जुमाका सन्दर्भमा सरोकारवालासँग सुझाब तथा पृष्ठपोषण प्राप्त गरिनेछ।<br>२.२ नीति तथा कानुन, निर्णय, सेवा प्रवाह र कार्यसम्पादन बारे सेवाग्राही मत सर्वेक्षण तथा सरोकारवालासँग अन्तरक्रिया गरी नागरिक र सरोकारवालाको पृष्ठपोषण र सुझाव प्राप्त गरिनेछ । प्राप्त सुझाब कार्यान्वयन गरिनेछ।<br>२.३ नीति, ऐन, नियम, कार्यविधि र मापदण्ड तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गरिनेछ ।<br>२.४ गैसस, टोल विकास संस्था, युवा क्लब, आमा समुह, वाल क्लब तथा अन्य समुदायमा आधारित संस्थामार्फत नागरिक शिक्षा सञ्चालन गरी स्थानीय नीति, कानून, नियम, मापदण्ड, कार्यविधि मार्फत सेवा प्रवाहलाई प्रवोधीकरण गरिनेछ । |

## ८.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

नीति, कानून तथा सुशासन उपक्षेत्रको सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ७०: नीति, कानून तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा आवधिक लक्ष्य

| सूचक | इकाई | आधार बर्ष उपलब्धी | आवधिक लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१ /८२ | ०८२ /८३ | ०८३/८४ |
| नीति, ऐन तथा सुशासन | | | | | | | |
| नीति, कानून तथा निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ७९ | ८३ | ८७ | ९० | ९२ | ९४ |
| सीपमूलक र क्षमता विकास कार्यक्रमबाट लाभन्वित सिमान्तिकृत बर्ग/ समुदाय | प्रतिशत | २३ | २५ | २७ | ३१ | ३५ | ३८ |
| जवाफदेहिता क्षमता विकास कार्यमा सहभागी जनप्रतिनिधि र नागरिक समाज | वटा | ० | २ | २ | ३ | ५ | ७ |
| बिधायन समितिको बैठक | संख्या | १ | २ | ३ | ४ | ५ | ६ |
| बिषयगत समितिको बैठक | संख्या | ३ | ३ | ४ | ४ | ५ | ६ |
| स्थानीय कानून, नीति र योजना तर्जुमा प्रक्रियामा नागरिक पृष्ठपोषण र सुझाव लिने माध्यम | प्रकार | ३ | ४ | ५ | ६ | ७ | ७ |
| नीति, योजना र सेवा प्रवाह सम्बन्धी गुनासो र सोको सुनुवाई | प्रतिशत | ७५ | ७८ | ८१ | ८३ | ८७ | ९१ |

स्रोतः सम्बन्धित शाखा

## ८.१.६ विषय उपक्षेत्रगत खर्चको अनुमान

नीति, कानून तथा सुशासन उपक्षेत्रको आवधिक योजना अबधिको खर्च र स्रोतको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका ७१: नीति, कानून तथा सुशासन उपक्षेत्रको खर्च अनुमान

| बजेट तथा खर्च अनुमान रु.लाखमा | | | | | |
|---|---|---|---|---|---|
| आ.ब.०७९/०८० | आ.ब.०८०/०८१ | आ.ब.०८१/०८२ | आ.ब.०८२/०८३ | आ.ब.०८३/०८४ | जम्मा |
| ११५ | १३० | १३७ | १४८ | १६४ | ६९७ |

स्रोतः प्रस्तावित कार्यक्रम तथा क्रियाकलापको प्राथमिकीकरण र अनुमानित लागत, मध्यमकालीन खर्च संरचना, सम्बन्धित शाखा र आर्थिक प्रशासन शाखा ।

## ८.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

नीति, कानून तथा सुशासन उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी पाँच वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम तथा उपलब्धी सूचक देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७२: नीति, कानून तथा सुशासन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | एकाई | आधार बर्ष (०७८/७९) को अवस्था | योजना अवधिको लक्ष्य | अनुमानित बार्षिक लक्ष्य (रु. लाखमा) आ.ब. | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | |
| १.१ | नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका मापदण्ड निर्माण, परिमार्जन तथा प्रकाशन र कार्यान्वयन | | ३४ | | ८ | ८ | ९ | ५ | ४ | कार्यपालिका, सम्बन्धित शाखा, वडा कार्यालय र सरोकारवाला निकाय |
| १.२ | सुशासन तथा जबाफदेहिता प्रवद्र्धन कार्यक्रम | | ६९ | | १० | १२ | १५ | १५ | १७ | |
| १.३ | सूचना प्रविधिमैत्री शासन प्रवर्धन | | ४७ | | ८ | ९ | ९ | १० | ११ | |
| १.४ | मध्यस्थता, कानूनी साक्षरता तथा मेलमिलाप, न्यायिक समितिको बैठक ब्यबस्थापन तथा क्षमता अभिवृद्धि कार्यक्रम | | ७९ | | १२ | १४ | १५ | १८ | २० | |
| १.५ | न्यायिक समितिको निर्णयको अभिलेख ब्यबस्थापन | | ३० | | ५ | १० | ५ | ५ | ५ | |
| ६ | नगर कार्यपालिका बैठक, सभा र बिभिन्न समितिको | | २०० | | ३२ | ३५ | ४० | ४५ | ४८ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बैठक व्यबस्थापन | | | | | | | | | कार्यपालिका, सम्बन्धित शाखा, वडा कार्यालय र सरोकारवाला निकाय |
| ७ | वडा कार्यालय व्यबस्थापन | | १०४ | | १८ | २० | २० | २२ | २४ | |
| ८ | हेलो बारबर्दिया कार्यक्रम संचालन | | १२ | | २ | २ | २ | ३ | ३ | |
| ९ | गुनासो पोर्टल व्यबस्थापन कार्यक्रम | | १४ | | २ | २ | ३ | ३ | ४ | कार्यपालिका, सम्बन्धित शाखा, वडा कार्यालय र सरोकारवाला निकाय |
| १० | सार्बजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्बजनिक सर्वेक्षण तथा नागरिक सन्तुष्टि सर्वेक्षण कार्यक्रम | | ६० | | ११ | ११ | ११ | १२ | १५ | |
| ११ | सबै वडामा मेलमिलाप केन्द्र गठन तथा संचालन | | ४० | | ७ | ७ | ८ | ८ | १० | |
| १२ | न्यायिक समितिमा दर्ता भएका व्यक्तिलाई मनोपरामर्श | | ८ | | ० | १ | २ | २ | ३ | |
| | **जम्मा** | | | ६९७ | ११५ | १३० | १३७ | १४८ | १६४ | |

## ८.१.८ जोखिम पक्ष तथा अनुमान

संबिधान र तीनै तहको सरकारको प्रचलित नीति तथा कानुन बमोजिम अन्तरतह समन्वय र सहकार्य प्रभावकारी हुनुका साथै सुशासन प्रबर्धनमा साझेदारी हुन सकेको खण्डमा अपेक्षित नतिजा हासिल हुन सक्दछ | यसै गरी स्थानीय तह र बिकास साझेदार, गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालनमा स्थानीय आवश्यकता अनुसार सहकार्य हुन सकेमा अपेक्षित नतिजा प्राप्त हुनेछ। उपरोक्त व्यवस्थाको अभावमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ।

## ८.२ संगठन तथा क्षमता विकास

### ८.२.१ पृष्ठभूमि

संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन सञ्चालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम् दायित्व स्थानीय सरकारको रहेको हुन्छ। संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात स्थानीय सरकारको फराकिलो संवैधानिक अधिकार क्षेत्र र साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा र समस्याहरु पनि निरन्तर बढी रहेका छन।

बदलिदो परिवेशसँगै विकास व्यवस्थापन र सेवा प्रवाह प्रक्रियामा सिर्जनशिलता र वैकल्पिक उपायहरु अबलम्बन गर्न जरुरी छ। अबका दिनमा नगरपालिकाले सगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, समुदाय, नीजि तथा गैर सरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ। यसलाई मध्यनजर गर्दै नगरपालिकाको सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गर्न संगठन तथा क्षमता विकासमा विशेष जोड दिनुपर्ने आवश्यकता रहेको छ | संगठन तथा क्षमता विकास उप्क्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार गरिएको छ।

### ८.२.२ विद्यमान स्थिति तथा संभावना

संविधान तथा प्रचलित कानून अनुसार नगर सभाबाट न्यायिक समिति, विधायन समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरु गठन भई तत्सम्बन्धी विषयमा क्रियाशिलता उन्मुख रहेका छन। साथै समुदाय र नागरिक समाज समेतको सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेवसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास भैरहेको छ। नगरपालिकाको प्रशासनिक भवन निर्माण सम्पन्न भई सहज सेवा प्रबाह भैरहेको अवस्था छ भने वडावाट हुने सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने प्रयास भैरहेको छ ।एकीकृत सेवा सहितको नगरका र्यपालिका, वडाको केन्द्रमा आधारभूत सुविधा सहित वडा कार्यालय, स्वास्थ्य संस्थाहरुबाट सेवा प्रवाह भैरहेको र उपरोक्त कार्यालयहरुको स्तरोन्नतिको लागि प्रयास भैरहेको छ। कार्यालयमा इन्टरनेट, विषयगत सेवा प्रवाहको लागि न्यूनतम कार्यकक्ष र भौतिक सामग्रीको व्यवस्थापन गरिएको छ। संघीय संरचना अनुसार कर्मचारीको समायोजन प्रक्रियासँगै हाल नगरपालिकामा विषय क्षेत्रसँग सम्बन्धित कर्मचारी कार्यरत रहेका छन तर प्राबिधिक कर्मचारी दरबन्दी अनुरुप पदपूर्ति हुन सकेको छैन।

### ८.२.३ समस्या तथा चुनौति

नगर कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र इकाईहरुमा आवश्यकता र दरबन्दी अनुसार प्राबिधिक, तथा विषयगत कर्मचारीहरुका पदपूर्ती नहुँदा सेवा प्रवाह र कार्यसम्पादन कठिनाई भैरहेको छ। कार्यपालिका कार्यालयमा विषयगत शाखाहरु सञ्चालनमा आएको भएता पनि एकीकृत सेवा प्रवाहमा कठिनाई रहेको छ। नगरका र्यपालिका र अन्तर्गतका कार्यालयवाट हुने कतिपय सेवा प्रवाहलाई प्रविधिमा आधारित बनाइएको भएता पनि सबै सेवालाई सूचना प्रविधिमा आधारित बनाउनु चुनौती रहेको छ | यसै गरि संस्थागत क्षमता विकासको लागि पर्याप्त लगानु बढाउन नसक्नु अर्को समस्याको रुपमा रहेको छ |

### ८.२.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस नगरपालिकाको संगठन तथा क्षमता विकास उपक्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

**सोच**

- सवल, जनमैत्री, र सुशासनयुक्त नगर सरकारको स्थापना

**लक्ष्य**

- संस्थागत क्षमता विकास, तथा उच्च मनोबलयुक्त र नतिजामुखी मानव संसाधन ब्यबस्थापन मार्फत सार्बजनिक सेवा प्रबाह एबम् सुशासन प्रबर्धनमा गुणात्मक वृद्धि गर्नु

**उद्देश्य**

नगरपालिकाको संगठन तथा क्षमता विकास उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेको छः

- स्थानीय सेवाको व्यवस्थापन, संस्थागत क्षमता, गुणस्तरीय मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु

**रणनीति तथा कार्यनीति**

संगठन तथा क्षमता विकास उपक्षेत्रको देहायअनुसार रणनीति तथा कार्यनीति अबलम्बन गरिनेछ।

| रणनीति | कार्यनीति |
|---|---|
| १ सार्बजनिक सेवा प्रवाहलाई पारदर्शी, गुणस्तरीय र जनमैत्री बनाउने | १.१ नगरपालिका कार्यालय तथा वडा कार्यालयवाट एकीकृत सेवा प्रवाह गर्न सुबिधा सम्पन्न भवन निर्माण गरी भौतिक सुबिधा अभिवृद्धि गरिनेछ ।<br>१.२ एकीकृत सेवा सञ्चालनको लागि सूचना प्रविधि समेत भौतिक सुबिधा र विषयगत क्षेत्रका कर्मचारीहरूको समेत व्यवस्थापन गरी वडा कार्यायलाई सेवा केन्दको रूपमा विकास तथा सुदृढ गरिनेछ ।<br>१.३ राजश्व संकलन, घटना दर्ता, बिभिन्न सिफारिस, उपभोक्ता समिति गठन तथा आयोजना ब्यबस्थापनलाई सूचना प्रबिधि मैत्री बनाई अनलाइन सेवा उपलब्ध गराउने ब्यबस्था मिलाइनेछ ।<br>१.४ सेवा प्रवाहको सहजता र सुबिधाको तागि सरोकारवालाको समन्वयमा घुम्ति सेवा शिविरको सञ्चालन गरिनेछ ।<br>१.५ विकास कार्यमा समुदायको सहभागिता वृद्धि गर्न, संचालित आयोजना सञ्चालन प्रक्रिया तथा गुणस्तरमा समुदायको निगरानी बढाउन प्रत्येक टोलमा टोल सुधार समिति तथा वडघर संजाललाई ब्यबस्थित गरी परिचालन गरिनेछ।<br>१.६ सेवाको स्थानीयकरण गरी आम नागरिकलाई सहजता प्रदान गर्न, कृषि, पशुपंक्षी तथा खानेपानी र सरसफाई क्षेत्रमा सेवा केन्द्र तथा एकाई स्थापना गरीनेछ ।<br>१.८ नगरपालिकाबाट प्रवाह गरिने सेवा जनउत्तरदायी र नगारिकमैत्री बनाउन कार्यपालिका र वडा कार्यालयहरूमा क्षतिपूर्ति सहितको नागरिक वडापत्र, हेल्पडेक्स, सेवाग्राही प्रतिक्षालय, सोधपुछ कक्ष, स्तनपान कक्ष र पृष्ठपोषण संयन्त्रको ब्यबस्था गरिनेछ।<br>१.९ नगरपालिका स्तरीय विकास समस्या समाधान समिति गठन तथा कार्यविधि निर्माण गरी समस्या समाधान तथा सहजीकरण संयन्त्रको रूपमा विकास गरिनेछ। |
| २ नगर कार्यपालिकाको तथा वडा कार्यालय र अन्तर्गत कार्यालयमा कार्यरत कर्मचारी तथा संगठनको क्षमता विकास गर्ने | २.१ एकीकृत क्षमता विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>२.२ नगरपालिका र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरूमा क्षमता विकास, प्रोत्साहन र वृत्ती विकासको माध्यमद्धारा विषयगत दक्षता, कार्यकुशलता, जवाफदेहिता र उच्च मनोवलको विकास गरिनेछ ।<br>२.३ सेवा प्रवाह र व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधि र विद्युतीय सञ्चार माध्यमको प्रयोग क्रमशः वृद्धि गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.४ जनप्रतिनिधि र कर्मचारीको आवश्यकता र माग अनुसार अभिमुखीकरण र क्षमता विकास तालिम संचालन गरिनेछ ।<br>२.५ वार्षिक बजेटको निश्चित प्रतिशत तालिम तथा क्षमता विकास र आवश्यक अनुसन्धानकालागि विनियोजन गरिनेछ ।<br>२.६ सार्वजनिक सेवा प्रवाह तथा विकास व्यवस्थापनलाई सहज र नागरिकमैत्री बनाउन आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गरिनेछ । |
| **३ सक्षम र उच्च मनोबलयुक्त** जनशक्ति विकास गर्ने । | ३.१ एकीकृत जनशक्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>३.२ कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनलाई वैज्ञानिक तथा नतिजामा आधारित, सेवामूखी र जवाफदेही बनाइ दण्ड र पुरस्कारसँग जोड्न नीतिगत व्यबस्था गरिनेछ।<br>३.३ कार्यविभाजन र कार्यसम्पादन नियमावली तथा संगठन एबम् व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार संगठन संरचना, दरबन्दी र कार्यविवरणको व्यवस्था कार्यान्वयन गर्न प्रचलित कानुन बमोजिम कर्मचारी पदपुर्तिका लागि नियमित रूपमा माग पेश गर्ने र अत्यावश्यक सेवाका लागि करारमा नियुक्ति गरी सेवा सञ्चालन गरिनेछ।<br>३.४ कर्मचारीको वृत्ति विकास, सरुवा, तथा पदस्थापन र क्षमता विकासकोको अवसरलाई कार्यसम्पादन मूल्याङ्कनमा आधारित बनाइनेछ । |

## ८.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

संगठन तथा क्षमता विकास उपक्षेत्रको विषय क्षेत्रगत सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७३: संगठन तथा क्षमता विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य

| सूचक | इकाई | आधार बर्ष उपलब्धी | आवधिक लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२ /८३ | ०८३ /८४ |
| नगरपालिका तथा वडा कार्यालयको आफ्नै आधुनिक भवन | संख्या | ४ | ४ | ६ | ८ | ९ | ११ |
| बार्षिक क्षमता विकास तालिम (कर्मचारी) | संख्या | १ | २ | ३ | ४ | ५ | ६ |
| टोल विकास संस्था, आमा समुह लगायतका संघ संस्थाको क्षमता विकास | संख्या | ५ | ७ | ९ | ११ | १४ | १६ |
| बार्षिक क्षमता विकास तालिम (जनप्रतिनिधि) बिषयगत समिति, राजश्व परामर्श समिति, न्यायिक समिति समेत | संख्या | २ | ४ | ४ | ६ | ६ | ७ |
| श्रेणी बिहिन कर्मचारी तालिम | संख्या | ० | ० | १ | १ | २ | २ |

स्रोतः सम्बन्धित शाखा

### ८.२.६ विषय उपक्षेत्रगत खर्चको अनुमान

संगठन तथा क्षमता विकास उपक्षेत्रको आवधिक योजना अबधिको खर्चको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका ७४: संगठन तथा क्षमता विकास उपक्षेत्रको खर्चको अनुमान

| बजेट तथा खर्च अनुमान रु.लाखमा | | | | | |
|---|---|---|---|---|---|
| आ.ब.०७९/०८० | आ.ब.०८०/०८१ | आ.ब.०८१/०८२ | आ.ब.०८२/०८३ | आ.ब.०८३/०८४ | जम्मा |
| १४०९ | १४८२ | १६२९ | १७११ | १८८४ | ८११५ |

स्रोतः प्रस्तावित कार्यक्रम तथा क्रियाकलापको प्राथमिकीकरण र अनुमानित लागत, मध्यमकालीन खर्च संरचना, सम्बन्धित शाखा र आर्थिक प्रशासन शाखा ।

### ८.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

संगठन तथा क्षमता विकास उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी पाँच वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कून अनुमानित रकम देहायअनुसार तालिका ८.२.३ मा प्रस्तुत गरिएको छ ।

तालिका ७५: संगठन तथा क्षमता विकास उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | एकाई | आधार बर्ष (०७८/७९) को अवस्था | योजना अवधिको लक्ष्य | अनुमानित बार्षिक लक्ष्य (रु. लाखमा) आ.ब. | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | |
| १.१ | कार्यपालिका कार्यालय व्यवस्थापन एबम् भौतिक संरचना निर्माण तथा सुधार र पुजीगत सामाग्री खरिद कार्यक्रम | रु.लाख | १५० | ८२९ | १५० | १५० | १६५ | १७३ | १९१ | कार्यपालिका, सम्बन्धित शाखा, वडा कार्यालय र सरोकारवाला निकाय |
| १.२ | स्थानीय सरकारको कार्य सम्पादन तथा संस्थागत स्वमूल्याङ्कन कार्यक्रम | रु.लाख | ४ | २६ | ४ | ४ | ५ | ६ | ७ | |
| १.३ | जनप्रतिनिधि, कर्मचारी, नागरिक संस्था क्षमता अभिबृद्धि, अध्ययन अबलोकन कार्यक्रम | रु.लाख | २५ | १५४ | २५ | ३० | ३२ | ३२ | ३५ | |
| १.४ | स्थानीय पन्जाधिकारीको क्षमता विकास तथा प्रोत्साहन कार्यक्रम | रु.लाख | ० | १६ | ० | ३ | ३ | ४ | ६ | |
| १.५ | कार्यालय सहायक एबम कम्प्यूटर अपरेटर क्षमता विकास कार्यक्रम | रु.लाख | ० | १५ | ० | ३ | ३ | ४ | ५ | |
| १.६ | सालबसाली प्रशासनिक खर्च (कर्मचारी तथा पदाधिकारी तलब भत्ता लगायत सुबिधा समेत) | रु.लाख | १२३० | ७०७५ | १२३० | १२९२ | १४२१ | १४९२ | १६४१ | कार्यपालिका, सम्बन्धित शाखा, वडा कार्यालय र सरोकारवाला निकाय |
| **जम्मा** | | | | ८११५ | १४०९ | १४८२ | १६२९ | १७११ | १८८४ | |

### ८.२.८ जोखिम पक्ष तथा अनुमान

संबिधान र तीनै तहको सरकारको प्रचलित नीति तथा कानुन बमोजिम अन्तरतह समन्वय र सहकार्य प्रभावकारी हुनुका साथै सुशासन प्रबर्धनमा साझेदारी हुन सकेको खण्डमा अपेक्षित नतिजा हासिल हुन सक्दछ | यसै गरी स्थानीय तह र बिकास साझेदार, गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालनमा स्थानीय आवश्यकता अनुसार सहकार्य हुन सकेमा अपेक्षित नतिजा प्राप्त हुनेछ। उपरोक्त व्यवस्थाको अभाबमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ।

## ८.३ राजश्व तथा स्रोत परिचालन

### ८.३.१ पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात स्थानीय सरकारको फराकिलो संवैधानिक अधिकार क्षेत्र र साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा र समस्याहरु पनि निरन्तर बढी रहेका छन्। बदलिदो परिवेशसँगै विकास व्यवस्थापन र सेवा प्रवाह प्रक्रियामा सिर्जनशिलता र वैकल्पिक उपायहरु अबलम्बन गर्न जरुरी छ। नगरपालिकाको आन्तरिक राजश्वलाई थप ब्यबस्थित गरी बिस्तृत योजना मार्फत आन्तरिक आय वृद्धि गर्नु पर्नेछ | राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार गरिएको छ।

### ८.३.२ विद्यमान स्थिति तथा संभावना

स्थानीय राजस्व परामर्श समितिको अध्ययन र शिफारिशका आधारमा सम्पत्ती कर, मालपोत, व्यवसाय कर, घरवहाल कर तथा वहाल विटौरी शुल्क लगायत सिफारिस तथा प्रमाणित शुल्क तथा दस्तुरका दर निर्धारण गरी सो अनुसार कर तथा गैरकर राजश्व संकलन हुदै आएको छ | नगरपालिकाको स्रोतसाधन, सेवा प्रवाह र कार्यसम्पादन स्तरमा स्थानीय समुदायको चासो र निगरानीमा वृद्धि हुँदै गएको छ। नगरपालिकाको वित्तीय स्रोत बढ्दै गएको र नगरपालिकाको संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरुको सहयोग र तदारुपता पनि क्रमशः बढदै गएको छ।

### ८.३.३ समस्या तथा चुनौति

संबिधान तथा स्थानीय सरकार संचालनले स्थानीय तहको अधिकार क्षेत्र भित्रका विषयमा नीति, कानून, योजना तथा बजेट तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने, उपलब्ध सिमित श्रोत –साधनको उच्चतम प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्ने, प्रभावकारी र गुणस्तरीय विकास ब्यबस्थापन गर्ने साथै जनमैत्री सेवा प्रवाहको लागि मानब स्रोत परिचालन गर्ने समस्या तथा चूनौतिहरु विद्यमान रहेका छन् ।स्थानीय तहको राजस्व अधिकार क्षेत्रका विषयमा राजस्वको संभाव्यता विश्लेषण तथा राजस्व प्रशासन सम्बन्धी ज्ञान, सीप, दक्षताको कमी रहेको छ। नगरपालिकाको आन्तरिक आय न्यून हुँदा विकासमा सङ्घीय र प्रदेश सरकारको अनुदानमा भर पर्नु पर्ने अवस्था रहेको छ।

### ८.३.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस नगरपालिकाको राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

**सोच**

- सवल नगर सरकार स्थापनाः साधन स्रोतको उच्चतम ब्यबस्थापन

**लक्ष्य**

- आन्तरिक आम्दानी वृद्धि तथा उपलब्ध वित्तीय स्रोत साधनको बिबेकपूर्ण र प्रतिफलयुक्त परिचालन मार्फत सार्बजनिक वित्तको समुचित ब्यबस्थापन गर्ने

**उद्देश्य**

नगरपालिकाको राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

- आन्तरिक तथा वाह्य श्रोत परिचालनमा गुणस्तरीय वृद्धि गर्नु र राजस्व प्रणाली सुदृढ बनाउनु ।

**रणनीति तथा कार्यनीति**

राजस्व तथा श्रोत परिचालन उपक्षेत्रमा देहायअनुसारका रणनीति तथा कार्यनीति अबलम्बन गरिनेछ ।

| रणनीति | कार्यनीति |
|---|---|
| राजस्वको दायरा बृधि गरी आन्तरिक आयमा बृद्धि तथा सवलिकरणमा जोड गर्ने | १.१ राजश्व सुधार गुरुयोजना तर्जुमा, अध्यावधिक तथा कार्यान्वयन गरिनेछ ।<br>आन्तरिक राजस्व व्यवस्थापनसम्बन्धी एकीकृत ऐन र कार्यविधि तयार गरी प्रभाबकारी कार्न्यान्वयन गरिनेछ ।<br>१.२ नियमित बैठक, तालिम तथा क्षमता विकास गरी राजस्व परामर्श समितिको क्रियाशिलतामा अझ वृद्धि गरिनेछ ।<br>१.३ आन्तरिक र वाह्य स्रोत परिचालनका लागि अन्तर स्थानीय तह, प्रदेश तथा संघीय सरकारका निकायसँग नियमित समन्वय गरिनेछ ।<br>१.४ राजस्व प्रशासन बारे जनप्रतिनिधि, कर्मचारी र करदाताको क्षमता विकास गरिनेछ।<br>१.५ वैज्ञानिक आधार र प्रमाणमा आधारित भई राजस्व स्रोतको सम्भाव्यता अध्ययन, विश्लेषण र प्रक्षेपणको व्यवस्था गरिनेछ ।<br>१.६ व्यवसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा गरी यसबारे जानकारी र प्रचार प्रसारद्धारा व्यवसाय दर्ता र वार्षिक कर संकलनलाई सहज बनाइनेछ। |
| २ स्रोतको प्राप्ति , राजस्वको स्रोत आधार दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थित गर्ने । | २.१ स्थानीय राजस्व प्रशासनलाई सहज, व्यवस्थित र पारदर्शी बनाउन तथा सूचना प्रविधिमा आधारित राजस्व व्यवस्थापन प्रणाली लागू गर्न राजस्व शाखामा कार्यरत कर्मचारीको सीप तथा दक्षता अभिवृद्धि गरिनेछ ।<br>२.२ सूचना प्रविधिमा आधारित भई आन्तरिक आयको संकलन, दाखिला तथा अभिलेखनलाई नियमित र व्यवस्थित गरिनेछ ।<br>२.३ राजस्वसम्बन्धी आधार सूचना, अभिलेख, राजस्व संकलन, प्रशासन र खर्च व्यवस्थापनमा समसामयिक सुधार गरिनेछ ।<br>२.४ वार्षिक खर्चको आन्तरिक लेखा परीक्षण र सार्वजनिक परीक्षण गरी खर्चको लेखाजोखा र वित्तीय जोखिम न्यूनीकरण गरिनेछ ।<br>२.५ सूचना प्रविधिको उपयोग गरी बजेट तर्जुमा, आम्दानी र खर्चको लेखाङ्कन, अभिलेख तथा प्रतिवेदन प्रणालीको विकास गरी वित्तीय अनुशासन कायम गरिनेछ ।<br>२.६ राजश्व संकलनमा प्रोत्साहित गर्न बढी राजस्व संकलन गर्ने वडा तथा वडाका कर्मचारीलाई पुरस्कृत गरिनेछ र सबैभन्दा बढी कर तिर्ने करदातालाई सहुलियतको व्यवस्था गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ३ सार्वजनिक सम्पत्तीको अभिलेख तयार गरी संरक्षण र उपयोग गर्ने । | ३.१ सार्वजनिक सम्पत्ती (जग्गा, भवन तथा अन्य भौतिक संरचना) अभिलेख तयार गरी संरक्षण र सार्वजनिक हित तथा आयस्रोतको लागि समोचित व्यवस्थापन गरिनेछ।<br>३.२ आवश्यक कानुनि व्यबस्था गरी सार्बजनिक सम्पत्तीको भाडा लगाउने तथा नष्ट भएर जाने संरचना तथा भौतिक सामग्रीको लिलामको व्यवस्था गरिनेछ ।<br>३.३ प्राकृतिक, धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वका सम्पदाहरूको पहिचान, सर्वेक्षण, नक्शाकंन र अभिलेखीकरण गर्नुका साथै प्रचलित कानूनअनुसार आम्दानीको स्रोतको रुपमा विकास र परिचालन गरिनेछ । |
| ४ स्रोत परिचालनका लागि गैसस, सरकारी तथा गैरसरकारी र निजी क्षेत्रका निकायसँग समन्वय साझेदारी विकास गर्ने । | ४.१ निजी क्षेत्र, समुदायमा आधारित संस्था, गैसस र विकास साझेदारसँग नगरपालिकाको समग्र विकासको लागि समन्वय र साझेदारी गरी स्रोत परिचालनमा अभिवृद्धि गरिनेछ।<br>४.२ प्रतिफलयुक्त र जनअपेक्षा अनुरुप बढी भन्दा बढी सार्बजनिक स्रोत परिचालनका लागि प्रदेश र संघीय सरकारसँग नियमित समन्वय, सहकार्य, साझेदारी गरिनेछ।<br>४.३ नगरपालिकामा उत्पादन र रोजगारमूलक औधोगिक क्षेत्रमा निजी क्षेत्रसँग नियमित परामर्श र समन्वय गरी लगानीको लागि प्रोत्साहन गरिनेछ । |

## ८.३.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको विषय क्षेत्रगत सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७६: राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य

| सूचक | इकाई | आधार बर्ष उपलब्धी | आवधिक लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१ /८२ | ०८२ /८३ | ०८३ /८४ |
| आन्तरिक आय वृद्धि | प्रतिशत | ० | ५ | १२ | १६ | १८ | २५ |
| राजश्व संकलन प्रबिधि विकास सबै वडामा | भएको/ नभएको | नभएको | नभएको | भएको | भएको | भएको | भएको |
| स्थानीय कर सम्बन्धि सचेतना तथा अन्तरक्रिया कार्यक्रम | वटा | ० | १ | २ | ४ | ६ | ७ |
| राजश्व परामर्श समितिको बैठक | संख्या | १ | २ | २ | ४ | ४ | ४ |

स्रोतः कार्यशाला गोष्ठी छलफल तथा सम्बन्धित शाखा

## ८.३.६ विषय उपक्षेत्रगत खर्चको अनुमान

राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको आवधिक योजना अबधिको खर्चको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका ७७: राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको खर्च अनुमान

| बजेट तथा खर्च अनुमान रु.लाखमा | | | | | |
|---|---|---|---|---|---|
| आ.ब.०७९/०८० | आ.ब.०८०/०८१ | आ.ब.०८१/०८२ | आ.ब.०८२/०८३ | आ.ब.०८३/०८४ | जम्मा |
| ३० | ३६ | ३८ | २७ | २७ | १५८ |

स्रोतः प्रस्तावित कार्यक्रम तथा क्रियाकलापको प्राथमिकीकरण र अनुमानित लागत, मध्यमकालीन खर्च संरचना, सम्बन्धित शाखा र आर्थिक प्रशासन शाखा ।

### ८.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी पाँच वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कून अनुमानित रकम देहायअनुसार तालिका ८.३.४ मा प्रस्तुत गरिएको छ ।

तालिका ७८: राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | एकाई | आधार बर्ष (०७८/७९) को अवस्था | योजना अवधिको लक्ष्य | अनुमानित बार्षिक लक्ष्य (रु. लाखमा) आ.ब. | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | |
| १ | आन्तरिक आयको संभाव्यता अध्ययन तथा प्रक्षेपण (राजश्व सुधार कार्ययोजना परिमार्जन र कार्यान्वयन) | रु.लाख | | २६ | ५ | १० | ५ | ३ | ३ | |
| २ | राजस्व व्यवस्थापन सूचना प्रणाली विकास तथा संचालन र करदाता शिक्षा तथा प्रोत्साहन कार्यक्रम | रु.लाख | | ४५ | १० | १० | ११ | ७ | ७ | कार्यपालिका, सम्बन्धित शाखा, वडा कार्यालय र सरोकारवाला निकाय |
| ३ | स्थानीय राजस्व परामर्श समिति र शाखाको क्षमता विकास, संचालन तथा राजस्व परिचालन तथा अनुगमन | रु.लाख | | ४६ | ८ | ८ | १० | १० | १० | |
| ४ | नियमित तथा समयमै राजश्व उठाउने तथा दाखिला गर्ने वडा र शाखालाइ प्रोत्साहन | रु.लाख | | ७ | ० | १ | २ | २ | २ | कार्यपालिका, सम्बन्धित शाखा, वडा कार्यालय र सरोकारवाला निकाय |
| ५ | वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना निर्माण तथा सचेतना कार्यक्रम | रु.लाख | | ३४ | ७ | ७ | १० | ५ | ५ | |
| जम्मा | | रु.लाख | | १५८ | ३० | ३६ | ३८ | २७ | २७ | |

### ८.३.८ जोखिम पक्ष तथा अनुमान

संबिधान र तीनै तहको सरकारको प्रचलित नीति तथा कानुन बमोजिम अन्तरतह समन्वय र सहकार्य प्रभावकारी हुनुका साथै सुशासन प्रवर्धनमा साझेदारी हुन सकेको खण्डमा अपेक्षित नतिजा हासिल हुन सक्दछ | यसै गरी स्थानीय तह र बिकास साझेदार, गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालनमा स्थानीय आवश्यकता अनुसार सहकार्य हुन सकेमा अपेक्षित नतिजा प्राप्त हुनेछ। उपरोक्त व्यवस्थाको अभाबमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ।

## ८.४ योजना र विकास ब्यबस्थापन

### ८.४.१ पृष्ठभूमि

संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन सञ्चालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम् दायित्व स्थानीय सरकारहरुको रहेको हुन्छ । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात स्थानीय सरकारको फराकिलो संवैधानिक अधिकार क्षेत्र र साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा र समस्याहरु पनि निरन्तर बढी रहेका छन् ।

बदलिदो परिवेशसँगै विकास व्यवस्थापन र सेवा प्रवाह प्रक्रियामा सिर्जनशिलता र वैकल्पिक उपायहरु अबलम्बन गर्न जरुरी छ। अबका दिनमा नगरपालिकाले सगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, समुदाय, नीजि तथा गैर सरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ ।यसलाई मध्यनजर गर्दै नगरपालिकाको सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय सुशासन कायम गर्न स्थानीय योजना तथा विकास व्यवस्थापनलाई उच्चतम महत्व दिएको छ | योजना र विकास ब्यबस्थापन उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार गरिएको छ।

### ८.४.२ विद्यमान स्थिति तथा संभावना

स्थानीय तहको अधिकार तथा जिम्मेवारी कार्यान्वयनका लागि नगरपालिकाले आबश्यकता र पहिचानको आधारमा बिभिन्न योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ। साथै समुदाय र नागरिक समाज समेतको सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेवसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास भैरहेको छ।

नगरपालिकाको बिशिस्टता, आवश्यकता, प्राथमिकता, उपलब्ध स्रोत र संभावनालाई व्यवस्थित गर्न बिभिन्न क्षेत्रगत गुरुयोजना, तथा योजना तर्जुमा चरणमा रहेका छन् भने नगरपालिकाको डिजिटल पार्श्वचित्र तयार गरिएको छ | शिक्षा क्षेत्रको समग्र विकासको लागि १० बर्षे रणनीतिक गुरुयोजना तर्जुमा गरि कार्यान्वयनमा रहेको छ | बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियमा जनसहभागिता सुनिस्चित हुने गरी टोल एबम् बस्तीस्तरबाटै सहभागितामूलक योजना छनौट प्रक्रियाको अभ्यास भैरहेको छ ।नगरपालिकामा संचालित स्थानीय संचित कोष र अन्य स्रोतबाट संचालित आयोजना तथा कार्यक्रमको प्रगति तथा गुणस्तर कायम गर्न स्थलगत अनुगमन तथा प्रगति विवरण समीक्षा कार्यलाई नियमित गरिएकोछ। नगरपालिकामा योजना तर्जुमा र विकास गतिविधिको कार्यान्वयन, अनुगमन तथा नतिजा मापन प्रणालीमा समावेशी, सहभागितामूलक, परामर्श तथा सहकार्यमा आधारित पद्धतिहरुको विकास तथा अनुशरण हुँदै गएको छ।

### ८.४.३ समस्या तथा चुनौति

संबिधान तथा स्थानीय सरकार संचालनले स्थानीय तहको अधिकार क्षेत्र भित्रका विषयमा योजना तथा बजेट तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने, उपलब्ध सिमित श्रोत –साधनको उच्चतम प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्ने, प्रभावकारी र गुणस्तरीय विकास ब्यबस्थापन गर्ने साथै जनमैत्री सेवा प्रवाहको लागि मानब स्रोत परिचालन गर्ने समस्या तथा चूनौतिहरु विद्यमान रहेका छन् ।

विषय क्षेत्रगत रुपमा बजेट विनियोजन सन्तुलित नभई पूर्वाधार क्षेत्र अधिक हुने गरेको र रोजगार, उत्पादनमूलक तथा आयमूलक आयोजना तथा कार्यक्रममा लगानी अपेक्षाकृत कमजोर रहेको छ। संस्थागत संरचना, मानव श्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन पद्धति अवैज्ञानिक र परम्परागत देखिन्छ।

नगरपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक योजना, नगरपालिकाको विकासको अग्रणी क्षेत्रहरु पर्यटन विकास, बस्ती तथा भौतिक विकास, यातायात, उद्यम विकास तथा कृषि सम्बन्धी गुरुयोजना आदीको तर्जुमा नहुँदा ठोस तथा नतिजामुखी योजना तर्जुमाका साथै प्राथमिकताका आधार र प्रक्रिया निर्धारण नहुँदा वितरणमुखी हिसाबले आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन हुने गरेको छ । फलस्वरुप आयोजना तथा कार्यक्रमलाई समयमा सम्पन्न गर्न र गुणस्तर कायम गरी ठोस उपलब्धी हासिल गर्न सकिएको छैन ।

### ८.४.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस नगरपालिकाको योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

**सोच**

- सवल, जनमैत्री, र सुशासनयुक् नगर सरकारको स्थापना

**लक्ष्य**

- योजना तथा विकास ब्यबस्थापनको प्रभावकारितामा गुणात्मक वृद्धि गर्ने

**उद्देश्य**

नगरपालिकाको योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

- योजना तथा विकास ब्यबस्थापन प्रणाली सूचना प्रविधिमा आधारित बनाउने,

**रणनीति तथा कार्यनीति**

योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको देहायअनुसारका रणनीति तथा कार्यनीति अबलम्बन गरिनेछ ।

| रणनीति | कार्यनीति |
|---|---|
| १ योजना व्यवस्थापन प्रक्रिया लाई सरल, सूचना प्रविधि तथा नागरिकमैत्री, सहभागितामूलक र पारदर्शी बनाउने । | १.१ स्थानीय आयोजना वैंकसम्बन्धी प्रणाली विकास गरी योजना तथा कार्यक्रम पहिचान, छनौट, बजेट बिनियोजन र कार्यान्वयन तथा अनुगमन मूल्यांकन प्रणालीलाई ब्यबस्थित गरिनेछ ।<br>१.२ प्रति इकाई लागतको आधारमा कुल लागत एकिन भएका, डिपिआर तयार भएका, तुलनात्मक लाभको क्षेत्र, नवप्रबर्तनमा आधारित आयोजनामा मात्र बजेट विनियोजनको व्यवस्था गरिनेछ।<br>१.३ पुर्वाधार विकास गर्दा ज्येस्ठ नागरिकमैत्री,अपाङ्ग तथा बालमैत्री अवधारणा लागु गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.४ आयोजना तथा कार्यक्रमको अनुगमन, सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण लगायत सामाजिक उत्तरदायित्व संयन्त्रलाई नियमित र प्रभाबकारी बनाइनेछ।<br>१.५ उपभोक्ता समिति गठन, अनुगमन तथा भुक्तानी प्रणालीलाइ सूचना प्रविधिमा आधारित बनाईनेछ ।<br>१.६ योजना तर्जुमा तथा सञ्चालन गर्दा स्थानीय समुदायको जनसहभागिता अभिवृद्धि गरिनेछ।<br>१.७ आवधिक योजना र मध्यमकालीन खर्च संरचनाअनुसार नतिजामूलक ढाँचामा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।<br>१.८ स्वीकृत अनुगमन तथा मूल्याङ्कन कार्यविधिअनुसार नीति, योजना तथा कार्यक्रमका नियमित, वार्षिक, मध्यावधि र आवधिक रूपमा प्रक्रिया तथा नतिजा अनुगमन एवं चौमासिक र वार्षिक समीक्षा तथा प्रमुख आयोजनाको प्रभाब मूल्याङ्कन गरिनेछ । |
| २ विकास ब्यबस्थापनका लागि गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिवृद्धि गन | २.१ गैसस तथा समुदायमा आधारित संस्था समन्वय र परिचालन कार्यविधि तयार गरी नियमित बैठक तथा अन्तरक्रिया सञ्चालन गरिनेछ ।<br>२.२ गैसस, समुदाय, विकास साझेदार, निजी क्षेत्र, प्रदे्श र संघीय सरकारका निकायसँग समन्वय बैठक तथा साझेदारीका क्षेत्रबारे अन्तरक्रिया गरिनेछ।<br>२.३ टोल विकास संस्था गठन गरी सामाजिक परिचालनलाई प्रभाबकारी बनाइनेछ ।<br>२.४ सेवा निवृत्त शिक्षक, प्राध्यापक, सैनिक, प्रहरी र राष्ट्रसेवक कर्मचारीहरूको अनुभव, ज्ञान, सीप र दक्षतालाई विकासको प्रक्रियामा परिचालन गरिनेछ । |

## ८.४.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको विषय क्षेत्रगत सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७९: योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य

| सूचक | इकाई | आधार बर्ष उपलब्धी | आवधिक लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| स्वीकृत स्थानीय गौरवका आयोजना | संख्या | ० | ० | ० | १ | १ | २ |
| खण्डीकृत बिषयगत र स्रोत नक्सा सहित बस्तुगत विवरण तयारी तथा अध्यावधिक | भए/नभए को | ० | ० | भएको | भएको | भएको | भएको |
| स्वीकृत स्थानीय बिषयक्षेत्रगत रणनीतिक योजना/गुरुयोजना | संख्या | ० | १ | ३ | ४ | ५ | ६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| योजना तर्जुमाका सबै चरण अबलम्बन | भए/न भएको | भएको | भएको | भएको | भएको | भएको | भएको |
| अनुगमन तथा मूल्याङ्कन ढाँचा र योजना | भए/न भएको | भएको | भएको | भएको | भएको | भएको | भएको |
| समयमा सम्पन्न आयोजना | प्रतिशत | ६५ | ७० | ७५ | ७७ | ७९ | ८२ |
| आयोजना/कार्यक्रम अनुगमन प्रतिवेदन संख्या (पटके, मासिक) | पटक | २ | ३ | ३ | ४ | ४ | ६ |
| योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षित वर्ग/समुदायको प्रतिनिधित्व | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० | ७५ |

स्रोतः सम्बन्धित शाखा

### ८.४.६ विषय उपक्षेत्रगत खर्चको अनुमान

योजना तथा विकास ब्यवस्थापन उपक्षेत्रको आवधिक योजना अवधिको खर्चको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका ८०: योजना तथा विकास ब्यवस्थापन उपक्षेत्रको खर्च अनुमान

| बजेट तथा खर्च अनुमान रु.लाखमा | | | | | |
|---|---|---|---|---|---|
| आ.ब.०७९/०८० | आ.ब.०८०/०८१ | आ.ब.०८१/०८२ | आ.ब.०८२/०८३ | आ.ब.०८३/०८४ | जम्मा |
| १२६ | १३२ | १४९ | १५३ | १६३ | ७२३ |

स्रोतः प्रस्तावित कार्यक्रम तथा क्रियाकलापको प्राथमिकीकरण र अनुमानित लागत, मध्यमकालीन खर्च संरचना, सम्बन्धित शाखा र आर्थिक प्रशासन शाखा ।

### ८.४.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

योजना तथा विकास ब्यवस्थापन उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी पाँच वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कून अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिका ८.४.३ मा प्रस्तुत गरिएको छ ।

तालिका ८१: योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | एकाई | आधार बर्ष (०७८/७९) को अवस्था | योजना अवधिको लक्ष्य | अनुमानित बार्षिक लक्ष्य (रु. लाखमा) आ.ब. | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | |
| १ | आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा बिभिन्न बिषयगत रणनीतिक योजना निर्माण तथा कार्यान्वयन, समिक्षा, अध्यावधिक र पूर्व संभाव्यता अध्ययन एबम् डिपिआर तयारी | रु.लाख | २५ | ११५ | २५ | २० | २५ | २० | २५ | कार्यपालिका, सम्बन्धित शाखा, वडा कार्यालय र सरोकारवाला निकाय |
| २ | योजना एबम बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन सम्बन्धि क्षमता विकास र प्रणाली संचालन | रु.लाख | १० | ६५ | १० | १२ | १३ | १५ | १५ | |
| ३ | उपभोक्ता समिति र टोल विकास संस्था गठन, क्षमता विकास तथा परिचालन कार्यक्रम | रु.लाख | ११ | ६४ | ११ | ११ | १२ | १५ | १५ | |
| ४ | आकस्मिक कोष, मर्मतसंभार कोष र अन्य कोष स्थापना तथा संचालन | रु.लाख | ३० | ३५५ | ६० | ६० | ७० | ८० | ८५ | |
| ५ | सेवा प्रवाह सम्बनधी सफ्टवेयर प्रणाली सञ्चालन र सेवा प्रबाह, सुशासन तथा संस्थागत क्षमता विकास सम्बन्धि बिबिध कार्यक्रम | रु.लाख | ५ | ३१ | ५ | ७ | ९ | ५ | ५ | कार्यपालिका, सम्बन्धित शाखा, वडा कार्यालय र सरोकारवाला निकाय |
| ६ | कार्ययोजना बमोजिम योजना सम्झौता तथा सम्पन्न गर्ने शाखा, वडा र उपभोक्ता समितिलाइ प्रोत्साहन | रु.लाख | १० | ५७ | १० | १० | १२ | १२ | १३ | |
| ७ | आन्तरिक नियन्त्रण प्रणाली, परियोजना बैंक लगायत सुशासनसंग सम्बन्धित प्रणाली निर्माण तथा कार्यान्वयन | रु.लाख | ५ | ३६ | ५ | १२ | ८ | ६ | ५ | |
| **जम्मा** | | | | ७२३ | १२६ | १३२ | १४९ | १५३ | १६३ | |

### ८.४.८ जोखिम पक्ष तथा अनुमान

संबिधान एबम प्रचलित कानुनि ब्यबस्था बमोजिम योजना तर्जुमा तथा विकास ब्यबस्थापन, बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा, बिभिन्न बिषय क्षेत्रगत रणनीतिक योजना तर्जुमा तथा कार्यान्वयन, अनुगमन मूल्यांकन र समग्र स्रोत ब्यबस्थापनको क्षेत्रमा तीनै तहको सरकारविच कानुन बमोजिम अन्तरतह समन्वय र सहकार्य प्रभावकारी हुनुका साथै सुशासन प्रबर्धनमा साझेदारी हुन सकेको खण्डमा अपेक्षित नतिजा हासिल हुन सक्दछ भने अर्को तर्फ समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालनमा स्थानीय आवश्यकता अनुसार सहकार्य हुन सकेमा अपेक्षित नतिजा प्राप्त हुनेछ। उपरोक्त व्यवस्थाको अभाबमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ।

# परिच्छेद ९: कार्यान्वयन एबम् अनुगमन तथा मूल्यांकन

## ९.१ स्रोत ब्यबस्थापन तथा योजना कार्यान्वयन

### ९ .१.१ पृष्ठभूमि

योजनाबद्ध विकासका बारबर्दिया नगरपालिकाले लागि नगरको वस्तुगत विवरण, तथ्यको विश्लेषण, सरोकारवाला तथा समुदाय संगको अन्तरक्रिया, छलफल तथा गोष्ठीवाट आफ्नो प्रथम आवधिक योजना (२०७९/८०-०८३/८४) तर्जुमा गरेको छ। योजना तर्जुमा सन्दर्भमा स्थानीय तहको ५ वटा बिषय क्षेत्र भित्रको २४ वटा उपक्षेत्रको वर्तमान अवस्था, समस्या, चुनौती, सम्भाबना र अवसरको पहिचान एबम त्यसका आधारमा नगरपालिकाको दिर्घकालिन सोच, समष्टिगत लक्ष्य, उद्धेश्य, रणनीति तथा परिमाणात्मक लक्ष्य हासिल गर्ने गरी बिषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्धेश्य, रणनीति तथा कार्यनीति, आवधिक लक्ष्य, अनुमानित खर्च, प्रस्तावित आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण समेत तयार गरी एको छ | योजना तर्जुमाको क्रममा नगरपालिकाले नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन, २०७४, नेपाल सरकार मन्त्रिपरिषदद्वारा स्वीकृत कार्यीबिस्तृतिकरण प्रतिबेदन, नेपाल सरकारको पन्ध्रौं योजना तथा लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजना ,दिगो विकास लक्ष्यलाई समेत आधारको रूपमा लिएको छ भने स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ ले निर्दिस्ट गरेको ढांचा र प्रक्रिया एबम चरण अवलम्बन गरेको छ। नगरपालिकाले आवधिक विकास योजनालाई तथ्य र प्रमाणमा आधारित विश्लेषण सहित सहभागितामूलक ढङ्गबाट नतिजा खाका तयार गरेकोछ । यस नतिजा खाकाबाट योजनाको नियमित अनुगमन गर्न तथा आवधिक मूल्याङ्कन गर्न आधार तयार भएकोछ ।

आवधिक नगर विकास योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न र निर्धारित कार्यक्रम तथा आयोजनाको प्रतिफलयुक्त कार्यान्वयन गर्न स्रोत परिचालनको आवश्यकता पर्दछ। स्रोत परिचालनमा नगरपालिकाले मुलत वित्तीय स्रोत र मानव संसाधनको यथोचित प्रबन्ध गर्नु पर्ने हुन्छ | प्रस्तावित कार्यक्रम तथा आयोजना कार्यन्वयन मार्फत निर्धारित लक्ष्य हासिल गर्न नगरपालिकाको आफ्नो आन्तरिक श्रोत र संघ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन। तसर्थ आवश्यक श्रोत परिचालनका लागि नीजि क्षेत्र, सहकारी, गैरसरकारी संघ संस्था, समुदाय, विषयगत कार्यालयहरू, अन्य विकास साझेदार संस्थासँगको सहकार्य र साझेदारी महत्वपूर्ण हुन्छ ।

### ९.१.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना

संघीय शासन व्यवस्था अनुसार राज्यको पुनःसंरचना प्रक्रियाबाट नवगठित यस नगरपालिकाको सम्पन्न स्थानीय तहको निर्वाचतबाट निर्वाचित नगर कार्यपालिका मार्फत नगरपालिकाको कार्य संचालन हुँदै आएको छ। नगरपालिकाको विद्यमान कर्मचारी दरबन्दी विवरण अनुसार प्राविधिक र अप्राविधिक दुवै प्रकृतिका कर्मचारीहरूको दरबन्दी यस कार्यालयमा रहेका छन्।बिधमान संगठन संरचना र कार्यविभाजनवाट आवधिक योजनाको प्रभावकारी हुन सक्तछ वा सक्तैन विश्लेषण गरी तथ्य र आवश्यकताको आधारमा शाखा/उपशाखागत कार्य विभाजन तथा कार्यरत रहने कर्मचारीको कार्यविवरण तयार गरी सोहि बमोजिम कार्यसम्पादन हुने व्यबस्था मिलाउनु पर्दछ |

### ९.१.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट

यस आवधिक योजनामा प्रस्तावित स्थानीय गौरभको आयोजना तथा विभिन्न पाँचवटा विषयतगत क्षेत्रको २४ वटा उपक्षेत्रमा आवधिक योजना अबधिमा कार्यान्वयन गर्ने गरी प्रस्ताब गरिएको आयोजना/कार्यक्रम मध्यमकालीन खर्च संरचनामा स्रोत सुनिस्चितता गरी बार्षिक बजेट तथा कार्यक्रम मार्फत कार्यन्वयन गर्न सम्बन्धित शाखा तथा वडाले अनुसूची-१ मा उल्लेखित ढाँचामा प्रति एकाई लागत तयार गरि जम्मा लागत प्रस्ताब गर्नुपर्नेछ । यस आवधिक योजनामा प्रस्ताब गरिएका कार्यक्रम/आयोजना/क्रियाकलापको लागत एकीकृत गरी तयार गरिएको बिषय क्षेत्रगत अनुमानित खर्च अनुमान अनुसूची- २ मा प्रस्तुत गरिएको छ । कार्यक्रम तथा बजेट आवश्यकताको अनुमान प्रति एकाइ लागतको मुख्य आधार तथा जनप्रतिनिधि, सम्बन्धित शाखाका कर्मचारी र सरोकारवालाहरूको कार्यशाला तथा वडास्तरीय छलफलबाट प्रस्ताव गरिएको हो। प्रस्ताब गरिएको जम्मा लागत नगरपालिकाको आन्तरिक आय, संघ तथा प्रदेशबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान, गैसस सँगको साझेदारी, निजी क्षेत्रबाट हुन सक्ने लगानी र जनसहभागिता स्वरूप प्राप्त हुन सक्ने लगानी अनुमानका आधारमा निर्धारण गरिएको छ

### ९.१.४ स्रोत अनुमान तथा प्रक्षेपण

नगरपालिकाको ५ वटा बिषय क्षेत्रको २४ वटा उपक्षेत्रको कार्यक्रम तथा आयोजना र क्रियाकलापको प्रतिफलयुक्त तथा प्रभावकारी कार्यान्वयन मार्फत नगरपालिका रणनीति, उद्धेश्य, लक्ष्य र सोच हासिल गर्न वित्तीय स्रोतको सुनिस्चितता महत्वपूर्ण हुन्छ । यसका लागि नगरपालिकाको आफ्नो आन्तरिक श्रोत र संघ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानका अतिरिक्त अन्तरतह साझेदारी, नीजि क्षेत्र, सहकारी, गैरसरकारी संघ संस्था, समुदाय, सेवा प्रदायक विषयगत कार्यालयहरू, अन्य सहयोगी संघ संस्थाहरू र विकास साझेदारसँगको सहकार्य साझेदारी महत्वपूर्ण हुन्छ। साथै राजस्व परिचालनलाई अझै बढी प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिलाई थप जिम्मेवारी र प्रभावकारी बनाइनु पर्दछ । नगरपालिकाको आवधिक योजना अबधिको खर्च अनुमान तथा स्रोत आँकलन गर्दा देहायका आधार अपनाइएको छ ।

१. आर्थिक बर्ष २०७७/७८ र २०७८/७९ को बार्षिक बजेट तथा कार्यक्रमको विवरण र खर्च को आधारमा आर्थिक बर्ष ०७९/८० को खर्च तथा आयको प्रक्षेपण गरिएको छ । दोस्रो, तेस्रो, चौथो र पाँचौ वर्षको प्रक्षेपण गर्दा नगरपालिकाको नीति तथा कार्यक्रम, लक्ष्य, प्रस्तावित रणनीति तथा कार्यनीति र सो अनुसार संचालन हुने कार्यक्रम तथा आयोजना एबम हासिल गर्ने नतिजा एबम् पाँच बर्ष अबधिमा नगरपालिकामा मुख्य गरी नगरपालिका र नगरपालिका क्षेत्रभित्र निजि तथा सहकारी क्षेत्रवाट हुन सक्ने सम्भाबित लगानीको श्रोतलाई प्रमुख आधार मानिएको छ ।

२. यसै गरी ५ आर्थिक बर्षको नगरपालिकाको स्रोत अनुमानको सन्दर्भमा सङ्घ सरकारबाट ५ आर्थिक बर्षको बिभिन्न अनुदान शिर्षकमा प्राप्त हुने बजेट सिलिंग,, सङ्घ र प्रदेशको राजस्व बाँडबाँटवाट प्राप्त हुने रकम, प्रदेश सरकारवाट प्राप्त हुने अनुदान, आन्तरिक आय र उपलब्ध हुने अन्य स्रोत को अनुमान तथा प्रक्षेपण गरिएको छ भने सोहि आधारमा आयोजना/कार्यक्रम तथा प्रशासनिक खर्चको अनुमान गरिएको छ ।

३. रोयल्टी (वन, खानी तथा खनिज, जलश्रोत तथा अन्य प्राकृतिक स्रोत) बाट प्राप्त हुने राजस्व अनुमान गरी गणना गरिने भएतापनि बारबर्दिया नगरपालिकामाहालसम्म रोयल्टी बापतको रकम प्राप्त नभएकोले उल्लेख गरिएको छैन।

४. उल्लेखित आधारलाई विश्लेषण गर्दा आगामी ५ वर्षको अवधिमा कुल बजेट रु. ३ अर्ब ९६ करोड ११ लाख ( सशर्त अनुदान समेत गरी प्रचलित मूल्यमा) रहने प्रक्षेपण सहितको बिस्तृत विवरण **अनुसूची-३** मा प्रस्तुत गरिएको छ ।

### ९.१.४ समग्र स्रोत व्यवस्थापन प्रक्षेपण

आवधिक विकास योजना कार्यान्वयनका लागि कुल लगानी वजेट **रू. ५ अर्ब ९६ करोड ५९ लाख** अनुमान गरिएको छ । गत आ.व.२०७७/०७८ र २०७८/०७९ को यथार्थ र चालू आ.व.को अनुमानित र आ.व. २०७९/८० को प्रस्तावित आयका आधारमा आगामी पाँच वर्षको नगरपालिकाको अनुमानित आय **५ अर्ब ५ करोड २ लाख हुने** देखिन्छ । यसरी कुल लगानी अनुमान र स्रोत परिचालनबाट प्राप्त हुने बजेट विच करिब **रू. ९१ करोड ५७ लाख** बजेट अपुग देखिन्छ ।

तालिका ८२: अपुग स्रोत व्यवस्थापन

| शिर्षक | आर्थिक वर्ष र अनुमानित रकम रू. लाखमा | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | |
| जम्मा व्यय अनुमान | ९९६३ | ११130 | १२०४७ | १२८३२ | १३८३९ | ५९६५९ |
| जम्मा आय अनुमान | ९७१३ | ९१६३ | ९६२१ | १०५८१ | ११४२७ | ५०५०२ |
| जम्मा नपुग रकम | २५० | १९६७ | २४२६ | २२५१ | २४१२ | ९१५७ |

### ९.१.५ स्रोत परिचालन रणनीति

बारबर्दिया नगरपालिकाको आवधिक नगर विकास योजना (आ.व. २०७९/०८० देखि २०८३/०८४ सम्म) को लागि विभिन्न स्रोतहरूबाट उपलब्ध हुन सक्ने बजेटलाई आधार मानेर कार्यक्रमहरूको अनुमान गरिएको छ।यस आवधिक योजना अवधिमा कुल **रू. ५ अर्ब ९६ करोड ५९ लाख** खर्च हुने अनुमान गरिएको छ भने करिब **५ अर्ब ५ करोड २ लाख** विभिन्न स्रोतहरूबाट रकम प्राप्त हुने अनुमान गरिएको छ । कुल अनुमानित खर्च गर्न अपुग हुने रकम करिब **रू. ९१ करोड ५७ लाख** बजेटका लागि नगरपालिकाले थप श्रोत परिचालन गर्नुपर्ने हुन्छ जसका लागि नगरपालिकाले निम्नानुसारका रणनीतिहरू अवलम्बन गरी श्रोत व्यवस्थापन गर्न सकिने देखिन्छ ।

१ आन्तरिक राजस्व वृद्धिको लागि कर तथा गैर राजस्व परिचालनमा करको दरभन्दा पनि दायरा वृद्धि गरी नगरपालिकाको राजस्व क्षमता वृद्धि गरी स्रोतको व्यवस्था मिलाइने छ ।

२ स्थानीय टोल सुधार समिति, सामुदायिक संघ संस्थासँगको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३ सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने बिभिन्न अनुदानलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

४ नगर क्षेत्रभित्र राष्ट्रिय र प्रदेशस्तरीय महत्वका योजनाहरू छनोट र कार्यान्वयन गर्न नगरपालिकाले संघ र प्रदेश सरकारसँग पहल गरी स्थानीय गौरभको आयोजना, बसपार्क निर्माण जस्ता ठूला आयोजनामा नगरपालिकाको लगानी न्यूनीकरण गरीने छ ।

५ नगरपालिकाको स्थानीय श्रम, श्रोत र साधन परिचालन र जनसहभागिता वृद्धि गरी नगरपालिकाको स्रोत वृद्धि गरीने छ ।
६ सांस्कृतिक सम्पदाको पुनर्निर्माणमा निजी क्षेत्र, समुदाय र सम्भावित स्थलहरूमा पुरातत्व विभागको सहभागिता वृद्धि गरी ने छ ।
७ स्थानीय सरकारलाई प्राप्त ऋण लिने अधिकारको उपयोग गरी थप सम्भाव्यताको आधारमा ऋण समेत परिचालन गरी ने छ ।
८ पर्यटन पूर्वाधार, कृषि क्षेत्रको विकास, सहरी संरचना निर्माण, उद्योग ब्यापार ब्यबसाय पर्बर्द्धन तथा स्थापना जस्ता आयोजनामा निजि क्षेत्रलाई प्रोत्साहित गरिनेछ | गैर सरकारी संस्था तथा निजी क्षेत्रसँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिनेछ।
९ विकास साझेदारवाट प्राप्त हुने सहयोगलाई वृद्धि गर्न समन्वय र पहल गरिनेछ |

## ९.१.५ योजना कार्यान्वयन

आवधिक योजनालाई दीर्घकालीन सोच उन्मुख रही आगामी पाँच वर्षको वार्षिक नीति तथा कार्यक्रम मार्फत कार्यान्वयन गरिनेछ । योजनाको मध्यावधि मूल्यांकनका आधारमा यसका नीति, कार्यक्रम र प्राथमिकताहरूमा समयोचित परिमार्जन गरिनेछ।नगरपालिकाको समग्र समृद्धि नगरपालिका वा सरकारी क्षेत्रको एकल प्रयासले मात्र संभव छैन।त्यसैले यो योजना कार्यान्वयनमा निम्नानुसारका अनुसार विभिन्न क्षेत्रको भूमिका अपेक्षा गरीएको छ ।

**सार्बजनिक क्षेत्र**

यस आवधिक योजनालाई कार्यान्वयन गराउने प्रमुख भूमिका सरकारी क्षेत्र अर्थात नगरपालिकाको हो।नगरपालिकाले नै सवै क्षेत्रसंगको समन्वय र साझेदारीमा योजना कार्यान्वयन गराउनेछ ।नगरपालिकाले निजी क्षेत्रलाई आकर्षित गर्न संघीय र प्रदेश सरकार समेतको सहयोगमा पूर्वाधार विकास गरी विकासको आधार तयार गर्ने, नीतिगत, कानूनी, संरचनागत तथा प्रक्रियागत सुधार गरी निजी क्षेत्रलाई लगानी मैत्री वातावरण तयार गर्ने र सो अनुसार प्रभावकारी अनुगमन र नियमन गर्ने कार्य गर्नेछ । मौलिक हक अधिकार र मानव अधिकार संरक्षण, गरिबी निवारण, शिक्षा, स्वास्थ्य लगायत सामाजिक विकास, महिला पिछडिएका बर्गको संरक्षण र विकास, समावेशिता, वातावरण संरक्षण, सामाजिक सुरक्षा, आदि निजी क्षेत्र आकर्षण नहुने क्षेत्र र सरकारको भूमिका नभइ नहुने क्षेत्रमा नगरपालिका आफैले कार्यक्रम कार्यान्वयन गर्नेछ । यस क्षेत्रवाट करिव ८० प्रतिशत लगानी हुने अपेक्षा गरिएको छ ।

**निजीक्षेत्र**

यो योजना कार्यान्वयनमा निजीक्षेत्रले महत्वपूर्ण साझेदारको रूपमा भूमिका खेल्ने अपेक्षा गरी एको छ । विशेष गरी कृषि तथा पशुविकास, उद्योग, पर्यटन तथा विभिन्न सेवा क्षेत्रमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुनेछ । सरकारवाट भएको नीतिगत, कानूनी र संरचनागत सुधारको लाभ लिई प्रतिस्पर्धात्मक क्षमताको विकास गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्ने, आय र रोजगारीका अवसर सृजना गर्ने, गुणस्तरीय उत्पादन र वजारीकरण गर्ने, वजारमा अत्यावश्यक वस्तु तथा सेवाको अभाव हुन नदिने, जिम्मेवारी र दायित्व बोधका साथ नियमित कर तथा अन्य राजस्व वुझाउने जस्ता महत्वपूर्ण भूमिकाको अपेक्षा निजी क्षेत्रवाट गरी एको छ । यस क्षेत्रवाट करिव १२ प्रतिशत लगानी हुने अपेक्षा गरी एको छ ।

**सहकारी क्षेत्र**

सहकारीले संस्थामा आवद्ध सदस्यहरूको आर्थिक, सामाजिक र सास्कृतिक समृद्धि हासिल गर्न महत्वपूर्ण भूमिका खेलेको छ । ससाना वचत र ऋण परिचालन गर्न, स्थानीय समुदायलाई संगठित रूपमा आर्थिक सामाजिक विकासमा परिचालन गर्न, स्थानीय श्रोत र साधनको उपयोग गर्न, सहकारीताको धारणा अभिवृद्धि गर्न सहकारी संस्थाहरूले महत्वपूर्ण योगदान दिएका छन । नगरपालिकाले उद्यम विकास, रोजगारी सृजना, समावेशी आर्थिक वृद्धि, गरीवी निवारण आदिमा सहकारीक्षेत्रको विशेष भूमिका अपेक्षा गरी यसक्षेत्रवाट योजना अवधिमा १.२ प्रतिशत लगानी प्रक्षेपण गरी एकोछ ।

**गैह सरकारी क्षेत्र (गैसस)**

समूह परिचालन, सचेतना मूलक कार्यक्रम, ससाना पूर्वाधार विकास, समुदायमा आधारित सेवा प्रवाह, लैङ्गिक तथा सामाजिक सशक्तिकरण, समूह वचत तथा ऋण परिचालन, ससाना आयमूलक कार्यक्रम संचालन, रोजगारी सृजना, नीतिगत पृष्ठपोषण आदि कार्यमा गैससले नगरपालिकासंग महत्वपूर्ण साझेदारको रूपमा काम गर्दै आएका छन। आफ्ना बिशिस्टताका क्षेत्रमा गैससले प्रमुख साझेदारको रूपमा काम गर्ने र यस क्षेत्रवाट करिब १ प्रतिशत लगानी हुने अपेक्षा गरिएको छ।

**उपभोक्ता समूह, नागरिक समुदाय र सामुदायिक संघसस्था**

विकास प्रदायकले जतिसुकै प्रयास गरेता पनि यसका प्रापक अर्थात उपभोक्ताको सहभागिता, सहयोग, सहकार्य र अपनत्व ग्रहण भई दिगो व्यवस्थापन नगरे सम्म विकाशलाई गति दिन सम्भव छैन। त्यसकारण यिनीहरूवाट विकास कार्यमा व्यापक सहयोग सहभागिता र निगरानी हुने अपेक्षा गरीएको छ। विकास कार्यमा उपभोक्ता समूह र स्थानीय समुदायको योगदान करिब ६ प्रतिशत हुने अनुमान गरिएको छ।

### ९.१.६ कार्यान्वयन प्रकृया

**सूची तयारी**

नगरपालिकाले आवधिक योजनाले निर्धारण गरेका प्राथमिकताका कार्यक्रमहरू आफैले कार्यान्वयन गर्ने, संघीय सरकारवाट कार्यान्वयन हुने, प्रदेश सरकारवाट कार्यान्वयन हुने, तीनै तहका सरकारवाट संयुक्त लगानीमा कार्यान्वयन हुने, प्रदेश वा संघ सरकारको साझेदारीमा कार्यान्वयन गर्ने, अन्य स्थानीय सरकारको साझेदारीमा संचालन हुने, गैसस तथा अन्तराष्ट्रिय गैसस मार्फत कार्यान्वयन हुने, विकास साझेदारवाट कार्यान्वयन हुने तथा निजी क्षेत्रबाट कार्यान्वयन गरीने छुट्टा छुट्टै सूची तयार गर्नेछ ।

**छलफल एवं अन्तर्किया**

सूची तयार गरेपछि निजीक्षेत्र, गैसस, सहकारीक्षेत्र र सामुदायिक क्षेत्रले संचालन गर्ने कार्यका लागि नगरपालिकाले सम्बन्धित क्षेत्रहरूसंग छलफल र अन्तरक्रिया गरी लगानी गर्न सहयोग एवं सहजिकरण गर्नेछ । छलफल र अन्तक्रियालाई नियमित गराई उनीहरूलाई सरकारको असल सहयोगीको रूपमा विकास गर्दै लगिनेछ ।

**मध्यमकालिन खर्च संरचना तयारी**

नगरपालिकाले संचालन गर्ने कार्यक्रमलाई आवधिक योजना र वार्षिक कार्यक्रम वीच अन्तरसम्बन्ध स्थापित गर्न तथा योजनाको प्राथमिकीकरण गर्दै प्राथमिकता प्राप्त आयोजनाहरूमा लगानी सुनिश्चित गर्न मध्यमकालिन खर्च संरचना तर्जुमा गरी वार्षिक रूपमा परिमार्जन गर्दै लगिनेछ। मध्यमकालिन खर्च संरचनाले निर्धारण गरेको योजना र बजेटको प्राथमिकताका आधारमा क्रमशः आयोजन तथा क्रियाकलाप बार्षिक बजेट तथा कार्यक्रम मार्फत कार्यान्वयन गर्दै लगिनेछ ।

**नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा**

आवधिक योजनाको सफल कार्यान्वयन मार्फत लक्षित उपलब्धि हासिल गर्न मध्य्मकालिन खर्च संरचना तर्जुमा गरि आवधिक योजनालाई मध्यमकालीन खर्च संरचना मार्फत बार्षिक बजेट तथा कार्यक्रममा कार्यन्वयन गर्ने गरी अन्तरसम्बन्ध स्थापित गरिनु पर्दछ | यस कार्यको लागि सम्बन्धित बिषयगत शाखाले आफ्नो शाखाको क्रियाकलाप बमोजिमको कार्यक्रम कार्यान्वयन ढांचा/कार्ययोजना स्वीकृत गरी सोहि बमोजिम कार्यान्वयन गर्ने तथा अनुगमन मूल्यांकन गर्ने प्रणालीको विकास गर्नुपर्दछ|

## ९.२ अनुगमन तथा मूल्यांकन

### ९.२.१ पृष्ठभूमि

योजना तथा कार्यक्रमको सफल र नातिजामूखी कार्यान्यनका लागि अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ। आयोजनाहरूमा भएको लगानी तथा साधनको प्रवाह समूचित ढङ्गले भएको छ वा छैन, निर्धारित आयोजना तथा कार्यक्रम र बजेट कार्यान्वयन मार्फत लक्ष्य हासिल उन्मुख छ वा छैन, कार्यतालिका अनुसार क्रियाकलापहरू सुचारु भएका छन् वा छैनन् साथै प्राविधिक तथा व्यवस्थापकीय कमजोरीहरू के के छन् भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ, सम्पादित काम तोकिएको लागत र गुणस्तरमा भए नभएको सुनिश्चित गर्नुपर्ने हुन्छ। नगरपालिकाले आफ्नो स्विकृत कार्यक्रम अनुसारका आयोजना अलावा आफ्रनो भूगोलभित्र सञ्चालित अन्य विकास कार्यक्रमहरूको समेत अनुगमन गरी तत् तत् निकायमा जानकारी पठाउने गर्दछ।

### ९.२.२ वर्तमान अवस्था

स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा भएको ब्यबस्था बमोजिम नगरपालिकामा अनुगमन समिति तथा वडा स्तरमा समेत वडा स्तरीय अनुगमन समिति गठन भई नगरपालिका वाट संचालित आयोजना तथा कार्यक्रमको अनुगमन गर्ने गरिएको भयता पनि निश्चित ढाँचामा र योजनाबद्ध रुपमा अनुगमन ब्यबस्थापन हुन सकेको देखिदैन भने अर्को तर्फ अनुगमन समितिले प्रतिबेदन पेस गरि त्यस्तो प्रतिबेदन उपर कार्यपालिका बैठकमा छलफल भई कार्यपालिकाले आबश्यक मार्गदर्शन दिने कार्यको अभ्यास भएको देखिदैन | वार्षिक समीक्षामा प्रगतिको स्थितिको समीक्षा हुने गरेको छ। अनुगमनलाई पर्याप्त बजेट विनियोजन भएको देखिंदैन। स्थानीय योजना तथा कार्यक्रमहरूको नियमित र व्यवस्थित अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापन गरी विकास योजनाको प्रभावकारिता अभिवृद्धि गर्न आवश्यक छ ।

### ९.२.३ प्रमुख समस्या र चुनौती

अनुगमन समिति गठन भए तापनि नियमित अनुगमन हुन नसक्नु, ससाना टुक्रे आयोजनाको बर्चश्व र अत्यधिक छरिएर रहेका आयोजनाले गर्दा सबै आयोजना अनुगमन गर्न सम्भव नभएको ,अनुगमनका नतिजा

सूचकहरू निर्धारण हुन नसक्नु ,अनुगमनको प्रतिवेदन प्रणाली नियमित र व्यवस्थित नहुनु, कमजोर अनुगमन प्रतिवेदन, कार्यपालिकाको बैठकमा छलफलको नियमित प्रक्रिया नहुनु, समयबद्ध समीक्षा नहुनु, प्राविधिक मूल्याङ्कनलाई अन्तिम भुक्तानीको आधारको रूपमा मात्र लिइनु, योजना मूल्यांकन नहुनु, जनप्रतिनिधिहरूलाई अनुगमनको महत्वबोध गराउन नसकिँदा अनुगमनले उचित प्राथमिकता प्राप्त गर्न नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन्।

अनुगमन मूल्याङ्कन सम्बन्धी संस्थागत विकास गर्नु ,कार्यक्रमअनुसारका चरणगत अनुगमन गरी पूर्वनिर्धारित समय, गुणस्तर, लागतमा कार्य भए नभएको यकिन गर्न कार्यान्वय चरणदेखि नै प्रभावकारी अनुगमन प्रणाली स्थापित गरी नतिजामुखी अनुगमन प्रणालीको स्थापना गर्नु, स्वतन्त्र तेस्रो पक्ष मार्फत आयोजना कार्यक्रमको मूल्याङ्कन गर्नु आदि यसक्षेत्रका प्रमुख चुनौतीको रूपमा रहेका छन्।

### ९.२.४ सम्भावना र अवसर

नगरपालिकास्तरमा उपप्रमुख र वडा तहमा वडा अध्यक्षको संयोजकत्वमा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्नुपर्ने कानुननी ब्यबस्था रहेको, प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने कानुनी व्यवस्था रहनु , स्थानीय सरकार सञ्चालन ऐनले नगरपालिकालाई आफ्नो कार्यक्षेत्रभित्र पर्ने विकास योजनाको अनुगमनसम्बन्धी कानुनी संस्थागत तथा कार्यविधिगत जिम्मेवारी समेत किटानी व्यबस्थाको साथै अनुगमन मूल्यांकनको लागि बिभिन्न ढांचा र निर्देशिका तर्जुमा भई सकेको अवस्थामा आगामी दिनमा अनुगमन तथा मुल्यांकन प्रणालीलाइ थप ब्यबस्थित प्रतिफलयुक्त र प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्ने अवसरको रूपमा लिनुपर्ने हुन्छ ।

### ९.२.५ लक्ष्य

नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।

### ९.२.६ उद्धेश्य

१। नतिजामुखी अनुगमन प्रणालीको विकास गर्नु,

२। कार्यान्वयनयोग्य मूल्यांकन प्रणालीको स्थापित गर्नु।

### ९.२.७ रणनीति र कार्यनीति

| क्र.सं. | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | आवधिक योजनाको कार्यान्वयनको निरन्तर अनुगमन र मूल्याङ्कन गर्ने। | १. आवधिक योजनाका आधारमा मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरू प्राप्त उन्मुख भए नभएकोसमिक्षा एबम अनुगमन गरिनेछ।<br>२. आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्, रणनीति तथा कार्यनीति अनुरुप प्रगति हासिल नभएको मूल्यांकन गर्न उपलब्धि र नतिजा सूचकको विकास गरी मध्यावधि मूल्याङ्कन गरिनेछ।<br>३. आवधिक विकास योजनाको तेस्रो वर्षमा मध्यावधि मूल्याङ्कन र अन्तिम मूल्याङ्कन आवधिक योजनाको समाप्ति पछि गरिनेछ। |
| २. | अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ | १. अनुगमन सिमितिको क्षामता विकास गर्दै संस्थागत र क्रियाशील गराइनेछ। |

| | | |
|---|---|---|
| | बनाउने । | २. वार्षिक अनुगमन तालिका तर्जुमा गरी तदअनुसार अनुगमन गरिने छ तदअनुसार क्षमता विकासका साथै बजेटको व्यवस्था गरिनेछ।<br>३. विषयगत कार्यक्रमहरूको कार्यक्रमगत सूचकहरूको निर्माण गरी तदअनुसार अनुगमन गरिनेछ।<br>४. आयोजनाको नियमित अनुगमनको जिम्मेवारी तोकिनेछ ।<br>५. अनुगमन पश्चात अनुगमनकर्ताबाट लिखित रूपमा अनुगमन प्रतिवेदन लिने, यसलाई कार्यपालिकाको नियमित बैठकमा छलफल गरी देखिएका बाधा अड्चन फुकाइनेछ।<br>६. अनुगमन समितिको प्रतिवेदनहरू कार्यपालिकाको नियमित बैठकमा प्रस्तुत र छलफल हुने व्यवस्था गरिनेछ।<br>७. अनुगमन र मूल्याङ्कन प्रतिवेदन नगरपालिकाको वेबसाइटमा राखिनुका साथै सार्वजनिक समेत गरिनेछ । |
| ३. | आवधिक तथा वार्षिक योजना र कार्यक्रम आयोजनाको समीक्षा र प्रतिवेदन प्रणाली प्रभावकारी बनाउने। | १. चौमासिक तथा वार्षिक समीक्षा र स्थानीय समस्या समाधान सिमितको बैठक राखी वार्षिक विकास योजना तथा कार्यक्रमको नियमित प्रगति समीक्षा गरिनेछ ।<br>२. समीक्षा बैठकमा अनुगमन समितिबाट समष्टिगत अनुगमन प्रतिवेदनमा छलफल गरी समस्याको समाधान गर्ने प्रणालीको स्थापना गरिनेछ।<br>३. चौमासिक र वार्षिक समीक्षामा नियमित रूपमा नगरपालिकामा सबै सरोकारवालाहरूको संलग्नतामा गरिनेछ र तत्काल समस्याको समाधान गरी योजना समयमा नै सम्पन्न गर्न तदारुकता लिइनेछ।<br>४. योजनाको आर्थिक तथा भौतिक प्रगतिको प्रतिवेदन सम्बन्धित तह, निकायमा तोकिएको समयमा पठाइनेछ। यसका लागि संघ र प्रदेशसँग समन्वय गरी कम्प्युटरमा आधारित एकीकृत सूचना प्रणालीका फर्मेटहरू विकास गरी आबद्ध गरिनेछ ।<br>५. विकास आयोजनाको प्रगति नियमित रूपमा सम्बन्धित निकायहरूमा पठाइनेछ । |

## ९.२.८ प्रमुख कार्यक्रम

अनुगमन तथा मुल्यांकन सम्बन्धमा रणनीति तथा कार्यनीति एबम कार्यान्वयन गरिने कार्यक्रम तथा क्रियाकलाप र सोको लागि लाग्ने अनुमानित लागत परिच्क्षेद-८ को ८ .४ (८.४.८) मा उल्लेख गरिएको छ ।

## ९.२.९ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

**(क) आवधिक विकास योजना**

आवधिक योजनाको असर, प्रतिफलको नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ। प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी नगर कार्यपालिकाको हुनेछ भने यस कार्यमा नगर प्रमुखको मार्गनिदर्शनमा रही नगरपालिका बजेट तथा कार्यक्रम तर्जुमा समिति परिचालन गरिनेछ।

तालिका ८३: आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

| आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया | | | |
|---|---|---|---|
| विवरण | जिम्मेवारी | अनुगमनका समय | अनुगमनको तरिका |
| १.मध्यकालीन खर्च संरचना एवम् आवधिक योजनाको अन्तरसम्बन्ध | नगर कार्यपालिका | १.वार्षिक योजना तथा कार्यक्रमको मस्यैदा निर्माणका चरणमा । | १.आवधिक योजनाको प्राथमिकता र लक्ष्य सूचकसँग तादात्म्यता भए नभएका तुलनात्मक विश्लेषणमा आधारित,<br>२. आवधिक योजनाका नीति र सिद्धान्त कार्यरूपमा/आयोजनामा रूपान्तरण भए नभएको |
| २.वार्षिक कार्यक्रम र मध्यकालीन खर्च संरचनाको अन्तरसम्बन्ध | नगर कार्यपालिका | १.वार्षिक योजना तथा कार्यक्रमको तर्जुमाका चरणमा<br>२.वार्षिक समिक्षामा आवधिक योजनाको परिमाण<br>३.वार्षिककार्यक्रम कार्यान्वयन का चरणमा नतिजा सूचकमा आधारितभई नतिजालाई परिमाणात्मक र गुणात्मक रूपमा अनुगमन गरी समीक्षा गर्ने । | १.मध्यमकालीन खर्च संरचनामा आधारित वार्षिक कार्यक्रम भए नभएका मूल्याङ्कन गर्ने ।<br>२. आयोजनाका लागि मध्यमकालीन खर्च संरचनामा सुनिश्चित गरिएको रकम वार्षिक कार्यक्रममा विनियोजन भए नभएको । |
| २. आवधिक योजनाका मध्यावधि समीक्षा | नगर कार्यपालिका | कार्यान्वयनको दुई वर्षपश्चात् अर्थात आ.व. २०८१/८२ | सहभागितामूलक मध्यावधि समीक्षा (तेस्रो पक्षबाट स्वतन्त्र मूल्याङ्कन) बाट समष्टि योजनाको अपेक्षित उपलव्धिको अवस्था र यसका समुचित वितरणको अवस्था समीक्षा गरी पृष्ठपोषण गर्ने । |
| ३.आवधिक योजनाको अन्तिम मूल्याङ्कन | नगर कार्यपालिका | आ.व २०८३/८४ | योजनले अपेक्षित उपलव्धि र यसका प्रभाव मूल्याङ्कन हुने गरी सहभागितामूलक अन्तिम समीक्षा (तेस्रो पक्षबाट स्वतन्त्र मूल्याङ्कन) |

**(ख) वार्षिक योजनामा संलग्न कार्यक्रम तथा आयोजना**

वार्षिक योजनामा समावेश कार्यक्रम तथा आयोजना कार्यान्वयनको क्रममा समयमा गुणस्तर कायम गर्न र जाँच वा निरीक्षण गरी कार्यसम्पादन सुनिश्चित गर्न अनुगमन कार्यसञ्चालन गरिनेछ। अनुगमनका क्रममा कार्यान्वयनमा भएका गल्ती कमजोरी तत्काल सुधार गरी समयमानै आयोजना सम्पन्न गर्नका साथै नगरपालिकाको कोषको अपव्यय हुनबाट रोकिनेछ।

(अ) अनुगमन तथा मूल्याङ्कन प्रणाली

- **नियमित अनुगमनः** सम्बन्धित शाखा प्रमुख वा प्राविधिक वा तोकिएको कर्मचारीबाट कार्यक्रम / आयोजनाको नियमित सुपरिवेक्षण तथा अनुगमन गर्ने ब्यबस्था मिलाइनेछ |
- **अनुगमन समितिबाट हुने अनुगमनः** स्वीकृत अनुगमन कार्ययोजना अनुसार नगरपालिका उपप्रमुखको संयोजकत्वमा रहेको अनुगमन समितिबाट गरिने कार्यक्रम/आयोजनाको अनुगमन।

- **कार्यपालिकाबाट अनुगमनः** कार्यपालिकाबाट आवश्यकता अनुसार वार्षिक कार्यक्रम तथा आयोजना र नगरपालिकाको भूगोलभित्र सञ्चालित कार्यक्रमहरूको अनुगमन। नगरपालिकाभित्र अन्य निकायबाट सञ्चालित कार्यक्रमको अनुगमनपश्चात सो सम्बन्धमा केही गर्नुपर्ने देखिएमा सम्बन्धित निकायमा समेत जानकारी गराइनेछ।

**(आ) मूल्याङ्कन**

नगरपालिकाले सम्पन्न गरेका कार्यक्रम/आयोजनाले अपेक्षित प्रतिफल प्राप्त भयो भएन, लगानी र उद्धेश्य अनुरुप प्रभाव रह्यो रहेन भनि सामान्यत तेश्रो पक्षवाट मूल्यांकन गर्ने गरिन्छ । नतिजा उन्मुख कार्यक्रम/आयोजनाहरूको मूल्याङ्कन गरिनेछ। यसरी मूल्याङ्कन गर्दा आन्तरिक वा स्वमूल्याङ्कन वा स्वतन्त्र वा तेस्रो पक्षमार्फत समेत गराइनेछ। आयोजनाको मूल्यांकनपश्चात् प्राप्त नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालाई समेत जानकारी गराइनेछ । यसरि मुल्यांकनवाट प्राप्त प्रतिबेदन तथा निचोडका आधारमा भाबि कार्यक्रम/ आयोजनामा सुधार गर्न सहज हुन्छ ।

## ९.२.१० अपेक्षित उपलब्धि

आवधिक योजना कार्यान्वयन सम्पन्न हुँदासम्म वार्षिक अनुगमन कार्यतालिका तयार गरी कार्यान्वयनमा आएको हुने, सबै आयोजनाको कार्यान्वयन चरणमा कम्तीमा तीन पटक अनुगमन भएको हुने, प्रत्येक वर्ष एक आयोजनाको तेस्रो पक्ष मूल्याङ्क भएको हुने, ठूला पूर्वाधार तथा लक्षित कार्यक्रमहरूको प्रभाव मूल्यांकन प्रारम्भ भएको हुने, प्रतिवेदन प्रणाली नियमित र विद्युतीय प्रणालीमा आबद्ध भएको हुने।

# अनुसुचीहरु

## अनुसूची १ : प्रति एकाई लागत निकाल्ने ढाँचा

| प्रतिफल | एकाई | प्रति एकाई लागत | कैफियत | |
|---|---|---|---|---|
| कृषि वन तथा भुमि सुधार | | | | |
| रासायनिक मल | | | अन्तराष्ट्रिय मुल्य, र विनिमय दर ओभरहेड खर्चको आधारमा औषत लागत | |
| युरिया | मे.टन | | | |
| डी.ए.पी. | मे.टन | | | |
| पोटास | मे.टन | | | |
| प्राङगारिक मल | मे.टन | बजार मुल्यको आधारमा निर्धारण हुने | | |
| कम्पोष्ट (धुलो) | क्विन्टल | | बजारमा उपलव्ध विभिन्न ब्रान्ड तथा गुणको प्रांगारिक मलको औषत मुल्यको आधारमा | |
| कम्पोष्ट (दानादर) | क्विन्टल | | | |
| भर्मी कम्पोस्ट | क्विन्टल | | | |
| बीउ | /के.जी क्विन्टल | | विभिन्न तरकारी तथा खाद्यन्न बिउहरुको उत्पादन लागत औषतको आधारमा | बिउको प्रकार उल्लेख गर्ने ) |
| फलफुल तथा तरकारी बिरुवा | गोटा | | विभिन्न फलफुल बिरुवाहरुको सरकारी मूल्यको औषतको आधारमा | बिरुवाको प्रकार उल्लेख गर्ने |
| साना कृषि यन्त्रहरु | गोटा | | | यन्त्रको प्रकार उल्लेख गर्ने |
| चिलिंग भ्याट | गोता/लिटर | | | |
| बिभिन्न प्रजातिका जनावर तथा कुखुरा वितरण | गोटा | | | प्रकार उल्लेख गर्ने |
| बिभिन्न खोर तथा गोठ निर्माण | संख्या | | | प्रकार अनुसार लागत गणना गर्ने |
| बिभिन्न तालिम तथा प्रशिक्षण कार्यक्रम संचालन | वटा | | कार्यक्रमको अबधि, सहभागी संख्या, संचालन स्थल तथा स्रोत व्यक्तिको उपलब्धता समेतको आधारमा आर्थिक प्रस्ताब तयार गरी यकिन गर्ने | |
| व्यवसायीक तथा सीप विकास तालिम | पटक | | कार्यक्रमको अबधि, सहभागी संख्या, संचालन स्थल तथा स्रोत व्यक्तिको उपलब्धता समेतको आधारमा आर्थिक प्रस्ताब तयार गरी यकिन गर्ने | |
| बिभिन्न चेतनामुलक कार्यक्रम | पटक /संख्या | | | |
| भौतिक पुर्बाधार तथा | | | | |

| | | | | |
|---|---|---|---|---|
| यातायत | | | | |
| पिच सडक | कि.मि | | डवल<br>लेन | |
| ग्रावेल सडक | कि.मि | | डबल<br>लेन | |
| नयाँ ट्र्याक खोल्ने सडक | कि.मि | | डबल | |
| पुल | प्रति मि. | | डबल<br>लेन | |
| सिंचित क्षेत्र विकास कार्य | कि.मि | | | |
| नहर संचालन तथा र्ममत | प्र.श | | | |
| तटवन्ध निर्माण | कि.मि | | | |

## अनुसूचि २: बिषय क्षेत्रगत खर्चको अनुमान तथा प्रक्षेपण

### १.आर्थिक विकास क्षेत्र

| प्रत्येक आर्थिक बर्षको लगानी अनुमान तथा प्रक्षेपण (रकम रु.लाखमा) | | | | | | |
|---|---|---|---|---|---|---|
| उपक्षेत्र | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/०८४ | ५ आ.ब को जम्मा |
| कृषि | ३०५ | ३५० | ३८७ | ४०७ | ४४८ | १८६९ |
| पशुपंक्षी तथा मत्स्य पालन | १८५ | २३६ | २६३ | २९१ | ३०९ | १२०७ |
| पर्यटन | ८६ | ९९ | १०३ | ११४ | ११९ | ५२१ |
| सिंचाई | १३५ | १२७ | १३३ | १५५ | १५७ | ७०७ |
| उद्योग, ब्यापार तथा ब्यवसाय | ६८ | ८९ | ८६ | ९० | ९६ | ४३० |
| रोजगार | १६ | ६९ | ६९ | ७७ | ८२ | ३१३ |
| सहकारी तथा वित्तीय सेवा | १४३ | २१६ | २३२ | २५२ | २७५ | १११८ |
| जम्मा | ९३८ | ११८६ | १२७३ | १३८६ | १४८६ | ६१६५ |

### २.सामाजिक विकास क्षेत्र

| प्रत्येक आर्थिक बर्षको लगानी अनुमान तथा प्रक्षेपण (रकम रु.लाखमा) | | | | | | |
|---|---|---|---|---|---|---|
| उपक्षेत्र | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/०८४ | ५ आ.ब को जम्मा |
| शिक्षा | ३०९६ | ३१५८ | ३४८९ | ३८४० | ४२२५ | १७८०८ |
| स्वास्थ्य | ७८५ | ९३५ | १०११ | १०५८ | १०८८ | ४८१८ |
| महिला तथा वालबालिका | ९६ | ११८ | १२७ | १४० | १४७ | ६२९ |
| खानेपानी | १६७ | १९३ | २०३ | २२३ | २४५ | १०३१ |
| युवा | ७८ | ९० | १०९ | ९८ | ९५ | ४७० |
| कला भाषा संस्कृति र साहित्य | २२ | ३८ | ४१ | ४५ | २९ | १७५ |
| जम्मा | ४२४४ | ४५३२ | ४९८० | ५४०४ | ५८२९ | २४९३१ |

## ३.भौतिक विकास क्षेत्र

| प्रत्येक आर्थिक बर्षको लगानी अनुमान तथा प्रक्षेपण (रकम रु.लाखमा) | | | | | | |
|---|---|---|---|---|---|---|
| उपक्षेत्र | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/०८४ | ५ आ.ब को जम्मा |
| सडक तथा यातयात | १८८३ | २०८० | २१९२ | २४१२ | २६४२ | ११२०९ |
| वस्ती, भवन तथा शहरी विकास | ८३७ | १०६२ | ११२० | १०६५ | १०८६ | ५१७० |
| बिद्युत तथा बैकल्पिक उर्जा | ८३ | ८३ | ९१ | ९६ | १०२ | ४५४ |
| सूचना तथा संचार प्रबिधि | ५५ | ६० | ६३ | ६६ | ७३ | ३२७ |
| जम्मा | २८५८ | ३२८५ | ३४६६ | ३६३९ | ३९०३ | १७१६० |

४.वन, वाताबरण तथा विपद ब्यबस्थापन क्षेत्र

| प्रत्येक आर्थिक बर्षको लगानी अनुमान तथा प्रक्षेपण (रकम रु.लाखमा) | | | | | | |
|---|---|---|---|---|---|---|
| उपक्षेत्र | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/०८४ | ५ आ.ब को जम्मा |
| बन तथा जैविक बिबिधता | १८ | २१ | २३ | २४ | २५ | ११० |
| वाताबरण संरक्षण र फोहर मैला ब्यबस्थापन | ४३ | ७९ | ९१ | ७७ | ७९ | ३६८ |
| भूसंरक्षण तथा जलाधार संरक्षण | ११० | १२५ | १४२ | १५५ | १६८ | ७०० |
| विपद ब्यबस्थापन तथा जलबायू अनुकुलन | ७२ | १२२ | ११९ | १०८ | १११ | ५३२ |
| जम्मा | २४३ | ३४७ | ३७५ | ३६४ | ३८३ | १७१० |

## ५.सुशासन तथा संस्थागत क्षमता विकास

| प्रत्येक आर्थिक बर्षको लगानी अनुमान तथा प्रक्षेपण (रकम रु.लाखमा) | | | | | | |
|---|---|---|---|---|---|---|
| उपक्षेत्र | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/०८४ | ५ आ.ब को जम्मा |
| नीति तथा ऐन र सुशासन | ११५ | १३० | १३७ | १४८ | १६४ | ६९७ |
| संगठन तथा क्षमता विकास | १४०९ | १४८२ | १६२९ | १७११ | १८८४ | ८११५ |
| राजश्व तथा स्रोत परिचालन | ३० | ३६ | ३८ | २७ | २७ | १५८ |
| योजना र विकास ब्यबस्थापन | १२६ | १३२ | १४९ | १५३ | १६३ | ७२३ |
| जम्मा | १६८० | १७८० | १९५३ | २०३९ | २२३८ | ९६९३ |

आवधिक योजना अबधिको बिषयक्षेत्रगत जम्मा व्यय तथा आय प्रक्षेपण र नपुग रकम (रकम रु.लाखमा)

| क्र.स. | बिषय क्षेत्र | पहिलो बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | चौथो बर्ष | पाचौ बर्ष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | आर्थिक | ९३८ | ११८६ | १२७३ | १३८६ | १४८६ | ६१६५ |
| २ | सामाजिक | ४२४४ | ४५३२ | ४९८० | ५४०४ | ५८२९ | २४९३१ |
| ३ | भौतिक पूर्वाधार | २८५८ | ३२८५ | ३४६६ | ३६३९ | ३९०३ | १७१६० |
| ४ | वन, वाताबरण तथा विपद ब्यबस्थापन | २४३ | ३४७ | ३७५ | ३६४ | ३८३ | १७१० |
| ५ | सुशासन तथा संस्थागत क्षमता विकास | १६८० | १७८० | १९५३ | २०३९ | २२३८ | ९६९३ |
| जम्मा खर्च प्रक्षेपण | | ९९६३ | १११३० | १२०४७ | १२८३२ | १३८३९ | ५९६५९ |
| जम्मा आय प्रक्षेपण | | ९७१३ | ९१६३ | ९६२१ | १०५८१ | ११४२७ | ५०५०२ |
| जम्मा नपुग रकम | | २५० | १९६७ | २४२६ | २२५१ | २४१२ | ९१५७ |

## अनुसूचि ३: श्रोत अनुमान तथा प्रक्षेपण

| क्र.स. | विवरण | आ.व. ०७9/80 को संशोधित अनुमान | मध्यमकालीन वजेट अनुमान र प्रक्षेपण (रु लाखमा ) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | जम्मा |
| १ | आय अनुमान | | | | | | |
| १.१ | आन्तरिक आय | ११२६ | ९०१ | ९४६ | १०४० | ११२४ | ५१३७ |
| १.२ | प्रदेश राजस्व बाँडफाँटबाट प्राप्त रकम | २८८ | २७४ | २८७ | ३१६ | ३४१ | १५०६ |
| १.३ | संघीय राजस्व बाँडफाँटबाट प्राप्त रकम | १५०१ | १४२६ | १४९७ | १६४७ | १७७९ | ७८५० |
| १.४ | रोयल्टी बाँडफाँट | ० | ० | 0 | 0 | ० | ० |
| २ | नेपाल सरकार वित्तीय हस्तान्तरण | ६२९५ | ६०८३ | ६३८७ | ७०२६ | ७५८८ | ३३३७८ |
| २.१ | समानिकरण अनुदान | १९१५ | १८१९ | १९१० | २१०१ | २२६९ | १००१५ |
| २.२ | शसर्त अनुदान (चालु र पुँजीगत) | ४०२० | ३९४० | ४१३७ | ४५५० | ४९१४ | २१५६१ |
| २.३ | विषेश अनुदान | २०० | १८० | १८९ | २०८ | २२५ | १००१ |
| २.४ | समपुरक अनुदान | १६० | १४४ | १५१ | १६६ | १८० | ८०१ |
| ३ | प्रदेश सरकार वित्तीय हस्तान्तरण | ५०३ | ४७८ | ५०२ | ५५२ | ५९६ | २६३१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.१ | क.समानीकरण अनुदान | १०८ | १०३ | १०८ | ११९ | १२८ | ५६५ |
| ३.२ | ख.सशर्त अनुदान (चालु र पुँजीगत) | १२५ | ११९ | १२५ | १३७ | १४८ | ६५४ |
| ३.३ | ग. बिशेष अनुदान | ७० | ६७ | ७० | ७७ | ८३ | ३६६ |
| ३.४ | घ. समपूरक अनुदान | २०० | १९० | २०० | २१९ | २३७ | १०४६ |
| ४ | आन्तरिक ऋण | ० | ० | ० | 0 | ० | ० |
| ५ | अन्य आय | | ० | ० | 0 | ० | ० |
| ६ | जनसहभागिता | ० | ० | ० | 0 | ० | ० |
| | कुल | ९७१३ | ९१६१ | ९६१९ | १०५८१ | ११४२७ | ५०५०२ |

*स्रोतः आर्थिक प्रशासन शाखा*

## अनुसूचि ४: आयोजना/क्रियाकलापको स्थानगत विवरण

# १ आर्थिक बिकास

### १.१ कृषि

| वडा नं. | आयोजना÷कार्यक्रम | आगामी ५ बर्षमा गर्नुपर्ने कामको बिस्तृत विवरण | अनुमानित जम्मा लागत (रु.हजारमा) | कार्यान्वयन हुने स्थान |
|---|---|---|---|---|
| १ | कृषि बिकास कार्यक्रम | थप तरकारी खेती बजार ब्यावस्थापन विउ, मकै | ५,००० | लङगुना, जोडिपुर, जमुना, भङगहा, कुसुम डाडाँ, दाङपुर, पहाडीपुर |
| २ | कोपिला कृषक समुह | कृषि यान्त्रिकरण | २,५०० | कुमारा गाउँ |
| २ | उज्याली कृषक समुह | मसिना धान यान्त्रिकरण कृषि | २,५०० | दाङपुर |
| २ | हजारी कृषक समुह | व्यावस्थापन कृषि यान्त्रिक | २,५०० | लामीदवा टोल |
| २ | ढुङग्रही जोगि गाउँ | नयाँ पकेट क्षेत्र घोषण गर्ने | २,००० | जोगी गाउँ |
| २ | नारायणपुर गौरीगाउ, लठुवाटोल | गर्ने टोलहरु थप विस्तार | १,५०० | नारायणपुर |
| ३ | मन्झरा कृषक समुह | अनुदान इन्जिन, विउ, मल सिचाई मोटर | २,००० | रामपुर |
| ३ | मिलन सिल कृषक समुह | मोटर विउ, इन्जिन, विउ सिचाई | २,००० | रामपुर |
| ३ | शिवशक्ती कृषक समुह | मल अनुदान विउ सिचाई | १,५०० | बेलुवा बझ्ा |
| ३ | आर्याआर्जन कृषक समुह | मल अनुदान विउ सिचाई | १,५०० | भैसाखानी |
| ३ | बबई कृषक समुह | मल अनुदान विउ सिचाई | २,००० | जवरपुर |
| ३ | कृषिसेवा केन्द्र | नयाँ निर्माण | ३,००० | रामपुर |
| ३ | अर्जुन कृषि व्यावसायिक फर्म | ीवउ सिंचाई मल | १,००० | रामपुर |
| ४ | उपकार कृषक समुह | टेलर पावर मल वोरिङ मोटर | १,५०० | बैरिया |

| | | | | |
|---|---|---|---|---|
| ४ | बिकास तरकारी समुह | टेलर पावर मल वोरिङ मोटर | १,००० | रानीपुर |
| ४ | सङघारी कृषक समुह | थप तरकारी विस्तार | १,००० | बैरिया |
| ४ | बृहत बाली विकास कृषक समुह | वजार व्यावस्थापन घेरावेरा विउ तालिम | १,५०० | गुरुवाटोल |
| ४ | असल कृषक समुह | वजार व्यावस्थापन घेरावेरा विउ तालिम | १,००० | बरवटो जगतिया |
| ४ | जनजागरण कृषक समुह | वजार व्यावस्थापन घेरावेरा विउ तालिम | १,००० | बरवटो जगतिया |
| ४ | हरियाली कृषक समुह | वजार व्यावस्थापन घेरावेरा विउ तालिम | १,००० | बरवटो जगतिया |
| ४ | कृषि सेवा केन्द्र | वजार व्यावस्थापन | १,५०० | तारानगर |
| ४ | शिव कृषक समुह | वजार व्यावस्थापन | १,५०० | तारानगर |
| ४ | कोल्ड स्टोर | नयाँ निर्माण | ५,००० | वडाभित्र |
| ५ | ढोविया स्मार्ट कृषि गाउँ | घेरावार बजार व्यावस्थापन कृषिमा आधुनिकरण सिंचाई | ९,००० | ढोविया गाउँ |
| ५ | आइपियम कृषि समुह | बजार व्यावस्था घेरावार | १,००० | सदाशिव टोल |
| ५ | बुढान साना किसान कृषि सहकारी | कोल्ड स्टोर उन्नत जातको विउँ | १,५०० | बनधुरसी |
| ५ | कोल्ड स्टोर | नयाँ निर्माण | ५,००० | वडाभित्र |
| ६ | मनिकापुर | विउँ घेरावार बजार व्यावस्थापन | १,५०० | मनिकापुर |
| ६ | धामपुर | विउँ घेरावार बजार व्यावस्थापन | १,५०० | धामपुर |
| ६ | धामपुर, गुलरा जयपुर | धामपुर, गुलरा जयपुर तरकारी खेति नया निर्माण गर्नुपर्ने | २,००० | धामपुर, गुलरा जयपुर |
| ६ | कोल्ड स्टोर | नयाँ निर्माण | ५,००० | जयनगर |
| ६ | तरकारी संकलन केन्द्र | नयाँ निर्माण | ३,००० | जयनगर |
| ७ | रम्मापुर जडीबुटी | सिंचाई आवश्यक घाँस र फल प्रजातिको जडीबुटीको ५० बिगा क्षेत्रफलमा तेल उत्पादन गर्नलाई | ४,००० | रम्मापुर घुर्सा |
| ७ | हरनवा क्षेत्र | ५० बिगा क्षेत्रमा | ३,००० | हरनवा |

| | | | | |
|---|---|---|---|---|
| | | व्यावसायिकरण | | |
| ८ | कालापानी कृषक समुह | थप विस्तार गर्नुपर्ने घेरावार विउँ टेलर पावर पम्प | ३,००० | दुघ्घा टोल |
| ८ | कन्याराजा कृषक समुह | थप विस्तार गर्नुपर्ने घेरावार विउँ टेलर पावर पम्प थप व्यवस्थापन | १,००० | भण्डारी टोल |
| ८ | किसानसार कृषक समुह | विउँ घेरावार वजार व्यावस्थापन | १,००० | थानफेना टोल |
| ८ | प्रगती कृषक समुह | विउँ घेरावार वजार व्यावस्थापन | ५०० | औरी |
| ८ | शान्ती कृषक समुह | विउँ घेरावार वजार व्यावस्थापन | ५०० | बरगढी टोल |
| ८ | आमा कृषक समुह | विउँ घेरावार वजार व्यावस्थापन | ५०० | बकलमार टोल |
| ८ | दिपज्योती कृषक समुह | विउँ घेरावार वजार व्यावस्थापन | ५०० | सम्झना पाटा |
| ९ | तरकारी संकलन केन्द्र | बजार व्यवस्थापन भवन घेरावार गाडी संकलन गर्नलाई | ३,००० | कतरीनिया |
| १० | लम्कीफाटा बैडाडाँ बैदीगाउँ, बैदा | थप निर्माण गर्नुपर्ने डिप वोरिङ | ३,००० | वडा भरीका टोल |
| १० | मकैजोन एरिया | व्यावस्थित रुपमा गर्नुपर्ने डिप वोरिङ | ४,००० | वडा भरीनै विस्तार |
| १० | दिपक कृषि फर्म | थप विस्तार गर्नुपर्ने | ५०,००० | बैदी |
| ११ | शिवशक्ती कृषक समुह | विउँ, वजार व्यावस्थापन तरकारी संकलन केन्द्र | २,००० | जव्दी |
| ११ | जनकल्याण कृषक समुह | विउँ, वजार व्यावस्थापन घेरावार सिंचाई | १,५०० | फचकहवा |
| ११ | कोल्ड स्टोर | नयाँ निर्माण | ५,००० | बेलभार |

## १।२ पशुपंक्षी विकास

| १.३ | पशुपन्छी तथा माछा विकास | | | |
|---|---|---|---|---|
| वडा नं. | आयोजना/कार्यक्रम | आगामी ५ बर्षमा गर्नुपर्ने कामको बिस्तृत विवरण | अनुमानित जम्मा लागत (रु.हजारमा) | कार्यान्वयन हुने स्थान |
| १ | चौबन्दु भैसिपालन समुह | घेरावार, गोठ सुधार | ५०० | राजिपुर |
| २ | वडा नं. २ मा जम्मा ९ वटा पशुपालन फर्म | दुध, दहि, गोठ, खानेपानी | ३,००० | वडा भरि |
| २ | दुध डेरी | नयाँ निर्माण | ३,००० | कुमरा गाउँ |
| २ | गौरी माछापालन पोखरी | पोखरी निर्माण चारो | १,५०० | कुमार गाउँ |
| ३ | जुनेली कृषक समुह | उन्नत जातका रागा गोठ घाँस | १,५०० | झुडीपुर |
| ३ | साधुलाल भैसी पालन | उन्नत जातका रागा गोठ घाँस | १,००० | ठगपुरटोल |
| ३ | अमृत भैसी फर्म | उन्नत जातका रागा गोठ घाँस | ५०० | मुराहा टोल |
| ३ | ए.वि.सी बोहोर बाखा फर्म | उन्नत जातका रागा गोठ घाँस | ५०० | मुराहा टोल |
| ३ | पशुसेवा केन्द्र | | | रामपुर |
| ५ | बबई कृषि तथा पशुपन्छि फर्म | घेरावार पोखरी दाना | २,००० | धोविया |
| ५ | उन्नत बगुर फर्म | दाना मेसिन | २,००० | जब्बदाहावा |
| ५ | चौधरी लेयरस कुखुरा फर्म | घेरावार दाना हिटर | १,५०० | धोविया |
| ५ | भैरव एकृकित पशुपन्छि फर्म | दाना मेसिन | १,५०० | बाखद्रिया टोल |
| ६ | कंडेल गाई फर्म | संचालन | ५०० | प्रगतिपुर |
| ६ | डोटेल बाखा पालन | | ५०० | सदाशेल टोल |
| ६ | गौतम भैसी पालन | | ५०० | सदाशेल टोल |
| ७ | दिदि बहिनी बङगुर फर्म | खोर मर्मत दाना फोहोर मर्मत | १,५०० | सिउनिया |
| ७ | अनुस्का पशुपन्छि | खोर मर्मत दाना फोहोर मर्मत | १,५०० | हरनवा |
| ७ | समिती दुध संकलन केन्द्र | खोर मर्मत दाना फोहोर मर्मत | १,००० | सिउनिया |
| ७ | अधिकारी बङगुरपालन | खोर मर्मत दाना फोहोर व्यावस्थापन मर्मत | १,००० | |

| | | | | |
|---|---|---|---|---|
| | | बजारीकरण | | |
| ८ | पौरखी महिला कृषक समुह | फोहर व्यावस्थापन गोठसुधार खानेपानी | १,००० | दुघ्घा |
| ८ | नारायणी पशुपन्छी | फोहर व्यावस्थापन गोठसुधार खानेपानी | १,००० | दुघ्घा |
| ८ | पशुपन्छी कृषक समुह | फोहर व्यावस्थापन गोठसुधार खानेपानी | ५०० | दुघ्घा विच टोल |
| ८ | मोर्डन आरविज बंगुर फर्म | फोहर व्यावस्थापन वजार व्यावस्थापन दाना | ५०० | दुघ्घा |
| ८ | कालापानी बंगुर पालन | घेरावार वजार व्यावस्थापन | ५०० | |
| ८ | सुगम पशुपन्छी फर्म | गोठसुधार वजार व्यावस्थापन | ५०० | दुघ्घा |
| ८ | पल्टनिया | खानेपानी | ५०० | दुघ्घा |
| ८ | वविता बंगुर फर्म सितावगर | खानेपानी | ५०० | सितावगर |
| ९ | जनकल्याण दुध डेरी | भवन फ्रिज जग्गा | २०,००० | कतरीनिया |
| ९ | खैरेनी र ढकेला | कुखुरा बाखाको लागी पालन क्षेत्र निर्माण गर्ने | १५,००० | खैरेनी र ढकेला |
| ९ | बनगाई क्षेत्र कतरिनिया | माछापालन क्षेत्र विस्तार | १०,००० | बनगाई कतरीनिया |
| ९ | बसाहा बरदो गौशाला निर्माण | घेरावार गोठ निर्माण गोठाला थप व्यावस्थापन | २०,००० | कतरीनिया |
| १० | जि सि एकृकित पोल्टी फर्म | वजार व्यावस्थापन घेरावार खोर | ४,००० | बैदी डाडाँ |
| १० | अनु पोल्टी | वजार व्यावस्थापन घेरावार खोर | १,५०० | बैदी डाडाँ |
| १० | फेनापटी पोल्टी फर्म | वजार व्यावस्थापन घेरावार खोर | १,००० | बैदी डाडाँ |
| १० | कृष्ण कृषक फर्म | वजार व्यावस्थापन घेरावार खोर | ५०० | बैदी डाडाँ |
| १० | केरावारी पोल्टी फर्म | वजार व्यावस्थापन घेरावार | ५०० | बैदी डाडाँ |
| १० | जोन बंगुर फर्म | वजार व्यावस्थापन | १,००० | लम्कीफाटा |
| १० | जुनतारा बंगुर फर्म | घेरावार चारो | १,००० | मरैया |
| १० | बसन्त एकिकृत कृषि तथा पशुपन्छी फर्म | घेरावार चारो | ५०० | मरैया |
| ११ | इनोभिटीम एग्रो लाइभ स्टक फर्म | फोहोर व्यावस्थापन खोर दाना वजार व्यावस्थापन | १,००० | खुन्टिपुर |

| | | | | |
|---|---|---|---|---|
| ११ | पुष्पाञ्जली पशुपन्छी तथा कृषि फर्म | फोहोर व्यावस्थापन खोर दाना वजार व्यावस्थापन | १,००० | जब्दी |
| | गौशाला व्यबस्थापन कार्यक्रम | | १,५०० | न.पा.१ जमुनिया र ९ कर्तुनिया |
| | छाडा गाई/गोरु ट्राकिंग | | ५०० | न.पा. |
| ११ | हरिशरण कृषि तथा पशुपन्छी फर्म | फोहोर व्यावस्थापन खोर दाना वजार व्यावस्थापन | ५०० | जब्दी |
| १.३ | पशुपन्छी तथा माछा विकास | | १०९,५०० | |

| १.३ | **सिचाई** | | | | |
|---|---|---|---|---|---|
| वडा नं. | आयोजना÷कार्यक्रम | हालको अवस्था | आगामी ५ बर्षमा गर्नुपर्ने कामको बिस्तृत विवरण | अनुमानित जम्मा लागत (रु.हजारमा) | कार्यान्वयन हुने स्थान |
| १ | बबैइ सिचाई आयोजना | वडा भरिमा र्सचालनमा आएको सामान्य | वडा भरि लाइनिङ बाँध आवश्यकता | १५०००० | वडा भित्रका टोलहरुमा सिचाई विस्तार गर्नुपर्ने |
| २ | बबैइ सिचाई आयोजना | वडा भरिका टोलहरुमाा सामान्य रुपमा र्सचालन भईरहेको | थप मर्मत तथा लाइनिङ वाध निर्माण गर्ने पुर्न वडाभरि | २००००० | वडा भित्रका टोलहरु |
| २ | उच्च स्थानमा डिप वोरिङ सौर्य सिन्चाई | हाल सामान्य रुपमा | जोगी गाउँ, जितपुर, ढुङग्रही नयाँ निर्माण | २५०० | वडा भरि |
| ३ | बबैइ सिचाई आयोजना | बनियाभार टोल बनहवा, बेलुवा बज्ञा, रामपुर, लक्ष्मणपुर, मुरहा, जवरपुर, लालपुर, भैसाखानी, झुन्डीपुर(हाल यिनि टोलहरुमा सिचाई सामान्य रुपमा प्रयोग भएको | ठकपुर टोल नेपालगञ्ज, झकिपुर, बनगाई, खुरखुरे टोलमा नयाँ निर्माण गर्ने पुन सिंचाई विस्तार गर्नुपर्ने | ३००००० | वडा भरीका टोलहरु |
| ४ | बबैइ सिचाई आयोजना | ८ वटा टोल वडा भरिमा सामान्य रुपमा | सिंचाई विस्तार लाइनिङ विस्तार | ५००००० | वडा भरीका |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पुग्ने पानी | पक्की कुलो आवश्यकता | | टोलहरु |
| ५ | बबैइ सिचाई आयोजना | वडा भरिको जग्गा हाल सामान्य रुपमा संचालनमा निर्माणाधिन अवस्थामा | सिंचाई विस्तार गर्नुपर्ने धोविया जगदवामा थप निर्माण गर्नुपर्ने | २०००० | वडा भरीका जग्गा |
| ६ | बबैइ सिचाई आयोजना | १८ वटा टोलमा सिचाई सामान्य भई राखेको | पक्कि नहर बनाउनु पर्ने वडाभरि बाध पक्कि | ५०००० | वडा भरीका जग्गा |
| ६ | राजकुलो | नदि कटान क्षेत्र | तटवन्धन ४ कि.मी | ६००० | |
| ६ | खटेलाकुलो | नदि कटान क्षेत्र | तटवन्धन ३ कि.मी | ५००० | |
| ७ | बबैइ सिचाई आयोजना | रम्मापुर क्षेत्रमा पक्कि कुलो निर्माणधिन अवस्थामा ८ करोड बजेटमा निर्माण कार्य भइरहेको | घुरर्सा हरनवा सिउनिया सोनपुर लाईनिङ सहित पक्कि कुलो आवश्यक १६०० विगामा आवश्यक | ५००००० | घुरर्सा हरनवा सिउनिया सोनपुर |
| ८ | बबैइ सिचाई आयोजना | s3 नहरमा निर्माणधिन थानथाना s4, s5 दुग्घा र वकलमार | निर्माण गर्नु | ८००००० | वडा भरी |
| ९ | बबैइ सिचाई आयोजना | बनगाई कतरिनिया तल्लो ६०% सम्पन्न | ४०% निर्माण गर्नुपर्ने | ३००००० | वडाभित्र |
| ९ | सिचाईको लागी ठुलो वोरिङ | हाल नभएको | खरैनी ढकेला आधा कतरिनिया माथिल्लो बनगाई १० वटा वोरिङ बनाउनु पर्ने | १५००० | वडाभित्र |
| १० | लम्कीफाटा बैडाडाँ बैदीगाउँ, बैदा | सामान्य रुपमा व्यक्तिगत रुपमा तरकारी खेती भएको | थप निर्माण गर्नुपर्ने डिप वोरिङ | ३००० | वडा भरीका टोल |
| १० | मकैजोन एरिया | हाल सामान्य मकै रुपमा | व्यावस्थित रुपमा गर्नुपर्ने डिप वोरिङ | ४००० | वडा भरीनै विस्तार |
| १० | बबैइ सिचाई आयोजना | बर्षायमा सवै टोलमा सिंचाई भएतापनि हिउँदमा सिंचाई नभएको | सिंचाइ विस्तार गर्नुपर्ने सवै वडा भरी डाइभर्स वोरिङ आवश्यकता | ८००००० | वडा भरी |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | बबैइ सिचाई आयोजना | जब्दी अकलधरुवा फचकहवा खुन्टिपुर वेलभार सामान्य सिंचाई भएको | भुमिगत जल उत्पादन गर्ने विजयनगर र लम्कि फाटा सिंचाई विस्तार गर्नुपर्ने मर्मत | ५००० | विजयनगर लम्कि फाटा |
| १.२ | सिचाई | | | ३६६०५०० | |

## १.३ पर्यटन तथा संस्कृति

| वडा नं. | आयोजना÷कार्यक्रम | हालको अवस्था | आगामी ५ बर्षमा गर्नुपर्ने कामको बिस्तृत विवरण | अनुमानित जम्मा लागत (रु.हजारमा) | कार्यान्वयन हुने स्थान |
|---|---|---|---|---|---|
| १ | सिमसार क्षेत्र | सामान्य सिमसार क्षेत्र | पिकनिक स्पोट पार्क, शहिद पार्क | ५,०००.०० | रानिजरुवा |
| २ | डङगीसरण पार्क | सामान्य पार्क ५० लाख लगानी भएको घेरावार | पिकनिक स्पोट पुर्वाधारहरु खानेपानी शौचालय फुलहरु | ५,०००.०० | लठुवा टोल |
| २ | रानीजरुवा पार्क | सामान्य पार्क प्रतिक्षालय, धारा | व्यावस्थापन पुर्वाधार निर्माण डि. पि. आर भएको | ५,०००.०० | जोगी गाउँ,सामुदायिक वन |
| ३ | बनदेवि मन्दिर | मन्दिर पिकनिक स्पर्ट | घेरावेरा मन्दिर थप मर्मत गर्ने | ३,०००.०० | खुरखुरे, बनगाई |
| ३ | जलजला सिमसार | सिमसार क्षेत्र सामान्य | सिमसार क्षेत्र थप मर्मत | ५,०००.०० | बानियाभार |
| ४ | गंगा सागर मन्दिर | मन्दिर घेरावेरा सामान्य रुपमा संचालन | खानेपानी शौचालय घेरावेरा मन्दिर | ५,०००.०० | गुरुवा गाउँ |
| ४ | भैरव मन्दिर | मन्दिर जग्गा घेरावेरा | घेरावेरा मन्दिर, भौतिक पुर्वाधार आवश्यकता | ५०,०००.०० | पदनाहा |
| ४ | शिव मन्दिर | मन्दिर जग्गा घेरावेरा | घेरावेरा मन्दिर, भौतिक पुर्वाधार आवश्यकता | ५,०००.०० | पदनाहा |
| ४ | पिकनिक स्पर्ट | हाल सामान्य | नयाँ निर्माण | | बैरिया |
| ४ | कुस्माघाट | हाल सामान्य | नयाँ निर्माण | | कुस्माघाट |
| ५ | बारबर्दिया भरुवा | पुराना देवता यो गाउँबाट नगरपालिकाको नामाकरण | धर्मशाला ऐतिहासिक ठाउँ बनाउनका लागी पुर्वाधार आवश्यकता | ५०,०००.०० | बारबर्दिया गाउँ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | सदाशिव मन्दिर | मन्दिर शिव मन्दिर मागिमेला शिवरात्रि मेला | घेरावेरा भवन शौचालय लगाएत पुर्वाधार आवश्यकता | ३०,०००.०० | सदाशिव टोल |
| ६ | नगर पार्क | सामान्य पार्क | पार्क निर्माण भौतिक पुर्वाधार आवश्यकता | १०,०००.०० | भाटपुर |
| ६ | कुमरगडी पोखरी | हाल सामान्य पोखरी | पार्क निर्माण भौतिक पुर्वाधार आवश्यकता | ५,०००.०० | सम्झना वस्ति |
| ६ | सिरवारी पानी | हाल सामान्य पार्क | पार्क निर्माण भौतिक पुर्वाधार आवश्यकता | ३,०००.०० | सिरवानी पानी |
| ७ | कुवा संरक्षण | सामान्य कुवा | थप पुर्वाधार सहित कुवा निर्माण | १,०००.०० | रम्मापुर |
| ७ | सामुदायिक होमस्टे | ८वटा होमस्टे संचालनमा | हल मर्मत | १,०००.०० | |
| ७ | शहिद पार्क | पार्क निर्माणाधिन अवस्थामा | थप भौतिक पुर्वाधार निर्माण डि. पि. आर आवश्यक | ५०,०००.०० | दाङपुर (रम्मापुर ) |
| ७ | निकुन्ज प्रवेसद्धार | हाल सामान्य प्रवेसद्धार चिडियाखाना गोही बाघ | वन्यजन्तु उद्धार केन्द्र आवश्यक सफारी मार्ग | १००,०००.०० | रम्मापुर |
| ७ | बौद्ध गुम्बा तथा चर्च संरक्षण कार्यक्रम | निर्माणाधिन अवस्था भवन हल | शौचालय खानेपानी रंगरोगन घेरावार | ५,०००.०० | रम्मापुर |
| ७ | बनस्पति अध्ययन केन्द्र | हाल सामान्य | | २०,०००.०० | रम्मापुर |
| ७ | बेतनी मन्दिर | हाल सामान्य | व्यवस्थापन | | रम्मापुर |
| ८ | कन्याराजा | ऐतिहासिक क्षेत्र कन्याराजा मन्दिर सामान्य | भौतिक पुर्वाधार सहित ऐतिहासिक क्षेत्र निर्माण डि. पि आर सहित | २,०००.०० | थानफेला |
| ८ | पाँचधाम मन्दिर | भवन जग्गा | मर्मत | २,०००.०० | औरी |
| ८ | शिव मन्दिर | निर्माणाधिन | मर्मत | १,५००.०० | दुघ्घा |
| ८ | कालिका मन्दिर | ८ कठ्ठा जग्गा सामान्य मन्दिर | थप विस्तार | ५००.०० | दुघ्घा |
| ८ | चर्च संरक्षण तथा विकास | | थप विस्तार | ५००.०० | दुघ्घा |
| ८ | शिव मन्दिर | ८ कठ्ठा जग्गा सामान्य मन्दिर | थप विस्तार | १,५००.०० | दुघ्घा |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | सतखलुवा सिमसार क्षेत्र | ताल जङगली जनावर अवलोकन जङगल सफारी पार्क | डि. पि आर निर्माण पर्यटकिय क्षेत्रमा विस्तार भौतिक पुर्वाधार निर्माण वोरिङ प्यापरिङवोड २ वटा | ५०,०००.०० | खैरेनी |
| ९ | सतखलुवा प्रवेशद्धार | हाल सामान्य | गेट निर्माण | ५,०००.०० | बैदी चोक |
| ९ | बनगाईमा शिब मन्दिर, कृष्ण मन्दिर, बौद्ध गुम्बा र चर्च मर्मत | जिर्ण अवस्था | | १,५००.०० | |
| ९ | टाइगर चोकमा प्रधान ताल र पार्क निर्माण | | | | |
| ९ | बनगाई चोक तालमा मन्दिर निर्माण | हाल सामान्य ताल | मर्मत | ५,०००.०० | बनगाई |
| १० | फेनापति धार्मिक स्थल | ३ विगा जग्गा सामान्य मन्दिर | भौतिक पुर्वाधार डि पि आर आवश्यक | १५०,०००.०० | बैदी |
| १० | कुम्भर अण्डा | शहिद पार्क निर्माणाधिन जग्गा | डि पि आर भएको भौतिक संरचना निर्माण | १००,०००.०० | कुम्भर अण्डा |
| १० | संग्रहालय कुम्भर | हाल सामान्य | डि पि आर भएको भौतिक संरचना | ५०,०००.०० | महतिनिया सा.उ.व भित्र |
| ११ | शान्ती पार्क | पार्क निर्माणाधिन डि पिआर भएको २२ विगा जग्गा | पुर्वाधार निर्माण गर्नुपर्ने | २००,०००.०० | बेलभार |
| ११ | विक्री भवानी मन्दिर | मन्दिर जग्गा | पुर्वाधार निर्माण घेरावार शौचालय | १,५००.०० | विक्री भवानी |
| ११ | रामजानकी मन्दिर | मन्दिर जग्गा १० विगा शौचालय | खानेपानी मन्दिर शौचालय घेरावार | १०,०००.०० | जब्दी |

# २ सामाजिक विकास

## २.१ शिक्षा

| २.१ | शिक्षा | | | |
|---|---|---|---|---|
| **वडा नं.** | आयोजना÷कार्यक्रम | आगामी ५ बर्षमा गर्नुपर्ने कामको बिस्तृत विवरण | अनुमानित लागत (रु.हजारमा) | कार्यान्वयन हुने स्थान |
| १ | सरस्वती मा.वि. | भवन , शौचालय खानेपानी जग्गा घेरावेरा | ५०,००० | जमुनिया |
| १ | जनता आ.वि. | भवन, खानेपानी, शिक्षक, शौचालय घेरावेरा | ५,००० | दाङपुर |
| २ | युवक मा.वि. | पुस्तकालय भवन, क्याटिङ शौचालय, खानेपानी | ५०,००० | जोगी गाउँ |
| २ | शान्ति आ.वि. | भवन, शौचालय खेलमैदान | १०,००० | कुमारा गाउँ |
| २ | जनचेतना आ.वि. | भवन, शौचालय खेलमैदान | १०,००० | नारायणपुर |
| ३ | नेपाल राष्टिय मा.वि. वेलुवा वजार | खानेपानी घेरावेरा साईकल स्टेन्ड भवन, शौचालय शैक्षिक सामाग्री फर्निचर कम्प्युटर शिक्षक | २५,००० | वेलुवा वजार(७००जना) |
| ३ | गौतम बुद्ध आ.वि. | भवन, खानेपानी शौचालय घेरावेरा, तटवनधन | ३०,००० | जवरपुर(३११ जना) |
| ३ | जलजला दिपज्योती आ.वि. | भवन, घेरावेरा गेट, खानेपानी जग्गा | ५,००० | बानियाभार(४२ जना) |
| ४ | पञ्चजन्या मा.वि. पदनाहा | जग्गा पुस्तकालय प्रयोगशाला शिक्षक भवन खानेपानी | ५०,००० | पदनाहा |
| ४ | कुस्मा आ.वि. रानिपुर | घेरावार, भवन खानेपानी | २०,००० | रानीपुर |
| ४ | गुरुजनशक्ती आ.वि. गुरुवानगर | घेरावार भवन खानेपानी | १०,००० | गुरुवा गाउँ |
| ४ | ज्वाला जनजाग्रिती, ज्वालागिरी | घेरावार भवन खानेपानी | १०,००० | ज्वालागिरी |
| ५ | जनशक्ति आ.वि. | भवन शौचालय खानेपानी जग्गा घेरावार | २०,००० | बनधुरसी ३०० जना |

| | | | | |
|---|---|---|---|---|
| ५ | जनप्रिय आ.वि. | जग्गा घेरावार | २०,००० | जबदवा २१० जना |
| ५ | ने. रा आ.वि. | जग्गा घेरावार | २५,००० | तर्कापुर२१५ जना |
| ५ | जनचेतना प्रा.वि | जग्गा घेरावार | | धोविया |
| ६ | सदाशिव वहुमुखी क्याम्पस, जयनगर | फर्निचर खेलमैदान घेरावार भवन | १०,००० | धामपुर |
| ६ | अशुबर्मा मा.वि | फर्निचर खेलमैदान घेरावार भवन | १०,००० | जयनगर |
| ६ | जनजाग्रीती आ.वि. | घेरावार भवन खेलमैदान | ५,००० | गुलरा |
